अरुण तेस्रो आयोजना किन देशको हितमा छैन ?

# मूल्याङ्कन

मूल्य रु. १५।-
विचार अन्तर्क्रियामुखी मासिक
फागुन २०५० पूर्णाङ्क १७



निकारागुवा:
साण्डिनिष्टा-
क्रान्तिपछिको
स्थिति



भट्टराईको हार
किन भयो ?

## नेपालमा पहिलोपटक चारधर्के (4RT) फलामे छड

'तौल ट्याग' सहित

फलामे छड रोज्दा
अब अल्मलिनु पर्दैन




पंचकन्याको चारधर्के फलामे छड रोज्नुहोस् र निश्चिन्त हुनुहोस् ।

*पंचकन्याको छड अलग्गै चिनिन्छ । छड किन्दा बण्डलमा झुण्ड्याइएको 'ट्याग' हेरेर मात्र किन्नुहोस् । स्मरण रहोस्, बजारमा उपलब्ध अन्य छडहरूमा पनि यस्तै ट्याग देखिन थालेका छन् । हामी गुणस्तरीय उत्पादन प्रति प्रतिवद्ध छौं । हाम्रो प्रत्येक उत्पादनको प्रयोगशालामा परिक्षण गरिएको हुन्छ । पंचकन्याको छड किन्दा '**टेष्ट सर्टिफिकेट**' पनि माग्न नबिर्सनु होला ।*

### हामी चाहन्छौं, तपाईको रोजाई विशुद्ध तपाईकै होस् ।

पंचकन्या ...... सदैव विश्वासिलो

**पंचकन्या आईरन इण्डष्ट्रिज प्रा.लि.**

कोटिहवा, भैरहवा, फोन: (०७१) २०३६८, (०७१) २०५७१
मुख्य कार्यालय: कृष्णगल्ली पुल्चोक, पोष्ट बक्स २७४३, काठमाडौं
फोन: ५२६५५१, ५२५१७२, फ्याक्स: ५२६५२९



## प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीहरूमा हार्दिक

# शुभकामना

**म्यूचुअल ट्रेडिङ कम्पनी (प्रा.) लि.**

५३९– मखन गल्ली
काठमाडौं – ८



# नेबिको

## नयाँ आवश्यकता




## बिस्कुटहरु

तपाईको स्वास्थ्य, वचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।

**नेबिको प्रा. लि.**
काठमाडौं, नेपाल

**मुनाफा प्रतिशत कम राखेर बिक्री वितरण गर्नु के अपराध हो ?**

**होइन भने अरू ब्यापारी साथीहरू हामीसंग किन रिस गर्ने ?**

*हामी त हाम्रो लक्ष्य अनुसार कम भन्दा कम मुनाफा लिएर ग्राहकको सेवा गर्छौं ।*

**ग्राहकको सन्तुष्टि हाम्रो मुनाफा ।**

# शेष इन्टरनेशनल

**हामी निम्न सामाग्रीको साथै तपाईहरूको स्वागत गर्दछौं ।**



अन्य जानकारीका लागि सम्पर्क राख्नुहोस्

## शेष इन्टरनेशनल

पसल नं. १० बिशाल बजार, काठमाडौं । फोनः २२८१०४,२२८१५२ केवलः **BANTI**

*हामी खुद्रा तथा थोक बिक्रेता हौं ।*

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष : १२
पूर्णाङ्क १७ २०५० फागुन

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर.पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईँटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
बेखबहादुर महर्जन

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, झोर्छे, ख-२,२३७
काठमाडौं- २३
फोन २१३६९४
पो.ब.नं. ३०२६ काठमाडौं


# पंचायत गयो
# तर पञ्चायती चुनाव शैली गएन

पञ्चायत कालमा जब चुनाव नजीकै आउँथ्यो, पञ्चहरू बुल्डोजर लिएर जनतासामु जान्थे । कोही स्कूललाई जस्ता लिएर गाउँ-गाउँ पस्थे, कोही धारा लिएर, कोही बाटो लिएर, कोही नोटको बिटो लिएर । जो जे लिएर मतदातासामु गए पनि सबैको कार्यविधि र नियत एउटै हुन्थ्यो- जनताको विकासको चाहनालाई भऱ्याङ बनाएर आफू सत्तामा पुग्नु र जनताको न्यून चेतनास्तरबाट फाइदा उठाएर आफ्नो स्वार्थ सिद्धि गर्नु । यो नै पञ्चायती चुनावी संस्कृति थियो । यो संस्कृतिको गूदी थियो- जनतालाई हमेशा भेँडा बनाईराख्नु, भ्रमित बनाईराख्नु, उत्पीडित बनाईराख्नु र जनतालाई उपयोग गरेर केही ठग र चुसाहाहरूले शासनको बागडोर आफ्नो हातमा पारीराख्नु ।

पञ्चायत त गयो, तर त्यो पञ्चायती चुनावी संस्कृति भने गएन । जसले जन आन्दोलनको अगुवाई गरेर पंचायती सामन्तवाद फाले, अहिले तिनकै अगुवाहरू चुनावमा त्यही संस्कृति प्रदर्शित गर्दैछन्, जो पञ्चहरू त्यतिखेरको चुनावमा प्रदर्शित गर्थे । बुल्डोजर अहिलेको चुनावमा पनि बेस्सरी सकडमा कुदे । बाटो, स्कूल, धाराका झुठा आश्वासनहरू पनि छ्यास्छ्यास्ती बाँडिए । नोटको बिटोले भोट किन्ने अभ्यास पनि धेरै नै भए । चुनावी अभियानबाट जनतामा भ्रम र फोस्रा सपनाहरू बाँड्ने काम चौपट्टै भए, असचेत जनताहरूलाई जागृत पार्ने, निन्द्राबाट ब्युँझाउने र शक्तिबोध गराउने काम भने भएनन् । मैले चुनावमा जितें भने यसो यसो गरौंला भनेर जनतालाई झूठा आश्वासनका मृग मरीचिकाको पछि कुदाउने काम बग्रेल्ती भए । तर देशमा यो यो कारणले यो यो मामलामा बेठीक र अन्याय भएको छ, मुक्ति पाउन त्यसको विरुद्ध जनता स्वयम्ले संघर्ष गर्नुपर्छ, म त्यस संघर्षको अग्रपंक्तिमा जनतासँगै रहेर काम गर्ने छु भनेर जनता स्वयम्लाई जागृत र शक्ति सम्पन्न बनाउने काम भएनन् ।

कसैले धेरै भ्रम बाँडे, कसैले थोरै, कसैले थुप्रै सपना बाँडे, कसैले कम । कसैले एक डोको झूठा आश्वासन बाँडे, कसैले एक डालो । अन्तर केवल मात्राको देखियो, गुणको देखिएन ।

चुनाव धेरै वा थोरै, पञ्चायती शैलीकै रह्यो ।

यस पटकको उप चुनावमा पनि फर्जी मतको औइरो रह्यो । कसैले १५ हजार फर्जी मत दर्ता गर्न सफलता जाहेर गरे, कसैले १० हजार, कसैले ५ हजार वा एक डेढ हजार । उसले गरेपछि मैले नगरेर के गर्ने ? भन्दै हरेकले फर्जी मतका लागि अरूलाई नै दोषी ठहऱ्याएर आफूले त्यसको लागि प्रमुख भूमिका खेले । यदि जितबाजीको निर्णायक कारक तत्व नै फर्जी मत हुने स्थिति सृजना हुने हो भने जितेकाहरू किन जनताप्रति उत्तरदायि हुने ? कसरी ती जनताप्रति कृतज्ञ र जनताद्वारा नियन्त्रित हुने ?

यी सबै अनैतिक उपायहरूको मुहान हो- जसरी पनि म वा मेरो दल विजित हुनु पर्छ, सत्तारूढ हुनु पर्छ भन्ने स्वार्थन्ध मानसिकता । सत्ता वा विजय जसरी पनि मसित वा हामीसितै केन्द्रित हुनुपर्छ भन्ने जुन मानसिकता छ, त्यो नै हाम्रो मुटु मुटुमा बाँचीबसेको "राजतन्त्र" हो । पञ्चायती संस्कति हो । पञ्चायत वा निरंकुश राजतन्त्रलाई खतम पार्ने हो भने हाम्रो यो मानसिकता पनि खत्तम पार्न सक्नुपर्छ, पञ्चायती संस्कृति खतम पार्नु पर्छ । नत्र, व्यवस्था फ्याँक्दैमा पञ्चायत वा निरंकुश राजतन्त्र ध्वंश हुने छैन । हाम्रो संस्कृतिमा त्यो जीवित नै रहने छ । संस्कृतिको बाटो भएर त्यो फेरि समाजमा पुनर्स्थापित पनि हुन सक्नेछ ।

धाँधली र अनैतिक उपायहरू व्यक्तिवाद र व्यक्तिगत स्वार्थमा र दलीय प्रतिस्पर्धामा आधारित कुनै पनि गैर-जनमुखी प्रतिक्रियावादी व्यवस्थाको सीमा हो । त्यसैले सोलोडोलो कुनै एउटा नियन्त्रणकारी उपाय अपनाएर यो निर्मूल हुन सक्दैन । यसको दीर्घकालीन हल समाजमुखी र जनमुखी प्रगितिशील व्यवस्थाको स्थापनामा मात्र छ । तर त्यो स्थापना गर्न नसकुन्जेल यसबारे केही गर्नै सकिदैन भन्ने पनि होइन ।

यसबारे जनताको आलोचनात्मक सजगतामा वृद्धि गर्ने, यस्ता अनैतिक उपाय जहाँ जहाँ अभ्यास हुन्छ, त्यहाँ त्यहाँ यसकाविरुद्ध संगठित संघर्ष र भण्डाफोर अभियान छेड्ने उपाय तत्काल शुरु गर्न सकिने नियन्त्रणकारी उपाय हुन् । अहिले मतदाता परिचय-पत्रको सुझाव पनि चारैतिरबाट आएको छ । यो पनि तत्काल अभ्यास गर्न सकिने एउटा नियन्त्रणकारी उपाय हो । यो हुनु पर्दछ ।

तर व्यक्तिवादमा आधारित प्रतिक्रियावादी व्यवस्था नै खतम नगरी त्यस अन्तर्गत फगत परिचय-पत्रले मात्र यो समस्या हल हुनेछ भनी सोच्नु एउटा स्वैर कल्पना मात्र हुनेछ ।

❑



# भट्टराईको हार किन भयो ?

## हारपछिको आन्तरिक कलहले के नेपाली कांग्रेस फुट्ला ? (६)

(काठमाडौं र झापाको उप-चुनावको विश्लेषण सहित)

# अरूण तेस्रो अहिले किन रोक्नु जरूरी छ ?

अरूण सरोकार समूहसँग सम्वद्ध गणेश घिमिरे, डा. गोपी उप्रेती, विकास पाण्डे र गोपाल सिवाकोटी "चिन्तन"को विश्लेषण र राय (३८)

**इन्जिनियर विकास पाण्डेसँग अन्तर्वार्ता**

अरूण तेस्रोबारे समग्रमा धारणा निर्माण गर्न उपयोगी सामाग्रीहरू सहित

# निकारागुआ :

## साण्डिनिष्टा क्रान्तिपछि वामपन्थीहरूले निकारागुआमा हालसम्म कस्तो स्थिति भोग्नु पऱ्यो ? (१३)




**विस्तृत विवरण**

साथमा, निकारागुआले पढाएका पाठहरू, क. गोञ्जालो आदिका टिप्पणीहरू र इरान-कोण्ट्रा काण्ड एवं अमेरिकाको नयाँ षड्यन्त्रकारी रणनीति "कम घनीभूत युद्ध" बारे जानकारी

### मूल्य वृद्धिको सूचना

साविकको भित्री पृष्ठ संख्या साविक मूल्यमा वितरण गर्न परल मोलका हिसाबले सम्भव नभएकोले र न्यूजप्रिन्टको उपलब्धताको अनियमितताका कारण महंगो कागज प्रयोग गर्नु परेकोले यस अंकदेखि मूल्यांकन एक प्रतिको रू. १५।- गरिएको छ । हाम्रो यस बाध्यताबाट पाठक वर्गमा पर्न जाने मर्काप्रति हार्दिक क्षमायाचना गर्दछौं - मूल्यांकन


**हाम्रो मूल्यांकन**
पंचायती चुनावी शैली- ४
**घटना र प्रवृत्ति**
उत्तर कोरियामाथि आक्रमण हुँदैछ !-११
बिजुलीको महशूलमा वृद्धि- १०
गणेश मानद्वारा गाली- १०
औद्योगिक उत्पादन वृद्धि कि ह्रास ? ११
**आजको घटना/आजको विचार**
स्वतन्त्र तिब्बतको सवाल
- गोविन्द्रप्रसाद लोहनी १२
**आँखी झ्याल**
मेक्सिको किसान विद्रोह
- विजय श्रेष्ठ २१
विश्व -प्रभुत्व जमाउने
अमेरिकी नयाँ चाल
-विवेक प्रधान २२
**सगठन र जनसत्ता**
उग्र-वामपन्थी गल्ती किन हुन्छ ?
-प्रज्ञानरत्न २९
**दर्शन/दिग्दर्शन**
वस्तु र चेतनाको सम्बन्ध के ?
- डी.आर. पोखरेल ३१
**साहित्य**
हात हेर्नेबारेको कविता
- नवारूण भट्टाचार्य २४
रूसी लोक कथा
- टाल्सटाय २४
लघु कथा- २४
प्र.ले.स. के गर्दैछ ?
- निनु चापागाईसँगको कुराकानी २५
**नीति/संस्कृति**
बेसारले जति महत्त्व
विचारले किन पाएन ?
- चन्ददेव नेपाली २६
**पर्दा/रंगमञ्च**
नेपाली फिल्म 'तृष्णा'
- हरिगोविन्द लुईटेल २८
**रिपोर्ट**
मूल्यांकन दोस्रो बार्षिक भेला- ३३
**जन-जीवन**
अछुतहरूको वस्तीबाट
- शरद पौडेल ३५
**विज्ञान/प्रविधि**
चट्याँग कसरी पर्छ ?
- धीरेन्द्रप्रसाद कोइराला ३७
**पाठकको कुरो-** ४६


यस अंकका केही फोटोहरूको लागि उषा तिवारी, अरूण सरोकार समूहका डा. गोपी उप्रेती र 'विश्वभूमि' का जोशी एल्भीसलाई हार्दिक धन्यवाद !
डिजाइन/पेज मेकिङ : **नेप्यूटर डेस्कटप** कम्प्युटर सर्भिस, टाइपसेटिङ : **मल्टीच्यानल कम्प्युटर**, प्रिन्टिङ : **शिवशक्ति प्रिन्टर्स**, कभर डिजाइन : आईडियल डिजाइनर्स

# भट्टराईको हार किन भयो ?





**- श्याम श्रेष्ठ**

**एमालेको विजय**

**अन्तर्घातको मुहान के भट्टराई स्वयम् हुनुहुन्थ्यो ?**

**भट्टराईको हार उहाँको नैतिक सांस्कृतिक ह्रासको लागि समाजले दिएको चेतावनी र दण्ड हो !**

**भट्टराईले गोमन साँपलाई दूध खवाएर खूब पाल्नु पोस्नुभयो, आज त्यसैले वहाँलाई छातीमा डस्यो ।**

**के नेपाली कांग्रेस फुट्ला ?**

आखिर भट्टराईले यस पटक पनि चुनाव हार्नुभयो ! र फगत १८२९ मतले हार्नु भयो। यसको मतलव उहाँले अहिलेभन्दा थप ९१५ मत मात्र पनि बढी आफूतिर तान्न सक्दा जितवाजीको माला श्रीमती विद्या भण्डारीको सट्टा उहाँको गलामा जान्थ्यो ।

नेपाली कांग्रेसको सरकारले गएको दुई वर्ष शासनकालमा गरेका गैर-जनमुखी र गैर राष्ट्रमुखी कुकर्महरुले पैदा गरेको जनधृणा, महासचिव क. मदन भण्डारीको हत्याबाट श्रीमती विद्या भण्डारीमा गएको स्वाभाविक जन-सहानुभूति, र नेकपा (एमाले)को तर्फबाट देखाइएको राष्ट्रहित पक्षको अडान र चुनावमा अपनाइएको अत्याधिक जागरुकता र क्रियाशीलताको कुल योगको कारणले नै श्रीमती विद्या भण्डारीले यति धेरै मत प्राप्त गर्न सक्नु भयो ।

तर यी सब भएर पनि निर्णायक ९१५ मतको सवालमा भने थुप्रै कारणहरु मध्ये कुनै एउटा कारणले मात्र पनि यति मतको अग्रता भट्टराईको पक्षमा हुन सम्भव थियो । आफ्नै पार्टीका प्रधानमन्त्रीले अन्तर्घात नगरेको भए पनि यस्तो हुन सम्भव थियो। संयुक्त जनमोर्चाका बिद्रोहीहरुले बिद्रोहको सट्टा चुनाव बहिष्कारको लाइन मात्र अनुशरण गर्दा पनि भट्टराईको पक्षमा यस्तो अग्रता हुन सम्भव थियो ।

तर यी सबै निर्णायक कारक तत्वहरु यस पटक भट्टराईको पक्षमा जुटेनन् । यी सबको संयोगले भट्टराईको हार भयो ।

यी सबै निर्णायक कारक तत्व मध्ये पनि सबैभन्दा चर्चित कारक तत्व रह्यो- आफ्नै पार्टीभित्रबाट आफ्नै प्रधानमन्त्रीले, भट्टराई संसदमा जाँदा आफ्नो कुर्सी खतरामा पर्छ भनेर गरेको अन्तर्घात । यो अन्तर्घातको परिघटना अव सर्वत्र उदांगो भई सकेको छ। यसको बिरुद्ध चुनाव परिणाम पछि नेपाली कांग्रेसकै कार्यकर्ताहरुबाट खुलेआम सडक संघर्ष र सिंहदरवार घेराउ हुन थाल्यो ।

"अन्तर्घाती गिरिजा राजिनामा गरिजा" को नारा सडक सडकमै घन्कियो ।

## अन्तर्घातको मुहान

तर यो अन्तर्घातको मुहान खोज्दै जाने हो भने यसको लागि ने.का.का. सभापति कृष्णप्रसाद भट्टराईभन्दा बेसी जिम्मेवार अरु कोही देखिन्नन् । अन्तर्घात त फगत परिणाम मात्र प्रतित हुन्छ, जसको मूल कारक तत्व भने भट्टराई स्वयम् हुनुहुन्थ्यो ।

अन्तर्घातको मूलमा गिरिजाको कुर्सी स्वार्थ देखिन्छ, जुन भट्टराई संसदमा आउँदा टड्कारो खतरामा पर्ने सम्भावना हुन्थ्यो । झन् भट्टराईले चुनावको मैदानमा जाँदा सरकार बिरोधी मानसिकता भएको जनताका भोट तान्ने नियतले सरकारको राष्ट्रघात र जनघातको भण्डाफोर गर्न थालेपछि त्यो खतरा अरु टड्कारो देखियो ।

प्रधानमन्त्री गिरिजा सत्ता स्वार्थको निम्ति अनैतिकताको जुनसुकै चुली पनि चढ्न तयार छन्, जे पनि गर्न तयार छन् भन्ने कुरा त धेरैचोटि व्यवहारमै पुष्टि भई सकेको कुरा थियो । पंचायतकालमा नै उनी निरंकुश राजतन्त्रलाई मानेर राष्ट्रिय मेलमिलाप गर्न पंचायतमै प्रवेश गर्न तयार भइसकेका थिए, फगत एउटै घोषणा-पत्र र एउटै चुनाव-चिन्हमा मात्र उनको घिडघिडो बाँकी रहेको कुरो त जग जाहेर नै छ ।

०४६ सालको ऐनिहासिक जन-आन्दोलनको विरुद्धमा उनी थिए भन्ने कुरा त गणेशमान सिंहले वारम्वार प्रष्ट गर्दै आउनु भएको छ ।

तर मुख्य प्रश्न के हो भने कुर्सी स्वार्थको लागि जे पनि गर्न तयार हुने, हमेशा नेपाली समाजको अन्धकारमय भविष्यको निम्ति कार्यरत गिरिजालाई हमेशा कुर्सीमा लाने र त्यहाँ टिकाई राख्ने भूमिका विगतका कसले प्रमुख रुपमा

निभायो ? गएको दुई वर्षमा जनहत्या विरुद्ध नेपाली जनता स्वयम् उनलाई कुर्सीबाट तल खसाली छाड्न मैदानमा उत्रदा बेइमानी र दाउपेचपूर्ण सम्झौताहरुद्वारा जनताको पंक्तिमा फुट ल्याएर गिरिजालाई जनताद्वारा सत्ताच्यूत र नियन्त्रित हुनबाट बचाउने मुख्य सूत्रधार को थियो ? जनउभारले पैदा गरेको संकटको घडीमा हमेशा जनताको नियन्त्रण भन्दा बाहिर कुर्सी स्वार्थमा लिप्त तानाशाह गिरिजालाई लैजाने प्रमुख व्यक्ति को थियो ? देशको सर्वोच्च अदालत स्वयम्ले टनकपुरको मुद्दामा देशको प्रधानमन्त्रीलाई स-प्रमाण अनैतिक, फटाहा र संविधान मिचाहा सावित गर्दा उनलाई नैतिकताको कारणबाट राजिनामा दिनबाट रोक्न मूल भूमिका कसले खेलेको थियो ? स्वयम् कांग्रेसकै सर्वोच्च नेता गणेशमानले यस मामलामा राजिनामाको माग गर्दा उहाँको मुख थुन्ने र गिरिजालाई पार्टीको पनि नियन्त्रण भन्दा बाहिर लैजान भूमिका खेल्ने सूत्रधार को थियो ?

यसरी बिगतका सारा घटनाक्रम हेर्दा के देखिन्छ भने- भट्टराईको भूमिका हमेशा गिरिजालाई जनताको नियन्त्रणभन्दा पनि बाहिर र माथि लैजाने, अदालतको र पार्टीको नियन्त्रणभन्दा पनि बाहिर लैजाने र गिरिजाको नियन्त्रणहीन तानाशाही प्रबृतिलाई हमेशा जोगाउने र मलजल गर्ने रहेको छ। भट्टराईका कामहरुद्वारा गिरिजाको अनैतिकता, अप्रजातान्त्रिकता र कुर्सी स्वार्थमुखी नियन्त्रणहीन मनोबृत्ति निरुत्साहित होइन, बलवान र अरु मजबूत भएको छ। दुःखान्त के भईदियो भने- भट्टराईले गिरिजालाई जनता, अदालत र पार्टीको नियन्त्रणबाट बाहिर र माथि त राख्नु भयो, तर परिणामतः गिरिजा मनोबृत्ति भट्टराईकै नियन्त्रणभित्र पनि रहेन। त्यो अब भट्टराईकै अस्तित्व बिरुद्ध पनि खडा भयो। अहिलेको अन्तर्घात त्यसैको ज्वलन्त अभिव्यक्ति हो। भट्टराईले गोमन साँपलाई दूध ख्वाएर खूव पाल्नु पोस्नु भयो। आज त्यसैले उहाँलाई छातिमा डस्यो।

अन्तर्घात छताछुल्ल भएर सार्वजनिक भएको माघ १७ को वक्तव्यमा गिरिजाले आफ्नो स्वार्थको हिसावबाट ठीकै कुरा भट्टराई समक्ष उठाएका हुन- हिजो मेरो सारा कुराहरुलाई समर्थन गर्नेले आज चुनावको मुखमा आएर त्यसको विरोध गर्न पाइन्छ ? मैले गरेका सारा कुकर्मका लागि पार्टी सभापतिले पनि उत्तरदायित्व लिनु पर्छ। र, मलाई सत्ताच्यूत गर्न संसदमा आउन पाईदैन। हिजो सार्वभौम जनताले समेत सतच्यूत गर्नबाट बचेको गिरिजालाई आज भट्टराईले सजिलै संसदमा चुनिएर आएर सत्ताच्यूत गर्ने लक्षण देखिंदा- गिरिजाले अन्तर्घात नगरुन् नै किन ? हिजो सम्पूर्ण राष्ट्रघाती, जनघाती र प्रजातन्त्रघाती काम गर्दा चुपचाप ल्याप्चे ठोक्ने भट्टराईले अहिले चुनावको दौरानमा चुनावी स्वार्थबश सार्वजनिक आलोचना गर्न थाल्दा वक्तव्य निकालेर गिरिजाले बिरोध नगरुन् नै किन ?

त्यसैले अन्तर्घात त हिजो भट्टराई स्वयम्ले वर्ग स्वार्थवश गरेका कुकर्महरुले आज भट्टराई स्वयम्लाई दिएको दण्ड मात्र हो। भट्टराई हिजो क्षुद्र कांग्रेसी सत्ता स्वार्थका लागि नैतिकवान र प्रजातान्त्रिक राजनीतिज्ञ कम, धूर्त कूटनीतिज्ञ बेसी हुनुभयो। त्यही अनैतिक कुटनीतिकता आज उहाँको लागि अभिशाप सावित भयो।



विजय जुलुश बच्चादेखि महिलाहरूको समेत उत्साहपूर्ण सहभागिता



अन्तर्घातले आहत कांग्रेसी कार्यकर्ताहरू गिरिजा विरोधी प्रदर्शनमा।

## काठमाडौं क्षेत्र नं. १ उप-चुनावको एक झाँकी

कुल मतदाता -१,३६,६५५
खसेको मत -९५,३४९
(कुल मतदाताको ६९.७७ प्रतिशत)
सदर मत -९३,९३
(खसेको मतको ९८.६ प्रतिशत)

### मत स्थिति

विद्या भण्डारी, नेकपा (एमाले) ४३,३१९ (खसेको मतको ४५.४ प्रतिशत)
कृष्णप्रसाद भट्टराई, नेपाली कांग्रेस ४१,४९० (खसेको मतको ४३.५ प्रतिशत)
फरक मत - १८२९
जोगमेहर श्रेष्ठ, रा.प्र.पा. ७,५३३ (खसेको मतको ७.९ प्रतिशत)
सद्भावना- ३७६ (खसेको मतको ०.४ प्रतिशत)
नेकपा (संयुक्त)- २५४ (खसेको मतको ०.२ प्रतिशत)
नेमकिपा- १९० (खसेको मतको ०.१९ प्रतिशत)
प्रजातान्त्रिक लोक दल-६३ (खसेको मतको ०.०६ प्रतिशत)
स्रोतः- निर्वाचन आयोग

## भट्टराईको नैतिक ह्रास

भट्टराई स्वयम् हिजो वी.पी र सुवर्ण शमशेरहरू कागज गरेर छुट्दा पनि निरंकुश राजतन्त्रसंग कहिल्यै नझुकेर, कागज नगरेर-जेलमा सड्न तयार हुने मानिस हुनुहुन्थ्यो। वी.पी.ले बिदेशको सहायतामा व्यक्तिवादी आतंकको राजनीति गर्न थाल्दा पनि त्यसमा असहमति राखेर देशभित्रै शान्तिपूर्ण जनआन्दोलनको नारामा अडीग भएर लागेको उहाँको इतिहास थियो। वी.पी.ले कम्युनिष्टहरुसित कहिल्यै मिल्नु हुन्न भन्ने रणनीति अख्तियार गर्दा पनि त्यस सित असहमति राखेर उनीहरुसित मिलेर देशमा प्रजातान्त्रिक आन्दोलन अघि बढ्न सक्छ भन्ने विचार भट्टराईले व्यवहारमा कार्यान्वित गरेर देखाउनु भएको थियो। सत्याग्रह र गएको २०४६ सालको जन-आन्दोलनमा पनि भट्टराईको भूमिका अहं थियो।

तर आफ्नो पार्टी सत्तारुढ भएपछि वर्गस्वार्थको सीमाले गर्दा भट्टराईले आफ्नो नेपाली कांग्रेसको सरकारले साम्राज्यवादी र प्रतिकृयावादी वर्गको हितमा गरेका सारा कुकर्महरुको एक एक गरी समर्थन गर्दै जानु भयो। यस क्रममा प्रजातान्त्रिक समाजवादका मूल्यहरु, आफ्नो विगतका उन्नत आदर्श, नैतिक मूल्यहरु उहाँले एक एक गर्दै तिलाञ्जली दिँदै जानु भयो। उहाँको नैतिक सांस्कृतिक स्तरमा तीव्र गतिले गिरावट आउन थाल्यो। र, वहाँमा रहेको कुटनैतिक क्षमता भने कांग्रेसी स्वार्थको रक्षाको लाग्रि बेसी प्रखर र प्रयोग हुन थाल्यो। अहिलको चुनावसम्म आई पुग्दा सत्तास्वार्थको अन्धताले उहाँलाई यति तल्लो स्तरमा झार्‍यो कि- जोगमेहरको पंचायती चुनाव शैली र उहाँको चुनाव शैलीमा केही तात्विक अन्तर देखिएन। उही चुनावको मुखमा वुल्डोजर अघिपछि, उही विकासको ग्यारेण्टीको नारा, उही फर्जीमतको ओइरो, उही पैसाको खोलो। उहाँले उन्नत प्रजातान्त्रिक आदर्शको लागि, गिरिजा प्रबृत्तिलाई परास्त गर्नको लागि भोट माग्न सक्नुभएन। गिरिजा र उहाँ स्वयम्मा भिन्नताको कुनै रेखा प्रष्ट देखिएन। अहिलेको चुनावमा उहाँको हार- उहाँको त्यही नैतिक सांस्कृतिक स्तरमा ह्रासको लागि समाजले उहाँलाई दिएको चेतावनी हो। यो एउटा सामाजिक दण्ड हो।

भट्टराई वर्गीय हिसाबले पूँजीपति वर्गकै प्रतिनिधित्व गर्नुहुन्छ, त्यो पूँजीपति वर्ग अहिले प्रतिकृयावादी भएको छ। वर्ग स्वार्थले गर्दा त्यो प्रजातन्त्र, मानवतावाद

र प्रजातान्त्रिक समाजवादकै पूँजीवादी मूल्यहरुमा समेत अडान लिन सक्ने हालतमा छैन । यही वर्ग सीमाले गर्दा भट्टराईको नैतिक चरित्रमा पनि ह्रास आउन थालेको हो । जनता भट्टराईमा हिजोकै जस्तो थोरै भए पनि जनमुखी, राष्ट्रहितमुखी, प्रजातान्त्रिक चरित्र देख्न चाहन्छ । तर भट्टराई वर्ग सीमाले गर्दा कांग्रेसी सत्ता स्वार्थको संकीर्ण परिधिभन्दा माथि उठ्न सकिरहनु भएको छैन । उहाँ अहिले ठीक र वेठीक, प्रजातन्त्र र तानाशाही, नैतिकता र भ्रष्टता, समाजमुखी मूल्य र व्यक्तिगत स्वार्थमुखी मूल्य बीच डोलायमान गरिरहनु भएको देखिन्छ । उहाँ दुई मध्ये एक उन्नत पक्ष छान्ने भन्दा बेसी दुई बीच सम्झौता गराउने र छान्नै पर्दा न्यून र अन्धकारमुखी मूल्यहरु छान्ने गरिरहनु भएको छ । अहिलेको चुनावमा उहाँको हार उहाँको त्यही अन्तरविरोध र अधोगतिलाई जनताले गरेको तिरस्कार हो ।

चुनावको मुखैमा गिरिजाले जब *माघ १७ गते अन्तर्घाती वक्तव्य जारी गरे,* भट्टराई आफ्नो पहिलेको अडानमा अड्नु भएन । चुनावमा राज्ययन्त्रको सहयोग पाउने स्वार्थको कारणले उहाँले गिरिजा प्रवृत्ति समक्ष आत्म समर्पण गर्नु भयो, आफूले गरेको कामको दोष जति कार्यकर्ताको थाप्लामा थोपरेर । उहाँको नैतिक ह्रासको यो एउटा अर्को उदाहरण थियो । तथापि गिरिजा उहाँलाई पत्याएनन् र सहयोग गरेनन् ।

माघ १९ गते तीन जना नेताले आफू मिलेको आशयको वक्तव्य प्रकाशित गरेपछि गिरिजा पक्षधर केही शक्ति, केही मन्त्रीहरूसहित भट्टराईको पक्षमा चुनावी अभियानमा त उत्रिए । तर गिरिजाको धम्कीपूर्ण वक्तव्यका सामु निर्णायक क्षणमा भट्टराईको आत्म-समर्पणले आम जनसमुदायमा भने अनुकूल प्रभाव पारेन । यसले जनसमुदायमा भट्टराईको साख अरू गिरायो ।

उता गिरिजाको चूरो शक्ति भने भट्टराईको हारकै निम्ति क्रियाशील रह्यो । भट्टराई विरोधी पर्चाहरू निकाल्ने, भोट नखसाल्न जान पैसा बाँड्ने, केही ठाउँमा भोट "रूख" बाहेक अन्यत्र खसाल्न उत्प्रेरित गर्ने जस्ता परिघटनाहरू पनि भेटिए ।



विजय जुलुशमा नेकपा (एमाले) का अध्यक्ष, महासचिव र विद्या भण्डारी

# झापामा हार किन भयो ?

**हारको मुख्य कारण हो- आफ्नो मजबूत स्थितिबाट नेकपा (एमाले) मा पैदा भएको अतिविश्वास र जागरुकतामा क्षीणता ।**

*झापाको क्षेत्र नं. १ मा नेपाली कांग्रेसका उम्मेदवार कृष्णप्रसाद सिटौलाको जित भयो २८५७ मतको अन्तरबाट । यो जितवाजीलाई नेपाली कांग्रेसले वामपन्थी शक्तिको लालकिल्ला तोडिएको र प्रमुख प्रतिपक्ष एवं साम्यवादप्रतिको जनताको वितृष्णाको रुपमा प्रचार गरिरहेको छ ।*

*तर हामीलाई प्राप्त हाम्रा सम्वाददाताको रिपोर्ट अनुसार वास्तविकता भने अर्कै देखिन्छ । यो न त लालकिल्लाको तोडाइ हो, न प्रमुख प्रतिपक्ष र साम्यावाद-प्रतिको वितृष्णा । त्यहाँ चुनावी लहर एमाले कै पक्षमा नै व्यापक रुपले उठेको थियो । त्यहाँ फेरि चुनाव गरियो भने जितवाजी नेकपा (एमाले) कै हुने निश्चित देखिन्छ । तथापि, यस्तो क्षेत्रमा पनि नेपाली कांगेसको जित भयो । आखिर किन ?*

*यसको मुख्य कारण हो- आफ्नो मजबूत स्थितिबाट नेकपा (एमाले) मा पैदा भएको अतिविश्वास, जागरुकतामा क्षीणता ! पहिलेदेखिको बलियो स्थिति र आम सभाहरुमा ओइरिएको अपार जनसमूहले उनीहरुमा आफ्नो स्थितिप्रति अतिविश्वास पैदा भयो । शत्रुको स्थितिप्रति नजर अन्दाज भयो । कांग्रेसले बटुलेको फर्जी मत, धाँधलीको तयारी, पैसा र शक्ति प्रयोगको सम्भावनाप्रति उनीहरुको जागरुकता र प्रतिरोधको तयारी काठमाडौंमा जस्तो रहेन । नेपाली कांग्रेसले भने आफ्नो पूरा शक्ति र राज्यशक्ति समेत चुनावको निम्ति केन्द्रित गऱ्यो । जितको लागि माथि उल्लेखित सबै कुउपायहरु प्रयोग गऱ्यो । मतगन्ती हुँदा मत पेटिकाभित्र चाङका चाङ रुखछाप मतपत्रहरु भेटिए, तर पनि तिनीहरु रद्द गरिएनन् । फर्जी मतदाताहरुको लामो नामावली स-प्रमाण खण्डन गरिंदा पनि निर्वाचन आयोगले त्यसलाई खारेज गरेन ।*

*यी सबको कुल योग नै झापामा एमालेको हारको कारण बन्यो ।* ❑

## झापा क्षेत्र नं. १ उप-चुनाव- एक झाँकी

| | | |
|---|---|---|
| कुल मतदाता | - | ६७,८६९ |
| खसेको मत | - | ४६,४९२ (कुल मतदाताको ६८.५ प्रतिशत |
| सदर मत | - | ४०,०९९ (खसेको मतको ८६.२ प्रतिशत) |

### मत स्थिति

| | | |
|---|---|---|
| कृष्णप्रसाद सिटौला, नेपाली कांग्रेस | - | १६,१९४ (कुल मतको २३.९ %) |
| लीला उदासी (खनाल) नेकपा(एमाले) | - | १३,३३७ (कुल मतको १९.७ %) |
| गोपालचन्द्र राजवंशी, रा.प्र.पा. | - | ८,२५१ (कुल मतको १२.२%) |
| तुलाराम सिं (सद्भावना पार्टी) | - | ४,९७० (कुल मतको ७.३%) |
| ने.क.पा. (संयुक्त) | - | १६६ (कुल मतको ०.२ %) |
| प्रजातान्त्रिक लोक दल | - | ५८ (कुल मतको ०.०९ %) |

स्रोत: निर्वाचन आयोग

जहिले पनि नांगो गुण्डागर्दीमा उत्रने गिरिजाको प्रशासनयन्त्र, काठमाडौंमा, नाटकीय रूपले पहिलेको तुलनामा गुण्डागर्दीमा असक्रिय र शान्त देखियो । यी सबको कूल जोडले निर्णायक मत र विजय श्रीमती विद्या पाण्डेको पक्षमा गयो । भट्टराईको हार भयो ।

गिरिजाकै अन्तर्घात र असहयोगको स्थितिमा पनि भट्टराई गिरिजाको निरंकुश, राष्ट्रघाती र जनघाती प्रवृत्तिविरूद्ध खडा भएको स्थितिमा भट्टराईको चुनावी स्थिति अर्को हुने संभीवना थियो । गिरिजा सरकारलाई नै विस्थापित गर्नका लागि भट्टराई संसदमा जान लागेको भनेर प्रतिवद्धता जाहेर गरेको स्थितिमा दुई वर्षे गिरिजा सरकारबाट अत्यन्त रूष्ट र वाक्कदिक्क भएका जनसमुदायको समर्थन र सहानुभूति भट्टराईको पक्षमा जाने प्रष्ट संभावना थियो । तर वैचारिक र सांस्कृतिक स्तरमा ह्रासको प्रक्रियातिर ओरालो झरिरहेका अदृढ भट्टराईले- गिरिजा प्रवृत्ति समक्ष चुनावी स्वार्थका लागि घुँडा टेक्ने बाटो नै रोज्नुभयो । यो घुँडा टेकाइले भट्टराई जित्नु र हार्नु आम जनताको निम्ति त्यति अर्थपूर्ण रहेन । यसले पनि भट्टराईको हारकै निम्ति योगदान गऱ्यो ।

यसरी भट्टराईको हारको निम्ति भट्टराईको पतनोन्मुख प्रवृत्ति स्वयम् बढी जिम्मेवार छ । यो चुनावमा भट्टराईले अघिल्लो चुनावभन्दा निकै वेशी मिहनेत गरे पनि बाहिरबाट थुप्रै फर्जी मतदाताको ओइरो लगाए पनि, अन्ततः अडानहीनता र पतनोन्मुख प्रवृत्तिले गर्दा भट्टराईको हार भयो । ❑ ❑

## दायाँबायाँ
# ख्याल ख्याल गर्दागर्दै...

फागुन १२ गतेको ने.का. केन्द्रिय कार्य समितिको वैठक पनि कुनै ठोस निर्णयविना नै सकिएको छ ।

यस वैठकमा गणेशमानले गिरिजाको राजीनामाको माग दोहोऱ्याएका र ने.का. केन्द्रिय समितिका १६ जना सदस्यहरुले पनि लिखित रुपमा यो माग प्रस्तावका रुपमा दर्ता गराएका छन् । गिरिजाले भने, बरु आफूले संसदमै अविश्वास प्रस्तावको सामना नै गर्ने कुरा व्यक्त गरेका छन् । प्र.म. लगायतका "अन्तरघाती" हरु माथिको कारवाहीबारे आवश्यक छानवीन गर्न अनुशासन नियन्त्रण समितिमा पठाइएको छ ।

१८ फागुनमा संसद बस्नु अघि १७ फागुनसम्म वैठक पुन: पर सारिनुका पछाडि गिरिजा र भट्टराई दुवै पक्षको " समय लिएर पर्याप्त तयारी गर्ने " मनशाय देखिन्छ । तर यसरी प्राप्त समयलाई गिरिजा पक्षले ज्यादा उपयोग गर्ने लक्षण देखिएको छ । किनभने, यस पक्षले आफ्नै पार्टीका र अन्य पार्टीका पनि सांसदहरुलाई आफूतिर तान्ने "चालवाजी" र "लेनदेन" को क्रम अघि बढाइसकेको छ ।

भट्टराई पक्षको लागि अहिले प्रतिपक्षले प्रस्तुत गरेको गिरिजा विरुद्धको अविश्वास प्रस्तावले "ख्याल ख्याल गर्दागर्दै साँच्चिको पारेको" छ । संसदमा अविश्वास प्रस्तावमा यदि भट्टराई पक्षले गिरिजालाई नै साथ दिन्छ भने यो कुरा प्रष्ट हुन्छ कि-



# के अब नेपाली कांग्रेस फुट्ला ?



आफ्नै पार्टीका कार्यकर्ताहरुबाट आफ्नै पार्टीका प्रधानमंत्री यति धेरै असुरक्षित भएको र उनका विरुद्ध सार्वजनिक विद्रोह भएको यो नेपालको इतिहासमै पहिलो पटक हो । तर माघ २६ गते चुनावको अन्तिम परिणाम निस्कन थालेदेखि यता अन्तर्घातले पैदा गरेको यो विष्फोट वालुवाटार घेर्ने असफल प्रयत्नबाट शुरुवात भएर गिरिजाका घनिष्ट सहयोगीहरु रामशरण महत र सुशील कोइरालालाई पार्टी कार्यालयमै पिट्ने र कार्यालय नै बन्द गर्नु पर्ने बिन्दुसम्म अघि बढेको छ । सडकमा दिनहुँ गिरिजा विरोधी जुलूस, सिंहदर्वार घेराउ, गिरिजाको फोटोमा जुत्ताको माला, सिंहदर्वारमा अनसन जस्ता संघर्षका रुपहरु छिचोलेर असतुष्टि अब ५६ जना सांसदद्वारा खुलेआम अन्तर्घातद्वारा नै भट्टराईले चुनाव हारेको आरोप र गिरिजाको राजिनामाको मागसम्म उकालो लागेको छ ।

उता गिरिजा महासमितिको वैठक डाकेर भट्टराईको सभापतित्व नै उडाइदिने दाउपेच गरिरहेछन् । उनले मंत्री परिषदको विरोधका बावजूद मध्यावधि चुनावको धम्की दिएका छन् र राजासित यसको माग पनि गरिसकेका छन् । यद्यपि राजाबाट यो स्वीकार भएन । कुनै पनि हालतमा प्रधानमंत्रीको कुर्सी नछोड्ने दृढता उनले व्यक्त गरेका छन् ।

नेपाली कांग्रेसभित्र यति गहीराइमा यति व्यापकतामा, यति तल तलसम्म, यति स्पष्ट फाटो यसअघि कहिल्यै देखिएको थिएन । अहिले नेपाली कांग्रेसभित्र भावनात्मक रुपले त फुट भई नै सकेको देखिन्छ । तर यो केन्द्रीय तहको सांगठनिक फुटसम्म विकसित भने भइसकेको देखिन्न । यद्यपि काठमाडौं जिल्ला कार्यसमितिले अन्तर्घातकै आरोपमा केही कार्यसमितिका सदस्यहरुलाई अपदस्त गरिसकेको छ । उता, यो फाटो र असन्तुष्टि गिरिजा सरकारलाई संवैधानिक बाटोबाटै अविस्वासको प्रस्तावद्वारा अपदस्त गर्ने बाटोतिर प्रवाहित गर्न सजिलो होस भनेर नेकपा (एमाले) ले राजा समक्ष विशेष संसद अधिवेशनको माग गरीसकेको छ । नेकपा एमाले र संयुक्त जनमोर्चाद्वारा संयुक्त रूपमा फागुन ४ मा गरिएको यो माग १२ घण्टा पनि नबित्दै फागुन १२ गते नै संसद अधिवेशन डाकिएर पूरा भएको छ । संसदमा अविश्वास प्रस्ताव फागुन ६ गते दर्ता पनि भइसकेको छ ।

फागुन ४ गतेदेखि नै नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको वैठक पटक पटक बसिसकेको छ । त्यसले प्रधानमंत्री लगायतका सबै अन्तर्घातीहरुलाई कार्वाही गर्ने तलका कार्यकर्ताहरूको लिखित मागउपर छलफल गर्‍यो । यो पंक्ति लेख्दासम्म वैठक १२ गते सम्मको लागि पर सारिएको छ । बैठकमा भट्टराईको अध्यक्ष पदबाट राजीनामाको मागलाई पनि संगै मिसाएर गिरिजाको प्रधानमंत्री पदबाट राजीनामाको मागको कुरा घुमाउरो तरिकाले आएको छ । संसदमा प्रस्तुत भएको अविश्वासको प्रस्तावलाई "बाहिरबाट भएको आक्रमण" को नाम दिएर गिरिजा र भट्टराई दुबै पक्षका "मध्यमार्गीहरू" ले पार्टीको "एकता" कायम राख्नु पर्छ भनी सजिलो र नाक बचाउँने बाटो प्रस्तुत गरिरहेका छन् ।

के अब यो संगीन स्थितिमा नेपाली कांग्रेस फुट्ला ? अन्तर्घाती भनिएका प्रधानमन्त्रीलाई पदच्यूत गर्ने कार्य होला ? वा भट्टराईको सभापति पद उड्ला ? वा गिरिजा विरुद्धको अविश्वासको प्रस्ताव पास होला ?

नेपाली कांग्रेसभित्रका विगत प्रवृत्तिहरुलाई नियालेर हेर्ने हो भने- के भविश्यवाणी गर्न सकिन्छ भने- यी कुनै पनि कुरा हुन सक्ने संभावना अत्यन्त नगण्य छ ।

भट्टराईमा वेठीक र अन्याय विरुद्ध लड्ने त्यो दृढता नै कतै पनि देखिन्न, न त संगठनाभित्र उनको बलियो र व्यापक पकड नै छ, न संगठन परिचालनको सक्षमता नै देखिन्छ । यस स्थितिमा संगठन फुटीहाल्यो भने त्यसको अधिकांश भाग गिरिजाले नै लानसक्ने भयले भट्टराई र गणेशमान प्रभृतिहरु- निर्णायक संघर्षभन्दा पनि मध्यमार्गी उपायतिर लम्किने संभावना प्रवल छ ।

नेका एउटा नेतामुखी पार्टी हो । तीन नेताको विकल्पको रुपमा त्यहाँ कुनै अर्को वैकल्पिक नेतृत्व विकसित भएको देखिन्न । यो स्थितिले पनि- अहिले संघर्षरत तप्काहरूलाई फेरि एउटा अर्को संझौतातिर धकेल्ने बेसी सम्भावना देखिन्छ, जसमा गिरिजाको प्र.म. पद पनि नजाओस्, भट्टराईको सभापतित्व पनि नजाओस् र दुवै खेमाका मानिसले मंत्रीमण्डलमा राम्रो भागवण्डा भेट्टाउन् ।

गिरिजा प्रवृत्तिबाट भट्टराईको अडानहीन आत्म-समर्पणबाट वाक्क-दिक्क भएका कार्यकर्ताहरु मध्ये केही निराश हुने छन् । केहीले पलायन पनि गर्नेछन्, तर पनि कांग्रेस पार्टी फुट्ने छैन । किनभने, भट्टराई र गणेशमान एवं अन्तर्घातविरुद्ध संघर्षरत शक्तिमा- गिरिजा प्रवृत्तिविरुद्ध जीवन-मरणको संघर्ष गर्ने दृढता र दम नै देखिन्न । बरु उल्टो, वैचारिक-सांस्कृतिक रुपले गिरिजाकै बाटोतिर उनीहरु पनि ओरालो लाग्ने प्रवृत्ति त्यहाँ देखिन्छ ।

तर नेपाली कांग्रेस भने अहिले त्यो मोडमा आएर उभिएको छ, जहाँ या त बाँकीले गिरिजाको स्वार्थ-केन्द्रित तानाशाही प्रवृत्तिसमक्ष त्वम् शरणम् नै गर्नु पर्छ, या त त्यो प्रवृत्तिविरुद्ध जुनसुकै मूल्यमा पनि जेहाद नै छेड्नु पर्छ । बीचको विकल्प त्यहाँ अब क्षीण भएको छ ।

त्वम् शरणम् नै गरेपनि अब भट्टराईहरुको स्थिति कांग्रेसभित्र "ग्रहहरुको सामुन्ने उपग्रहको" मात्र हुनेछ । दृढतापूर्वक संघर्ष नै गरेपनि गिरिजा अब पहिलेको स्थितिमा हुने छैनन् । फुटेको हालतमा पनि पार्टी चलाउने ह्याउ त्यहाँको बाँकी नेतृत्वमा हुनुपर्ने हुन्छ, जुन अहिले त्यहाँ देखिन्न ।

गिरिजा प्रवृत्तिविरुद्ध जीवन मरणको संघर्ष कांग्रेसभित्र छेडिनु थोरै मात्र भए पनि नेपाली जनता र श्रमिक वर्गको हितमा छ । त्यो संघर्ष जति तीव्र भयो, उति उत्पीडित जनता र श्रमिक वर्गलाई तुलनात्मक रुपले फाइदा छ । त्यसैले, सबै जनमुखी र श्रमिक वर्गका प्रगतिशील पक्षधर शक्तिले यो संघर्ष तीव्रतर रुपमा चलाउन र चर्काउन सघाउनु पर्छ । संझौता र आत्म-समर्पण नेपालका जनता र श्रमिक वर्गको हितमा छैन । त्यस्तो कुनै कुरा गर्नु वेठीक हुनेछ- जसले यो संघर्ष क्षीण र शिथिल हुने छ । ☐☐

**नेपाली कांग्रेस भने
अहिले त्यो मोडमा आएर उभिएको छ,
जहाँ या त बाँकीले गिरिजाको स्वार्थ-केन्द्रित तानाशाही प्रवृत्तिसमक्ष
त्वम् शरणम् नै गर्नु पर्छ,
या त त्यो प्रवृत्तिविरुद्ध जुनसुकै मूल्यमा पनि
जेहाद नै छेड्नु पर्छ ।**



# बिद्युत महशूल बढ्नुको रहस्य

हाम्रा आर्थिक समीक्षकबाट

सरकारले, गएको दुई वर्षमा तेस्रो पटक, आगामी चैत्र १ गतेदेखि लागु हुने गरी बिजुली महशूलमा भारी बृद्धि गरेको छ। २० यूनिटसम्मको न्यूनतम महशूल पहिले रु. ३०।- थियो। अहिले त्यसमा सबभन्दा बेसी ६६.६६ प्रतिशत बृद्धि गरेर रु. ५०।- पारिएको छ। मझौला ग्राहकहरुको लागि २१ यूनिटदेखि २५० यूनिटसम्मको महशूल पहिले प्रति यूनिट रु. ३।- थियो। अहिले त्यसमा ३३.३३ प्रतिशत बृद्धि गरेर रु. ४।- पारिएको छ। त्यो भन्दामाथिको यूनिट खपत गर्नेलाई पहिले रु. ४।५० प्रति यूनिट महशूल थियो। अहिले त्यसमा ३७.७७ प्रतिशत बृद्धि गरेर रु. ६।२० प्रति यूनिट पारिएको छ।

बिद्युत प्राधिकरणले यस पटक बिद्युत महशूल बढाउनुको कारण "लगानीयोग्य पूंजी" आकर्षित गर्नुलाई बताएको छ। पूंजी आउने निश्चित हुनु नै कता हो कता, त्यसलाई आकर्षित गर्न मात्र पनि यति धेरै बिद्युत महशूल बढाउन सरकार तयार हुने हो भने साँच्चै नै पूंजी आउने निश्चित हुने हो भने कांग्रेसी सरकार कतिसम्म महशूल बढाएर जनताको ढाड भाँच्न तयार हुने हो? - प्रश्न चिन्ह खडा भएको छ।

तर वास्तविकतामा, बिद्युत महशूल बृद्धिको कारण भने अरु नै देखिन्छ। त्यो हो- विश्व बैंकका ऋणका शर्तहरु।

अरुण तेस्रोको लागि ऋण प्राप्त गर्न विश्व बैंकले के शर्त राखेको छ भने- बिद्युत प्राधिकरणले् ४५ प्रतिशतसम्म बिद्युत महशूल बढाउनु पर्छ।

त्यही शर्त स्वीकार गर्ने र व्यवहारमा लागु गर्ने प्रक्रियामा विश्व बैंकको दवावमा अहिलेको बिद्युत महशूल बढाईएको हो।

"बूढी मरीभन्दा पनि काल पल्क्यो भन्ने पीर" भने झैं यो महशूल बृद्धिले भन्दा पनि यो महशूल बढाउनुको पछाडि कारणको रुपमा रहेको सरकारको प्रबृत्तिले देशको भविश्यलाई गम्भीर खतरातर्फ धकेलिरहेको छ। सरकारले विश्व बैंकको दवावमा यसरी बिद्युत महशूल बढाउनु के कुराको सूचक हो भने- हाम्रो देशको आर्थिक-राजनीतिक निर्णयको हालीमुहाली अब बिदेशी बहुराष्ट्रिय वित्तीय संस्थाको हातमा पुगेको छ। कहाँ कति महशूल बढाउने, कहाँ कति Subsidy (क्षतिपूर्ति) कटाउने, कहाँ कति भन्सार महशूल घटाउने,- त्यो निर्णय सिंहदरवारमा होइन, वाशिंगटनमा हुन्छ। र, सरकारले त्यसलाई आँखा चिम्लेर लागू गर्छ, चाहे त्यसले जनताको जीवन जतिसुकै कष्टपूर्ण र अभावग्रस्त किन नहोस्। स्मरणीय छ, जनतालाई जरुरी वस्तुमा राज्यले दिने क्षतिपूर्ति बन्द गर्ने विश्व बैंकको नीतिगत शर्त अनुसार रासायनिक मलमा ३०० प्रतिशत भाउ बृद्धि गर्ने कांग्रेसी सरकारको निर्णय पनि विश्व बैंककै हेड क्वार्टरमा भएको थियो र कांग्रेसी सरकारले त्यसलाई किसानको ढाडै भाँचिने शर्तमा पनि लागु गरेको थियो। गएको दुई वर्षमा, यसभन्दा अधिको दुवै पटकको बिजुली महशूल बढाउने निर्णय पनि विश्व बैंककै दवावमा भएको थियो।

यसरी विश्व बैंकको दवावमा आउन सरकार वाध्य हुनुको कारण यो देशको सस्तो श्रम र सस्तो जलस्रोतबाट बिजुली निकालेर महंगोमा बिजुली बेचेर नाफा कमाउनका लागि विश्व बैंकले लगानी गर्ने ऋण र त्यो ऋणसंगै उसले यहाँका उच्च पदस्थ निर्णायक मन्त्री र नोकरशाहहरुलाई दिने मोटो कमीशनको रकम हो।

अहिले अरुण तेस्रोको लागि दिने भनिएको ७६ करोड ४० लाख डलरको सहायतामा १० प्रतिशत रकम कमीशनका रुपमा दलालहरुका लागि अघोषित रुपमा छुट्ट्याइएको छ। त्यो भनेको ३८४ करोड नेपाली रुपैयाँ हो। त्यो ३८४ करोड रकम यहाँका सबै निर्णायक नोकरशाहले कमीशन भनेर पाउने हुन्। १ जना नोकरशाहको भागमा १ करोड रुपैयाँ छुट्याउने हो भने पनि ३८४ करोडले ३८४ जना निर्णयकर्ताहरुलाई किन्न सम्भव हुँदैन?

अहिले त्यही मोटो कमीशनको लोभमा देशलाई अन्धकारमय भविष्यतर्फ धकेल्ने शर्तमा पनि (अरुण तेस्रोबारे विष्तृत जानकारीका लागि यसै अंकको विशेष लेख हेर्नहोस्)। त्यही ऋणको एउटा शर्त लागु गर्ने शिलशिलामा अहिलेको बिद्युत महशूल बढाइएको हो।

सरकारले यो बिद्युत महशूल बढाएर जुन प्रबृत्ति देखाएको छ, त्यसले "प्रजातान्त्रिक समाजवाद" को झण्डा बोकेको कांग्रेसी सरकार कति स्वार्थमुखी र जनघाती छ-प्रष्ट देखाएको छ।

सबभन्दा गरीब र कम बिद्युत खपत गर्नेहरु १ देखि २० यूनिटसम्म खपत गर्नेहरु हुन्। तर उनीहरुलाई सबभन्दा बढी ६६.६६ प्रतिशत महशूल बढाइएको छ। सबभन्दा बेसी बिद्युत खपत गर्ने धनीहरु २५० यूनिटदेखि माथि बिद्युत खपत गर्नेहरु हुन्। तर उनीहरुलाई फगत ३७.७७ प्रतिशत मात्र बिद्युत महशूल लगाइएको छ। यो बिद्युत महशूल आफैंले देखाएको छ कि- कांग्रेसी सरकार गरीबप्रति बेसी सरोकार राख्छ कि धनीप्रति?

सरकारले चाहेको भए सरकारसित बिद्युत महशूल नबढाउने उपाय थियो।

सरकारले यसरी ठूलो बिदेशी ऋणमा आधारित बिद्युत आयोजनामा पूंजी लगाउनुको सट्टा आफ्नै क्षमतामा आधारित थुप्रै साना साना १ देखि ५० मेघावाटका आयोजनामा पूंजी लगाउने हो भने यसरी बिद्युत महशूल बढाउनै पर्दैनथ्यो।

त्यस्तो गर्दा बिद्युत पनि चाँडै आउँथ्यो, सस्तो पनि पर्थ्यो, उति नै पैसाले बेसी बिजुली पनि निकालिन्थ्यो र बिदेशी ऋणको भारमा पनि देश पर्दैनथ्यो। तर यो सर्वश्रेष्ठ विकल्प अप्नाइएन, किनकि यसमा मोटो कमीशन पाइन्न।

सरकारसित अरु विकल्प पनि थिए- जस्तो, चर्को बिद्युत चुहावट र चोरी रोक्नु।

यी कुनै विकल्प पनि नअप्नाई स्वार्थवश सरकारले यति चर्को बिद्युत महशूल बढाएर उत्तिकै गरीब जनतालाई झन् गरीब पार्ने कार्य गरेको छ।

सरकारको यो जनघाती कार्यको विरुद्ध आवाज उठाउनु र संघर्ष गर्नु जरुरी छ। ❀ ❀

# जनता र वामपन्थीलाई गणेशमानद्वारा पुनः गाली

*काठमाडौं क्षेत्र नं. १ को चुनावमा भट्टराईको हार भएको लगत्तैपछि गणेशमानले पुनः एक पल्ट काठमाडौंवासीहरूलाई "प्रजातन्त्र विरोधीहरूलाई साथ दिनेहरू" भनी आरोप लगाउनु भएको छ।*

*उहाँले विगत २०४६ सालको जनआन्दोलनमा वमपन्थीहरूको कुनै पनि भूमिका नै नभएको र उक्त आन्दोलन ने.का. एक्लैले गरेको दावी पनि गर्नुभएका छ। उहाँले यतिसम्म पनि भन्नुभयो कि- "प्रजातान्त्रिक आन्दोलन हामीले पनि गर्‍यौं" भनी कुनै वामपन्थीले भन्छ भने त्यसो भन्नु मच्छिन्द्रनाथको रथमुनि हिंडिरहेको कुकुरले "यो रथ मैले तानेर गुडाएको हुँ" भन्नु सरह हो।*

*जब जब गणेशमानलाई "हार" को अनुभव हुन्छ, तब तब उहाँले जनतलाई र वामपन्थीहरूलाई "उग्र" गाली गर्ने गर्नुभएको छ। आजसम्म जनताले गणेशमानको केही योगदानका सामु उहाँको यी "उग्र गाली" लाई क्षम्य मान्दैआएको छ। तर के देखिदैछ भने- उहाँ "अति" गर्दै हुनुहन्छ।*

*आफूहरु गलत निर्णयहरू गर्ने र पार्टीभित्रका गलत तत्वहरूसँग संघर्ष गर्न नसक्ने, अनि त्यसबाट भोग्नु परेका पराजयहरू र अपमानहरूबाट तिल्मिलाएर जनता र वामपन्थीहरूलाई तथानाम गाली गर्ने!*

*अफिसमा भ्रष्ट हाकिमको गाली खाएको बेला त्यसको प्रतिवाद गर्न भने नसक्ने, तर साँझ रक्सी धोकेर घर फर्केपछि निर्दोष श्रीमती र बच्चाहरूलाई त्यसको झोंकमा लात हान्न पुग्ने "लाछी नोकरशाह" को भूमिका अहिले गणेशमानले निर्वाह गर्दैहुनुहुन्छ। गिरिजा प्रवृत्तिसँग संघर्ष गर्न दृढ नहुने, तीन महिनापछि सन्यास लिने, जस्ता हाव्रादारी घुर्की लगाउने र पछि आफैं चुपचाप हुने खालको स्वाभाव आफूहरूले बोकेर हिंडेपछि गिरिजा प्रवृत्ति कसरी हतोत्साही हुन्थ्यो र?*

*अनि, उल्टो, उत्साहित भएको यो प्रवृत्तिले जनतालाई त लात हान्ने नै भयो, बेला बेलामा गणेशमानहरूलाई नै पनि "जोडदार लात" हान्ने गर्छ।*

*यस्तो बेलामा गणेशमानजी यससँग लड्न नसकेर जनता र वामपन्थीहरूतिर जाइलाग्नु हुन्छ भने उहाँलाई के भन्ने?*



*इतिहासप्रति नै अन्याय गर्ने गणेशमानका यी झुठपूर्ण गालीहरूले स्वयं गणेशमानकै स्तर घटाएको छ।*

*काठमाडौंवासीहरू विगत जनआन्दोलनमा "प्रजातन्त्र" को पक्षमा जिउज्यान छोडेर लागिपरेको "सत्य" के सत्य होइन? विगत जनआन्दोलनमा वामपन्थीहरूको जनाधारपूर्ण र विशिष्ट सहभागिता के सहभागिता नै होइन?*

*ने.का. का "सर्वोच्च नेता" भनिने गणेशमानसँग भावी इतिहासले बारम्बार यो प्रश्नहरू सोधिरहने छ। ✳✳*

# अव अमेरिकाले उत्तर कोरियामा आक्रमण गर्ने !

(हाम्रा अन्तर्राष्ट्रिय घटना विश्लेषकबाट)

अब अमेरिकाको रक्षा मन्त्रालय "पेण्टागन" उत्तर कोरियामाथि आक्रमण गर्ने टुंगोमा पुगेको छ । यसको आक्रमणको उद्देश्य राजधानी प्योङ्याङ कब्जा गर्नु र क. किम इल सुङको नेतृत्वमा रहेको उत्तर कोरियाको साम्यवादी सत्ता धराशायी पार्नु रहेको छ ।

पूर्वी यूरोपेली मुलुकहरुमा जस्तै उत्तर कोरियामा पनि कथित "जनसत्ता" ल्याउँला र त्यहाँको समाजवाद ध्वंश गरौंला भन्ने कुराको तीव्र प्रतिक्षामा बसेको अमेरिका त्यो कुरामा विलकुलै असमर्थ भए पछि निराश पेण्टागन अहिले आक्रमण गर्ने निधोमा पुगेको हो ।

आक्रमणको लागि अनुकूल विश्व जनमत तयार पार्ने काम अहिले पश्चिमी टेलिभिजन, रेडियो र पत्रिकाहरुले थालेका छन् । भर्खरै फ्रेब्रुअरी ७ को International Herald Tribune ले न्यूयोर्क टाइम्सको हवाला दिंदै यस सम्वन्धमा एउटा अत्यन्त संवेदनशील समाचार छापेको छ ।

त्यस पत्रिकाका अनुसार अमेरिकाले आक्रमणको लागि दुई वटा सवाललाई निहुँ बनाएको देखिन्छ । एउटा, उत्तर कोरियाली आणविक हतियार निर्माण थलो IAEA अर्थात अन्तर्राष्ट्रिय आणविक निरीक्षण आयोगलाई हेर्न नदिएको सवाल, अर्को, उत्तर कोरियाले आफ्नो दक्षिण कोरियासंगको सीमानामा हात हतियार र सेना थुपारिरहेको सवाल ।

स्मरणीय छ, अमेरिका र दक्षिण कोरियाली सेना मिलेर उत्तर कोरियाको सीमानामा Team Spirit को निहुँमा व्यापक सैनिक गतिविधि थालेपछि उत्तर कोरिया सजग भएर त्यहाँ सुरक्षार्थ आफ्नो हतियार र सैनिक थुपारेको हो । तर अहिले आफ्नै सैनिक गतिविधिले बढाएको उत्तर कोरियाको सजगतालाई नै अमेरिकाले आफ्नो आक्रमणको निहुँ बनाएको छ ।

त्यस्तै, दक्षिण कोरियाले आणविक हतियार अमेरिकाबाट प्राप्त गरेको प्रमाणिक सूचना उत्तर कोरियासित भएकोले आणविक सुविधाको निरिक्षण नै गर्ने भए दक्षिण कोरियाको पनि गरिनु पर्छ र कोरियाली प्रायद्वीपबाटै आणविक हतियार सम्पूर्ण रुपमा हटाउनु पर्छ । फगत उत्तर कोरियाको मात्र आणविक सुविधाको निरिक्षण गर्नु पर्छ भनेर एकतर्फी माग गर्नु सरासर अन्याय हो भन्ने उत्तर कोरियाको भनाइ देखिन्छ । यो भनाई जायज र न्यायपूर्ण छ । तर आणविक हतियार जति दक्षिण कोरियामा थुपारेर अमेरिका उत्तर कोरियालाई मात्र आणविक हतियार नबनाउन र आणविक सुविधा निरिक्षण गर्न दवाव दिईरहेछ । र अहिले त्यो दवाव उत्तर कोरियाले मानेन भनेर उत्तर कोरियामाथि आक्रमण गर्ने योजना बनाउँदै छ ।

त्यस समाचार पत्र अनुसार अमेरिकी राष्ट्रपति र रक्षा मन्त्रालयले "भयानक प्रत्याक्रमणको लागि तयारी गर्न आफ्ना फौजी कमाण्डरहरुलाई आव्हान गरी सकेको छ । यो अमेरिकी आक्रमणको बेला उत्तरी कोरियाली मिसाइल आक्रमणबाट दक्षिण कोरियाली राजधानी, र हवाई मैदानहरुलाई जोगाउन Patriot antimissile क्षेप्यास्त्रलाई बीचमै खत्तम पार्ने प्रति-क्षेप्यास्त्र र थप वमवर्षक बिमानहरु एयरक्राफ्ट क्यारियर दक्षिण कोरियामा पठाउन लगिंदैछ । दक्षिणकोरियास्थित अमेरिकी फौजका कमाण्डरले यो आक्रमण अघि उत्तर कोरियामाथि आर्थिक प्रतिबन्ध पनि लगाउन अनुरोध गरेका छन् ।

यो "भयानक प्रत्याक्रमण" सम्बन्धी समाचारले के छनक दिएको छ भने अमेरिकाले पहिले उत्तर कोरियालाई उक्साउने कार्य गर्नेछ । त्यसपछि उत्तर कोरियाले अलिकता पनि प्रतिक्रिया जनाउनासाथ त्यसैलाई उत्तर कोरियाको आक्रमण ठहऱ्याएर अमेरिकाले "भयानक प्रत्याक्रमण" गर्नेछ ।

अमेरिका हहिले चीनलाई यो युद्धमा तटस्थ राख्ने प्रयत्नमा जुटेको छ । किनभने चीन तटस्थ बसेन भने यो युद्धमा अमेरिकाले हात हाल्नु अमेरिकाको निम्ति अत्यन्त महँगो र खतराजनक हुनेछ । यस निम्ति अमेरिका अहिले आर्थिक प्रलोभन र कूटनीतिक प्रयास दुबै प्रयोग गर्दैछ । उत्तरकोरियामा आक्रमण गरिहालेमा चीनतिर यालु नदी भन्दा अघि बढ्ने छैन भनेर अमेरिकाले आश्वासन दिएको छ ।



किम इल सुङ : प्रतिरोधको लागि तयार

उता उत्तर कोरियाले पनि सम्भावित आक्रमण बिरुद्ध आफ्नो तयारी थालेको छ, जसले भनेको छ- "आफ्नो राष्ट्र बिरुद्ध कतैबाट हवाई आक्रमण भएमा हामी हात बाँधेर बस्ने छैनौं । उत्तर कोरिया बिरुद्ध अमेरिकाले हमला गरेमा हामी ईट्टाको जवाफ ढुंगाले दिने छौं ।

यी क्रियाकलापहरुले अब उत्तर कोरियामाथि अमेरिकी हवाई आक्रमण अवश्यंभावी देखिएको छ । यो फगत समयको कुरो मात्र भएको देखिएको छ ।

विश्व सम्पूर्ण न्यायप्रेमी जनमतले सम्भावित अमेरिकी आक्रमणको बिरुद्ध सशक्त आवाज उठाउनु जरुरी भएको छ । एउटा साम्राज्यवादी बिरोधी मार्चा बन्नु विश्वकै जरुरत भएको छ र नेपालमा पनि यस्तो मोर्चाको आवश्यकता खट्केको छ ।

विश्वभरिका उत्पीडित वर्ग र जनसमुदायले एकतावद्ध हुनु र आवाज उठाउनु परेको छ- अमेरिकाले विश्वलाई कैयन पटक नाश गर्न पुग्ने आणविक हतियार थुपार्न मिल्दछ भने- उत्तर कोरियाले चाहिं स्वरक्षाको लागि आणविक हतियार बनाउन किन मिल्दैन अमेरिकाले दक्षिण कोरियामा आणविक हतियार थुपार्दा चाहिं त्यसको निरिक्षण गर्नु जरुरी हुन्न भने फगत उत्तर कोरियाको आणविक सुविधा मात्र किन निरिक्षण गर्नु खोज्नु कसरी जरुरी र न्यायपूर्ण हुन्छ ? भिन्न व्यवस्था हुँदैमा एउटा सानो देशलाई ठूलो देशले आक्रमण गरेर सिध्याउन खोज्नु कसरी प्रजातान्त्रिक र न्यायपूर्ण हुन्छ ?

उत्तर कोरिया अहिले टड्कारो संकटमा छ, उसलाई साम्राज्यवादी आक्रमणबाट बचाउनु विश्वका सबै न्यायप्रेमी, साम्यवादीहरुको कर्तव्य भएको छ ।

❑❑❑

# औद्योगिक उत्पादनमा बृद्धि कि ह्रास ?

**हाम्रा आर्थिक समीक्षकबाट**

सरकारले आर्थिक वर्ष २०४९।५० मा देशको कुल औद्योगिक उत्पादन ४.४ प्रतिशतले वृद्धि भएको सूचना जारी गरेको छ । देशको औद्योगिक उत्पादन बढ्नु राम्रो कुरा हो । तर यहाँनेर यो बृद्धि हो कि ह्रास हो, त्यो छुट्याउन खालि २०४९।५० को तथ्यांक हेर्नु मात्र पर्याप्त हुँदैन । गत वर्षको औद्योगिक उत्पादनको बृद्धिदर कति थियो भन्ने आधारमा नै यो छुट्याउन सम्भव हुन्छ ।

स्मरणीय छ, गत २०४८-४९ को आर्थिक वर्षमा देशको औद्योगिक उत्पादनमा ९.९ प्रतिशत बृद्धि भएको थियो । योसित तुलना गर्दा २०४९।५० मा औद्योगिक उत्पादन बढेको हैन, ५.५ प्रतिशतले ह्रास भएको देखिन्छ ।

अझ २०४७-४८ मा औद्योगिक उत्पादको बृद्धि दर ३३.८ प्रतिशत थियो ।

यस हिसाबले ऐतिहासिक क्रमिकतामा हेर्दा गिरिजा सरकार सत्तामा आए यता २०४७।४८ को आर्थिक वर्षदेखि नै औद्योगिक उत्पादनमा निकै ठूलो ह्रास आएको देखिन्छ । २०४७।४८ मा ३३.८ प्रतिशतबाट २०४८।४९ मा ९.९ प्रतिशत र २०४९।५० मा पुग्दा अझ ४.४ प्रतिशत मात्र ।

किन आईरहेछ त यति धेरै औद्योगिक उत्पादनमा ह्रास ? यस प्रश्नबारे सरकारको जवाफ के छ भने- विद्युत आपूर्तिले गर्दा अर्थात् लोड सेडिंडले गर्दा नै, यो ह्रास आएको हो । यसरी सारा दोष विद्युत आपूर्तिलाई दिएर सरकार आफ्नो दोष र दायित्वबाट पूरै पन्छिन खोजेको देखिन्छ ।

विद्युत आपूर्तिले औद्योगिक उत्पादनमा केही नोक्सानी अवश्य गरेको छ, तर ह्रासको कारण यति नै मात्र देखिन्न ।

सरकारको आर्थिक उदारवादले यो दुई वर्षमा थुप्रै उद्योगहरु असमान प्रतिस्पर्धामा टिक्न नसकेर ढलेका छन् । औद्योगिक उत्पादन त्यसको कारणले समेत निकै घटेको छ । चिनी, घिऊ, सूती कपडा, जुटका सामाग्री, जुत्ता, कागज, फलामे सामग्री, मल, खाने तेल- यी सबै वस्तुको उत्पादनमा यही कारणले व्यापक ह्रास आएको छ ।

वास्तविकता यस्तो हुँदाहुँदै, खालि विद्युत आपूर्तिलाई दोष दिएर आफ्नो गल्ती छोपछाप पार्न खोज्नु काँग्रेस सरकारको कायरतापूर्ण दुर्नियत सिवाय केही होइन । ★ ★ ★

# स्वतन्त्र तिब्बतबारेका प्रश्नहरू र नेपालको हित

- गोविन्दप्रसाद लोहनी

**"स्वतन्त्र तिब्बत" को समर्थनमा आगामी चैत्रको पहिलो हप्तामा नयाँ दिल्लीमा १६ देशका ४७ सांसदहरुको ३ दिने सम्मेलन हुँदैछ । यसमा अमेरिकाका भू.पू. राष्ट्रपति कार्टरले पनि भाग लिने संभावना भएको कुरा प्रकाशमा आएको छ ।**

**"स्वतन्त्र तिब्बत" को नाममा नेपालमा पनि विभिन्न गतिविधिहरु हुँदैआएको परिप्रेक्ष्यमा प्रस्तुत छ- यो "स्वतन्त्र तिब्बत" अभियानकोबारेमा गोविन्दप्रसाद लोहनीको यो लेख -सं**

जुन बखत भारत एक देश (राष्ट्र) बनेको थिएन (सन् १९४७), त्यस बखत पनि नेपाल भन्ने एक देश थियो र लगभग पौने २ सय वर्षदेखि नै यो अस्तित्वमा थियो । त्यसभन्दा अघि पनि काठमाडौं उपत्यका र यस क्षेका अन्य तिब्बत नजीकका वा सीमाना जोडिएका ( आज नेपालभित्र पर्ने) साना, स्वतन्त्र राज्यहरुको तिब्बतसंग प्रशस्त सम्पर्क भएको कुरा नेपालको इतिहासमा चाख राख्ने सबैलाई थाहा छ । विगतका ७।८ सय वर्षदेखि यी नेपाली स्वतन्त्र राज्यहरु र पृथ्वीनारायण शाहले बनाएको ठूलो नेपाल र उनीपछि झन् सतलजदेखि टिष्टा नदीसम्म र उत्तरी बिहार र उत्तरी यू.पी.सम्म फैलिएको ठूलो नेपाल ( सुगौलीको सन्धि अघिको) को पनि तिब्बतसंग अनेक युद्ध, खिचलोहरु, संझौता र सन्धिहरु भएका कागजात परराष्ट्र मन्त्रालयमा हुनुपर्दछ । म जस्ताले त इतिहासमा मात्र पढेको हुँ ।

ती धेरैजसो युद्ध, खिचलो, संझौता र सन्धिमा तात्कालीन चिनियाँ बादशाहका प्रतिनिधिहरुले सही गर्ने गरेका छन् । नेपाली सेनासंग तिब्बतको कुरालाई लिएर चिनियाँ सेना नेपालभित्रसम्म युद्ध गर्दै किन आउन पायो ? तिब्बत चीनको अभिन्न अंग हो भनेर भारत सरकार, पाकिस्तान, नेपाल, भुटान, बर्मा, अमेरिका, यूरोपीय राष्ट्रहरु, जापान आदिले स्वीकार गरेका छन् र चीनमा दुतावास भएका कुनै राष्ट्रले पनि यसबारे विवाद गरेको देखिएको छैन । बी.पी. र गिरिजाबाबुले पनि प्रधानमन्त्रीको हैसियतमा चीनको यात्रा गर्दा तिब्बत चीनकै हो भन्नुभएकै छ ।

तर कांग्रेसीहरु "स्वतन्त्र तिब्बत" का कुरा गर्छन्, त्यस्ता भाषण हुने समारोहहरुमा सक्रिय छन्, चन्दा उठाउँदा छन्, केही कांग्रेसी मन्त्रीहरुले र काठमाडौं नगरपालिकाका कांग्रेसी मेयरले सक्रिय रुपले त्यस्ता समारोहहरुमा भाग लिएको छापामा पढ्न पाइन्छ । तिनीहरुले यस्तो खवरको प्रतिवाद, खण्डन आदि गरेको पनि देखिएको छैन । यसबाट तिब्बतलाई चीनबाट "स्वतन्त्र" गर्ने नीति कांग्रेस पार्टीको प्रमुख धेय नै हो भन्ने सावित हुन्न त ?

**यो प्रयास के नेपालको राष्ट्रिय हितको लागि हो ?**

महाराज पृथ्वीनारायण शाहले नेपाल "दुई ढुंगाको बीचको तरुल हो'" भनेको दक्षिणमा बढ्दो ब्रिटिश शक्तिलाई र उत्तरी सीमामा चीनलाई भनेको होइन त ? कि तिब्बतरुपी "स्वतन्त्र भोटे राज्य"' लाई त्यो महाशक्ति भनी भनेको हो ? सन् १८५० देखि १९४९ सम्म तिब्बतमा केन्द्रीय सरकार चीन ज्यादै कमजोर रहँदा नेपाल अंग्रेजको र भारतको दासानुदास भयो । सन् १९५० को सन्धि राणाहरुले भारतको कृपा दृष्टि पाउन गरे ।

प्रजातन्त्र, मानव अधिकार र स्वतन्त्रता (राज्यको) एउटै कुरा होइन । नेपालले वर्मा, सउदी अरब, पाकिस्तान, रुस, चीन, अमेरिका, इजिप्ट आदि अनेक प्रकारका राज्यव्यवस्था, आर्थिक-सामाजिक व्यवस्थाहरु भएका देशहरुमा दुतावास नै राखेको छ । चीनमा मानव अधिकार छैन भनेर नेपालको कुनै सरकारले पनि नभनेको कारण के हो ? सउदी अरब, कुवेत आदिमा मानव अधिकार छैन किन नभन्ने ?

मानव अधिकारबारे चीनको अभिन्न भाग तिब्बतमा मात्र अमेरिका र नेपालमा जस्तो राजनीतिक व्यवस्था कसरी गर्न मिल्छ ? चीनले मुख्य मानवअधिकार भन्ने गरेका धेरै कुराहरु (भू-स्वामित्व, रोजगारीको ग्यारेन्टी, उच्चतम शिक्षा र स्वास्थ सेवाहरु निःशुल्क हुनु, वर्षको १२।१३ प्रतिशत खुद विकास दर हुनु, ८।१० प्रतिशतको दरले वार्षिक प्रतिव्यक्ति खुद आय बढ्नु (मूल्य बृद्धि कटाई), ७८ प्रतिशत परिवारसंग टी.भी. हुनु, सबैलाई निवासको ग्यारेन्टी, आय नभएसम्म न्यूनतम आवश्यक खाद्यान्न, चीनि, मट्टितेल, लुगा आदि सरकारबाट भत्ता पाइरहने ग्यारेन्टी आदि) नेपालमा, भारतमा र अन्य बहुदलीय प्रजातन्त्र भएका सबै देशमा छन् त ?

भियनामा हालै भएको मानव अधिकार विश्व सम्मेलनमा नेपाली कांग्रेस भन्ने गरेको मानव अधिकारको परिभाषा नै पारित भयो त ? किन गिरिजाबाबुले यहाँबाट लेखाएर लगेको भाषण भारतीय, मलेसियन, इन्डोनेसियाली, सिंगापुरे, दक्षिण कोरियाली आदिको दवाबमा एक्दमै बदल्नु पर्‍यो र आर्थिक, सामाजिक विकासका अधिकारहरुमा बढ्ता जोड दिनुपर्‍यो ? यी अधिकारहरु नेपालमा भन्दा अहिलेको तिब्बतमा समेत कहाँ हो कहाँ बढ्ता रहेछ ।

तिब्बतमा लोडसेडिङ छैन, ६८ प्रतिशत परिवारसंग रंगीन टेलिभिजन भैसकेको छ र काठमाडौं, भक्तपुर, जनकपुरभन्दा ल्हासा धेरै सफा सुग्घर छ रे । मन्दिर गुम्बाहरु पनि नेपालमा भन्दा धेरै नै राम्रो अवस्थामा छन् रे । पर्यटन मन्त्री रामहरि र अन्य तिब्बत गएका मन्त्रीहरुलाई थाहा होला ।

हो, चीनबाट स्वतन्त्रता माग्न पाइन्न । भारतमा काश्मीरी र पंजावी र बोडो र नागाहरुले पनि पाउन्नन नि । यी राज्यमा भारतीय सेना र प्रहरीले बिसौं मान्छे नमारेको कुनै दिनै छैन । यस्तै स्वतन्त्रताका नारा लिम्वुवान, मुस्ताङ, तराई आदिमा उठाएर आन्दोलन भएमा, तोडफोड भएमा, गोली हान्दिनँ भनेर गिरिजाबाबुले लेखेर दिन सक्नुहुन्न । काठमाडौं उपत्यकामा विगत साढे दुई वर्षको कांग्रेसी शासनले कतिलाई मार्‍यो, घायल पार्‍यो, बेपत्ता पार्‍यो, यातना दियो, त्यो पनि त एम्नेष्टी इन्टरनेशनलले नै प्रकाशित गरेको छ ।

त्यसैले, यो मानव अधिकार भन्ने कुरा पनि विवादास्पद नै रहेछ । सर्व सुविधाभोगी, सम्पन्न, उच्च शिक्षित वर्गकाहरुले नै यसको बढ्ता चर्चा गर्दा रहेछन् र खालि राजनीतिक अधिकारको मात्र कुरा गर्दा रहेछन् । त्यही पनि तेल धनी वा सहायता गर्ने राष्ट्रले यस्ता अधिकार आफ्ना जनतालाई नदिएको वा जातीय पक्षपातपूर्वक मात्र दिएको वा अरु राष्ट्रमा राजनीतिक दमन गरेकोबारे चाहिं यिनीहरु पटक्कै बोल्दा रहेनछन् । चीनमा तियनमेन स्क्वायर काण्डमा विद्यार्थीहरुले हतियार लुटे, ४।५ सय प्रहरी र सैनिकहरुलाई मारे, चेंगदूमा विशाल डिपार्टमेन्टल स्टोर खरानी पारिदिए । नेपालले यसो गर्न दिन्छ त ?

अब आऊँ, नेपाल राष्ट्रको हितको कुरापट्टि । तिब्बत स्वतन्त्र राष्ट्र बन्न गएमा नेपालको स्थिति के हुन्छ ? त्यस बखत स्वतन्त्र तिब्बत एक ज्यादै कमजोर र भारत-निर्भर राष्ट्र हुने हुँदा नेपालको कदर भारतले कतिको गर्ला ? नेपाल भूटान जस्तै बन्ने छ वा कुनै कांग्रेसी लेन्दुप दोर्जेहरुले सिक्किम नै जस्तो पनि बनाई दिनेछन् । नेपालका गिरिजाबाबुले चीनको यात्रा नै गर्नुपर्ने छैन । चीनसंग मतलव नै पर्ने छैन । अनि खालि "महान दाजु'" भारतको हित गर्न नेपालको हितको बली चढाउँदा कुनै कतैबाट (नेपाली जनताबाट बाहेक) बाधा पर्ने छैन । आफूलाई भारतमुखी भन्नु सट्टा भारतकै "मानस पुत्र" भने हुन्छ । गरीवी हटाउने, समाजवाद गर्ने, आर्थिक असमानता हटाउने, निमुखा जनतालाई मुख्य ध्यान दिने आदि आदि चिनियाँ पद्धतिका काम गर्ने, आदि कुनै पनि नारा लगाउनै पर्दैन, भारतमा जे जस्तो हुन्छ, त्यही बमोजिम मात्र गरे हुन्छ । पश्चिम बंगालसंग सीमा भएका नेपाली जिल्लातिर मात्र विचार गरे पुग्छ । पछि बिहार, यू.पी. तिर पनि वा केन्द्रमा पनि भारतीय वाम-शक्ति सत्तामा सहभागी हुन गएमा नेपालमा पनि त्यस्तै गरे भै हाल्यो । ५।७ वर्षमै १ अर्ब जनसंख्या पुग्ने भारतमा गरीव, शिक्षितहरु बढ्ने निश्चित छ । गरीवलाई दमन गर्न सकिन्न ।

तिब्बतलाई स्वतन्त्र राष्ट्र बनाउन सकेमा भारतलाई तुरुन्तै ठूलो फाइदा छ । उसले आफैंले मुख खोल्न भएन । नेपाली एजेन्टहरु, तिब्बती एजेन्टहरुलाई अघि सार्छ । भारतको चीनसंग सीमा झगडा चीनको तिब्बती भागसंग न हो !

स्वतन्त्र तिब्बतले त दलाई लामाले शासन गर्ने म्याकमोहन लाइनलाई तिब्बत-भारत सीमा भनी तुरुन्तै मानिहाल्छ । भारत, नेपाल र भूटानको सीमामा चीनियाँ फौज रहन्नन्, ती त ५।७ हजार मील पर पुग्छन् । दक्षिण एशियाको "चक्रवर्ती" त भारत मात्र बन्छ र उसले पाकिस्तान, बंगलादेश र नेपाल, भूटान आदिलाई जे गरे पनि हुन्छ । चीन त धेरै टाढाको देश हुन्छ ।

सिनक्यांगमा ठूलो ग्याँस र तेल भण्डार पत्ता लागेको छ रे । अन्य अमूल्य प्राकृतिक साधनहरु पनि छन् । चीनले परमाणु वमहरु परीक्षण पनि त्यहींको मरुभूमिमा गर्छ रे । अतः तिब्बत स्वतन्त्र भयो भने सिनक्यांगलाई चीनबाट छुट्याउन गाह्रो पर्दैन रे । पाकिस्तान र चीनको सीमा पनि खत्तम हुन्छ रे । पश्चिमा राष्ट्रहरुको सिनक्यांगमा बढ्ता चाख छ । त्यसको साँचो तिब्बत हो ।


नेपाली "तिब्बत-स्वतन्त्रतावादीहरु"को भनाइ र काम कारवाहीहरु अब किन र कसको कसको लागि भन्ने प्रष्ट भएन त ?



स्वतन्त्र'तिब्बतका नेता दलाई लामा

इरान–कोण्ट्रा काण्डको अन्तरकथा

अमेरिकी साम्राज्यवादको नयाँ र खतरनाक षडयन्त्रकारी रणनीति : कम घनीभूत संघर्षभित्र के के कुरा पर्दछन् ?



अमेरिकी साम्राज्यवादका भाड "कोण्ट्राहरूका शिकार भएका निर्दोष निकारागुआली जनताको सामूहिक चिहान

# निकारागुआ साण्डिनिष्टा क्रान्तिपछि

राजेन्द्र महर्जन

निकारागुआका क्रान्तिकारीहरूको वर्तमान हारको स्थितिले हाम्रो लागि के पाठ पठाएको छ ?

साण्डिनिस्टा क्रान्तिबारे
- क. गोञ्जालो
- क. डेनियल ओर्टेगा र
- मिखाइल गोर्बाचोभका विचारहरू

सेना वामपन्थीहरूको हातमा र सरकार पूँजीवादीहरूको हातमा रहेको देशको अनौठो र जटील राजनीतिक समीकरणको लेखाजोखा

"त्यो (मृत्यु र विनाश) ठूलो कुरो होइन, ठूलो कुरो हो - क्रान्ति विजयी भयो ! म त भर्खरै जन्मे जस्तै लागिरहेछु । बच्चाको जस्तै मेरो अगाडि पनि सम्पूर्ण जीवन छ ।"

साण्डिनिष्टा क्रान्ति विजयी भएपछि सन् १९७९ को जुलाई २० मा निकारागुआली राजधानी मानागुआको सेन्ट्रल प्लाजामा जुटेक विशाल जनतामध्ये एक युवा महिलाको खुशीको अभिव्यक्ति हो यो ।

साँच्चै, साण्डिनिष्टा क्रान्तिमा ती युवा महिला जस्तै खुशी भएका थिए-निकारागुआ, निकारागुआली जनता र विश्वका सम्पूर्ण न्यायप्रेमी जनताहरु ।

यस खुशी प्राप्त गर्न निकारागुआली जनताले साण्डिनि-ष्टाहरुको अगुवाइमा गरेका भीषण संघर्षहरु, क्रान्तिका लागि गरिएका बलिदानहरु अहिले जति उल्लेखनीय छन्, त्यति नै महत्वपूर्ण छ - क्रान्तिलाई बचाउन, निरन्तरता दिन र सुदृढ गर्न उनीहरूले गरेका कठीन र कठोरतम आहुतिहरु !

भनिन्छ, निकारागुआली न्यायप्रेमी जनताको पीडा, खुशी, बलिदान, आहुति, एवं संघर्षमिश्रित साण्डिनिष्टा क्रान्ति अमेरिकी साम्राज्यवाद र त्यसका मतियार सोमोजाको तानाशाही सरकारकै उपहार हो, आफ्नै मृत्युपत्र सहितको उपहार ! उपहार यस अर्थमा कि - अमेरिकी साम्राज्यवाद र सोमोजा सरकारले निकारागुआली समाजको स्वाभाविक विकास प्रक्रियाको नदीलाई थुनिदिएपछि उत्पन्न बाढी थियो - साण्डिनिष्टा क्रान्ति !

साण्डिनिष्टाहरुले नदीको बाढी झैं अपार शक्ति उत्पन्न गर्न सक्ने जनताको क्षमतालाई धार र दिशा दिएपछि यो सफल भएको थियो । यस क्रान्तिले देखाएको छ- समाजको स्वाभाविक विकासको प्रक्रियालाई थुन्न खोज्ने सोमोजादेखि अमेरिकी साम्राज्यवादसम्म पनि सामाजिक क्रान्तिको बाढीको अगाडि टिक्न सक्दैनन् ।

गतांकमा हामीले साण्डिनिष्टा क्रान्तिको सफलताको विन्दुसम्म चर्चा गरेका थियौं । आउनुहोस्- यस पटक त्यसपछिका महत्वपूर्ण पक्षहरू तर्फ ध्यान केन्द्रित गरौं ।

## क्रान्तिपछि के के गरियो ?

५० हजार जनताको बलिदान, १.५ अर्ब डलर रकम बराबर सम्पत्तिको क्षतिपछि प्राप्त क्रान्ति क्रान्तिकारी साण्डिनिष्टाहरुको लागि अति नै महँगो साबित भयो । १६ अर्ब डलर विदेशी ऋण, तहसनहस भएको उद्योग, व्यापार, कृषि लगायत अस्तव्यस्त जनजीवन अमेरिकी साम्राज्यवादको दलाल सोमोजा सरकारले साण्डिनिष्टाहरुको लागि छोडेको "उपहार" थियो ।

यी उपहारहरु बोक्नका लागि क्रान्तिकारी साण्डिनिष्टाहरुमा पनि प्रशस्त क्षमता, सुझबुझ र धैर्य थियो । क्रान्तिको भट्टीबाट इस्पात झैं भएर निस्केका साण्डिनिष्टाहरुले क्रान्तिपूर्व नै विशाल जनसंगठनको निर्माण गरिसकेका थिए । क्रान्तिको दौरानमा झन् झन् शक्तिशाली र विस्तृत भएको साण्डिनिष्टा सैनिक शक्ति, व्यापक जनसमर्थन र राष्ट्रिय, अन्तर्राष्ट्रिय समर्थन पनि उनीहरुसंगै थियो । संझौताहीन सशस्त्र क्रान्तिपछि उनीहरुले पराजित सोमोजा सरकारको नेशनल गार्डको सट्टामा आफ्नै सैनिक शक्तिलाई स्थापित गरे । क्रान्तिकारी उर्जा र अत्यन्त लोकप्रियता कमाएका साण्डिनिष्टा छापामारहरुलाई नै राष्ट्रिय सैनिकको रुपमा स्थापित गरियो । प्रहरी, गुप्तचर र प्रशासनको पुनर्गठन गरियो ।

यी प्रशासनिक फेरबदलबाट प्राप्त शक्तिका अतिरिक्त, उनीहरुसंग पहिलेदेखि रहेका विशाल र घनीभूत जनसंगठनहरुको शक्तिको आधारमा उनीहरुले सोमोजाको तानाशाही सरकारद्वारा ध्वस्त देशलाई निर्माण गर्ने जटील जिम्मेवारी पूरा गर्ने प्रयत्न थाले ।

देशको यो जटील र कठीन स्थितिलाई आत्मसात गर्दै साण्डिनिष्टाहरुले सोमोजा सरकारको बर्बर, असमान र अन्यायी समाज व्यवस्थाको भग्नावशेषमाथि विस्तारै न्यायपूर्ण, मानवीय, समतामूलक र नैतिकतापूर्ण समाज व्यवस्थाको निर्माण गर्न थाले ।

क्रान्तिपछि संयुक्त क्रान्तिकारी साण्डिनिष्टा सरकारले अब दुई वटा काम एकै साथ गर्नुपर्‍यो ।

एकातिर, सोमोजा विरोधी जनवादी शक्तिलाई एकीकृत पारी राख्नु र अर्कोतिर, समाजवादीकरण गर्दै लानु ।

यस उद्देश्य पूर्तिको लागि उनीहरुले व्यवस्थाका रुपमा "बहुदलीय जनवाद" को प्रयोग गर्न थाले । उनीहरुले आफूलाई समर्थन गर्नेदेखि विरोध गर्ने पार्टी संगठनलाई समेत चलखेल गर्न दिए । हुन त क्रान्तिकालीन संयुक्त क्रान्तिकारी सरकार, सैनिक नेतृत्व र राज्य परिषद्मै पनि अन्य गैरवामपन्थी पार्टीहरुको सहभागिता नभएको होइन । तापनि, प्रमुख राजनीतिक - सैनिक शक्तिको रुपमा साण्डिनिष्टाहरुकै प्रभुत्व रहेको थियो । त्यस बहुदलीय जनवादी व्यवस्थामा माथिल्लो वर्गका पूंजीपतिहरुका प्रतिनिधिहरु, तिनीहरुको प्रतिनिधित्व गर्ने प्रतिपक्षी राजनीतिक पार्टीहरुलाई राजनीतिक क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गर्ने काम गरियो तर तिनीहरुलाई राजनीतिक नीति निर्णयमै हावी हुन भने कहिल्यै दिइएन । ती प्रतिक्रियावादी वर्ग र वर्गीय स्वार्थको प्रतिनिधित्व गर्ने पार्टीहरु विस्तारै भित्रभित्रै सरकार र शासन व्यवस्थाकै विरुद्ध सक्रिय रहिरहे ।

यसको ठीक विपरीत, हजारौं वर्षदेखि दलित, पीडित, शोषित र शासित गरीब जनतालाई भने राजनीतिमा, राजनीतिक पार्टी र सरकारमा, राष्ट्रको नीति निर्णयमा व्यापक र घनीभूत रुपमा सहभागी हुन लगाई "जनसहभागितामूलक जनवाद" को प्रयोग गर्ने काम साण्डिनिष्टा सरकारले गर्‍यो ।

आफ्नो नेतृत्वमा देशको राजनीतिक-सामाजिक व्यवस्थामा गरीब जनतालाई संगठित रुपमा सहभागी बनाउने नियतले देशव्यापी अभियान थालियो । यस अभियान अन्तर्गत सबै आधारभूत जनसमुदायहरु, किसान, मजदूर, महिला, युवा, विद्यार्थी, बालक एवं छिमेकीहरुलाई



शैक्षिक क्रान्तिको दौरानमा

## मेरो वा हाम्रो विचारधारा – साण्डिनोवाद !

*हाम्रो विचारधारा अर्थात् मेरो व्यक्तिगत विचारधारा साण्डिनोवाद हो र साण्डिनोवाद भनेको निकारागुआ स्पेनबाट मुक्त भएको दिनदेखि उत्तर अमेरिका सित, विगत शताब्दीको उत्तर अमेरिकासित, विगत शताब्दीमा उत्तर अमेरिकाको विस्तारवादसित र यो शताब्दीको प्रारम्भमा उत्तर अमेरिकी फौजी हस्तक्षेपसित मुठभेडसम्मको निकारागुआका जनताको चिन्तन, कारबाही तथा सम्पूर्ण संघर्षको संश्लेषण हो । यो सम्पूर्ण ऐतिहासिक अनुभव, यो सम्पूर्ण संघर्षको संश्लेषण गर्न श्री साण्डिनो समर्थ हुनुभयो र निकारागुआको जनताको इतिहासमै सर्वप्रथम उहाँले यसलाई संश्लेषण गर्ने चाँजो मिलाउनु भयो । उहाँ साम्राज्यवाद विरोधी राष्ट्रवादी सिद्धान्तलाई मजदूर तथा किसानहरुको पक्षमा सामाजिक सन्तुष्टिसित संश्लेषण गर्न समर्थ हुनुभयो । भनौं, यो नै त्यसको (साण्डिनोवादको) सार हो ।*

*तर के प्रष्ट छ भने, सार्वभौम विचारबाट पृथक रुपमा कुनै पनि विचारधारा हामी धारण गर्न सक्दैनौं । महान विचारकहरुबाट अलग्याएर यसलाई धारण गर्न सकिंदैन ।साण्डिनोका विचारहरु सार्वभौम विचारहरुमा मेक्सिकाली क्रान्ति, बोल्शेभिक क्रान्ति, फ्रान्सेली क्रान्ति, अन्तर्राष्ट्रिय भातृत्व सभा, ईसाइपन्थका विचारहरुमा आधारित छन् । समयको क्रममा यसरी हामी स्वरुपित भएका छौं, यी वैचारिक तत्वहरु एकाकार हुन्छन् ... ।*

*तब पनि उदारवादी क्रान्तिका सैद्धान्तिक तत्वहरु मार्क्सवादका सैद्धान्तिक तत्वहरु जत्तिकै क्रियाशील हुन्छन् । यी सबै तत्वहरुले हाम्रा विचारकहरुलाई समृद्ध बनाउन सघाउँछन् ।*

### साण्डिनिष्टा राष्ट्रिय मुक्तिमोर्चाका संयोजक एवं पूर्व राष्ट्रपति

# डेनियल ओर्टेगाका विचारहरू



## मार्क्सवादी–लेनिनवादी विचार

*सर्वप्रथम मार्क्सवाद-लेनिनवाद कुनै पाप होइन, यो कुनै दानवी कुरा पनि होइन । मार्क्सवाद-लेनिनवाद विश्व-क्रान्तिलाई समृद्ध बनाउने एउटा महत्वपूर्ण तत्व हो । तर कुनै पनि अवस्थामा त्यसले प्रत्येक देशको विशिष्ट लक्षणसित अनुकूल बन्नु पर्दछ । हामीले मार्क्सवाद-लेनिनवादबाट आफ्नो वास्तविकता अनुरुपका सबै तत्वहरु ग्रहण गर्‍यौं, जसले हाम्रो आफ्नै अनुभवलाई समृद्ध बनाउन सक्यो । हामीले फ्रान्सेली तथा उत्तर अमेरिकी क्रान्तिहरुबाट पनि तत्वहरु ग्रहण गर्‍यौं । त्यसबेला तिनीहरु कति हदसम्म हाम्रो वास्तविकता अनुरुप छन् भनी बुझ्नुपर्छ । त्यसैले यो कुनै यान्त्रिक प्रयोग नभै सृजनात्मक प्रयोग हो । एउटा तत्वको रुपमा र सैद्धान्तिक ज्यावलको रुपमा मार्क्सवाद हठवाद विरोधी हुन्छ, तर समग्रमा अहठवादी चरित्रको कुनै विचारधारा छ भने त्यो मार्क्सवाद नै हो ।*

(ग्यामा टेलिभिजनका लागि प्याट्रिश ब्यारेटद्वारा लिइएको अन्तर्वार्ताबाट)



उपराष्ट्रपति गोदोइ र राष्ट्रपति चमारो : यो एकता धेरै दिन टिकेन

आ-आफ्ना संगठनहरु निर्माण गरी संगठित हुने अधिकार दिइयो । उनीहरुलाई प्रत्येक स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्मका राज्य मामलाका विषयमा बादविवाद गर्ने, चुनाव गर्ने, निर्णित विषयलाई स्थानीय रुपमा, सामुहिक रुपमा लागू गर्ने, असंतुष्ट विषयमा सरकारको आलोचना गर्ने, विरोध प्रदर्शन गर्ने, माग गर्ने जनवादी अधिकार दिइयो ।

यी सबका बाबजूद पनि, साण्डिनिष्टाहरुले वैचारिक विविधतालाई स्वीकार्दै बहुदलीय अस्तित्वलाई निरन्तरता दिने काम जारीराखे । यसै क्रममा, क्रान्तिपछि स्थानीय चुनाव देशभरी सम्पन्न गरियो ।

यति सारा गर्दागर्दै पनि अमेरिकी साम्राज्यवादद्वारा कोण्ट्रा विद्रोहीहरु मार्फत् देशमा गृहयुद्ध थालियो ।

कोण्ट्राहरुको गृह युद्धका कारणले साण्डिनिष्टा देशमा आपतकालीन स्थितिको घोषणा गर्न बाध्य भयो । तर १९८४ को नोभेम्वरमा राष्ट्रिय चुनावको घोषणा हुनासाथ पार्टी र पत्रिकाका सबै प्रतिबन्धहरु फुक्का गरिए । विपक्षीहरुलाई स्वतन्त्र र खुला प्रचारप्रसार गर्न दिइयो । सरकारी रेडियो, टेलिभिजनमा ७ वटै प्रतिस्पर्धी पार्टीलाई कुनै सेन्सर नै नगरी समय दिइयो र राज्ययन्त्रलाई तटस्थ राखियो । यसरी संचालन गरिएको १९८४ को चुनावबाट अन्ततः साण्डिनिष्टा फ्रन्टकै उम्मेदवार डेनियल ओर्टेगा राष्ट्रपति पदमा ६३% मत प्राप्त गरी विजयी भए । विभाजित प्रतिपक्षहरु राष्ट्रिय सभामा चुनिएतापनि अमेरिकाले चाहे जस्तो सशक्त र सबल भने कहिल्यै हुन सकेनन् ।

## आर्थिक-सामाजिक क्रान्ति

सामन्तवाद र साम्राज्यवाद विरोधी जनक्रान्तिको सफलताको लगत्तैपछि देशमा सामाजिक-आर्थिक क्रान्ति थालियो । क्रान्ति भएको एक महीना नहुँदै सोमोजाको परिवारले हड्पेर आइरहेको सम्पूर्ण जमीन राष्ट्रियकरण गरियो । प्राइभेट बैंकहरुलाई राष्ट्रियकरण गरियो, वैदेशिक व्यापार र विदेशी पूंजी लगानीलाई पनि राज्य अन्तर्गत राखी अमेरिकी बहुराष्ट्रिय कम्पनीहरुको हालहुकुम खतम गरियो ।

अर्थतन्त्रको क्षेत्रमा साण्डिनिष्टा सरकारले मिश्रित अर्थतन्त्र अप्नायो । राष्ट्रिय पूंजीपति वर्गलाई हात लिने कार्य भयो ।

सोमोजा सरकारद्वारा गरीवी, भोकमरी, अनिकाल र बेरोजगारीको समुद्रमा फ्याँकिएको देशको निर्माण गर्न र जनतालाई शक्ति सम्पन्न गर्न यी क्रान्तिकारी कदम चालिएका थिए । यी कदमका पछाडि क्यूवा वा सोभियत संघ लगायत पूर्वी यूरोपीय राष्ट्रहरुको नैतिक र भौतिक समर्थन थियो । तर निकारागुआले क्यूवाले जस्तै आफ्नो घेरोलाई सोभियत खेमाभित्र मात्र सीमित राखेन । त्यसले युरोपका सोशल डेमोक्रेटहरु र "समाजवादीहरु" देखि लिएर चीन र अमेरिकाको समर्थन र सहयोग लिन पनि पहल गर्‍यो । अझ, मध्य अमेरिका र सिंगै ल्याटिन अमेरिकी देशका सरकार र जनताको समर्थन त क्रान्तिपूर्वदेखि नै विद्यमान थियो । यसले गर्दा निकारागुआ साम्राज्यवादी अमेरिकाको कठोरतम आर्थिक नाकाबन्दीको स्थितिमा पनि अमेरिकासंग लड्ने हैसियत कायमै राख्न सफल भयो । सामाजिक क्रान्तिको क्रममा गरीव जनतालाई क्रान्तिको लाभ दिने हेतुले ज्यालामा बृद्धि गर्ने, खाद्यान्नको मूल्यमा क्षतिपूर्ति दिने कार्य थालियो । स्वास्थ्य, समाज कल्याण एवं शिक्षा जस्ता जनजीवनका आधारभूत पक्षमा निकै चासो राखियो ।

सन् १९८० सालभरिमा प्रशिद्ध शिक्षाविद् पाउलो फ्रेरको नीति, निर्देशन र शिक्षा - सिद्धान्त अनुसार देशव्यापी रुपमा चलाइएको अन्यन्त सफल साक्षरता अभियानले देशको साक्षरता प्रतिशतमा एक वर्षमा नै आमूल अन्तर आयो । यस निम्ति निकारागुआलाई संयुक्त राष्ट्र संघीय पुरस्कार पनि प्राप्त भयो । र, निरक्षरता निर्मूल पार्ने महत्वाकांक्षी तर सफल यो अभियानले विश्वलाई नै आश्चर्यचकित पार्‍यो ।

तर अमेरिकी साम्राज्यवादद्वारा वामपन्थी साण्डिनिष्टा सरकारलाई उखेलेर फ्याँक्न चलाइएको दशौं वर्ष लामो "कम घनीभूत संघर्ष" को प्रतिरोध गर्नका लागि सैनिक र सुरक्षा सम्बन्धी खर्चमा व्यापक बृद्धि गर्ने बाध्यता थियो । त्यसै कारणले साण्डिनिष्टा सरकारले क्रान्तिको शुरुवातमा जस्तै पछिसम्म पनि सामाजिक सुरक्षाका विषयमा त्यति खर्च गरिरहन सकेन । तापनि, युद्धले ध्वस्त पारेको अर्थतन्त्रलाई जनमुखी बनाउँदै उत्थान गर्ने, प्रारम्भिक स्वास्थ्य सेवा देशको कुना कुनासम्म पुर्‍याउने, प्रतिरोधात्मक र रोकथाम दुवै व्यवस्थालाई व्यापक गर्ने, स्वास्थ्य शिक्षाको जनव्यापी अभियान चलाउने, साक्षरता अभियान चलाउने, आत्मनिर्भर कृषि व्यवस्थाको निर्माण गर्ने, कृषि सहकारी समितिहरुको निर्माण गर्ने, जफत गरिएका हजारौं हजार एकड जमीन व्यक्ति र सहकारीहरुलाई वितरण गर्ने जस्ता जनवादी कदमहरु सफलतापूर्वक लागू गरिछाडियो ।

## थोपरिएको युद्धः

यस स्थितिमा साण्डिनिष्टा सरकारको लोकप्रियताबाट आत्तिएको अमेरिकी शासक वर्गले दोहोरो दाउपेंच अप्नायो ।

भित्रभित्रै सोमोजोलाई संरक्षण गर्ने, सि. आई. ए. मार्फत कोण्ट्रा विद्रोहीहरुलाई सशस्त्र पारेर निकारागुआमा गृह युद्धको आगो दन्काउने र त्यसका लागि लगानी गर्ने ।

बाहिर साण्डिनिष्टा सरकारलाई सहायता गरे झैं गर्ने ।

सहायताको स्वाँग गर्न जिम्मी कार्टरको प्रशासनले साण्डिनिष्टा सरकारलाई आपतकालीन आर्थिक सहयोग दिने र १९८० को लागि ७ करोड ५० लाख डलर ऋण सहायता दिने कार्य गर्‍यो । उता यही समयमा कार्टर प्रशासनले पहिलेको प्रतिक्रियावादी नेशनल गार्डलाई फेरि ब्यूँझाउने र प्रेस र स्वतन्त्र मजदूर संगठनहरुलाई साण्डिनिष्टा विरुद्ध क्रियाशील पार्ने कार्य गर्‍यो ।

तर यो दोहोरो भूमिका रेगनको पालामा अमेरिकाले बन्द गर्‍यो ।

अब अमेरिका प्रत्यक्ष आक्रमणमा उत्रियो ।

कार्टर प्रशासनकालदेखि नै होण्डुरसमा अमेरिकी गुप्तचर संस्थाको संरक्षण, सम्बर्द्धनका साथै प्रशिक्षणमा संगठित भइबसेका नेशनल गार्डलाई झनै मजवूत पार्ने र वामपन्थी साण्डिनिष्टा सरकारलाई उल्टाउने "दृढता" रोनाल्ड रेगनले राष्ट्रपतिको चुनावकै दौरानमा व्यक्त गरेका थिए ।



## निकारागुआमा संसदीय चुनाव गराउने संझौताबारे

**मिखायल गोर्बाचोभ,**
**भू.पू. सोभियत राष्ट्रपति**


*हामी कोनटाडोरा ग्रुपको शान्ति-स्थापनाका प्रयासहरुको, मध्यअमेरिकी राज्यहरुका प्रमुखहरुका पहलकदमीहरुको तथा ग्वाटेमाला शहरको संझौताको समर्थन गर्दछौं ।*

*यसका साथै, म फेरि एक पटक हामी ल्याटिन अमेरिकामा आफ्नो लागि कुनै लाभको खोजिमा छैनौं भन्ने कुरामा जोड दिन चाहन्छु । हामीलाई न त त्यसको कच्चा माल चाहिन्छ, न त्यसको सस्तो श्रम नै । हामी अमेरिका विरोधी प्रवृत्ति दुहुन पनि गइरहेका छैनौं - त्यसलाई भड्काउने कुरो त कहाँ हो कहाँ ! न त हाम्रो नियत ल्याटिन अमेरिका र संयुक्त राज्य अमेरिकाबीचका परम्परागत कडीहरुलाई नै तहसनहस गर्ने नै हो । त्यस्तो काम गर्नु दुस्साहसवाद हुनेछ, गंभीर राजनीति होइन । र, हामी यथार्थवादी हौं, उधो मुन्टो लगाएर दौड्ने दुस्साहसवादी होइनौं ।* ❑

**- (मिखाइल गोर्बाचोभको "पेरेस्त्रोइका" बाट साभार)**

## क. गोञ्जालोको आँखामा निकारागुआको क्रान्ति

# निकारागुआले अधुरो क्रान्ति गर्‍यो




*यी समस्याहरुको सम्बन्धमा एक मौकामा केही मित्रहरुसंग मैले जे भनेको थिएँ, सो कुरा म यहाँ दोहोर्‍याउँछु । निकारागुआले अधुरो क्रान्ति गर्‍यो र समस्या के हो भने त्यहाँ सारा ठूला पूँजीपतिहरुको शक्तिलाई ध्वस्त पारिएको छैन । उनीहरु सोमोजाविरुद्ध मात्रै केन्द्रित भए । मलाई लाग्छ- यो त त्यहाँको एउटा समस्या हो । जनवादी क्रान्तिले तीन वटा पहाडहरुलाई नष्ट गर्नै पर्छ, तर त्यहाँ त्यो काम गरिएन ।*

*अर्कोतिर, त्यहाँको क्रान्ति हालै पुनर्समायोजित क्यूवाली मापदण्डको सीमाभित्र विकसित भयो र त्यसको अनिवार्य पारिणति सोभियत संघमाथि आश्रित हुनु नै हो । यस कुरालाई कसरी प्रमाणित गर्न सकिएला ? कसरी भने, अफगानिस्तान वा मध्यपूर्वको स्थितिको सम्बन्धमा जे जसो गरिएको थियो, ठीक उसैगरी दुई महाशक्तिहरुका कुटनीतिक प्रतिनिधिहरुका भेटघाटमा निकारागुआको स्थितिबारे छलफल, मोलतोल र निर्णय गरियो । उनीहरुले संचालन गरेका अभियान र प्रति- अभियानहरु अति लाक्षणिक छन् र निकारगुआमा कोन्ट्राहरुसंगको सम्बन्धको हकमा चालिएका कदमहरु महाशक्तिहरुका पुनर्मिलन र सहमतिहरुसंग अति नै संयोगपूर्ण छन् ।*

*हाम्रो सोचाई अनुसार निकारागुआले सही बाटो अंगाल्नको लागि, जुन बाटो अंगाल्न ती वीर जनता एकदमै लायक छन्, जनवादी क्रान्तिलाई पूर्ण रुपमा विकसित गर्नु पर्छ र त्यसको लागि जनयुद्ध जरुरी हुन आउँछ । तिनीहरुले सोभियत संघसंगको निर्भरतालाई तोड्नु पर्छ, आफ्नो भाग्यलाई आफ्नै हातमा लिनु पर्दछ र आफ्नो वर्गीय स्वाधीनताको रक्षा गर्नु पर्दछ । यस कार्यको लागि सर्वहारावादी दृष्टिकोण अवलम्वन गर्ने पार्टीको आवश्यकता हुन्छ । अन्यथा, उनीहरु चेसको गोटी बनिरहने छन् र यो बडो दुःखको कुरा हो । हामीलाई के लाग्छ भने निकारागुआका जनताले महान लडाकू भावना प्रस्तुत गरेका छन् र मार्क्सवाद-लेनिनवाद-माओवाद र जनयुद्धमा आधारित पार्टीको सहाराले क्रान्ति विकसित गर्नु र कुनै पनि शक्तिको नजीक वा टाढाको संरक्षकत्व बेगर नै स्वाधीन ढंगले आफूलाई विकसित गर्नु बाहेक उनीहरुको ऐतिहासिक नियति अरु केही हुन सक्दैन ।*

★

**- "एल डायरियो" पत्रिकामा प्रकाशित क. गोञ्जालोको अन्तर्बार्ताबाट**

त्यही वचन अनुरुप रेगन प्रशासनले साण्डिनिष्टाहरुलाई एल साल्वाडोरका छापामारहरुलाई हतियार दिएको आरोप लगाई कार्टरद्वारा दिइएको ७ करोड ५० लाख डलरको ऋण दिने वचनलाई स्थागित गरे । साथै, निकारागुआमाथि आर्थिक नाकावन्दी लगाउने घोषणा गरियो । छिमेकी राष्ट्र होण्डुरस र कोष्टारिकालाई ठूलो परिमाणमा सैनिक सहायता दिई सीमाको खिचलो उठाउन लगाई हवाई आक्रमणको लागि उक्साउने कार्य गरियो र ती दुवै देशमा हत्यारा दल कोन्ट्रा विद्रोहीहरुलाई संगठित र प्रशिक्षित गरी "कम घनीभूत संघर्ष" (Low-Intensity Conflict) संचालन गर्ने कार्य गरियो ।

सन् १९८० को दशकमा अमेरिकाले निकारागुआ लगायत अंगोला, अफगानिस्तान र कम्बोडियामा यस्तो युद्ध थालनी गरेको थियो ।

निकारागुआमाथि प्रत्यक्ष सैनिक हस्तक्षेप गरी त्यहाँको वामपन्थी सरकार हटाउन खोजेमा "दोस्रो भियतनामको त्रासदी" भोग्नु पर्ने भयले गर्दा अमेरिकाले यस्तो युद्धको थालनी गरेको थियो । रेगन प्रशासनद्वारा सि.आई.ए. लाई कोण्ट्राहरुलाई संगठित, प्रशिक्षित र आक्रमणका लागि तालीम दिन, र सबै नीति निर्देशन दिन १९८१ मा १ करोड ९८ लाख डलर रकम दिइएपछि अमेरिकाको निकारागुआविरोधी "कम घनीभूत संघर्ष" ले गति लिएको थियो ।

कोण्ट्रा विद्रोहीको नामले चर्चित कम घनीभूत संघर्षका ५ वटा हत्यारा लडाकू दस्ता मध्ये होण्डुरसमा आधार रहेको निकारागुआली प्रजातान्त्रिक शक्ति (NDF) फोर्स, कोष्टारिकामा आफ्नो आधार भएको क्रान्तिकारी प्रजातान्त्रिक एकता ९च्म्क० र अन्य दुई वटा मिस्किटो इण्डियन आदिवासीहरुको लडाकू समूह उल्लेखनीय छन् । पछि सबै कोण्ट्राहरुलाई एकीकृत गरी निकारागुआली प्रतिरोध (RN) नामाकरण गरियो ।

जुनसुकै नाम राखेतापनि, सि. आई. ए.द्वारा संगठित, प्रशिक्षित र निर्देशित कोण्ट्राहरुको काम भने एउटै थियो, त्यो हो,- निकारागुआको क्रान्तिको लागि जुनसुकै अमानवीय, निर्दयी र नरसंहारकारी काम गर्नु परे पनि गर्ने । "निकारागुआली स्वतन्त्रता सेनानी" को रुपमा अमेरिकाले प्रचार गरिरहेका यी हत्यारा कोण्ट्राहरुले १९८२ देखि होण्डुरस र कोष्टारिकाको सुरक्षित सीमा-क्षेत्र प्रयोग गरी दिनदिनै आक्रमण गर्न थाले । उनीहरुले १९८३ देखि दक्षिणपूर्वी र उत्तरपूर्वी निकारागुआभित्र पसी आक्रमण चलाउन थाले ।

कोण्ट्रा विद्रोहीले सी. आई. ए. को गुरिल्ला युद्धमा "मनोवैज्ञानिक अपरेशन" नामक निर्देशिकामा बताइए अनुसार निकारागुआको जनजीवन, स्वास्थ्य, शिक्षा एवं आर्थिक व्यवस्थालाई ध्वस्त पार्ने नियतले आक्रमण गर्न थाले । यसै क्रममा सहकारी फार्महरु, पूल, सडक, तेलको पाइपलाइन आदि जस्ता नाजूक निशानाहरुमा आक्रमण गर्ने कार्य गर्न थालियो । उनीहरुले गाउँ-गाउँ उजाड पार्ने, अन्नहरु जलाईदिने, साण्डिनिष्टा समर्थक जनताका बच्चा, बूढा-बूढी केही नभनी नृशंस हत्या गर्ने, स्वास्थ्य केन्द्र, अस्पताल आदि माथि हमला गर्ने आदि अमानविय कार्यहरु गरे ।


यसैबीच, अमेरिका स्वयंले निकारागुआली बन्दरगाह कोरिन्टोमा बारुदी सुरुङ बिछ्याएर ठूलो विस्फोट गर्ने कार्य पनि गर्‍यो । तर त्यो विस्फोटबाट अन्तर्राष्ट्रिय जगतमा अमेरिका बदनाम भएपछि अमेरिकी संसद कांग्रेसले १९८२ र १९८४ मा एउटा प्रस्ताव पारित गरी कोण्ट्रा विद्रोहीहरुलाई कुनै पनि सहयोग गर्न नहुने, साण्डिनिष्टा सरकारलाई पल्टाउन कुनै कार्य नगर्ने आदेश दियो ।

तर संसदको यो आदेशलाई आफ्नो साम्राज्यवादी बूटले कुल्ची रेगन प्रशासनले कोण्ट्रालाई उपराष्ट्रपति जर्ज वुश, नेशल सेक्यूरिटी काउन्सिलका

१८ पेजमा ☛

होण्डुरस, कोस्टारिका, एल साल्भाडोर, गुवाटेमाला र निकारगुआका राष्ट्रपतिहरू "शान्ति सम्झौता" म हस्ताक्षर गर्दै । यही सम्झौताअनुसार निकारगुआमा चुनाव भयो ।





काण्डका सूत्रधार : रेगन

# इरान–कोण्ट्रा काण्ड

## अमेरिकी राष्ट्रपतिहरू कार्टर, रेगन र बुशको अपराध प्रमाणित !



यसरी दिन्छन् अमेरिकी सैनिक- ग्रीन बेरेटहरू कोण्ट्राहरूलाई प्रशिक्षण

**अमेरिकी अदालतद्वारा अमेरिकी साम्राज्यवादको निधारमा कलंकको टीका झैं टाँसिरहेको "इरान–कोण्ट्रा काण्ड" को बारेमा छानबीन गर्न गठित एक स्वतन्त्र छानबीन आयोगका प्रमुख लरेन्स इ. वाल्सले यही माघको प्रथम हप्तामा प्रतिवेदन प्रकाशित गरी यस काण्डका अपराधीहरुको बारेमा पुन चर्चा परिचर्चाको तूफान खडा गरिदिएका छन् ।**

८२ वर्षीय, रिटायर्ड संघीय न्यायधीश वाल्सले ७ वर्ष र ४ करोड डलर खर्च गरेर तयार पारेको यस प्रतिवेदनमा यस काण्डका कुनै पनि अपराधीको अपराधको स्पष्ट प्रमाण त दिइएको छैन । तथापि, अत्यन्त मत्वपूर्ण तथ्यहरूलाई पुनः स्वीकारिएको छ ।

यस अवैध कार्यमा तत्कालीन राष्ट्रपति रोनाल्ड रेगन, उप-राष्ट्रपति जर्ज बुश, रक्षामन्त्री क्यास्पर वाइनबर्गर, विदेशमन्त्री जर्ज शुल्त्ज, प्रमुख सेनाध्यक्ष डोनाल्ड रेगन, महान्याधिवक्ता एड्वीन मिज लगायत सी. आई. ए. र राष्ट्रिय सुरक्षा सल्लाहकार परिषद् (NSC) पुरै संलग्न रहेको तथ्यमाथि पुनः प्रकाश पारिएको छ ।

यसका साथै, १९९३ मा तत्कालीन राष्ट्रपति जर्ज बुशले राष्ट्रपतीय आदेश जारी गरी सो घृणित काण्डमा संलग्न व्यक्तिलाई क्षमादान गर्नुभएको कदमको कटु आलोचना पनि सो प्रतिवेदनमा गरिएको छ ।

### इरान–कोण्ट्रा काण्डको जरो

"रेगन डकिट्रन (रेगन सिद्धान्त) को नामले चर्चित कम- घनीभूत संघर्ष (*Low-Intensity Conflicts*) का विविध रुप हरुमध्ये एक रुप हो -इरान- कोण्ट्रा काण्ड !

निकारागुआमा साण्डिनिष्टा क्रान्ति हुँदाको बेलाका राष्ट्रपति जिम्मी कार्टरले नै सोमोजा तथा त्यसका नेशनल गार्डहरूलाई संरक्षण दिने र उनीहरुलाई पैसा, प्रशिक्षण एवं हतियार दिएर वामपन्थी सान्डिनिष्टा सरकार पल्टाउने प्रयास थालेका थिए । तर यो प्रयास अत्यन्त न्यून भएको तर्क राखी राष्ट्रपति रोनाल्ड रेगनले आफ्नो चुनावी वाचा अनुसार सी.आई.ए. का निर्देशक विलियम केसीलाई निकारागुआबाट प्रवासिएका साण्डिनिष्टा सरकार विरोधी छापामारहरूलाई संगठित गर्न आदेश दिए ।

सी.आई.ए. ले शुरुबाटै अर्जेन्टिनाको सैन्य शक्तिबाट ती छापामारहरुलाई सैन्य प्रशिक्षण दिन लगायो । १९८१ देखि ८६ सम्म पानामाका तानाशाह तथा लागू औषधका तस्कर जनरल म्यानुयल नोरियगा मार्फत् अमेरिकी डलर र अत्याधुनिक हातहतियार पैठारी गर्न थाल्यो । अमेरिकी डलर, हतियार र प्रशिक्षण प्राप्त कोण्ट्रा विद्रोहीहरु अमेरिकाको ढाडस पाएर झन् झनै बृद्धि हुन थाले । राष्ट्रिपति रेगनको भाषामा "स्वतन्त्रता सेनानी" मा दरिएका यी अमेरिकी भाट कोण्ट्रा विद्रोहीहरुको संख्या १९८५ सम्म पुग्दा १० देखि २० हजारसम्म बृद्धि भयो ।

तिनीहरुले ठाउँ कुठाउँ आक्रमण गर्दै नर-संहार र भौतिक क्षति गर्न थाले । सी.आई.ए. आफैले अमेरिकी शैनिकहरु परिचालन गरेर निका-रागुआका बन्दरगाह-हरुमा बारुदी सुरुङहरु विछ्याएर विस्फोट गर्ने आततायी कामहरू गर्न थाले । यी कामहरुले कारणले विश्वमा उठेको घृणाको लहरले अमेरिकी संसद-कंग्रेसलाई पनि छोयो र संसद सदस्यहरुले निकारागुआमा गोप्य कारवाहीको उद्देश्य र संभाव्यताको बारेमा प्रश्न उठाउन थाले । तर सी.आई.ए. निर्देशक विलियम केसीले रेगन प्रशासन र कोण्ट्राहरुको साण्डिनिष्टा सरकार फ्याँक्ने कुनै उद्देश्य नभएको झुठो बयान दिए । यस झुठो वयानलाई कोण्ट्राहरुद्वारा निकारागुआमा कायरतापूर्वक मारिएका हजारौं निशस्त्र नागरिकहरुको लाशले पटक पटक झूठो भएको सावित गरेपछि कंग्रेस सदस्य एडवर्ड पी.बोलाण्ड ( म्यासाचुसेट्सका डेमोक्रेट) ले १९८२ मा सी.आई.ए द्वारा कोण्ट्राहरूलाई दिइन लागेको २ करोड ४० लाख डलरको आर्थिक सहयोग रोक्का गर्ने र निकारागुआको सरकारलाई सत्ताच्यूत गर्न कतैबाट आर्थिक सहायता दिन नहुने प्रस्ताव ल्याए । यो प्रस्तावलाई कंग्रेसले "बोलाण्ड संशोधन' (*Amendnant*) को रुपमा पारित पनि गऱ्यो ।

संसदद्वारा पारित यी प्रस्तावहरुलाई रद्दी टोकरीमा फ्याँकेर रेगन प्रशासनले भने निकारागुआमा डलर, हतियार ओइऱ्याई रहनुका साथै साण्डिनिष्टा नेताहरूलाई कसरी मार्ने भन्ने बारे तरीकाहरु सिकाइएको पुस्तिका वितरण गरिने रह्यो । सि.आई.ए. का निर्देशक केसीले नवनियुक्त सेन्ट्रल अमेरिकन टास्कफोर्स प्रमुख एलन फेयर्स र सहयोगी डुआन क्लारिजलाई अथक रुपमा कोण्ट्राहरुलाई प्रशिक्षण दिन र सहयोग- समर्थन गर्न खटाए । यसबाट निस्केको दुस्परिणामबाट रिसाएका कंग्रेस सदस्यहरुले फेरि "बोलाण्ड संशोधन-२" प्रस्ताव पारित गरी निकारागुआ विरोधी आक्रामक कारवाहीमा रोक लगाउने प्रयास गरे ।

तर रेगन प्रशासनले आफ्नो यस "प्रोजेक्ट डेमोक्रेसी"' को प्रमुखमा राष्ट्रिय सुरक्षा काउन्सिलका सदस्य लोफ्टिनेन्ट कर्णल ओलिभर नर्थलाई नियुक्त गरी यस प्रोजेक्टलाई "निजीकरण" गऱ्यो । नर्थले रिटायर्ड मेजर जनरल रिचार्ड सेकोर्ड र जोन सिनग्लाउब आदिको सहयोगमा कथित "प्रोजेक्ट डेमाक्रेसी" लाई नीजीकरण गर्ने क्रममा चार पक्षमा विशेष जोड दिए । एक, साउदी अरब, इजरायल दक्षिण कोरिया, ताइवान र सिंगापुर आदि विदेशी राष्ट्रबाट आर्थिक एवं हातहतियारको सहयोग लिने । दुई, रिचार्ड सेकोर्डको निर्देशनमा गोप्य रुपमा पुनः सप्लाई अपरेशन जारी राख्ने । तीन, अमेरिकी दक्षिणपन्थी संघ संस्था र व्यक्तिहरुबाट "मानवीय सहायता" बटुल्ने । र, चार, अर्ध सैनिक वल एवं भौतिक साधन निकारागुआमा पठाउने !

### "शत्रुराष्ट्र" इरानसंग अस्त्रको व्यापार

यसैबीच, जून १४,१९८५ मा इरान समर्थक लेबनानी शिया छापामार हरुले एथेन्सबाट *TWA* हवाई जहाज अपहरण गरी ३९ जना अमेरिकीहरुलाई बन्दी बनाएपछि रेगन प्रशासनले मुखले इरानद्वारा प्रायोजित आतंकवादको कडा भर्त्सना गऱ्यो । तर व्यवहारमा भने इरायलद्वारा परिचय गराइएका इरानी व्यापारी मनुचर घोर्शनिफर मार्फत् इरानसंग *TOWÂ HAWK* जस्ता "एन्टी टैंक मिसाइल" र "एन्टी सुपरक्राफ्ट मिसाइल" को व्यापार गरी संझौता गर्नतिर लाग्यो । इरान-इराक युद्ध भैरहको त्यसबेला इराकलाई हतियार र पैसा दिइरहेको अमेरिकाले सोभियत प्रभाव घटाई खाडीक्षेत्रमा आफ्नो प्रभुत्व विस्तार गर्न र अर्कोतिर हतियारको मुनाफायुक्त बजार र आफ्ना अपहरित देशवासीको रिहाईको संभावनामा विस्तार हुने देखेर इरानसंग हतियारको व्यापार गर्न थालेको थियो । यस व्यापारबाट प्राप्त हुने हजारौं डलरको मुनाफालाई ओलिभर नर्थले "आयोतुल्लाह खोमेनीको पैसाले निकारागुआली स्वतन्त्रता सेनानीलाई सहयोग गर्ने" नीतिको रुपमा परिभाषित गरे । हात हतियारको एक खेप सहित राष्ट्रिय सुरक्षा परिषद् (*NSC*) का पूर्व प्रमुख रबर्ट म्याकफार्लेन र नर्थले झूठो नाम राखेर इरान भ्रमण गरी हतियारको व्यापारसंगै अपहरित व्यक्तिहरुको रिहाइका लागि संझौता गर्ने प्रयास पनि गरे । तर असफल भए ।

यस अवैध कृयाकलापलाई

*बैधता दिन रेगन प्रशासनले कंग्रेस समक्ष जून २५, १९८६ मा पुनः कोण्ट्राहरुलाई सहयोग दिन दवाव दियो । कंग्रेसले पनि साण्डिनिष्टा नेता डेनियल ओर्टेगाको मस्को भ्रमणको निहुँमा सहयोग दिनलाई स्वीकृति प्रदान गऱ्यो । यसरी वैधानिक*




कोण्ट्राहरूलाई सञ्चालन गर्ने हात
कार्टुन साभार : 'मर्निङ्ग स्टार', ब्रिटेन

*रुपले नै कोण्ट्राहरुलाई सहयोग दिन सक्ने स्थिति देखी उत्साहित अमेरिकी प्रशासनको चकचकी अक्टोबर ५, १९८६ मा भण्डाफोर भयो । कोण्ट्राहरुलाई अमेरिकाले पठाएको हातहतियार कार्गो सहितको प्लेन साण्डिनिष्टाहरुको आक्रमणको शिकार भयो । त्यसै क्रममा बन्दी बनाइएका इयुगेन हासन्फुसबाट मानागुआमा सम्पन्न पत्रकार सम्मेलनको दौरानमा यो भण्डाफोर भयो । उता लेवनानी पत्रिका Al Shiraa ले पनि इरानसंग अस्त्र व्यापार र अपहरित व्यक्तिको रिहाईका लागि संझौता गरेको तथ्य प्रकाशित गऱ्यो ।*

*यसले उठाएको तूफानले आफ्ना सबै अपराधहरु उजागर गर्ला भनेर भयभीत भएको रेगन प्रशासनले झूठा सूचनाहरु प्रचार गर्ने, तथ्यहरु लुकाउने, नष्ट गर्ने जस्ता अपराधहरु गर्न थाल्यो । तर अदालती जाँचबुझको दौरानमा अप्रिल ४,१९८६ मा एक करोडदेखि दुई करोड डलरसम्म अस्त्र व्यापारको नाफा कोण्ट्राहरुलाई पठाइएको कागजात फेला परीहाल्यो । अन्ततः राष्ट्रिय सुरक्षा परिषद् प्रमुख जोन प्वाइनडिक्स्टरको राजिनामा र ओलिभर नर्थको वर्खास्तगीले यो समस्या टाल्न खोजे पनि रेगन प्रशासन अदालती कारवाहीबाट भने बच्न सकेन ।* ❑

१६ पेजबाट ...

ओलिभर नर्थ र सि. आई. ए. प्रमुख विलियम केसीहरु मार्फत गोप्य रुपमा अरबौं डलरको आर्थिक सहयोग उपलब्ध गराईरहयो, जुन पछि, १९८६ को "इरान कोण्ट्राकाण्ड" को रुपमा चर्चित भयो । (यस काण्डको बारेमा विस्तृत रिपोर्ट बक्समा हेर्नुहोला ।)

इरान-कोण्ट्रा काण्डको पर्दाफास भएपछि अमेरिकी सहयोगमा केही कमी आयो । तर पछि फेरि, १९८७ मा सि. आई. ए. द्वारा बैध रुपमा सैन्य र आर्थिक सहायता दिन थालियो । यस सहायताले गर्दा कोण्ट्राहरु निकै ठूलो नरसंहारकारी आक्रमण अभियान चलाउन सफल भए । यसको फलस्वरुप, १९८९ सम्म २६ हजार निकारागुआवासीको ज्यान गयो ।

जर्ज बुशको प्रशासन कालमा पनि यो नरसंहार कायमै रहयो । सि. आई. ए. लाई बुशले यसनिम्ति ४० करोड डलरको धनराशि उपलब्ध गराए । तर यो सहायताबाट साण्डिनिष्टा सरकार खतम गर्न भने संभव भएन । यसबाट साण्डिनिष्टाको सुधार अभियान भने निकै नराम्ररी प्रभावित भयो ।

## चुनावमा हारः

विश्वमा अमेरिका र सोभियत संघ बीच चलिरहेको शीतयुद्धको अन्त गर्ने नाममा गोर्वाचोभद्वारा अख्तियार गरिएको अमेरिकी साम्राज्यवादसमक्ष आत्मसमर्पण गर्ने पेरेस्त्रोयिकाको नीतिको प्रभाव निकारागुआको गृह युद्धमा पनि पऱ्यो ।

स्तालिनको मृत्युपछि ख्रश्चेभदेखि गोर्वाचोभसम्मले समाजवादको जडौरी लगाएर लिएको पूँजीवादी बाटो १९८० को दशकमा निकै संकटग्रस्त भयो । सामाजिक र आर्थिक क्षेत्रमा देखिएको संकटलाई टाल्नका लागि गोर्वाचोभले ल्याएको नयाँ सोचाइ ग्लास्तनोस्त र पेरेस्त्रोयिका कै नीति अनुरुप सोभियत संघले अमेरिकासमक्ष घुँडा टेक्न थाल्यो । यसरी घुँडा टेक्ने काम विश्व रंगमंचमा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनसंग निशास्त्रीकरण गर्ने, शीतयुद्ध खत्तम गर्ने, क्षेत्रीय टकराव सामान्यीकृत गर्ने जस्ता नारा र क्रियाकलापबाट देखियो ।

यसै सिलसिलामा इरान-कोण्ट्रा काण्डले बदनाम भइरहेको रेगन सरकारसंग हात मिलाएर सोभियत राष्ट्रपति गोर्वाचोभले निकारागुआको सन्दर्भमा कोण्ट्राहरुसंग संझौता गर्नु पर्ने, मध्य अमेरिकी राष्ट्रपतिहरुको शान्ति प्रयासलाई समर्थन गर्नु पर्ने, ल्याटिन अमेरिका र अमेरिका बीचको परम्परागत साम्राज्यवादी र उत्पीडित राष्ट्रको सम्बन्धलाई ध्वस्त नपार्ने कुरा उठाउन थाले । यसको स्पष्ट र गंभीर परिणाम सोभियत संघको आर्थिक, राजनीतिक र प्राविधिक सहयोग लिइरहेको गरीब निकारागुआमाथि पऱ्यो ।

अझ अमेरिकी जुठोमा बाँचेका मध्य-अमेरिकी सरकार प्रमुखहरुको "शान्ति संझौता" प्रयास माथि निकारागुआको समर्थन दिलाउन सन् १९८७ देखि निकारागुआको लागि अत्यावश्यक पेट्रोलियम पदार्थको निर्यात नै कटौती गरी सोभियत संघले क्यूबालाई जस्तै दवाब नै दिन थाल्यो ।

अन्ततः आफ्नो मित्र राष्ट्र सोभियत संघको तीव्र दवाब, अमेरिकाको भित्री निर्देशनमा आफ्ना छिमेकी मध्य-अमेरिकी मुलुकको दवाब, अमेरिकी साम्राज्यवादद्वारा कोण्ट्रा विद्रोहीहरुमार्फत थोपरिएको कम घनीभूत संघर्ष र कठोर आर्थिक नाकावन्दीको स्थितिमा सत्तासीन साण्डिनिष्टा सरकारले संझौताको रुपमा आम-चुनावको घोषणा गर्न बाध्य भयो ।

स्मरणीय छ, निकारागुआप्रति सोभियत-संघको समर्थनमा आएको चीसोपन र अमेरिकी साम्राज्यवाद र त्यसका कोण्ट्रा विद्रोहीहरुको नरसंहारकारी आक्रमणको तीव्रताको परिपेक्ष्यमा सोभियत संघकै दबावमा १९८९ को फेब्रुअरी १३ र १४ मा सान सालभाडोरमा "मध्य अमेरिकी शान्ति संझौता" संपन्न भयो । यसै क्रममा १९९० को फेब्रुअरीमा संसद र राष्ट्रपतिको चुनाव गरियो ।

लगातार गृह युद्धमा संलग्न हुनु पर्नाले गर्दा जनताको जीवनस्तर उठाउन ध्यान दिन नसक्नाले पैदा भएको जन-असंतुष्टि र अमेरिकाको ९० लाख डलर सहायता प्राप्त गरेको १४ वटा दक्षिणपन्थी "वामपन्थी" पार्टीहरुको एकीकृत मोर्चाका कारणले चुनावमा यो मोर्चाले ५५% मत प्राप्त गऱ्यो । श्रीमती भायोलेटा चमारोको नेशनल अपोजिशन यूनियनले संसदमा ५२ सीट प्राप्त गरी सरकार गठन गऱ्यो । साण्डिनिष्टा यसरी चुनावद्वारा सत्ताबाट अपदस्थ भयो ।

यसरी संभवतः विश्वमै प्रथम पटक, सशस्त्र क्रान्तिद्वारा स्थापित वामपन्थी सत्ता चुनावी प्रक्रियाबाट शान्तिपूर्ण ढंगले पूँजीवादीहरुको हातमा पुग्यो ।

तर गजवको कुरा, सैनिक, प्रहरी, गुप्तचर र प्रशासन जस्ता सत्ताका यन्त्रहरु भने वामपन्थी साण्डिनिष्टाहरुकै हातमा रहयो । राष्ट्रपति पदको चुनावमा ४०% मत प्राप्त गरी साण्डिनिष्टा नेता डेनियल आर्टेगा पराजित भएतापनि साण्डिनिष्टा फ्रन्टले प्रमुख प्रतिपक्षी भई क्रान्तिका उपलब्धिहरुलाई संरक्षण गर्ने र राष्ट्रियता, जनवाद र जनजीविका सम्बन्धी सवालमा संघर्षरत रहने दृढता देखाइरह्यो ।

चुनावअघिको जनमत सर्वेक्षणमा साण्डिनिष्टा रा.मु.मो. अरु प्रतिस्पर्धी चुनावी शक्ति भन्दा धेरै अघि थियो । तर चुनावमा ९२ सीटको राष्ट्रिय सभामा चमारोको नेतृत्वमा गठित राष्ट्रिय प्रतिपक्षी एकता {National Opposition Union (UNO)} ले ५१ सीट हासिल गऱ्यो र साण्डिनिष्टाले ३९ सिट । यो चुनाव परिणाम अप्रत्याशित थियो । अमेरिकाले चुनाव खर्च भनेर कोण्ट्रा बिद्रोहीहरुलाई ४ करोड ९७ लाख डलर सहायता दिएको परिप्रेक्ष्यमा- पर्यवेक्षकहरुले धेरै मतहरु पैसाले किनिएको आशंका गरेका थिए ।



कोण्ट्राहरु विरुद्ध ट्रेन्च युद्धमा जनताहरु

## निकारागुआका क्रान्तिकारीहरुको वर्तमान हारको स्थितिले हामीलाई के पाठ पढाएको छ ?

चुनावपछि अप्रिल १९९० मा कोण्ट्राका प्रभावशाली मानिसहरु मन्त्रिमण्डलमा राखेर भायोलेटा ब्यारियोस चमारो राष्ट्रपति त भइन । तर उनको लागि निकारागुआमा राज्य संचालन गर्नु त्यति सजिलो थिएन । राष्ट्रपति उनी भए पनि सेना, प्रहरी, गुप्तचर यन्त्र र प्रशासन सबै राज्य-यन्त्रमा अझै साण्डिनिष्टा पक्षधरहरुकै कब्जा थियो । चमारो आफै जुलाई १९, १९७९ मा गठित साण्डिनिष्टा सरकारका एक प्रमुख सदस्य थिइन् । मे १८, १९८० मा मात्र उनले मन्त्रिमण्डलबाट राजीनामा गरेकी थिइन् । निकारागुआमा

यसरी एउटा विचित्रको स्थिति विद्यमान थियो ।

उनको सामुन्ने चुनौती थियो - अब कसरी राज्य चलाउने ? बाहिरबाट अमेरिकाको र देशभित्र अमेरिकाका भाट कोण्ट्राहरुको सशक्त दबाव भए पनि साण्डिनिष्टाहरुलाई साथमा नलिई उनले निकारागुआको राज्य संचालन गर्नु तत्काल संभव नै थिएन । त्यसैले, उनले सत्तारुढ हुने वित्तिकै सा.रा.मु.मो. संग सामाजिक संझौता गरिन, जब कि आफ्नै पार्टी UNO का दक्षिणपन्थीहरु र उपराष्ट्रपति गोदोइको त्यसमा तीब्र असहमति थियो । जनवरी २१, १९९१ मा भएको संसदको सभापतिको चुनावमा पनि साण्डिनिष्टा र राष्ट्रिय प्रतिपक्षी सभूह (राप्रस) का उदारपंथीहरु मिलेर सभापतिमा अल्फ्रेड सिजर अगुईरेलाई ल्याइयो, जो साण्डिनिष्टा कै नजीकैका मानिस थिए । उपराष्ट्रपति गोदोईको उम्मेदवार चुनावमा पराजित भयो ।

अब संसदमा टक्कर पर्न शुरु भयो । जुन, १९९१ मा राष्ट्रिय सभाका दक्षिणपन्थी सांसदहरुले उपराष्ट्रपति गोदोइको प्रस्तावमा क्रान्तिपछि साण्डिनिष्टाले कानूनद्वारा मार्च, १९९० मा जफत र वितरण गरेका सबै जमीन र सम्पत्ति सम्बन्धी दुई वटा कानून फिर्ता नगर्ने प्रस्ताव संसदमा राखे । यसको प्रतिक्रिया स्वरुप आफ्ना ३९ जना संसद सदस्यहरुलाई फिर्ता गर्ने घोषणा गर्दै साण्डिनिष्टाले यसमा तीब्र विरोध जनायो । प्रतिक्रियास्वरुप, साण्डिनिष्टा विद्रोहीहरुले राजधानी मानागुआको सभा भवन, रेडियो स्टेशन र अरु ६ वटा भवनहरु, र राजधानी बाहिरका अरु दुई वटा रेडियो स्टेशन कब्जा गरे । ती कानूनलाई फिर्ता लिएमा देशमा गृहयुद्ध थालिने चेतावनी सा.रा.मु.मो.ले चमारो सरकारलाई दियो । यो दबावले काम गऱ्यो । सेप्टेम्बर ११, १९९१ मा राष्ट्रपति चमारोले ती दुई कानून फिर्ता गर्ने संसदीय प्रस्तावमा राष्ट्रपतिको भीटो लगाएर तिनलाई रद्द गर्न बाध्य हुनु पऱ्यो । तर अमेरिकाको तीब्र दबाव र सहायता राशी रोक्ने धम्कीपछि-चमारो त्यो भीटो फिर्ता गर्न दुई महीनापछि नै बाध्य भइन् । संसदमा साण्डिनिष्टाहरुले हासिल गरेको ४६ मतका विरुद्ध ४७ मतले त्यो कानून संसदले फिर्ता लिने निर्णय गऱ्यो ।

टक्कर संसद बाहिर पनि चल्यो । डिसेम्वर, १९९० मा एल साल्वाडोरका विद्रोहीहरुलाई क्षेप्यास्त्र बेचेको आरोपमा साण्डिनिष्टा समर्थक चार जना सैनिक अधिकृतहरु गिरफ्तार गरिए । साण्डिनिष्टाले यसमा तीब्र विरोध जनाएपछि राष्ट्रपति चमारोले अन्ततः सैनिक अधिकृतहरुकै पक्षमा वक्तव्य जारी गर्नु पऱ्यो ।

फ्रेबुअरी, १९९१ मा चमारो सरकारले हतियार छोडेर निकारागुआ फर्केका पहिलेका कोण्ट्रा बिद्रोहीहरुलाई सम्पत्ति र जमीन दिने घोषणा गऱ्यो । यी कामहरुबाट प्रसन्न अमेरिकाले चमारो सत्तामा आए यता अमेरिकी सहायता राशी ५४ करोड १० लाख डलर पुऱ्यायो । तर निकारागुआको सेनाको प्रमुखमा साण्डिनिष्टाका नेता डेनियल आर्टेगाका भाइ हम्बर्टो ओर्टेगा साबेद्रा नै थिए । यसमा विरोध जनाउँदै अमेरिकी सिनेटर जेस्से हेल्म्सको प्रस्तावमा उनलाई सेना प्रमुखको पदबाट नहटाएमा १० करोड ४० लाख डलर अमेरिकी सहायता राशि रोक्ने प्रस्ताव ३ जुन, १९९२ मा अमेरिकी कांग्रेसले पारित गऱ्यो । प्रहरी र प्रशासनमा रहेका साण्डिनिष्टाहरुलाई पनि हटाउन




अघोषित युद्ध बन्द गर

अमेरिकी कांग्रेसले चमारोसमक्ष माग गऱ्यो । दवावस्वरुप डेढ करोड डलरको सहायता राशि तुरुन्त रोकियो पनि ।

राष्ट्रिपति चमारोले सेना प्रमुख हम्वर्टो ओर्टेगालाई त हटाउने आँट गर्न सकिनन् । तर अमेरिकी दवावमा सेप्टेम्बर ५, १९९२ मा १२ जना उच्च स्तरिय प्रहरी अधिकारीहरुलाई बर्खास्त गरिन् । साण्डिनिष्टाका प्रहरी प्रमुख रेने भिभास पनि यही क्रममा बर्खास्तीमा परे । रेने भिभासलाई पदबाट हटाए पनि साण्डिनिष्टा भन्दा बाहिरबाट प्रहरी प्रमुख नियुक्त गर्न भने उनी समर्थ भइनन् । प्रहरी प्रमुखमा साण्डिनिष्टाहरुकै नरमपन्थी प्रहरी अधिकारी फर्नाण्डो काल्डेरा अज्मीटालाई चमारोले प्रहरी प्रमुखमा नियुक्त गरिन् । प्रहरी अधिकृतको व्यापक बर्खास्तगीले सा.रा.मु.मो. को आक्रोश निकै बढायो । भू.पू. राष्ट्रपति डेनियल आर्टेगाले खुला शब्दमा चुनौती दिए - "यदि सरकारले अमेरिकी सिनेट-कर्मचारीको मागमा घुँडा टेक्छ भने राष्ट्रको सार्वभौमिकताको रक्षाको लागि सशस्त्र प्रतिरक्षा गर्नु सिवायं हामीसित केही उपाय बाँकी रहने छैन ।"

तर १२ अर्ब डलर विदेशी ऋणको भार टाउकोमा बोकिरहेको चमारो सरकार भने साण्डिनिष्टाको कडा विरोधका बाबजुद अमेरिकी दबाबमा घुँडा टेक्दै गयो । त्यस्तो अर्को घुँडा टेक्ने काम उसले सेप्टेम्बर ९, १९९२ मा गऱ्यो, जब चमारोले साण्डिनिष्टाले जफत गरेको ४६०० जना निकारागुआली धनाढ्यहरुको र ४६४ अमेरिकी पूँजीपतिहरुको सम्पत्ति फिर्ता गर्ने विधेयकमा हस्ताक्षर गरिन् । अक्टोबरमा उनले सेनापति हम्वर्टो ओर्टेगालाई नै उनले आफू १९९७ सम्म नै सेनापति रही रहनेछन् भनेकोमा चेतावनी दिइन् । र, अप्रिल २२,१९९३ मा सेनापति ओर्टेगालाई १९९५ मा पदबाट राजीनामा दिने कुराको घोषणा गर्न लगाइन । उता सेना र प्रहरीको संख्यामा कटौति गरियो । रोमन क्याथोलिक चर्चलाई स्वतन्त्र गतिविधि गर्न दिइयो । यी सब कदमहरु अमेरिकाले दवावस्वरुप रोकिराखेको सहायता राशिमध्ये ५ करोड डलर फुत्काउन चमारोले चालेका कदमहरु थिए । राष्ट्रपति चमारोले यी कदम चालेकोमा पुरस्कार स्वरुप अप्रिलमा रोकिएको ५ करोड डलरको सहायता राशि फुकुवा भयो पनि ।

यता अमेरिकाको तावेदारी गरेर उसलाई प्रसन्न पार्ने गतिविधि गर्दै गए पनि चमारो सरकार साण्डिनिष्टालाई पनि पूरै ओझेल पारिहाल्न सक्ने स्थितिमा थिएन् । शक्ति सन्तुलन आफ्नो अनुकूलमा बनाई राख्न गत वर्ष जनवरीमा चमारोले आफ्नो मंत्रिमण्डलमा साण्डिनिष्टाका दुई जना मंत्रीहरु थपिन् - पर्यटन मंत्रीमा फर्नाण्डो गुज्म्यान र भूमिसुधार सहायक मंत्रीमा अल्भारो ओयान्गुरेन ।

गएको अगस्तमा कोण्ट्राका छापामारहरुले साण्डिनिष्टाका सांसदहरुलाई अपहरण गरेर बन्दी बनाएपछि साण्डिनिष्टाका छापामारहरुले पनि UNO को कार्यालय नै कब्जा गरी ११ जना अरु लगायत उपराष्ट्रपति स्वयम्लाई बन्दी बनाए । सझौताद्वारा पछि यो समस्या हल गरियो । तथापि निकारागुआमा अझै कोण्ट्राहरु सक्रिय छन् । उनीहरु राष्ट्रपति चमारोलाई साण्डिनिष्टासंग मिलेको आरोप लगाउँदै छन् । चुनावी अभियानताका बनाइएको गठबन्धन UNO छ्यान्नब्यान्न हुन लाग्दैछ ।

संसदबाट साण्डिनिष्टाहरुले आफ्नो प्रतिनिधि फिर्ता लिएपछि संसद विपक्षीहीन भएको छ । साण्डिनिष्टा संसद विघटन गर्न र संसद संचालनमा प्रतिवन्ध लगाउन दवाव दिंदैछन् । चमारोले संसद संचालनमा प्रतिवन्ध लगाएकी पनि छन् । तर UNO ले टेरिरहेको छैन ।

यसरी निकारागुआ अहिले पनि तीब्र सामाजिक द्वन्द्वको प्रक्रियामा छ । राष्ट्रिपति चमारो संकट समाधान गर्न नसकेपछि त्यसलाई टाल्न प्रयत्नशील छिन् । तर त्यहाँको द्वन्द्व अब फेरि निर्णायक झडपतिर अघि बढ्न खोज्दैछ ।

## पाठहरु:

अहिले ४१ लाख मात्र जनसंख्या भएको ल्याटिन अमेरिकी देश निकारागुआमा एउटा सामाजिक ज्वालामूखी फेरि विष्फोटको तयारीमा छ । सा.रा.मु.मो. विगतका आफ्ना गल्ती कमजोरीको समीक्षा गर्दै त्यही विष्फोटको तयारीमा जुटिरहेको देखिन्छ । ऊ अहिले एकातिर शक्ति संचय गर्दैछ, अर्कोतिर विगतका समीक्षाबाट निचोड निकालेर नयाँ परिस्थितिको लागि नयाँ रणनीति तय गर्दैछ ।

यही क्रममा १ लाख १० हजार त सदस्यता मात्र भएको सा.रा.मु.मो. ले जुलाइ १९-२१, १९९१ मा, तीस वर्षको इतिहासमा पहिलो पटक, आफ्नो महाधिवेशन गरेको छ । महाधिवेशनले भू.पू. राष्ट्रपति डेनियल ओर्टेगालाई महासचिव चुनेको छ । १० सदस्यीय निर्देशन मण्डल गठन गरेको छ र १२० सदस्यीय साण्डिनिष्टा परिषद् गठन गरेको छ । यसले आफ्नो भावी कार्यक्रम र रणनीति पनि तय गरेको छ ।

निकारागुआमा क्रान्तिको र क्रान्तिकारीहरुको अस्थायी तवरले हार त भएको छ । तर यो हारले भविष्यमा दीगो विजयको निम्ति थुप्रै महत्वपूर्ण पाठहरु सिकाएको छ ।

यो हारले सिकाएको एउटा महत्वपूर्ण शिक्षा के हो भने - क्रान्तिपछि हर हालतमा सत्तामा जनताको व्यापक सहभागिता सुनिश्चित गर्नु पर्छ । जतिसुकै संकटको घडीमा पनि शासन व्यवस्थामा जनताको सहभागिता र नेतृत्वको उनीहरुसितको जीवन्त द्वन्द्वात्मक सम्बन्धलाई कमजोर हुन दिनु हुन्न । तर जनताका शत्रुप्रतिको व्यवहारमा भने अलिकता पनि उदारता, अलिकता पनि खुकुलोपन हुन दिनु हुन्न । साम्राज्यवादीहरुले थोरै मात्रामा पनि छिद्र पाए भने उनीहरु सियो भएर पस्छन् र मुसल भएर निस्कन्छन् । निकारागुआमा यही भयो ।

कोण्ट्राहरुमार्फत अमेरिकाले निकारागुआमा निरन्तर आक्रमण गरिरहेकाले साण्डिनिष्टाले त्यहाँ निरन्तर संकटकालीन स्थितिमा काम गर्नु परिरह्यो । यो निकै संकटमय स्थिति थियो ।

यस्तै संकटको घडीमा पनि साण्डिनिष्टाले भूमि, शिक्षा र स्वास्थ्यको क्षेत्रमा क्रान्तिकारी र व्यापक फेरवदल

बाँकी ३६ पेजमा

## के तपाईलाई थाहा छ ?

# कम घनीभूत संघर्ष भनेको के हो ?

### अमेरिकी साम्राज्यवादको नयाँ र खतरनाक षड्यन्त्रकारी यो रणनीतिभित्र के के कुरा पर्दछन् ?

*अमेरिकी साम्राज्यवादले आफ्नै छिमेकी देश-निकारागुआमाथि आर्थिक नाकाबन्दी लगाएको, बन्दरगाहहरुमा बारुदी सुरुंग बिछ्याएको, कोण्ट्रा विद्रोहीहरुलाई पैसा, हतियार र प्रशिक्षण दिएर आक्रमण गर्न लगाएको समाचार हामी सबैले सुनेकै हुनुपर्छ। के हामीले सुनेका छौं- यी सबै कारवाहीहरु एउटा सिद्धान्त अनुरुप गरिएका थिए भनेर ?*

*हो, यी सबै आक्रामक कारवाहीहरु अमेरिकाका १९८० को दशकका राष्ट्रपति रोनाल्ड रेगनको सिद्धान्त "रेगन डक्ट्रिन" अनुसार गरिएका हुन्। ल्याटिन अमेरिकी क्षेत्रमा आफ्नो राजनीतिक, आर्थिक एवं सैनिक प्रभुत्व कायम गर्न अमेरिकी साम्राज्यवादले तयार गरेको यस रेगन सिद्धान्तको मूल आधार हो-कम घनीभूत संघर्ष (Low-Intensity Conflict)।*

*कोरिया र भियतनाममाथि साम्राज्यवादी आक्रमण गर्दा भएको सैनिक, राजनीतिक पराजय एवं अमेरिका र विश्व जनमतसमक्ष भएको बदनामीबाट अत्यन्त भयभीत भएको अमेरिकी साम्राज्यवादले आफ्नो ५० औं वर्षका गोप्य कारवाहीहरुको अनुभवबाट सिकेर यो सिद्धान्तको प्रारुप तयार गरेको थियो।*

*विशेषतः ब्रिटिश साम्राज्यवादको Small Military Conflicts को अवधारणा, इरानको मोस्सादेगको सरकारको पतन, ग्वाटेमालाको ज्याकोब आर्वेन्जको सरकारको अवशान, इण्डोनेशियाका दशौं लाख कम्युनिष्टको नरसंहार र सुकार्णो सरकारको पतन एवं चिलीको साल्भाडोर एलेण्डेको सरकारको अन्त आदि आफ्ना "सफल" कारवाहीहरुको अनुभवमा यो कम घनीभूत संघर्षको सिद्धान्त आधारित छ।*

*तेस्रो विश्वमा, विशेषतः ल्याटिन अमेरिकामा फिडेल क्यास्त्रो र चेग्वेभाराको नेतृत्वमा क्यूबामा सफल क्रान्ति भएपछि साम्राज्यवाद, सामन्तवादबिरोधी राष्ट्रिय मुक्ति आन्दोलनको उभार उठेको थियो। यसै क्रममा सम्पन्न भएको साण्डिनिष्टा क्रान्तिले आफ्नो कठपुतली सोमोजाको तानाशाही सरकार नराम्रोसंग पराजित भएको देखेर रिसाएको अमेरिकाले त्यसको बदला लिन र आफ्नो साम्राज्यवादी स्वार्थपूर्ति गर्न यो संघर्षको रणनीति लागु गरेको हो।*

*निकारागुआको क्रान्ति र क्रान्तिपछिका वास्तविकताहरुको जाँचबुझ गरेर अमेरिकी साम्राज्यवादको एउटा "थिंक टैंक" किसिन्जर कमिशन मार्फत् तयार भएको रिपोर्टमा यस संघर्षको बारेमा उल्लेख छ। रिपोर्ट अनुसार "कम घनीभूत संघर्ष" युद्धहरुमध्ये सबैभन्दा कम डिग्रीको युद्ध हो। यस संघर्ष अन्तर्गत कुनै पनि मुलुकमा उपद्रबहरु गर्नु, विध्वंश मच्चाउनु, बिद्रोह भड्काउनु र विद्रोह दवाउनु, जनप्रिय नेताहरु पक्रनु, उनीहरुलाई मार्नु जस्ता कार्यहरु संचालन गर्ने कुरा राखिएका छन्।*

*यस संघर्षमा अन्य सबै युद्धमा जस्तै सबै युद्ध कौशल र सैनिक कार्यनीतिहरु प्रयोग गरिन्छ। तर मूलतः असैनिक पक्षमाथि बिशेष जोड दिइन्छ र असैनिक पक्षलाई सैनिक महत्वको रुप दिइन्छ। यसमा राजनीतिक, सामाजिक, आर्थिक, कूटनीतिक र मनोवैज्ञानिक पक्षलाई एक आपसमा जुधाउने र यसलाई अनिवार्य रुपमा महत्व दिइन्छ। ती सबै पक्षबाट युद्ध छेडिन्छ।*

*आर्थिक नाकाबन्दीदेखि मानवीय सहायताको नाममा दिइने सहायता समेतलाई यसको हतियार बनाइन्छ। मूलतः यस युद्धमा अमेरिकाको रक्षा मन्त्रालय, गुप्तचर विभागदेखि अमेरिकी सूचना एजेन्सी (USIA) प्रजातन्त्रका लागि राष्ट्रिय गुठी (NED), स्वतन्त्र श्रमको विकासको लागि अमेरिकी इन्स्टिच्यूट (AIDFL) र दातृ संस्थाहरुको संयुक्त सहभागिता रहन्छ।*

*यो संघर्षको मूल कार्यनीति हो- अत्यन्त लामो, घिसिपिटी-युद्ध लडी शत्रु राष्ट्र, जनता र पार्टीलाई थकित पारेर त्यसलाई ध्वस्त पार्नु र अन्त गर्नु।*

*यस कार्यनीतिले युद्धको शिकार भएको पक्षले सामाजिक, आर्थिक र राजनीतिक मूल्य अति महंगो रुपमा तिर्नु पर्ने हुन्छ, या तिर्नै सक्दैन। लगातार सानोतिनो युद्ध, विद्रोह, झडप र समस्यामा सरिक हुनु पर्नाले त्यो देशले यसको खर्च नै धान्न सक्दैन। फलस्वरुप, त्यो अलोकप्रिय हुन्छ र पतन हुन्छ।*

*अमेरिकी सैनिकहरु प्रत्यक्ष रुपमा सहभागी नहुने यस युद्धमा सैनिकहरुले संघर्षको संयोजन, नीति निर्देशन र भौतिक सुविधाहरु जुटाइदिने कार्य गर्दछन्, र यसमा लड्नेहरु भाडाका सिपाहीहरु हुन्छन्। युद्ध मध्यको प्रारंभिक र सबैभन्दा सानो युद्ध भएता पनि सम्पूर्ण युद्ध (Total War) को रुपमा प्रशिद्ध यस संघर्ष तीन तरीकाबाट लडिन्छ-*

*□ भूमि युद्धः संघर्षग्रस्त इलाकामा सबै खालका अपरेशनहरु गरिन्छ। यसभित्र गरिने सैनिक अपरेशनमा सैन्य प्रशिक्षण, आक्रमण, हात-हातियार र खरखजानाको सप्लाईदेखि संयुक्त अभ्यास र आक्रमण, तीब्र गतिमा यातायातको सुविधा उपलब्ध गराउने काम र विशेष अपरेशनहरु समावेश छन्।*

*त्यस्तै नागरिक अपरेशन अन्तर्गत आधारभूत संरचना, सामाजिक-कल्याणकारी प्रोजेक्टहरु, चिकित्सा सेवा र लोकप्रिय, व्यावसायिक एवं संगठित अभियानहरु गरिन्छन्।*

*कूटनीतिक आक्रमण अन्तर्गत आर्थिक सहयोग, ऋण, ब्यापार कटौती गर्ने र त्यसको लागि अन्तराष्ट्रिय संघ संस्थाहरुलाई आह्वान गर्ने, परिचालन गर्ने काम गरिन्छ।*

*र, मनोवैज्ञानिक वा प्रचार अपरेशन अन्तर्गत राष्ट्रिय, क्षेत्रीय एवं अन्तर्राष्ट्रिय स्तरमा शत्रु पक्षको विरोधमा नकारात्मक प्रचार-प्रसार गर्ने गरिन्छ। विद्रोह-विरोधी अपरेशनमा चाहिं स्थानीय सशस्त्र शक्ति र प्रहरीहरुलाई प्रशिक्षण दिइन्छ।*




संघर्षमा मारिएका आक्रमणकारी कोण्ट्रा विद्रोहीहरू

***□ अमेरिकी इन्स्टिच्यूटहरुमा युद्धः***

*यस युद्धको लागि सर्वप्रथम, अमेरिकी सरकारी एवं सैनिक नेतृत्वको संरचनामा ठूलो महत्वका साथ तीब्र रुपमा समायोजन गरिन्छ। युद्धको लागि अत्यावश्यक शक्तिहरुलाई संयोजन गर्ने, एजेन्सी, विभाग र इन्स्टिच्यूटहरुलाई संयोजित र नियोजित ढंगले लगी योजना तुर्जुमा गराउनेदेखि संचालनमा समेत सहभागिता दिलाउने एवं राज्यका अन्य शाखाहरुलाई आक्रामक विदेश-नीतिको पक्षमा तान्ने र तयारी गर्न लगाउने तथा सर-सामाग्री जोड्न लगाइने गरिन्छ।*

***□ जनताको अभिमतमा युद्धः***

*अमेरिकाको आक्रामक विदेश-नीतिमाथि समर्थन, सहयोग र सहानुभूति बटुल्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा यस्तो युद्ध गरिन्छ। यस अन्तर्गत आफ्नो आक्रामक विदेश नीतिको औचित्य सावित गर्ने कार्य गरिन्छ र शिकार हुने मुलुकमा जनता र पार्टीविरुद्ध नकारात्मक प्रचार अभियान चलाइन्छ।*

*यस युद्धले अमेरिकाका खुला वा गोप्य कारवाहीलाई न्यायोचित ठहऱ्याई शत्रुपक्षमाथि प्रचार युद्ध चलाउँछ। यसमा झूठो सूचना प्रचार गर्ने अभियानदेखि सूचनालाई नियन्त्रित गर्ने, जस्तो कि- मानव अधिकार, धार्मिक स्वतन्त्रता, प्रजातन्त्र, आर्थिक सुधार, जातीय समस्या, संस्कृति आदि पक्षलाई आफ्नो नीति र कार्यवाही अनुकूल पारी प्रचार गर्ने र आफ्नो अहित गर्ने सूचानालाई दवाउने कार्य गरिन्छ। यस्तो खालको प्रचार युद्धले राष्ट्रिय, अन्तर्राष्ट्रिय जनमतमाथि, जनताको अभिमतमाथि चाहेअनुसारको मनोवैज्ञानिक प्रभाव पार्न युद्ध लडीरहेको हुन्छ र युद्ध घोष गर्ने पक्षले जीतिरहेको हुन्छ।*

*राष्ट्रिय-अन्तर्राष्ट्रिय जनमतको आँखा छलेर गरिने यस संघर्षमा सरकारी सैनिकको प्रत्यक्ष संलग्नता नहुने हुनाले यो निकै सुरक्षित मानिन्छ। आफ्नो सैनिक, आर्थिक, राजनीतिक एवं वैचारिक अस्त्रले प्रहार गरेर शत्रु राष्ट्रका जनतालाई विभाजित गरेर, लडिने यस "कम घनीभूत संघर्ष" मार्फत अमेरिकाले राजनीतिक, आर्थिक एवं सैनिक प्रभूत्व प्राप्त गरी नै छोड्ने उद्देश्य राखेको हुन्छ।*

*अर्काको देशलाई विभाजित गरी, जनतालाई व्यापक रुपमा मृत्यु र विछोडको पीडा बोकाई त्यहाँका सम्पदाहरुलाई नष्ट गरी, अन्तर्राष्ट्रिय नियम कानूनलाई सैनिक बूटले कुल्ची लडिने यो संघर्ष साँच्चै भन्ने हो भने अति घनीभूत र उच्च खालकै युद्ध सरह नै हो भन्न सकिन्छ। यसको ज्वलन्त उदाहरण हो-निकारागुआ !*

*निकारागुआका विरुद्ध १९८० को एक दशकभरि अमेरिकी साम्राज्यवादले चलाएको यस "कम घनीभूत संघर्ष" जति नै हानिकारक, भयावह र अत्याधुनिक रणनीति भएपनि निकारागुआली जनतालाई यसले जित्न नसक्नु भने सदैव उल्लेखनीय पक्ष भइरहने छ। □*

**स्रोतः** (The War in Nicaragua)

# मेक्सिकोमा किसान बिद्रोह

-बिजय श्रेष्ठ



बिद्रोही मेक्सिकनहरूको एक टोली तालिम लिँदै

## किसानहरुको जीवन

**अस्तित्व नै खतरामा पारेर साम्राज्यबादीहरु र ठूला पूँजीपतिबर्गलाई पोस्ने मेक्सिको सरकारविरुद्ध हालै त्यहाँका आदिवासी किसानहरुले एउटा सन्सनीपूर्ण सशस्त्र बिद्रोह गरे । त्यसले बिश्वभरिका उत्पीडित किसानहरुलाई भक्भकाउने कार्य गरेको छ, प्रेरणा दिने र बाटो देखाउने कार्य गरेको छ ।**

घटना उत्तर अमेरिकी मुलुक मेक्सिकोको सुदूर दक्षिण राज्य चियापासको हो । दिन थियो जनवरी १, अर्थात नयाँ वर्ष शुरु हुने दिन । यही दिनदेखि उत्तर अमेरिकी खुला व्यापार संझौता (North American Free Trade Agreement (NEFTA) लागु हुनेवाला थियो । अमेरिका, क्यानाडा र मेक्सिको बीच भएको यो संझौता अनुसार यी तीन देशबीच साझा बजार, साझा लगानी र मुक्त व्यापार हुने प्रावधान थियो । यो संझौताले मेक्सिकोमा विदेशी लगानी र विदेशी व्यापार त बढ्थ्यो । तर अमेरिका र क्यानाडाको कृषि उत्पादन बेरोकटोक मेक्सिकोमा भित्रिनाले प्रतिस्पर्धामा टिक्न नसकेर मेक्सिकोका किसानहरु चाहिं स्वाहा हुने स्थिति हुन्थ्यो ।

३२ लाख जनसंख्या भएको चियापास राज्य उसै त मेक्सिकोको सबैभन्दा गरीब राज्यमध्ये एक थियो । बढ्दो गरीबी, जमिन र सम्पत्ति केही मुठ्ठीभर मानिसहरुमा थुप्रिरहेको स्थिति, मानव अधिकारको चर्को हननले चौतर्फी भ्रष्टाचार र आदिवासीहरुप्रति चर्को जातीय भेदभावले चियापासका आदिवासी किसानहरु अत्यन्त शोषित र उत्पीडित थिए । मेक्सिकोको अन्य शहरी क्षेत्रको तुलनामा प्राचीन सभ्यताका धनी माया जातिका आदिवासी इंडियनहरुको जीवन स्तर सारै तल्लो थियो । आधुनिकीकरण, सुविधा र संपन्नता मेक्सिकोका शहरहरुमा मात्रै थुप्रिरहेको थियो, यहाँ नेपालमा जस्तै । तर गाउँहरु र त्यहाँका आदिवासीहरु निकै उपेक्षित थिए । यो जीवन स्थितिले सारै आक्रोशित भएका आदिवासी इंडियन किसानहरुलाई उत्तर अमेरिकी खुल्ला व्यापार संझौताले झनै ढाडै भाँच्ने र आक्रोशित पार्ने कार्य गर्‍यो । यही आक्रोश संझौता लागु हुन शुरु हुने दिन सशस्त्र किसान विद्रोहको रुपमा विस्फोट भयो ।

सबभन्दा पहिले ३०० जवान सशस्त्र किसान गुरिल्लाहरु चियापासको एउटा मुख्य शहर सान क्रिस्टोवल डे लास का सासमा प्रवेश गरे । मिलिटरीको लुगा लगाएका र रातो गम्साले अनुहार नचिनिने गरी छोपेका यी किसान गुरिल्लाहरुले पहिले सान् क्रिष्टोवलको सभा भवनमाथि आक्रमण गरे । धनी र संपन्नहरुको मिटींग गर्ने यस भवनका सामानहरु, कम्प्युटरहरु बाहिर फ्याँकेर उनीहरुले यसको पहिलो तल्लामा आगो लगाईदिए ।

त्यसको केही घण्टा नबित्दै चियापासकै अरु तीन वटा शहर ओकोसिन्गो, अल्टामिरानो र लास मार्गरिटासमा मेशिन गन, राइफल र पिस्तोल बोकेका सशस्त्र किसान विद्रोहीहरुले कब्जा जमाए । उनीहरुले सरकारी भवनहरुमा तलासी लिए र पुलिसहरुलाई भगाए । सरकारी सेनाले प्रत्याक्रमण गर्नुअघि तीन दिनसम्म यी शहरहरु आफूलाई "जापातिस्ता राष्ट्रिय मुक्ति सेना" भन्ने यी दुई हजार किसान गुरिल्लाहरुको हातमा रह्यो । (जापातिस्ता नाम सन् १९१० को क्रान्तिका एक जना प्रशिद्ध योद्धा इमिलियानो जापाताको नामबाट राखिएको हो । उनले किसानहरुको लागि जमीनमा अधिकारको निम्ति लडेका थिए । जापातिस्ताको मतलब हो- जापाताको बाटो लिने) बिद्रोहीहरुले यसबीच एक दर्जन जति पुलीसहरु, ठूलाठूला कृषि फार्मका मालिकहरु र सरकारी अधिकारीहरुलाई बन्दी बनाए ।

आफ्नो शक्तिभन्दा ६ गुना ठूलो सरकारी सेनाको शक्तिले प्रत्याक्रमण गरेपछि यी किसान गुरिल्लाहरु पछि हटे र तिनै दक्षिणका पहाडी जंगलहरुमा प्रवेश गरे, जहाँबाट उनीहरु आएका थिए । ओकोसिन्गो शहरमा गुरिल्लाहरु र सरकारी सेना-



बिद्रोही जापातिस्ताहरूका कमाण्डर मार्कोस

बीच सबैभन्दा ठूलो भीडन्त भयो । ३० जना किसान बिद्रोहीहरु त त्यहाँ मात्रै मारिए । सरकारी सेनाले कब्जा गरेका बिद्रोहीहरु मध्ये ६ जनालाई हात डोरीले बाँधेर पछिल्तिर गर्धनबाट गोली हानेर अमानवीय तवरले मारिएको अवस्थामा भेटियो । पछि हटिरहेका बिद्रोहीहरुलाई समेत सरकारी सेनाले हवाइजहाज र हेलिकोप्टरबाट वम वर्षा गर्न छोडेन । यस दौरानमा १०० जना भन्दा बढी मानिसहरु मारिए, जसमध्ये अधिकांश बिद्रोहीहरु नै थिए । सरकारी सेनाको अन्धाधुन्ध र जथाभावी आक्रमणबाट आतंकित भएर सैयौं किसानहरु पनि पहाडतिर भाग्न वाध्य भए ।

किसान बिद्रोहीहरु त यसरी पछि हटे । तर उनीहरुले शहरका भित्तामा कालो अक्षरले प्रष्ट लेखेर गए-"अब उप्रान्त शान्ति हुने छैन ।"

जापातिस्ता राष्ट्रिय मुक्ति सेनाका यी बिद्रोहीहरुका नेता कोमाडान्टे मार्कोसले पत्रकारहरु सामुन्ने घोषणा गरे- "मेक्सिकोका आदिवासी जनताको लागि NAFTA संझौता मृत्युको प्रमाण-पत्र हो । हामी राष्ट्रपति सालिनोसले हाम्रा जनताविरुद्ध जारी गरेको मृत्यु दण्डको प्रत्युत्तर दिन हतियार लिएर उठेको हौं ।"



पछाडि हात बाँधी सरकारले गोली हानी मारेका विद्रोहीहरू

मुक्ति सेनाले खुलेआम ऐलान गर्‍यो- (सरकारको लागि) "केही मतलब छैन कि हामीसित केही छैन, एकदमै केही छैन, न घर, न जमीन, न काम, न शिक्षा- जबसम्म हाम्रा जनताका यी आधारभूत मागहरु पूरा गरिन्नन्,हामीले हाम्रो लडाइँ बन्द गर्ने छैनौं ।"

जापातिस्ता राष्ट्रिय मुक्ति सेनाका किसान गुरिल्लाहरु अहिले आफ्नो थलोमा फर्केर गईसकेका छन् । तर उनीहरुको यो १९७० यताको पहिलो सशस्त्र विद्रोहले भने मेक्सिकोको शक्ति सन्तुलनमा नयाँ समीकरण पैदा गरेको छ । राष्ट्रिपति सालिनासले गृहमन्त्री गोन्जालेजलाई पदमुक्त गरेका छन् र एकतर्फी युद्ध-विरामको घोषणा गरेका छन् । विद्रोहीहरुसित वार्ता गर्न विदेश मन्त्री म्यानुएल क्यामांचो सोलीसलाई पदबाट राजीनामा दिन लगाईएको छ । चियापासको भ्रमणपछि क्यामाचोले जापातिस्ता राष्ट्रिय मुक्ति सेनालाई एउटा शक्तिको रुपमा आधिकारिक मान्यता दिएको घोषणा गरेका छन् । शुरुमा विद्रोहीहरुलाई छिमेकी मुलुकका एजेण्ट भनी आरोप लगाइए पनि विद्रोहपछि अब मेक्सिकोको एउटा पन्छाउनै नसकिने सामाजिक शक्तिको रुपमा जापातिस्ताहरु प्रकट भएका छन् । राष्ट्रपति सालिनासले किसान विद्रोहलाई दवाउनमा गल्ती भएको स्वीकार्न र एक एक गरी वार्ताका सबै पूर्व शर्तहरु पूरा गर्न बाध्य हुनु परेको छ ।

*राष्ट्रपति सालिनासलाई* औधी डर छ- कतै यो विद्रोहले डढेलोको रुप नलिईदेओस् र मेक्सिकोमा विदेशी लगानी नभड्कियोस् । NAFTA सन्धि लागु गर्न नसकिने त होइन ? भनेर पनि उनी असाध्यै भयभीत छन् । त्यसमाथि थप, आउँदो अगस्तमा राष्ट्रपतिको चुनाव छ । त्यसैले उनी फुकी फुकीकन कदम चालि- रहेछन् ।

मेक्सिकोका राजनीतिक समीक्षक सर्जिओ अगुआयोले ठीक विश्लेषण गरेका छन्- "अब उनीसित शक्तिको ढाँचा बदल्नु सिवाय कुनै उपाय छैन । यो बदल्नको निम्ति चियापास अब तापमापक-यन्त्र समान हुनेछ ।"

न्यायपूर्ण मागमा भएको संगठित सशस्त्र विद्रोहले कति तागत राख्दो-रहेछ र किसानमारा पूँजीपतिवर्गीय राज्यलाई संगठित किसानहरुले कसरी तह लाउँदारहेछन् भन्नका लागि मेक्सिकोको यो विद्रोह एउटा महत्वपूर्ण ऐतिहासिक पाठ हो । ❑

# विश्व प्रभुत्वको लागि नयाँ अमेरिकी चाल

**-विवेक प्रधान**

**गएको जनवरीको दोश्रो हप्तामा अमेरिकाले चालेका दुई वटा कदमहरुप्रति न्यायका लागि संघर्षरत संम्पूर्ण विश्व समुदायको ध्यान केन्द्रित हुन जरुरी भएको छ । एउटा कदम हो-उत्तर एटलान्टिक सन्धि संगठन (NATO) मा पहिलेको सोभियतसंघ पक्षीय वार्सा सन्धि संगठनका मुलुकहरुलाई साझेदार बनाउने घोषणा ।**

**अर्को कदम हो- विश्वको तेस्रो सबैभन्दा ठूलो आणविक शक्ति भएको देश यूक्रेन, जुन पूर्व सोभियत संघ विगठित भएपछि बनेका देशहरुमध्ये एक देश हो, त्यसको सारा आणविक हातहतियार नष्ट गर्ने र नष्ट गरेर आएको यूरेनियम अमेरिकाले किन्ने घोषणा ।**

अमेरिकी पहलमा भएका यी दुवै कामहरु विश्वव्यापी रुपमा नकारात्मक महत्व राख्ने खालका छन् ।

गएको पुष १० गते ब्रुसेल्समा अमेरिकी प्रस्ताव "शान्तिको लागि साझेदारी" लाई उत्तर एटलाण्टिक सन्धि संगठन NATO ले पास गर्‍यो । यो प्रस्ताव अनुसार अब NATO मा पहिलेको सोभियतसंघकालीन वार्सा सन्धि संगठन (WTO) का सबै मुलुकहरु "साझेदार" बन्न सक्नेछन् । NATO को पूर्ण सदस्यता ती राष्ट्रहरुलाई दिंदा रुसमा अहिले उदय भइरहेको राष्ट्रवाद अरु बढी मजबूत हुने संभावनाले गर्दा र रुसी सेनाको यो अमेरिकी कदमप्रति तीव्र विरोध रहेको कारणले गर्दा बोरिस येल्तसीनको आव्हानमा NATO को पूर्ण-सदस्यताको मूल ढोका ती राष्ट्रहरुको लागि यसै पटक भने खोलिएन । तर कथित "शान्तिको लागि (विश्व युद्धको लागि-लेखक) साझेदारी" प्रस्ताव पूर्ण-सदस्यताको लागि चोर ढोका भने अवश्य हो ।

यो प्रस्ताव पारित गरेपछि बेलायती प्रधानमन्त्री जोन मेजरले भनेका यी भनाइले त्यो वास्तविकताको पुष्टि गर्छन् -"अब ढोका खुला भएको छ" । अर्थात NATO मा प्रवेशको लागि क्यूमा वसेका पोलैण्ड, हंगेरी, चेक र स्लोभाक गणराज्यहरुलाई अब ढोका खुला भएको छ । अमेरिकी राष्ट्रपति बील क्लिण्टनले त प्रष्ट भने- "अब NATO मा उनीहरुको सदस्यताबारे कुनै सवाल बाँकी छैन । प्रश्न खालि कहिले र कसरी भन्ने कुराको हो ।"

हंगेरी, स्लोभाक र चेक गणराज्यहरुले यस अमेरिकी "बीत्र

**साम्राज्यवादले दुई वटा "जादुगरी हतियार" प्रयोग गर्न खोज्दैंछ - एउटा, सैनिक शक्ति र अर्को बित्तीय पूँजी ।**

**हालै रुसी संसदीय चुनावले प्रष्टै देखायो कि प्रजातान्त्रिक बाटोबाट जाने हो भने पश्चिमको पाल्तु कुकुर येल्तसीनको सत्ता रुसमा कुनै पनि बेला ढल्न सक्छ ।**

उपाय" को प्रस्तावलाई मंजुर गरेका छन् । पोलैण्डका राष्ट्रपति लेख वालेशाले यसलाई जवर्जस्ती अनुमोदन त गर्नु परेको छ, तर पूर्ण-सदस्यता नदिएकोमा उनले पश्चिमका नेताहरुलाई "अनिर्णय र स्वार्थीपन" को शीकार भएको गंभीर आरोप लगाएका छन् । शुरुमा तीव्र बिरोध गरे पनि रुसको भ्रमणको दौरानमा बील क्लिण्टनले दवाब दिएपछि बोरिस येल्सीनले आफ्नै खुट्टामा बंचरो हान्ने त्यस निर्णयको रुसले पनि समर्थन गर्ने घोषणा गरेका छन् ।

आखिर यी मुलुकहरु NATO को सदस्यताको लागि किन यति धेरै हतारिए त ? पश्चिमका यी पूँजीवादी तावेदारहरुले किन NATO को सुरक्षा ग्यारेन्टी खोजे ?

हालै रुसी संसदीय चुनावले प्रष्टै देखायो कि प्रजातान्त्रिक बाटोबाट जाने हो भने पश्चिमको पाल्तु कुकुर येल्तसीनको सत्ता रुसमा कुनै पनि बेला ढल्न सक्छ । अन्ध-राष्ट्रवादको नारा दिएर सबैभन्दा वेसी मत (२३% मत) प्राप्त उदार प्रजातान्त्रिक पार्टीका नेता झिरिनोभ्स्कीले उनले सत्ता पाएमा पहिलेको सोभियत संघ फेरि बनाउने र पोलैण्ड, हंगेरीहरुलाई गाभ्ने ठाडो घोषणा गरे । यी सबैले जनताप्रति भरोसा नभएका यी पूँजीवादी तावेदारहरुलाई त्राहीमाम् बनायो । त्यसैले उनीहरुले हतार हतार NATO को सदस्यता खोजे, ता कि- उनीहरुमाथिको संभावित आक्रमण अमेरिकामाथिको आक्रमणसरह लिइयोस् । पहिलेको सोभियत संघका लिथुआनिया, लाट्भिया र इस्टोनियाका सरकारहरुले पनि गएको अक्टोवरमै NATO को सदस्यताको लागि आवेदन दिएका थिए ।

विश्व प्रभुत्वको लागि पश्चिमलाई NATO लाई अझ मजवूत र विस्तारित बनाउने निहुँ चाहिएको थियो । तिनीहरुको आवेदनले गतिलो निहुँ प्रदान गर्‍यो । उनीहरुले NATO को ढोका खोल्ने निर्णय गरिहाले ।

हिजो समाजवादी खेमाबाट टड्कारो "आक्रमणको खतरा" भएको कारण देखाएर आत्मसुरक्षाको लागि भनेर १९४९ अगस्त २४ मा अमेरिकी नेतृत्वमा NATO गठन गरिएको थियो । "एउटामाथिको आक्रमण सबैमाथिको आक्रमण" ठानिने सिद्धान्तका आधारमा यो सैनिक गठबन्धनको निर्माण गरिएको थियो । उता समाजवादी खेमाले पनि वार्सा सन्धि संगठन निर्माण गरेको थियो ।

तर अहिले वार्सा संगठन विघटन भै सकेको छ । समाजवादी खेमा बाँकी छैन र त्यसैले समाजवादी खेमाबाट आक्रमणको कुनै स्थिति नै बाँकी छैन । त्यो स्थितिमा NATO जस्तो सैनिक गठबन्धन चाहियो नै किन ? यसलाई झन विस्तारित र बलियो बनाउनु पर्ने जरुरत नै किन पर्‍यो ?

अहिले NATO को शक्ति विस्तार गर्ने र NATO लाई सैनिक गठवन्धनका रुपमा बाँकी राख्ने जुन कदम अमेरिकी र पश्चिमी साम्राज्यवादी मुलुकहरुले चालिरहेका छन्, त्यसले NATO को अस्तित्व केवल "आत्मरक्षा" हो भन्ने देखाईरहेको छैन । केवल आत्मरक्षा यसको लक्ष्य हो भने NATO को अस्तित्वको अहिले कुनै आवश्यकता नै देखिन्न, किनभने पश्चिमले अहिले कसैबाट आफूलाई रक्षा गर्नु छैन । तर पनि अहिले NATO लाई अरु सुदृढ पारिदैछ, अरु चलायमान पारिदैछ, अरु ठूलो गरिदैछ । आखिर किन त ?

घटना-क्रमले देखाईरहेछ NATO को उदेश्य विशुद्ध आत्म रक्षात्मक नभएर, आर्थिक-राजनैतिक छ । यही आर्थिक-राजनैतिक उदेश्यको लागि नै अहिले यसलाई ठूलो पार्न लागिदैछ । मन्दीले ग्रस्त पश्चिमी साम्राज्यवादी मुलुकलाई आफ्नो संकट समाधान गर्नु परेको छ र अस्तित्वको लागि विश्व-बजार कब्जा गर्नु परेको छ । आफ्नो सामान बिक्री गर्ने र पूँजी निवेश गर्ने अति-नाफादायक बजार चाहिएको छ । सस्तो श्रम र कच्चा पदार्थ भएको मुलुक चाहिएको छ ।

त्यसको कब्जाको लागि साम्राज्यवादले दुई वटा "जादुगरी हतियार" प्रयोग गर्न खोज्दैछ - एउटा, सैनिक शक्ति र अर्को बित्तीय पूँजी ।

सैनिक शक्तिका रुपमा उसले NATO लाई झन झन बलियो पार्न खोज्दैछ । वित्तीय पूँजीको स्रोतको रुपमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र बहुराष्ट्रिय बैंकहरुलाई । चोर ढोकाबाट अहिले NATO को सदस्यता बृद्धि गर्ने निर्णय त्यसैको एउटा निरन्तरताको एउटा प्रक्रिया मात्र हो ।

सस्तो तेलको लागि साम्राज्यवादले इराकसितको युद्धमा NATO लाई प्रयोग गर्‍यो । अहिले सोमालिया, हैटी र सर्वियामा पनि NATO आक्रमण गर्दैछ-दीर्घकालीन आर्थिक स्वार्थहरुका लागि ।

यस परिप्रेक्ष्यमा NATO लाई बाँकी राख्नु र यसमा अहिले पूर्वी यूरोपेली मुलुकहरु थपेर यसलाई झन ठूलो पार्ने निणर्य गर्नु विश्वका सबै उत्पीडित मुलुकको अहितमा छ । विश्वका कुनै पनि मुलुकमा श्रमिक र उत्पीडित जनताको न्यायपूर्ण संघर्ष बिरुद्ध यो विस्तारित शक्ति प्रयोग हुन संभव छ । त्यसैले यो सबै श्रमिक र उत्पीडित जनताको हित बिरुद्ध पनि छ । यसकारण, सबै उत्पीडित मुलुक, वर्ग र जनताले यसको शख्त विरोध गर्नु जरुरी छ ।

त्यसमाथि थप, हालै जनवरी १४ मा र अर्थात माघ १ गते मस्कोमा यूक्रेनका सम्पूर्ण १८०० आणविक हतियारहरु र त्यो बोकेर अर्को महाद्वीप (अमेरिकासम्म पनि) मार हान्न सक्ने १७६ वटा लामो दूरीका क्षेप्यास्त्रहरु यूक्रेनले रुसलाई सुम्पने, त्यहाँ त्यो नष्ट गर्ने र त्यसबाट निस्कने यूरेनियम अमेरिकाले किन्नेबारे यूक्रेन, रुस, र अमेरिका वीच संझौता भएको छ । यो अरु खतरनाक संझौता हो ।

आणविक हातहतियार विश्वव्यापी रुपमा नष्ट गर्नु राम्रो कुरा हो । तर अमेरिका र पश्चिमी साम्राज्यवादले चाहिं त्यो थुपारिरहनु र अरुले चाहिं त्यो खत्तम गर्नु ! -यस्तो गर्नु चाहिं कुनै न्यायपूर्ण र शुभ कदम होइन । त्यसले पश्चिमेली साम्राज्यवादीलाई विश्वव्यापी प्रभुत्व कायम गर्न मात्र मद्दत गर्छ, विश्व शान्ति ल्याउँदैन । त्यसैले यो कदमको पनि विश्वव्यापी रुपमा विरोध हुनु जरुरी छ ।

यूक्रेनको संसदले यो संझौताको बिरोध गरेको छ । हेरौं, यसले यो अनुमोदन गर्नेछ वा गर्ने छैन ? तथापि, अमेरिकाका यी दुवै कदमहरु पश्चिमको विश्वव्यापी एक छत्र साम्राज्य फैलाउनका लागि चालिएका कदम हुन् । यी कदमले विश्वलाई उज्यालोतिर होइन, अँधेरोतिर लानेछन् ।

★

## NATO के हो ?

NATO **पश्चिमेली पूँजीवादी मुलुकहरुको सैनिक गठबन्धन हो । समाजबादी मुलुकहरुसित टक्कर लिन र विश्वव्यापी पूँजीवादी स्वार्थका लागि संयुक्त सैनिक शक्ति प्रयोग गर्न अगस्त २४, १९४९ मा यसको गठन भएको थियो । शुरुमा यसमा अमेरिका, ब्रिटेन, फ्रान्स, इटाली, क्यानाडा, बेल्जियम, नेदरलैण्ड, लक्जेमवर्ग, पोर्चुगल, नर्वे, डेनमार्क र आइसलैण्ड सहित १२ मुलुक संलग्न थिए । १९५२ मा ग्रीस र टर्की थपियो । १९५५ मा संघीय जर्मनी थपियो र १९८२ मा स्पेन । शुरुमा यसको प्रधान कार्यालय पेरिसमा थियो । १९६६ मा फ्रान्सले यसको सैनिक मामलाबाट आफ्नो हात झिकेपछि प्रधान कार्यालय १९६७ मा ब्रुसेल्समा सर्‍यो ।**

**यसको प्रमुख सिद्धान्त "एउटा देशमाथिको आक्रमणलाई सबैमाथिको आक्रमण" ठानेर त्यसको संयुक्त प्रतिरोध गर्नु हो ।**

**यसमा एउटा परिषद र तीन वटा कमाण्डसहितको (संयुक्त कमाण्ड यूरोप, संयुक्त कमाण्ड एटलाण्टिक र संयुक्त कमाण्ड च्यानल सहितको) एउटा मिलिटरी कमिटी छ ।** ❑

भारतीय कविता

# हात हेर्ने बारेको कविता

-नवारुण भट्टाचार्य

*नवारुण भट्टाचार्य बंगाली प्रगतिशील नाट्य आन्दोलनमा संलग्न हुनुहुन्छ । पेशाको रुपमा पत्रकारितालाई अंगाल्नु भएका श्री भट्टाचार्य कविता पनि लेख्ने गर्नुहुन्छ । उहाँको चर्चित हिन्दी कविता संग्रह "यह मृत्यु उपत्यका नहीं है मेरा देश" बाट एउटा कविता उध्दृत गरी हामीले यहाँ प्रस्तुत गरेका छौं ।*

*"कविताका गाउँहरुले कविताको शहरलाई घेर्नु ज्यादै जरुरी छ" भन्ने सोच राख्ने कवि भट्टाचार्य भारतीय महान प्रगतिशील लेखिका महाश्वेता देवीका सुपुत्र हुनुहुन्छ ।* -का.सं.




म केवल कविता लेख्ने गर्छु
यो कुराको कुनै अर्थ छैन
कतिलाई शायद हाँसो उठ्ला
तर म हान हेर्न पनि जान्दछु
मैले हावाको हात हेरेको छु
हावाले एक दिन आँधी बनेर सबभन्दा उँचा
अट्टालिकाहरुलाई ढालिदिनेछ
मैले माग्ने बच्चाहरुको हात हेरेको छु
आउँदा दिनहरुमा उनीहरुको दु:ख कम हुने छ-
यसै भन्न सकिन्न
मैले वर्षाको हात हेरेको छु
वर्षाको दिमागको कुनै भरोसा छैन
यसकारण, तपाईहरु सवैसँग एउटा छाता हुनु जरुरी छ
सपनाको हात मैले हेरेको छु
त्यसलाई समात्नको लागि तोड्नु पर्छ निद्रा
प्रेमको हात पनि मैले हेरेको छु
न चाहँदा नै पनि यसले अँठ्याउने छ सबलाई
क्रान्तिकारीहरुको हात हेर्नु ठूलो भाग्यको कुरा हो
तर उनीहरु एकैसाथ भेट्दै भेटिँदैनन्
र कयौंको त हातहरु नै उडेका छन बमले
ठूला मान्छेहरुका विशाल हातहरु पनि मैले हेर्नु परेको छ
उनीहरुको भविष्य अन्धकारमय छ
मैले भीषण दु:खको रातको हात पनि हेरेको छु
त्यसको भोर हुन लागेको छ
मैले जति पनि कविताहरु लेखेको छु
त्यसभन्दा बढी हातहरु हेरेको छु
कृपया मेरो कुरा सुनेर नहास्नुहोला
मैले आफ्नो हात पनि हेरेको छु
मेरो भविष्य तपाईकै हातमा छ । ❑

(अनु.- हरिगोविन्द लुइँटेल)

रुसी लोक कथा

# ब्वाँसो र कुकुर



-लियो टाल्सटाय

एक दिन एउटा दुब्लो ब्वाँसो एउटा गाउँ नजीकै घुम्दै थियो । एउटा मोटो कुकुर संग उसको भेट भयो । ब्वाँसोले कुकुरलाई सोध्यो- "कुकुर भाइ ! भन त तिमी कताबाट ? तिमी खाना खान त पाउँछौं के ?"

कुकुरले भन्यो -"मान्छेहरुले हामीलाई खान दिन्छन् ।"

यो सुनेर ब्वाँसोले सोध्यो -"शायद मान्छेहरुकहाँ तिमीहरुको काम गाह्रो छ होला, हैन ? "

कुकुरले जवाफ दियो -"अहँ, हाम्रो काम गाह्रो छैन । हामीले राति घरको रखबारी गर्नुपर्छ !"

"त्यत्ति कामको लागि तिमीहरुलाई त्यस्तरी खुवाउँ छ त ? "

-ब्वाँसोले आश्चर्य मान्दै भन्यो -"त्यसो भए म पनि तिमीसंगै काम गर्न चाहन्छु ।"

यो सुनेर कुकुरले तत्कालै भन्यो-" लौ हिड त्यसो भए ! मालिकले तिमीलाई पनि हामीलाई जस्तै खुवाउने छन् ।"

ब्वाँसो एकदम खुसी भयो र कुकुरसंग मान्छेकहाँ काम गर्न जानको लागि पछि पछि लाग्दै गयो ।

तर जब तिनीहरु गाउँभित्र पसे, ब्वाँसोले अपर्झट कुकुरको गर्धनमा भुत्ला खुइलिएको देख्यो । उसले सोध्यो- "यो के भएको हो ? कसरी यस्तो भएको ?"

" हो, यो सिक्रीले गर्दा भएको ! " कुकुरले अवाफ दियो -" दिउँसो मलाई सिक्रीले बाँध्छन्, त्यसैले सिक्रीले गर्धनको भुत्ला खुइल्याउँछ !"

यो सुनेर तुरुन्तै ब्वाँसोले भन्यो - "त्यसो भए '"नमस्ते'" कुकुर भाइ ! म विदा भएँ !"

उसले थप्यो- "म मान्छेहरुकहाँ काम गर्न जान्न । म फुक्का नै रहन चाहन्छु, बरु दुब्लो नै किन नहोऊँ !" ❑

-('"अग्नी चरो" बाट/ "सिंहावलोकन" मासिक (२-८) मा प्रकाशित/ प्रेम ब. श्रेष्ठको अनुवादमा आधारित ।)

लघुकथा

# रूढीवाद र नयाँ विचार

एउटा सडकको बीचमा हाँस र कुखुराका चल्लाहरु संगै खेलिरहेका थिए ।

पानी परेर हिलाम्य भएको त्यस सडकमा एक छिनपछि एउटा ट्रक आइरहेको देखियो । ट्रक निकै नजीक आइपुगेको चाल पाएपछि कुखुराको एउटा चल्लाले कराएर भन्यो "ए साथी हो ! छिट्टै उडेर किनारा लागौं । ट्रकले किच्छ !"

तर हाँसको एउटा चल्लाले बीचमै कुरो काट्दै भन्यो- "हामीलाई हाम्रा पुर्खाहरु उडेको कहिल्यै थाहा छैन, पुर्खाको धर्म छोड्नु महापाप हो, त्यसैले हामी हिंडेरै किनार लाग्छौं, जति समय लागोस् ।"


ट्रक एकदमै नजीकै आइसकेको थियो । कुखुराका चल्लाहरु त उडेर गइगए, हाँसका चल्लाहरु चाहिं आफ्नै ढिपीले गर्दा किचिएर मरे । ❑

("हातेमालो" २०४३ असार बाट साभार/ लेखकको नाम उल्लेख नभएको)

## प्रगतिशील लेखक संघ के गर्दैछ ?

# हाम्रासामु दुई खालका समस्याहरु छन्

निनु चापागाई



गत पौष १६ र १७ गते प्रगतिशील लेखक संघको तेस्रो राष्ट्रिय संम्मेलन काठमाण्डौमा संपन्न भयो । नेपालमा प्रगतिशील साहित्यको विकासका सामु थुप्रै समस्याहरु पनि रहेको र साथसाथै विकासका संभावनाहरु पनि रहेको आजको परिप्रेक्ष्यमा यी समस्याहरुको पहिचान गर्न र त्यसको निदान गरी विकासका संभावनाहरुलाई व्यवहारमा मूर्त रुप दिन संगठित प्रयत्नको झन झन बढी खाँचो परिरहेछ । यस स्थितिमा नेपालका सबै प्रगतिशील साहित्यकारहरुको साझा थलोको रुपमा रहेको प्रगतिशील लेखक संघलाई अरु कृयाशील र संगठित गर्नु पर्ने कुरालाई अत्मसात गर्दै यस सम्मेलनले प्रगतिशीलहरुको एकतामा आधारित नयाँ कार्य समिति चुनेको छ ।

नयाँ कार्य समितिले आफ्नासामु हाल मूल समस्याहरु के के देखेको छ र यसका भावी कार्यक्रमहरु के के हुनेछन् भन्ने जिज्ञासा मेट्न हामीले नव निर्वाचित अध्यक्ष र महासचिवसंग उहाँहरुका विचार लिने प्रयत्न गरेका थियौं । अध्यक्ष उपत्यका बाहिर हुनु भएकोले उहाँको विचार लिन सकेनौं, महासचिव निनु चापागाईंका विचारहरु यहाँ प्रस्तुत गरेका छौं ।

फागुन ७ गते चितवनमा भएको राष्ट्रिय परिषद्को बैठक हुनु अघि नै लिइएको विचार हुनाले यो उहाँको निजी विचार हो । -का.सं.

प्रगतिशील लेखक सघंका सामु हाल दुई किसिमका समस्याहरु छन् । पहिलो समस्या संगठनात्मक समस्या हो र दोश्रो समस्या चाहिं सौन्दर्य शास्त्रीय चिन्तनहरुका बारेमा प्रष्टता हासिल गर्नु र तिनलाई सृजनात्मक लेखनमा समुचित रुपले निर्वाह गर्नु रहेको छ ।

### संगठनात्मक समस्या

प्रलेसका सदस्य बनेका करीब २०० लेखकहरु बाहेक पनि प्रगतिशील लेखक संघको विधान तथा कार्यक्रममा सहमत हुने थुप्रै साहित्यकारहरु देशका विभिन्न भागमा छरिएर सृजनकार्यमा संलग्न छन् । ती सबैलाई प्रलेसको झण्डामुनि आबद्ध गर्नु हाम्रो दायित्व भएको छ । देशका विभिन्न शहर र सदर मुकामहरुमा प्रलेसका शाखाहरु खोल्न सकिने बलिया आधारहरु भएर पनि अधिकांश ठाउँमा शाखाहरु बनीसकेका छैनन् । विगत कालमा गठन भएका कतिपय शाखा र जिल्ला एवं अन्चल समितिहरु निष्कृय प्राय: छन् । विगतका कतिपय सदस्यहरु पनि उदासीन रहेका छन् ।

यी सबैलाई क्रियाशील बनाउनु, लेखक संघका गतिविधिमा आबद्ध गर्नु, संगठन बिस्तार गर्नु र संघप्रति प्रतिबद्ध बनाउनुलाई नै मैले संगठनात्मक समस्याको रुपमा लिएको छु । राष्ट्रिय परिषद्को बैठकले यस निम्ति केन्द्रिय र व्यवहारिक कार्यक्रम बनाई केन्द्रिय सदस्य एवं पार्षदलाई देशका विभिन्न भागमा पठाउने छ र उक्त कार्य संपादन गर्नेछ भन्ने मैले सोचेको छु ।

### सौन्दर्य-चिन्तनका सवालहरु

भर्खरै सम्पन्न भएको प्रलेसको तेस्रो राष्ट्रिय संमेलनले पूर्व महासचिव खगेन्द्र संग्रौलाद्वारा प्रस्तुत कार्यपत्र "प्रगतिशील लेखक संघ: चुनौति र दायित्व" नामक कार्यपत्र केही संशोधन र परिमार्जनका साथ पारित गरेको छ । हाम्रासामु उपस्थित सौन्दर्य चिन्तनका केही सवालहरुलाई त्यहाँ समावेश गरिएको छ । प्रलेसले प्रष्ट हुनु पर्ने सौन्दर्यशास्त्रीय प्रश्नहरु र गर्नु पर्ने व्यवहारिक कार्यका बारेमा उक्त कार्यपत्रले उठाएका केही समस्याहरुलाई नै तत्काल आधार बनाएर सौन्दर्यशास्त्रका बारेमा प्रष्टता हासिल गर्ने र विद्यमान समस्यालाई निराकरण गर्ने कार्यलाई ध्यानमा राख्दै राष्ट्रिय परिषदले कार्यक्रम तर्जुमा गर्ला भन्ने मलाई लागेको छ । सौन्दर्यशास्त्रमा प्रष्टता प्राप्त गर्ने कार्य निरन्तरको प्रयत्न बिना संभव छैन, गंभीरतासाथ त्यसको थालनी नै आजको अवश्यकता भएको छ ।

प्रगतिवादी आन्दोलनमा सौन्दर्यशास्त्रको स्थिति के कस्तो छ भनी मूल्यांकन गर्ने आधार भनेको हालसाल त्यसबारे लेखिएका कृतिहरुको लेखाजोखा नै हो । यसलाई आधार बनाएर मात्र के कति कमी कमजोरी छन् र के कति परिष्कार र परिमार्जनको आवश्यकता छ भन्ने कुरा किटान गर्न सकिन्छ । त्यसैकारण त्यस्ता कृतिहरुको चर्चा-परिचर्चा गर्ने कार्यक्रम तय गर्न केन्द्रिय समितिबाट प्रस्ताव हामी राख्तैछौं ।

### लेखकीय प्रतिवध्दता

निम्न पूँजीवादी जीवन बृत्तमा हाम्रो लेखनले फन्को मारिरहनु र हामी अधिकांश लेखकहरु निम्न पूँजीवादी चिन्तन् र संस्कार, स्वभाव र रुचि, प्रवृत्ति र जीवन शैलीमा निम्न पूँजीवादी अहंको प्रभाव र दवावबाट मुक्त हुन नसक्नुको एउटा कारण लेखकीय प्रतिबद्धतालाई गहन रुपमा ग्रहण गर्न नसक्नु पनि रहेको छ । हाम्रो साहित्यमा जन जीवनको आकांक्षा र सपना, तिनको सघर्ष र बलिदान, सफलता र विफलता, उल्लास र सुस्केरा सहितको प्रामाणिकता, विश्वसनीयता र जीवन्तता हुन नसक्नुमा यसको केही भूमिका रहेकै छ । यसनिम्ति लेखकिय प्रतिबद्धता र स्वतन्त्राबारे गोष्ठीको आयोजना गरिनु अति आवश्यक भएको छ । श्रमिक जन जीवनको वास्तविकता र तिनबारे हामीले रचेको साहित्य माझ रहेको ठूलो अन्तराललाई पुर्न सहयोग गर्ने हिसाबले यसबारे कार्यक्रम तय गरिने छ भन्ने मैले सोचेको छु ।

### गुण र स्तर बढाउनु आजको दायित्व

सामाजिक यथार्थको अधुरो र एकांगी ज्ञानलाई क्षति पूर्ति गर्ने वा ढाक छोप गर्न अक्सर चर्को नाराको, छलपूर्ण रुपवादको वा फोस्रो पाण्डित्यको सहारा लिने प्रवृत्तिबाट

### प्र.ले.स. को नवनिर्वाचित राष्ट्रिय परिषद

केन्द्रिय समिति (१७ जनाको)

अध्यक्ष- श्यामप्रसाद शर्मा
उपाध्यक्ष- रामहरि पौड्याल
महासचिव- निनु चापागाई
सचिव- विष्णु प्रभात
कोषाध्यक्ष- ताराकान्त पाण्डेय
सदस्य - गोविन्द भट्ट
- खगेन्द्र संग्रौला
- गंगा प्रसाद उप्रेती
- वासुदेव अधिकारी
- आहुती
- जगदीशचन्द्र भण्डारी
- कृष्ण सेन "इच्छुक"
- पूर्ण विराम
- राजभाइ ज:क:मी
- अनिल पौडेल
- रविकिरण निर्जीव
- बलभद्र भारती

अन्य सदस्यहरु (१८ जना)

आनन्ददेव भट्ट
जनकप्रसाद हुमागाई
हरिहर खनाल
रूद्र खरेल
मोहन दुवाल
भक्त ब. पण्डित
राम विनय
सुधा त्रिपाठी
भीष्म उप्रेती
हरिगोविन्द लुइटेल
घनश्याम शर्मा पौड्याल
मातृका पोखरेल
नन्दू परिश्रमी
पवित्रा सुवेदी
मणि थापा
गोपीन्द्र पौडेल
दिनेश मैनाली
लोक ब. थापा मगर

मुक्त हुन यथार्थको गहन ज्ञान, कलाको प्रकृति सम्बन्धमा सजगता र रुप र अन्तर्वबस्तुका बीचको सहसम्बन्धबारे लेखक कलाकारहरु प्रष्ट हुनु नितान्त आवश्यक छ । साहित्य जस्तो सर्वाधिक प्रभावशाली कला माध्यमलाई पर्याप्त शक्ति र प्रभावकारिताका साथ सजीव तुल्याउन गहन अन्तर्वबस्तुको अन्वेषण र विशिष्ट शिल्पको निर्माण, सारांशमा भन्दा, साहित्यमा गुण र स्तर बढाउनु आजको हाम्रो अहं दायित्व भएको छ। यस निम्ति अन्र्तबस्तु भन्नाले के बुझिन्छ, रुप के हो र तिनका बीचको सहसम्बन्ध वा अन्तर्विरोध के कस्तो हुन्छ ? - यसबारे लेखकहरु माझ गहन अन्तर्क्रिया गराउने प्रयत्न लेखक संघबाट हुनेछ ।

### अन्य भाषाका साहित्यबारे अन्तर्क्रिया

नेपाली भाषा बाहेक अन्य भाषाभाषीहरुले सामना गर्नु परेका समस्याहरु, तिनको साहित्यमा रहेका समकालीन प्रवृतिंहरुका बारेमा चर्चा परिचर्चा र अन्तर्क्रिया गर्ने गराउने कामलाई पनि लेखक संघले अहं महत्वका साथ ग्रहण गर्नु पर्ने भएको छ। बाल-साहित्य, प्रगतिशील लेखनमा नारी सहभागिता जस्ता विषयमा पनि छलफल गराउनु पर्ने आवश्यकतालाई पनि प्रलेसले पूरा गर्नु पर्ने भएको छ । देशका विभिन्न भागमा रहेका साहित्यकार र नयाँ प्रतिभाहरुलाई क्रियाशील बनाउन र प्रतिभा विकसित गराउन क्षेत्रीय तहका गोष्ठीहरु गर्ने गराउने, क्षेत्रीय तहकै प्रतिनिधित्व हुने गरी साहित्यिक पत्र-पत्रिकाहरु प्रकाशन गर्न उत्प्रेरित गर्ने र सर-सहयोग गर्ने आदि कार्यलाई प्रगतिशील लेखक संघले आफ्नो कार्यक्रमभित्र समावेश गर्ने छ भन्ने मलाई लागेको छ ।

नीति र आदर्शलाई समय सापेक्ष तुल्याई यथार्थवादी भएर चिन्तन, अन्वेषण र सिर्जन कार्यमा एकताबद्ध ढंगले जुट्ने प्रलेसको अग्रसरता र संयोजन अर्न्तगत एकीकृत हुन सक्ने जति प्रकाशनहरुलाई एकीकृत र नियमित पार्न प्रयत्न गर्ने र मित्रहरु माझका विविध दृष्टि, चिन्तन, रुचि र शैली सम्बन्धी द्वन्दहरुलाई समुचित ढंगले संयोजन, संचालन र हल गर्ने कार्यलाई लेखक संघले गंभीरतासाथ लिनेछ भन्ने मैले सोचेको छु ।

अन्तमा, २०४६ सालको जन आन्दोलनपछि स्थापित पूँजीवादी प्रजातन्त्रको विलासी रमझम, खोक्रो प्रचारवाजी, भ्रष्ट आचरण, अराष्ट्रिय चरित्र, अराजक अर्थ व्यवस्था र जनविरोधी प्रवित्तिबाट जनता वाक्क भैसकेका छन् । अकल्पनीय महंगी, कालोबजारी, बेरोजगारी र भ्रष्टाचार, भयावह असुरक्षा, नांगो पार्टीवाद र नातावाद, दैनिक उपभोग्य बस्तुहरुको अटुट अभाव, निरन्तरको राज्य हिंसा तथा राष्ट्रिय अर्थव्यवस्था, राष्ट्रिय संम्पदा र राष्ट्रिय आस्मितामाथिको आमन्त्रित वाह्य आक्रमणबाट नेपाली जनता ज्यादै मर्माहत भएका छन् ।

त्यसैले नेपाली जनताका परिवर्तनकामी उदात्त आकांक्षा, वर्तमानका घनीभूत पीडा र नेपाली राष्ट्रियताका मर्महरुलाई कलात्मक वाणी दिने सिंगो अभिभारा नेपाली साहित्यको प्रगतिवादी धारामाथि आइलागेको छ। लेखक संघका प्रत्येक सदस्यका लागि यो कर्तव्य निर्वाह गर्नु प्रथम अहं सवाल भएको छ र लेखक संघले यसैलाई सर्वोपरी महत्व प्रदान गर्ने छ । ❑

# बेसारले जत्ति महत्व बिचारले किन पाएन ?

**-चन्द्रदेव नेपाली**

*o पसलमा रंग हालेको रातो मिठाई देखेर राजुले खान खोज्यो, रोयो । राजुकी शिक्षित "मम्मी" सुलोचनाले धेरै बेर लगाएर संझाइन्-"बाबु ! रंग हालेको मिठाईले शरीरलाई बेफाइदा गर्छ । मिठाईमा मिसिएको रंगमा पेटलाई हानी पुऱ्याउने रासायनहरु हुन्छन् । त्यसैले, तिमी रंग नहालेको अरु नै पापा खाऊ, म त्यस्तो पापा किनिदिन्छु !"*

*o सामाजिक कार्यकर्ता शंकर प्रसादले आफ्नी सानी छोरीलाई स्कूलमा खानको लागि घरबाटै पानी उमालेर सेलाएर त्यो पानी तुम्लेटमा हालेर पठाउँदै भने- "सावित्री ! स्कूलमा बाहिरको पानी नखानू नि ! त्यो पानी फोहर हुन सक्छ , त्यसैले यही तुम्लेटकै पानी खानू !"*

*o छोराले पीरो तितौरा खान लाग्दा जमुना दिदीले ट्याप्प उसको हात समातेर तितौरा खोसेर भनिन् - "यो खानुहुन्न, बेफाइदा गर्छ ।"*

*o मामाले भान्जालाई संझाए - "भान्जा ! त्यो रोटी बासी छ, त्यो नखाऊ, खानु हुन्न, बिगार गर्छ ।"*

*o जनकबहादुर नेपालीले आफ्नो हुर्केको छोरालाई गाली गरे- "हेर ! यो घिऊमा पिंडालु मिसिएको र हेछ, के यस्तो घिऊ ल्याँएको पसलबाट ? हेरेर, छानेर, सुँघेर, जाँचेर पो ल्याउनु पर्छ । यो खुवामा पीठो मिसाएको छ । यो सुन्तला कुहिएको छ । यो बेसारमा ढुटो मिसिएको छ !"*

**महान् चिनियाँ साहित्यकार लु-सुनले डाक्टरी पढ्न छोडेर साहित्य लेख्नतिर लाग्नु हुँदा उहाँले भन्नुभएको कुराको आशय थियो - चिनियाँ जनताको जीउ मात्रै स्वस्थ बनाएर के गर्नु र ?....**

शिक्षा र सामाजिक क्षेत्रमा केही अघि बढेका हामी "सचेत" मानिसहरुमा खाने कुराहरुमध्ये यसरी राम्रो वा नराम्रो अथवा ठीक वा बेठीक छुट्टयाउने स्वास्थ्य-चेतनाको जागरण केही हदसम्म भएको देखिन्छ । छानी छानी किन्न, खान सक्ने आर्थिक क्षमता नै बहुसंख्यक नेपालीहरुको छैन र जिनतिन गरेर खान पुग्नेहरुमध्ये पनि अधिकांशमा माथि उल्लेख गरेको स्तरसम्मको स्वास्थ्य- चेतना छैन नै । यो हाम्रो समाजको यथार्थ हो। तर यहाँ अहिले यसबारे चर्चा गर्न लागिएको छैन ।

यहाँ त जिनतिन गरेर खान-लाउन पुऱ्याईरहेका र आफूलाई अरुको तुलनामा सचेत पनि मान्ने थोरै नै संख्यामा रहेका भए पनि आफूलाई सामाजिक- राजनैतिक काममा समेत लगाइरहेका हामी आफ्नै बारेमा केही चर्चा गर्न लागिएको हो । यस्ता व्यक्तिहरुमा हामी आफूलाई "वामपन्थ समर्थक" वा "वामपन्थी नेता वा कार्यकर्ता" भनी आफूलाई मान्ने पनि धेरै छौं ।

हामीहरु जति खाने लाउने कुरामा मिन-मेख गर्ने गर्छौं, छान्ने-चुन्ने, केलाउने, निफन्ने गर्छौं, के

त्यति नै हामी पढ्ने, लेख्ने, जान्ने, बुझ्ने कुराहरु छान्ने, केलाउने गर्छौं ?

-अहँ, हामी यसो चाहिं सार्है कम गर्छौं वा गर्दैगर्दैनौं । किनभने, कति मानिसहरुलाई त ज्ञानगुनका कुराहरु, शिक्षाका कुराहरु वा जानकारी र बिचारका कुराहरु पनि हामीले अत्यन्तै राम्ररी चुन्नु-छान्नु पर्छ भन्ने कुरामा होश नै छैन । यसबारे हामी व्यवहारमा सजग छैनौं ।

त्यसैले, हामीहरुमा एउटा ठूलो अंसगति रहेको छ । केही "आधुनिक" भएको नाताले खाने लाउने कुरामा सर-सफाइको पक्ष लिने वा बेफाइदा गर्ने कुरा नखाने र आफ्ना बच्चाहरुलाई पनि खान नदिनेमा हामी केही चनाखो हुँदैछौं ।

हो, शरीरमा रोगहरु लाग्न सक्ने, पाचन-प्रणाली बिग्रन सक्ने आदि कुराहरुबाट बच्नै पर्छ । बालकहरुलाई यस्ता कुराहरुबाट बचाउनै पर्छ । किनभने, स्वास्थ्य भनेको हाम्रो महत्वपूर्ण कुरा हो । यो सचेतनता भएको राम्रो नै हो, यो संचेतनता बढेको राम्रो नै हो ।

तर मान्छेको स्वस्थ्य भनेको के शरीर मात्रै हो ? के शरीरलाई फाइदा-बेफाइदा पुग्ने कुरामा ध्यान दिन सक्ने चेतना भएकाहरुले मान्छेको बुद्धि -ज्ञानको बारेमा पनि त फाइदा हुने कुरा के हो र बेफाइदा हुने कुरा के हो भनी छुट्याउनु पर्ने हैन ? यसमा पनि हाम्रो पर्याप्त ध्यान जानु पर्ने हैन ?

तर यसमा भने हाम्रो उचित ध्यान जाने गरेको छैन । हानीकारक रासायनिक रंगहरु हालेको मिठाई छोरोले नखाओस् भन्ने चाहना राख्ने "मम्मी" हरुले आफ्ना राजुहरुले स्कूले झोलामा बोकेर पढ्ने गरेका रंगीचंगी, भड्किला र उडन्ते, बच्चाको उमेरको हिसावले गलत पुस्तिकाहरु, कम्भिक्सका किताबहरु, नग्न, अर्धनग्न पत्रिकाहरु, अपराध-कथाहरु आदितिर ध्यान दिन जरुरी नै ठानेका छैनन् ।

दुषित पानी छोरीले नखाओस् भनी मिन-मेख गर्न सक्ने बाबुले आफ्नी छोरीले दुषित बिचार नपढोस् वा नअंगालोस् भनेर चाहिं यादै गरेका छैनन् ।

पीरो वा बासी खानाले बच्चालाई बेफाइदा गर्छ भन्ने करा बुझ्ने अभिभावकहरुले बासी वा कुहिएका विचारहरुले बच्चाहरुलाई झन कति धेरै बेफाइदा गर्लान् भन्नेबारे पर्याप्त सोचेका छैनन् ।

साम्राज्यवाद, सामन्तवाद, र पूँजीवादले जनतालाई दिल-दिमागदेखि नै भ्रष्ट पार्न आज पढ्ने, सुन्ने, हेर्ने, मनोरंजन गर्ने सारा कुराहरुमा गलत धारणा, गलत सूचना र गलत दृष्टिकोणहरु मिसाएर हामीलाई बेचीरहेका छन् । बालक र किशोर, किशोरीहरु यस्ता पढ्ने, सुन्ने वा मनोरंजन गर्ने साधनहरुको शीकार हुँदैछन् ।

तर हामी छौं- घिऊमा पिडालु मिसिएकोमा मात्र चिन्तित, खुवामा पीठो मिसिएकोमा मात्र जागरुक र बेसारमा ढुटो मिसिएकोमा मात्र सचेत र कुहिएको सुन्तलाबाट मात्र सावधान !

माथि यसैलाई नै मैले ठूलो "असंगति" भनेको हुँ ।

हाम्रो व्यवहारको यो एकांगीपनलाई हामी सचेत नागरिकहरुले आफैंले नतोड्ने हो भने हामी रहेको वर्तमान समाज र हामीपछिको नीकट भविष्यको भावी समाज "असल शारीरिक स्वास्थ्य" भएको तर "खराब मानसिक स्वास्थ्य" भएको मिश्रित गुणको समाज बन्ने छ ।

यो भनेको अन्ततः झन खराब कुरा नै हो । कारण, मानसिक-वैचारिक गलतपनाले अन्ततः समाजलाई गलत बाटोमै लैजान्छ ।

विश्व प्रशिद्ध महान् चिनियाँ साहित्यकार लु-सुनले डाक्टरी पढ्न छोडेर साहित्य लेख्नतिर लाग्नु हुँदा उहाँले भन्नुभएको कुराको आशय थियो-"चिनियाँ जनताको जीउ मात्रै स्वस्थ बनाएर के गर्नु र ? जब उनीहरुको दिमाग अस्वस्थ छ भने उनीहरु स्वस्थ जीउ लिएर पनि आखिर साम्राज्यवादीहरुको दास नै त बन्ने हुन, मोटाघाटा र निरोगी दासहरु ! त्यसैले म पहिले चिनियाँ जनतालाई दास नहुन सचेत गर्ने बौद्धिक डाक्टर बन्छु-अर्थात, साहित्यकार बन्छु ।"

लु-सुनको यो प्रसंगले हामीलाई शारीरिक स्वास्थ्यबारे वेवास्ता गरौं भन्न खोजेको भने पक्कै हैन । बरु, यसले त हामीलाई मानिसमा बुद्धि-ज्ञान-चेतनाको पक्षको ठूलो महत्व छ भन्ने कुराको तीक्ष्ण रुपले बोध गराउने प्रयत्न गरेको छ ।

आज यही बुद्धि-ज्ञान-चेतना बढाउने भनेर सीमित रुपमै भएपनि लागि परेका हामी एवं हाम्रा बाल-बालिका र किशोर किशोरीहरु सडकमा नाफाखोरहरुले बेच्न फिंजाएका दुषित बिचारयुक्त पाठ्य सामग्रीहरु पढ्छौं, पढदैछन् । पतनशील विचारधारा लाद्ने टि.भि. कार्यक्रम र फिल्महरु हेर्दैछन्, गीतहरु सुन्दैछन् ।



**यी बाल पाठ्य सामग्रीहरुको छानवीन हुनु पर्दैन ?**

खानेकुरामा दुषितता मिसाइए झैं यी हाम्रा मानसिक खुराकहरुमा पनि दुषितता मिसिएका छन् भनी हामीले छान्न-चुन्न अत्यन्त जरुरी छ । खराब विचार मिसिएका यस्ता कुरामा यो यो कुरा ठीक छन्, यो यो कुरा बेठीक छन् भनी हामीले बच्चाहरुलाई सचेत गर्नका लागि हेर्ने गर्नु जरुरी छ- उनीहरु कुन कुन खाले पुस्तक-पत्रिकाहरु पढ्ने गरिरहेछन्, गीतहरु सुन्ने गरिरहेछन्, फिल्महरु हेर्ने गरिर हेछन् ? कुन वर्गका मानिसहरुको संगतमा उनीहरु लागिरहेका छन् ?

सर्वप्रथम, यसबारे हामीहरु आफैं सजग बनौं । त्यसपछि बालकहरुमा सचेतनता बृद्धि गराऔं । मान्छेले खाए पनि नखाए पनि खासै धेरै फरक नपर्ने बेसार जस्ता सामान्य कुरामा समेत कडाइपूर्वक शुद्धताको आग्रह राख्ने हाम्रो यो जागरुकता मान्छेलाई उसको समग्र जीवनमा डोऱ्याउने बिचार जस्तो महत्वपूर्ण कुराको छनौट र छानबीनमा झन ज्यादा कडाइपूर्ण र गम्भीरतायुक्त हुनु जरुरी छैन र ?

*o "छोरा ! यो कितावका यी कथाहरुमा रूढीवादी र अन्धविश्वासी धारणाहरु मिसिएका छन्, सजग होऊ । "*

*o "छोरी ! यो चित्रकथामा गलत मान्छेलाई "बहादुर" देखाइएको छ र हुन नसक्ने कोरा कल्पना मिसाइएको छ । त्यसैले चनाखो होऊ ।"*

*o " यो टि.भी. कार्यक्रम तिमीले नहेर, यसमा तिमीलाई बिगार्ने यी यी कुराहरु मिसाइएका छन् । "*

*o " यो गीतमा छाडापन मिसिएको छ । त्यसैले, यस्तो सुनेर समय बर्बाद नगर ।" आदि आदि ।*

यस्ता कुराहरु हामीले हाम्रो व्यवहारको क्रममा नयाँ पुस्तालाई भन्न सक्नु पर्छ, भन्न थाल्नु पर्छ ।

साथमा, हामीले उनीहरुलाई यी कुराहरुका सट्टामा पढ्न, जान्न, सुन्न, हेर्न र मनोरन्जन गर्न राम्रा विकल्पहरु खोजेर, किनेर, ल्याएर र सापटी ल्याएर पनि दिनु जरुरी छ ।

वर्तमान सरकारले देखाउनका लागि मात्रै पनि अरु सामानहरुमा गुणस्तरको कुरा जति गरीरहेछ, त्यति पनि बौद्धिक सामाग्रीहरुको गुणस्तरको पक्षमा यसले चासो देखाइरहेको छैन । झन उल्टो, सरकार विदेशबाट खुल्ला रुपमा यस्ता विकृतिपूर्ण पाठ्य सामाग्रीहरु देशमा भित्र्याउन प्रोत्साहित गरीरहेछ । यसका विरुद्ध पनि सचेत नागरिकहरु जोडदार रुपले लाग्नु जरुरी छ ।

हैन भने, अरुको त कुरै छोडौं, तपाई हाम्रै घर आँगनमा हुर्किर हेको नयाँ पुस्ता पनि विकृत चेतनाद्वारा डोऱ्याइएर समाज विरोधी खेमाका पहर दार बन्न पुग्ने छन् । यसरी, आफ्नै घर आँगनमा पहिरो जाने छ । त्यो टुलुटुलु हेर्न हामी तैयार हुने कि, पहिरो जान नदिने उपाय आजै सोच्ने ?

- हाम्रा सामु यी दुई बाटाहरु खडा भएका छन् । छनौट हाम्रै विवेकमा आधारित हुनेछ । ❑

## नेपाली फिल्म – "तृष्णा"

# "सर्वोत्कृष्ठ फिल्म" को यो स्तरले के दर्शाएको छ ?

– हरिगोविन्द लुईटेल




हाल काठमाडौं उपत्यकाका सबै सिनेमा हलहरुमा चलिरहेछ- नेपाली फिल्म "तृष्णा"।

२०४९ सालको चलचित्र महोत्सवमा "सर्वोत्कृष्ठ" घोषित गरिएको यो चलचित्रलाई यसका प्रस्तुतकर्ताहरुले शायद यसै "सर्वोत्कृष्ठ" घोषित भएको भन्ने आधारमा नै होला "अत्यधिक सफल, अत्यधिक लोकप्रिय चलचित्र" को विशेषण सहित प्रचार-प्रसार गरिरहेछन् र भनिरहेछन्- अवश्य हेर्नुहोस् यो "सांगीतिक चलचित्र"!

कुनै पनि चलचित्रलाई वर्षभरिका अन्य चलचित्रहरुको दाँजोमा "सर्वोत्कृष्ठ" घोषित गरिन्छ भने आशा गरिन्छ- निश्चय नै यो घोषणा गर्नेहरुले यस चलचित्रमा विषय-वस्तु, प्रस्तुती, प्रविधि र अभिनय लगायतका सबै कुराहरुमा ध्यान दिए होलान्, तिनीहरुको मूल्यांकन गरे होलान्।

नायक भुवन के.सी., नायिका रुपा राना र अन्य कलाकारहरुमा मुरलीधर, रविशाह, सन्तोष पन्त, पुकार गुरुङ्ग, कृष्टी मैनाली, मदनदास श्रेष्ठ आदिको अभिनयमा शायद खोट लगाउनु पर्ने ठाउँ यस फिल्ममा छैन। सबैमध्ये रुपा रानाको अभिनय अरुको भन्दा खारिएको र सन्तोष पन्तको अभिनय चाहिं अरुको भन्दा कच्चा (हास्य कलाकारले गंभीर भूमिका निर्वाह गरेकोले होला) रहेको यस फिल्ममा क्यामेरा संचालन र प्रकाश व्यवस्था पनि आम- दर्शकलाई सन्तुष्ट पार्ने खालको नै पाइन्छ। शुरुका केही दृश्यहरुमा भुवन के.सी.-ले मुख चलाएको र संवाद बोलेको नमिलेको प्रस्टै देखिए पनि सामान्यतया ध्वनिको पक्ष पनि खोटपूर्ण छैन। यी सबै हिसावले मात्र यो चलचित्र "सर्वोत्कृष्ठ" ठानिएको हो भने खासै आपत्ति गर्नु पर्ने ठाउँ थिएन।

कुनै पनि फिल्मको महत्वपूर्ण पक्ष त्यसको साजसज्जा र प्रस्तुती मात्र हैन। सबैभन्दा महत्वपूर्ण पक्ष त्यसको विषय-वस्तु हो। कुनै फिल्म कस्तो छ भनेर सही मूल्याङ्कन गर्न यसद्वारा कुन विषय- वस्तु पाठकसामु प्रस्तुत गरिएको छ र त्यसले पाठकमा के छाप पार्न खोज्दछ भन्ने कुरा केलाउनु अत्यधिक जरुरी हुन्छ। कारण, कथा-वस्तु नै कुनै पनि आख्यानको मेरुदण्ड हो। कथा-वस्तु विनाका अरु साजसज्जाहरुको खासै अर्थ रहन्न।

तर फिल्मको यत्ति महत्वपूर्ण यो पक्ष अर्थात विषय-वस्तुको पक्षलाई ध्यानमा राखेरै के "तृष्णा" फिल्मलाई २०४९ सालको "सर्वोत्कृष्ठ फिल्म" घोषित गरिएको हो त?- यो फिल्म हेरेपछि थोरै पनि सचेत जो कोही दर्शकको मनमा पनि यो प्रश्न स्वाभाविक रुपले उठ्दछ।

के कुरा प्रष्ट छ भने - यदि कुनै फिल्मलाई सोलोडोलो रुपमै "वर्षभरिको सर्वोत्कृष्ठ" मानिन्छ भने मान्नै पर्ने हुन्छ - त्यस फिल्मका सबै पक्षहरुलाई मोटामोटी रुपमा राम्रै मानिएको हुनुपर्दछ।

तर "तृष्णा" फिल्मको विषय-वस्तुलाई हेर्दा भने गम्भीरतापूर्वक सोच्नु पर्ने हुन आएको छ कि हाल हाम्रो नेपाली फिल्मी क्षेत्र कुन स्तरमा रहेछ? "सर्वोत्कृष्ठ" फिल्मको हालत त यस्तो छ भने अरु फिल्महरुको हालत कस्तो होला?

"तृष्णा" फिल्म साँच्चै कस्तो छ त?

आउनुस्- यसवारे चर्चा गरौं।

आमा र बाबु मरेपछि जेठो बाबु र जेठी आमाको खटनमा बस्न नसकेर बाबुको भ्वाइलिन बोकेर पोखरा हिंडेको बालक सावन गीत गाएर माग्दै हिंडिरहँदा कुनै पुलिस अधिकृत हरिमर्दन थापाकी बालिका छोरी दीपाद्वारा मन पराइन्छे। तर दीपाको बाबुको काठमाडौंमा सरुवा भएपछि उनीहरु छुट्टिन बाध्य हुन्छन्। सावन पनि "थापा साहेब" को घर खोज्दै काठमाडौं आउँछ, तर घर फेला पर्दैन।

काठमाडौंको सडकमा गीत गाएर हिंडिरहँदा कोही शम्भुकाजीको बालक छोरा शक्तिले सावनलाई देखेर उसको भ्वाइलिन मन पराउँछ। बाबुले भ्वाइलिन र भ्वाइलिन वादक सावनलाई नै पनि घरमा लैजान्छ र पाल्छ।

अब सावन त्यो सम्पन्न घरमा छोरो शक्तिकै जस्तो हैसियतमा सुखपूर्वक बाँच्न थाल्छ। सावन र शक्ति दुईका बीच घनिष्ठता गहिरिन्छ।

यसबीच, केही वर्षपछि दीपा दिल्लीबाट पढेर घर फर्कन लागेकी रहेछ, संजोगवश सावनले उसलाई एयरपोर्टमा भेट्छ। साँझ दीपाको बाबुले दिएको पार्टीमा सावनले पुरानै धून र गीत गाएपछि उनीहरुको दोहोरो परिचय हुन्छ। उनीहरुको बालक कालदेखिको "प्रेम" ले साकार रुप लिन लाग्छ।

उनीहरुको विहेको कुरा आपसमा चल्दाचल्दै केही दिनलाई वम्बै गएकी दीपालाई शक्तिले संयोगवश वम्बैकै कुनै रेष्टुरामा एक झल्को देख्छ। ऊ दीपाबाट मोहित भएर काठमाडौं फर्कन्छ। घर आएर सावनलाई ऊ भन्छ- "सावन! मैले देखेको त्यो केटी नपाए म जिन्दगीमा विहे नै गर्दिन।"

बस! दीपा प्रतिको सावन र शक्ति दुवैको तीव्र झुकावको अब टक्कर पर्न थाल्छ। आफूलाई पाल्ने घरको दाजु समान वा साथी समान शक्तिको निम्ति त्यो "केटी" खोजिदिन सावन ज्यान फालेर लाग्छ। त्यो केटी आफ्नै प्रेमिका "दीपा" नै रहिछ भन्ने रहस्य खुलेपछि पनि ऊ "दीपा"लाई

शक्तिसँगै विहा गराउन प्रयत्न गर्ने "महानता" देखाइरहन्छ । शक्ति पनि सावनप्रति शंकालु बन्दछ ।

आखिर सावन घर छोडेर हिडेपछि, चिठीहरुद्वारा "सावन-दीपा" प्रेमको रहस्य बुझेर शक्तिले पश्चाताप गर्छ। तर दुर्घटनाबाट दीपा र शक्ति मर्छन्। सावन पुनः भ्वाइलिन बोकेर सडकमा विरह-गीत गाउन थाल्छ।

यही हो फिल्म -"तृष्णा"

अर्थात्, यही "हिन्दी फिल्मी" कथानक नै हो नेपाली फिल्म "तृष्णा"को पनि कथानक !

हाम्रो समाजमा प्रायः घट्न असंभव घटनाहरुको जाल बुनेर तयार गरिएका गैर- यथार्थवादी थुप्रै हिन्दी फिल्महरुको ओइरो लागेको बेला, नेपाली फिल्म निर्माताहरुले पनि यस्तै कोरा कल्पनाहरुमा बग्ने हो भने हाम्रो समाजको वास्तविकता-माथि "न्याय" कसरी हुन्छ ? र यो "न्याय" कसले गर्ने ? - यो प्रश्न ज्वलन्त रुपमा नेपालीहरुका सामु उठेको छ ।

माग्दै हिंड्ने गरीब गाइने केटाप्रति धनीकी छोरीको मन क्षणिक रुपले तानिन सक्छ। तर त्यो यसको लगत्तै दिनदिनैको भेट र "प्रेम" मा बदलिने गर्दैन । यसो हुन संभव छ भन्नु ठूलो झूठ बोल्नु हो। यो झूठले अर्को महा-झूठलाई पुष्टि गर्ने कोशिस गर्छ, त्यो हो- "प्रेम" भनेको धनी वा गरीव वर्ग हुनुभन्दा माथि हुन्छ " भन्ने महा-झूठ।

यस्तो "प्रेम" काल्पनिक कथाहरुमा मात्र संभव छ, यथार्थमा यो संभव छैन । यस्ता आवास्तविक प्रेम- कथाहरुले शोषित-पीडित गरीव जनताहरुलाई "प्रेम" को नाममा धनीहरुको "दया" को पात्र बन्ने गलत सन्देश मात्र दिन्छन्। यिनीहरुले गरीविको कारणविरुद्ध संघर्ष गर्नबाट ध्यान अन्तै मोड्ने काम गर्दछन् । सम्पन्नहरुको पक्षमा "उदारता" वा "प्रेममयता" को खोक्रो प्रचार यिनीहरुले गर्छन् ।

माग्नेले भ्वाइलिन बजाएको देखेर छोराले त्यो मन परायो भनेर भ्वाइलिन बजाउने माग्नेलाई समेत "छोरा" समान गराएर पाल्ने "उदार-सम्पन्न" व्यक्तिहरू यथार्थमा समाजमा पाईदैनन्। यस्ता "उदारहरु"

# उग्र वामपन्थी गल्ती किन र कसरी हुन्छ ?

-प्रज्ञान रत्न

हामीले झापाकाण्ड र नक्सलवादी आन्दोलनबारे थुप्रै कुरा सुनेका छौं। ती राम्रा नियतले जनताकै लागि भएका संघर्षहरु थिए। तर नियत राम्रो हुँदैमा, संघर्ष जनताको लागि भएको हुँदैमा प्रत्येक संघर्ष जन-संघर्ष हुँदो रहेनछ । तिनीहरुमा जनताको सहभागिता भईहाल्दो रहेनछ र तिनले जन-मुक्ति भईहाल्दो रहेनछ। नियत राम्रो भएर पनि प्रक्रिया गलत भयो भने नतीजा ठीक उल्टो पनि निस्कँदो रहेछ । झापाकाण्ड र नक्सलवादी आन्दोलनले यो प्रत्यक्ष रुपमा देखाईसकेको छ। संबन्धित पार्टीहरुले त्यसको

को उपस्थिति समाजमा देखाउनुले गरीवहरुलाई केवल कोरा "सपना" मात्र बाँड्दछ।

प्रशिद्ध गायक भक्तराज आचार्य जस्ताले औषधि गर्न खर्च नपाइरहेको स्थिति देखेर समेत हृदय पग्लने कुनै "सरकार" वा "काजी" हरु नभएको यथार्थ हाम्रो समाजको नग्न-यथार्थ हो । यस्तो हाम्रो समाजमा "माग्ने गायक" लाई "छोरा समान" पाल्ने विशाल हृदयहरु पनि यहाँ छन् भन्ने जुन प्रभाव यस फिल्मले दिन खोजेको छ, त्यो, यसकारण, वदनियतपूर्ण पनि छ।

यसबाहेक, फिल्ममा अति मिल्ने व्यक्ति शक्तिसंग सावनले आफ्नी प्रेमिका दीपा हो भनेर सहजै र शुरुमै बताएमा समस्या तत्कालै हल हुने थियो। एक झल्को देख्दैमा अपरिचित केटीको लागि शक्तिले त्यत्रो हत्ते हाल्नै पर्ने थिएन ।

फिल्ममा उनीहरुलाई जुन स्तरको आधुनिक र शिक्षित देखाइएको छ, त्यस स्तर अनुसार उनीहरुले यथार्थमा यस्तो व्यवहार गर्ने गर्दैनन्। तर फिल्ममा निर्देशक उगेन छेपेलले भने यस्तै गराएका छन् । कारण, उनलाई त एउटा "व्यावसायिक फिल्म" तयार गर्नु न छ, सामाजिक यथार्थ जे सुकै होस् ! ✱

**नेताहरुको अनुभूति हुन्छ- हामी "गुरु" हौं र जनता "चेला" हुन्, हामी कर्ता हौं र जनता त्यसका पिछलग्गु, हामी जान्दछौं र जनता केही पनि जान्दैनन्, हामीले कार्यक्रम दिने हो र जनताले त्यो चुपचाप लिने हो......**

आत्मालोचना पनि गरिसकेका छन्। ती आन्दोलनको नियत राम्रो भएर पनि तिनमा रहेको मुख्य दोष थियो- जनताको असहभागिता, जनताको आलोचनात्मक र सचेत सहभागिताको अभाव । ती संघर्षहरु त जनताबाट अलग्गै, जनताको सचेत सहभागिताबिना नै गरिएका संघर्षहरु थिए।

क्रान्तिकारी नेताहरुले जनताबाट अलग्गै कुनै संगठन गर्ने वा संघर्ष गर्ने प्रवृत्तिबाट हमेशा बच्नु पर्दछ। जनताबाट अलग्गै कुनै कार्यबाही गर्ने प्रवृत्तिबाट हमेशा उग्र वामपन्थी चिन्तनको जन्म हुन्छ ।

उग्र वामपन्थको एउटा मुख्य विशेषता के हो भने-क्रान्ति-कारी नेताहरु आफूलाई कर्ता ठान्छन् र त्यस्तो कर्म जनतामाथि लाद्छन्, जुन जनताको आवश्यकता त हुन्छ, तर जनताले त्यसलाई आवश्यकताको रुपमा महशूस गरिसकेको भने हुँदैन । फलस्वरुप, त्यस्तो कर्ममा जनता मूक दर्शक बन्छन् । नतीजा हुन्छ, क्रान्तिकारी नेता र जनता बीचको अलग्याइ !

यस्तो प्रत्येक अलग्याइ जम्माजम्मीमा चुसाहाहरुको फाइदामा हुन्छ । त्यस्तो जनताबाट अलगिएर गरिने कुनै पनि कर्मबाट जनताको मुक्ति कहिल्यै हुँदैन, चाहे त्यसको पछाडिको नियत जतिसुकै राम्रो किन नहोस् ।

हरेक मुक्तिदायी कार्यवाहीको लागि जरुरी हुन्छ-क्रान्तिकारी नेतृत्व र जनता बीच सांस्कृतिक संश्लेषण। जनता "दर्शक" र क्रान्तिकारी नेताहरु "कर्ता", यस्तो होइन। जनता "कर्ता" र क्रान्ति-कारी नेताहरु "दर्शक", यस्तो पनि होइन । दुई बीचको संश्लेषण, सांस्कृतिक संश्लेषणमा नै समस्याको सही समाधान छ। अर्थात्, क्रान्तिकारी नेताहरु जनतासँगै होऊन् र नेता र जनता दुवै "कर्ता" होऊन्। जनतासंगै हुनुका कारणले र जनताले आफ्नो कार्यवाहीमा तुलनात्मक योग्यता महशूस गर्नुको कारणले नेता "नेता" भएको होस्, यसैमा समस्याको समाधान छ।

अक्सरतया के हुने गर्छ भने कुनै समस्या बस्तुगत रुपले जनताको समस्या हो, तर बहुसंख्यक जनताले त्यसलाई आफ्नो समस्याको रुपमा महशूस गरिसकेको हुन्न । जनता आत्मगत रुपले त्यो समस्या समाधान गर्नको लागि कार्यवाही गर्न तम्तयार नै भईसकेको हुन्न। त्यो स्थितिमा के गर्ने ?

त्यो स्थितिमा क्रान्ति-कारी नेताहरुले कार्यवाही थाल्ने हतारो गर्नु हुन्न, धैर्यसाथ पर्खनु पर्छ । आफ्ना कामहरुले जनताको दृष्टिकोणमा परिवर्तन ल्याउने प्रयत्न गर्नुपर्छ । उनीहरुले आफ्नै अनुभूतिले त्यो समस्यालाई आफ्नो समस्याको रुपमा लिने स्थिति पैदा गर्नुपर्छ। अनि मात्र त्यो कार्यवाही "जनताको कार्यवाही" हुन सक्दछ। फगत बस्तुगत स्थिति भएर पुग्दैन, आत्मगत स्थिति पनि त्यही अनुकूल चाहिन्छ, अनि मात्र त्यो कार्यवाही "जन कार्यवाही" हुन सक्छ।

गल्ती के मा हुने गर्छ भने केही मानिसहरु जनताभन्दा अलग्गै कुनै समस्यालाई जनताको समस्या

भनेर सोच्छन् र त्यसको समाधानको लागि कार्यवाही थाल्ने बित्तिकै जनताहरु आफ से आफ पछि लागिहाल्छन् नि ! -भन्ने विचार गर्छन् । ध्याउन्ना असल हुने बित्तिकै जनताको समर्थन जुटीहाल्छ भन्ने उनीहरुको चिन्तन हुन्छ । फलस्वरुप, उनीहरु केही राम्रा कार्यवाही सोच्छन् र जनतामाथि त्यो लाद्छन् । तर दुःखान्त कहाँ हुन्छ भने-त्यो कार्यवाही थाल्ने सवालमा जनताको कतै सहभागिता रहेकै हुन्न । उसको चेतनशीलता त्यो उँचाइमा पुगिसकेकै हुन्न । त्यस्तो लादिएको कार्यवाही अन्ततः केही "राम्रा नियत भएका बहादुरहरु" को कार्यवाहीमा बदलिन्छ । केही मुठ्ठीभर मानिसको कार्यवाही भएको हुनाले त्यसमा शत्रुलाई दमन गर्न बडो सजिलो पर्छ । निर्मम दमनले कैयनमा आत्म-समर्पण वा पलायनको स्थिति पैदा गर्छ ।

यसरी उग्र-वामपन्थी चिन्तनको मुख्य चरित्र हुन्छ -चिन्तन र कार्यवाहीमा जनताको असहभागिता, यान्त्रिक रुपले जनतामाथि आफ्नो चिन्तन र कार्यवाही लाद्ने प्रवृत्ति र जनताबाट अलगाव !

जनताको सहभागिता र जनतासँगै कार्य गर्नका लागि सर्वप्रथम "जनताहरु पनि जान्दछन्" भन्ने विश्वास चाहिन्छ र उनीहरु स्वयंले कुनै कुरा बोध नगरेसम्म सो बोधका लागि काम गर्दै पर्खने अपार धैर्य चाहिन्छ । उग्रवामपन्थी चिन्तनको जरो के हुन्छ भने-नेताहरुलाई यो थाहा हुन्न कि जनतालाई पनि थाहा छ । उनीहरुले के मात्र थाहा पाएका हुन्छन् भने-"थाहा" उनीहरुसंग मात्र छ । र, उनीहरुमा आफूले थाहा पाएका कुरहरु जनताले पनि आफ्नै अनुभूतिमा थाहा नपाउन्जेल काम गर्ने र पर्खने बानी हुँदैन । जनताको "थाहा" प्रतिको अविश्वास र अधैर्यता उग्र वाम-कार्यवाहीको जरो हो । नेताहरुको अनुभूति हुन्छ- हामी "गुरु" हौं र जनता "चेला" हुन्, हामी कर्ता हौं र जनता त्यसका पिछलग्गु, हामी जान्दछौं र जनता केही पनि जान्दैनन्, हामीले कार्यक्रम दिने हो र जनताले त्यो चुपचाप लिने हो, हामी अभिनयकर्ता हौं र जनता तमासे हुन्, विचार हामीले गर्ने हो र जनतालाई हामीले उपयोग गर्ने हो । यही मानसिकता नै हो उग्र-वाम चिन्तनको जन्मदाता मानसिकता !



नक्सलवादी नेता क. चारु मजुमदार : उग्रवादका आत्मालोचक

त्यसैले, उग्र वामपन्थी चिन्तनबाट मुक्त हुने हो भने जनताको थाहाप्रति अपार विश्वास हुनु पर्छ र उनीहरुले थाहा नपाउँजेल थाहाको लागि स्थिति तयार पार्ने लगनशीलता हुनु पर्छ र पर्खने स्वभाव हामीमा हुनुपर्छ । हामी नै कर्ता हौं, हामीले मात्रै नै विचार गर्ने हो, हामी नै गुरु हौं, हामीले नै एकतर्फी रुपमा कार्यक्रम दिने हो भन्ने मानसिकताबाट मुक्त हुनु पर्छ । मुख्य कुरा, मुक्तिको लागि जनतासंग निरन्तर काम गर्ने हो र त्यो दौरानमा आफू गुरु र चेला दुवै बन्न तयार हुनुपर्छ । जनताको लागि आफूले सोची दिने होइन, सोचाइमा र कर्ममा जनता स्वयंको सहभागितालाई हर हमेशा सुनिश्चित पार्नु पर्दछ ।

यस दौरानमा जनता पनि रुपान्तिरत हुने र आफू पनि रुपान्तरित हुने प्रक्रिया भएर गुज्रने मानसिकता बनाउनु पर्दछ । कुनै पनि संघर्ष जनताको अनुभूत आवश्यकतामाथि आधारित गरेर मात्र थाल्नु पर्छ । क्रान्तिकारी नेता र जनताबीच हमेशा द्वन्दात्मक संबन्ध र संवाद ! -उग्र वाम गल्तीबाट बच्ने मुख्य बाटो यही हो ।

चिन्तनका हिसाबले यान्त्रिक चिन्तन प्रक्रिया नै उग्र वामपन्थी चिन्तनको मूल कारण हो भन्ने कुरा माथि पनि उल्लेख गरियो । जनताको अनुभूति र चेतना स्तरसित आफ्नो अनुभूति र चिन्तन मेल खाओस् कि नखाओस्, यान्त्रिक रुपले त्यो लाद्न खोज्ने प्रवृत्ति भनेको यान्त्रिक चिन्तन प्रक्रियाको उपज हो । उग्र वामपन्थी चिन्तनबाट बच्ने हो भने यस चिन्तन प्रक्रियाबाट बच्नु पर्छ । हाम्रो चिन्तन गतिशील यथार्थसित मेल खाने हुनु पर्‍यो, वस्तुवादी हुनु पर्‍यो, द्वन्दात्मक हुनु पर्‍यो ।

जनताको अनुभूत आवश्यकताबाट संघर्ष थालिनु पर्छ भनेर हामीले माथि भन्यौं । तर यस दौरानमा सधैं दुई वटा अतिवादी गल्तीको संभावना रहन्छ ।

पहिलो हो-जनताकै अनुभूत आवश्यकतासम्म मात्रै हमेशा सीमित हुने गल्ती । दोश्रो हो-जनताको अनुभूत आवश्यकताको कुरो छोडीदिएर सुदूर भविष्यको कुरा मात्र उठाउनमा सीमित हुने गल्ती ।

जस्तो, उदाहरणको लागि, कुनै ठाउँका जनता तीन भागको दुई भाग कूत तल्सि लाई बुझाउनु पर्ने ठाउँमा आधा कूत मात्र बुझाए पुगोस् भनेर संघर्ष गर्न चाहन्छन् । त्यहाँ तत्काल उनीहरुको अनुभूतिको आवश्यकता नै यही छ । यस मामलामा क्रान्तिकारी नेताहरुबाट हुन सक्ने दुई वटा गल्तीमध्ये एउटा के हो भने- त्यो संघर्षबाट ती किसानहरुको जीवनमा आमूल परिवर्तन हुनेवाला छैन भनेर त्यो अनुभूत आवश्यकताको विषय नै छोडिदिने, त्यो संघर्षलाई महत्व नै नदिने र जनताहरुले अनुभूत नगरेको दूर-दराजको "मुक्तिका सवालहरु", वा आमूल परिवर्तनको सवालहरु उठाउनमा मात्र सीमित हुने गल्ती ! यो एउटा अति हो ।

अर्को अति हो-जनताको अनुभूत आवश्यकता भनेर खालि कूत दुई तिहाई बुझाउनु पर्ने ठाउँमा आधा मात्र बुझाउने संघर्षमा मात्रै सीमित हुने गल्ती !

समस्याको समाधान दुईवटै अतिमा छैन, यी दुईको संश्लेषणमा छ ।

संघर्ष जनताको अनुभूत आवश्यकताको विषयबाटै थालिनु पर्छ, जस्तो कि कूत आधामा गर्ने बारेको संघर्ष । तर जनतासितको निरन्तर द्वन्दात्मक संबन्ध र संवादबाट यस्तो स्थिति सिर्जना गर्ने काम पनि गरिनु पर्छ कि-यतिमै सीमित भएर उनीहरुको समस्याको वास्तविक समाधान हुँदैन भन्ने कुरा उनीहरु आफैले अनुभूति पनि गरुन् । उनीहरुको मुक्ति जमीनमा सार्वजनिक स्वामित्व हुनुमा नै छ भनी उनीहरुले बोध गरुन् ।

यसरी क्रान्तिकारी नेताहरुले जनताकै संस्कृतिमा नै विलीन र सीमित हुनुमा पनि मुक्तिको समस्याको हल छैन, आफ्नो संस्कृति जनतामाथि लाद्नुमा पनि मुक्तिको समस्याको हल छैन । दुईवटै संस्कृतिको द्वन्दात्मक अर्न्तसंबन्ध अथवा संश्लेषणमा नै मुक्तिको समस्याको समाधान छ ।

जनतामाथि आफ्नो चेतनास्तर लाद्नुबाट उग्र वामपन्थी गल्ती पैदा हुन्छ , जनताको चेतना-स्तरमै मात्र क्रान्तिकारी नेताहरु सीमित र विलीन हुनुले उग्र दक्षिणपन्थी गल्ती पैदा हुन्छ । यी दुईको संश्लेषणबाट नै जनताको मुक्तिको यात्रा शुरु हुन्छ ।

मुख्य सवाल हो-जनताको मुक्ति जनता आफैले गर्नु पर्छ, केही मानिसको पवित्र इच्छाबाट मात्र जन-मुक्ति संभव छैन । क्रान्तिकारी नेताहरु यो मुक्ति अभियानमा जनतासँगै रहेर मुक्ति प्रक्रियाको सहयोगी मात्र हुन सक्दछन्, मुक्तिदाता हैन । ★

## के गर्दा दुस्साहसवाद हुन्छ ?
## के गर्दा दक्षिणपन्थी अवसरवाद ?
### - क. माओ त्से तुंग

**जनसमूह जागृत नै नहुँदै हामी जाइलाग्ने काम गर्न खोज्छौं भने त्यो दुस्साहसवाद हुनेछ । जनसमूहलाई उनीहरूको इच्छा विरुद्ध कुनै कुरा गराउनतिर हामी जोड गर्छौं भने हामी निश्चय नै असफल हुनेछौं । जब जनसमूहले अघि बढ्ने माग गर्छ, त्यतिबेला हामी अघि बढ्दैनौं भने, त्यो दक्षिणपन्थी अवसरवाद हुनेछ । ★**

**"शान्सी-सुयुआन" दैनिकको सम्पादक मण्डलसितको कुरानीबाट**

# वस्तु र चेतनाको, जगत र ब्रम्हको सम्वन्ध के ?

-डी. आर. पोखरेल

**आज यस लेखमा छलफलको निमित्त दर्शनशास्त्रको मूल प्रश्न छानिएको छ । यो मूल प्रश्न भनेको भौतिक अस्तित्व र चेतनाको वा सत्ता र चिन्तनको बीचको सम्बन्ध निरुपणको प्रश्न हो ।** यो नै विषय छान्नु पर्ने जरुरी किन पऱ्यो ? किनकि, आज यसको ठूलो महत्व छ । हाम्रो समाजमा विद्यमान रुढी संस्कार, धार्मिक पूर्वाग्रह र पिछडिएका अवैज्ञानिक धारणाहरुका कारणले वैज्ञानिक वा भौतिकवादी चिन्तन हुर्कन मुस्किल परिरहेको देखिन्छ । समाजको प्रतिकृयावादी तत्वदेखि सामान्य जनसमूहको त कुरै छोडौं, आफूलाई भौतिकवादी भनी घोषणा गर्ने वामपंथीहरु र तिनका पृथक पृथक जत्थाहरु समेतमा वास्तविक अर्थको भौतिकवादी चिन्तन पाइँदैन । त्यसो भएकाले यो सम्बन्ध निरुपणको विषय यहाँ छानिएको छ, र यसको महत्व पनि यसैमा छ ।

> **भारतीय दर्शनमा खास गरी अद्वैत वेदान्तले अवस्तुवादी चिन्तनधारालाई सर्वाधिक बलियो बनाएको पाईन्छ । यसको प्रचलित भनाइ नै छ- "जगत मिथ्या, ब्रम्ह सत्य" ।**

## दर्शनशास्त्रको मूल प्रश्न "जगत्" र "ब्रम्ह" को सम्बन्ध निरुपण गर्नु हो

माथि नै बताइयो कि दर्शनशास्त्रको मूल प्रश्न भौतिक अस्तित्व वा "जगत" (Matter) र चेतना वा "ब्रम्ह" (Consciousness) को बीचको सम्बन्ध निरुपण गर्नु हो । मानव जातिलाई आदिकालदेखि नै "जगत" को बहुरुपी चरित्रले जिज्ञासु बनाएको छ । हुरी-बतास, बर्षा-खडेरी, जाडो-गर्मी, उज्यालो-अँध्यारोदेखि भूकम्प-ज्वालामुखी, ज्वार भाटा, बाढी-पैरोका साथै चन्द्रमाको चन्द्र-कला, ताराहरुको टिमटिमाहट र उल्काहरु इत्यादिले मानिसलाई सधैं कुतकुत्याएको छ । यो प्रकृति र मानिसको बीचको सम्बन्ध खोज्ने काम आदिकालबाटै शुरु भएको हामी पाउँछौं । र, यस प्रकृतिमा मानव कसरी पैदा भयो ? वा प्राणी जगत कसरी पैदा भयो ? वा कसले पैदा गऱ्यो ? भन्ने जिज्ञासाहरु यसै क्रममा जन्मिए । पहिले के हो ? भन्ने प्रश्न र त्यसपछि कसरी, कसले भन्ने प्रश्न उब्जिएको पाउँछौं । यिनै जिज्ञासाहरुलाई शान्त गराउने क्रममा दर्शनशास्त्रको जन्म भयो ।

हामीलाई थाहै छ-दर्शनशास्त्रको आधारभूत रुप दुई वटा छ । एउटा आदर्शबाद (अध्यात्मवाद) र अर्को भौतिकवाद ।

आदर्शवादले "जगत" र "ब्रम्ह" को सम्बन्ध निरुपण गर्दै "ब्रम्ह" लाई आदि तत्व बताएको छ । पूर्वमा "ब्रम्ह", "आत्मा", "चित", "परम ज्ञान" इत्यादिको धारणा पैदा भएको पाउँछौं भने पश्चिममा पनि हेगेल, कान्ट प्रभृत्तिहरुले निरपेक्ष बिचार (Absolute Idea), सर्वोच्च ईश्वर (Supreme God) इत्यादिको धारणा ल्याएको पाउँछौं । यो सबको मतलब के हो भने चेतना नै आदि तत्व हो । जब कि- भौतिकवादले "जगत" र "ब्रम्ह" वा Matter (भौतिक वस्तु) र चेतनाको सम्बन्ध निरुपण गर्दै वस्तु (Matter) लाई प्राथमिक (Prior) भएको घोषणा गरेको छ । त्यसैगरी आदर्शवादले दर्शनशास्त्रको अर्को मूल प्रश्न "जगत् बोधगम्य छ कि छैन ?" भन्नेमा "जगत" लाई "अबोधगम्य" वा जान्न नसकिने बताएको छ, जब कि भौतिकवादले यसलाई बोधगम्य ठानेको छ । यी प्रश्नहरुलाई आजको हाम्रो समाजको सापेक्षतामा, ठोस स्थितिमा राखेर हेरिनु जरुरी छ ।

नेपाली समाजमा , पूर्वीय दर्शन खास गरी भारतीय दर्शनको प्रभाव देखिन्छ । यसमा सांख्य, योग, मिमांशा, "शिवशक्ति", शैव र गीता दर्शन आदि प्रमुख छन् । चार्वाक दर्शनको खास प्रभाव देखिँदैन । बरु यी सबै दर्शनको मिश्रित र काम चलाउ रुप "लौकिक दर्शन" -लोकायत पाईन्छ । यहाँ अनगिन्ति मतसम्प्रदाय र अखडाहरु हुँदा हुँदै पनि समाजले "ब्रम्हा, विष्णु, महेश्वर" लाई एकै साथ पूजीरहेका छन् । इहलोक र परकलोक, स्वर्ग र नरक, आत्मा र परमात्मा, ब्रम्ह र ईश्वर, एकैसाथ मानिरहेका छन् । यिनलाई पुष्टि दिनका लागि वैदिक ग्रन्थहरु छन्- वेद, उपनिषद, पुराण, महाभारत, रामायण, गीताका काव्य धाराहरु छन् । यिनै कुराहरुको आधारमा एक खालको धार्मिक विश्वास, संस्कार र संहिता प्रचलित भएको देखिन्छ । र, यसबाट एक खालको जीवन दृष्टि निर्मित भएको छ, जुन विज्ञानमा आधारित छैन, वैज्ञानिक चिन्तन प्रकृयामा आधारित छैन । यसो भएकोले भौतिकवादी जीवन दृष्टि निर्मित हुन सकेको छैन ।

भारतीय दर्शनमा खास गरी अद्वैत वेदान्तले अवस्तुवादी चिन्तनधारालाई सर्वाधिक बलियो बनाएको पाईन्छ । यसले "ब्रम्ह" लाई आदितत्व मात्र मानेको नभै त्यसलाई मात्र "सत्य" मानेको छ र "जगत" लाई भूठ वा माया बताएको छ । यसको प्रचलित भनाइ नै छ- "जगत मिथ्या, ब्रम्ह सत्य" ।

## के "जगत मिथ्या, ब्रम्ह सत्यको धारणा" सही धारणा हो ?

अद्वैत वेदान्तको यस भनाइलाई विचार्दा के भन्न सकिन्छ भने-"जगत" र "ब्रम्ह" को उनीहरुको भनाई भौतिक अस्तित्व ( matter) र चेतना कै अर्थमा भनिएको हो । किनभने, आदर्शबादका अन्य सम्प्रदाय र मतले पनि भौतिक अस्तित्व र चेतनाको सम्बन्ध निरुपण गर्ने क्रममा कसैले "सत", "चित" भनेका छन भने कसैले "जगत" र "ब्रम्ह" ।

माथि नै बताइयो कि जे नामाकरण गरिएको भए पनि आदर्शवाद (आध्यात्मबाद) को मूल धारणा हो-चेतनाद्वारा जगत अर्थात संसार निर्माण भयो भन्ने । वा चेतनालाई वा ब्रम्ह वा चितलाई आदितत्व, श्रोत तत्व मान्ने । के चेतना आदि तत्व हो त ? विज्ञानको आधारमा राखेर हेर्दा के निचोड निस्कन्छ ?

प्राकृतिक विज्ञानको निचोड के छ भने-चेतना पैदा हुनुभन्दा धेरै अघिदेखि नै भौतिक जगतको वा प्रकृतिको अस्तित्व विद्यमान थियो । चेतना त धेरै पछिको प्राकृतिक परिघटना ( phenomenon) मात्र हो, ब्रम्ह वा चित, ईश्वर वा God वा खुदा त मानव प्रकृतिमा पैदा भएपछि मानवद्वारा नै निर्मित गरिएका धारणा मात्र हुन् । प्रकृतिबाट, भौतिक जगतबाट स्वतन्त्र यिनको कुनै अस्तित्व छैन भनी वैज्ञानिकहरु भन्दैछन् । बरु भौतिक जगतको नै चेतनाबाट स्वतन्त्र अस्तित्व भएको कुराको वैज्ञानिक खोजद्वारा पुष्टि भएको छ ।

वैज्ञानिकहरुको भनाइ छ कि- आदिकालमा मानिस आज जस्ता विकसित थिएनन् र उनीहरुसित आजको जस्तो ज्ञान विज्ञानको भण्डार थिएन । त्यतिवेला तिनीहरुसित प्राकृतिक नियमहरु (Natural Laws) लाई बुझ्नको लागि कुनै सुविधा थिएन । न त ज्ञान, अनुभव वा सक्षमता नै थियो । ती प्रकृतिका दास थिए । यस कुरालाई थाहा पाउन आदर्शवादकै पुष्टि गर्ने वैदिक ग्रन्थहरु हेरे पुग्छ ।

सबभन्दा पुरानो ग्रन्थ- ऋग्वेदमा के मन्त्र छ ? कस्ता ऋचाहरु छन् भनी हेर्ने हो भने सजिलै थाहा पाइन्छ कि त्यस ग्रन्थका ऋचामा खोला, नाला, पहाड, आगो, हुरीप्रतिको पूजा अर्चनाको मन्त्र छ- "हे पहाड हाम्रा गाईहरुलाई बचाऊ," "हे खोला, तिमी बाढी नबनीदेऊ, हाम्रा गाइवस्तुहरु नबगाई देऊ " इत्यादि मन्त्रहरुले ऋग्वेद भरिएको हामी पाउँछौं ।

यसको के मतलब हुन्छ ? यसको यही मतलब हुन्छ कि-त्यस समयसम्म पनि प्राकृतिक नियमहरुलाई बुझ्ने मानव चेतना पैदा भैसकेको थिएन । भौतिक जगत, त्यस समयमा पनि उत्तिकै वस्तुगत यथार्थ थियो, जति आज छ । तर भौतिक जगतको वस्तुगत यर्थायतालाई बुझ्न असमर्थ भएपछि, भौतिक जगत र मानव मनको सम्बन्ध निरुपण नगरीनभएपछि बिस्तारै ईश्वर, ब्रह, गड, खुदा आदिको "परम शक्ति" द्वारा जगत् संचालित भएको धारणा जन्मिन पुग्यो ।

यो त मानव जातिको अज्ञानताबाट, प्राकृतिक प्रकोपको भयबाट जन्मिएको धारणा थियो । यसकै बिस्तार को क्रममा "जगत् मिथ्या ब्रहम सत्य" को धारणा पैदा भएको हो । कुनै पनि धारणा पैदा भएकै कारणले सत्य हो भनेर नभन्ने हो भने यो धारणा वस्तुगत छैन । यसको असत्यताबारे माथि चर्चा भैसकेको छ ।

**ऋचामा खोला, नाला, पहाड, आगो, हुरीप्रतिको पूजा अर्चनाको मन्त्र छ– "हे पहाड ! हाम्रा गाईहरुलाई बचाऊ," "हे खोला, तिमी बाढी नबनीदेऊ, हाम्रा गाइवस्तुहरु नबगाई देऊ !"**

## के भौतिक "जगत" नै बस्तुगत यथार्थ र "ब्रह्म" चाहिं यसको उपाज हो ?

प्राकृतिक विज्ञानको आजसम्मको खोज र निचोडले के प्रमाणित गरेको छ भने-यो मानव जातिले बसोबास गरेको पृथ्वी कुनै समय यस्तो अवस्थामा पनि थियो, जहाँ मानिसको त के कुरा, अन्य कुनै प्राणी समेतको अस्तित्व थिएन र त्यस समय अस्तित्वमा हुने कुनै संभावना नै थिएन । किनभने, माथि नै भनिएको छ कि, चेतना भौतिक बस्तुको विकासको प्रकृयामा देखिएको धेरै पछिको प्राकृतिक परिघटना हो । अजैविक (Inorganic) भौतिक बस्तुको लामो विकासको प्रकृयामा जैविक (Organic) भौतिक बस्तु पैदा भएको हो ।

भौतिक जगतको यस्तो अस्तित्व मानव चिन्तनबाट सर्वथा स्वतन्त्र छ, निरपेक्ष छ । बरु भौतिक बस्तु नै आफ्नो दीर्घ विकासको प्रकृयामा जैविक बस्तु पैदा गर्न र यसबाट संवेदना, अनुभूति र चेतना समेत पैदा गर्न सक्षम देखियो । यस अर्थमा भौतिक बस्तु (Matter) लाई प्राथमिक (Prior) भनिएको छ । यो बस्तुगत यथार्थ हो कि-भौतिक बस्तु गतिको अवस्थामा छ, परिवर्तनशील छ । यसको गतिको नियम (Laws) हरु छन् । यो आफ्नै नियमहरुमा आधारित भएर नित्य विकसित भैरहेको छ । चेतना, ब्रह्मले यसलाई श्रृष्टि गर्ने नभई बरु चेतना नै यसको उन्नत उपज हो भन्ने कुरा विज्ञानले सप्रमाण पेश गरिसकेको छ ।

## यस "जगत" मा जीवन र जीवात्माहरू कसरी पैदा भए त ?

माथि नै बताईसकिएको छ कि-भौतिक जगतको दीर्घ विकासको प्रकृयामा चेतना पैदा भयो । वैज्ञानिकहरुको निर्णय छ कि-विद्यमान अजैविक (Inorganic) र जैविक (Organic) भौतिक बस्तुहरु दुवैको पूर्व रुप भनेको हाइड्रोजन (Hydrozen) वा अन्य तत्वसित कार्बोन (Carbon) को सरलतम् यौगिक बराब र कार्बोहाइड्रेटहरु थिए । यसपछि यसको जटील संरचना बढी जटीलतम् बन्दै गएर एमिनो एसिड (Amono-acid) बन्न पुग्यो, जुन प्रोटिनको आधारभूत तत्व हो भनिन्छ । यस्तो प्रोटिनका कणहरुबाट प्रोटिन पिण्ड बन्नलाई नै लाखौं वर्ष लाग्यो र पछि यही प्रोटिन पिण्ड नै विकासित भएर जीवाणु वा जीवात्मा बन्न पुग्यो भन्ने वैज्ञानिकहरुको मान्यता छ । र यसरी जगतमा जीवन र जीवात्मा शुरु भएको देखिन्छ ।

## के मानिसले कुमालेले हाँडी गाग्रा बनाएझैं भौतिक बस्तुको सृष्टि गर्न सक्तैन ?

कुमालेले हाँडी गाग्रा माटोबाट बनाउँछ । माटो नभई उसले हाँडी गाग्रा पैदा गर्न सक्तैन । आज मानवकृत जे कुराहरु वा मालहरु बनिरहेका छन्, ती पनि बिना कच्चा बस्तु बन्दैनन् । भौतिक बस्तुबाट मात्र अन्य भौतिक बस्तु पैदा हुन सक्छ । तर भौतिक बस्तुकै सृष्टि भने मानिसले गर्न सक्तैन । विज्ञानको निचोड के छ भने-भौतिक बस्तुलाई न नष्ट गर्न सकिन्छ, न सृष्टि । त्यसकारण, आदर्शवाद वा अध्यात्मवादले भने जस्तो "ब्रम्ह" द्वारा "जगत" को सृष्टि हुन सक्तैन ।

यदि बस्तु प्राथमिक हो भने यसको गुण, बनौट र यसको गतिको नियम पनि त होला नि ।

भौतिकशास्त्रका अनुसार Matter लाई सृष्टि र ध्वंस गर्न नसकिने बस्तुगत यथार्थ भनी बताइएको कुरा माथि उल्लेख गरिसकिएको छ । सामान्य गुण- धर्मको रुपमा तौल, केही खालि ठाउँ ओगट्ने, केही आकार हुने इत्यादि बताइएको छ । जहाँसम्म यसको बनौटको कुरा छ, यो मानव चिन्तनबाट बिलकूल स्वतन्त्र र निरपेक्ष रुपमा अस्तित्ववान छ । यो द्वन्द र गतिमा छ, निरन्तर परिवर्तनशील छ । यो कालको हिसाबले नित्य (Eternal Intivme) छ र देशको हिसाबले अनन्त (Infinite in Space) छ । साथै, यो आफ्नो दीर्घ विकासको प्रक्रियामा अजैविकबाट जैविक भौतिक बस्तुमा परिवर्तित हुन र यसबाट जीवांगहरुमा संवदेना, अनुभूति र चेतनामा समेत परिवर्ति हुन वा यो पैदा गर्न आफैं सक्षम देखिन्छ ।

भनिन्छ कि-Matter को निरन्तर बिस्तार भैरहेछ । यो ब्रहमाण्ड नै फैलिरहेको छ भनिन्छ । यसको अर्थ हो- भौतिक बस्तु स्थिरतामा छैन । र, एउटै भौतिक बस्तु आदि अनादिदेखि अहिलेसम्म उहीका उही रहेको छैन । यो बुद्धले भन्नु भएजस्तो "उदय व्यय/उदय-व्यय" भएर फैलिरहेछ । अस्तित्वमा आउने र अस्तित्वबाट जाने (Comming into being and going out of being) भै रहेछ । यस अर्थमा यो फैलिरहेको छ ।

## निष्कर्ष

भौतिक जगत बस्तुगत यथार्थ हो । यसलाई मिथ्या वा झूठो वा माया भन्नु भ्रमपूर्ण दृष्टिकोण हो । आज विज्ञानले बरु के कुरा सत्य सावित गरेको पाइएको छ भने-आदर्शवाद (अध्यात्मवाद) ले "परम" ठानेको, Absolute ठानेको चेतना (ब्रह्म) नै बरु बस्तु वा जगतको उपज रहेछ । ब्रहमले जगत पैदा गरेको रहेनछ । जगत र ब्रहमको सम्बन्धमा जगत (Matter) नै प्राथमिक (Prior) रहेछ । बस्तु वा जगत ब्रहमबाट स्वतन्त्र र निरपेक्ष रुपमा अस्तित्वमा रहेको रहेछ ।

★

# आदर्शवाद र भौतिकवादमा फरक

**मूल प्रश्नः**
**चेतना र बस्तु बीचको सम्बन्ध के ?**
**वा बिचार र अस्तित्वको सम्बन्ध के ?**

**पहिलो पक्ष**
चेतनाले बस्तु पैदा गर्छ कि बस्तुले चेतना ?
विचारले अस्तित्व सृष्टि गर्छ कि
अस्तित्वले विचार ?

**भौतिकवाद**
- बस्तुले नै चेतना पैदा गर्छ, अस्तित्वले नै विचार सृष्टि गर्छ
- त्यसैले, चेतना र विचार बस्तु वा अस्तित्वको प्रतिबिम्ब हो :
- बस्तु वा अस्तित्व हाम्रो चेतना वा विचारभन्दा बाहिर स्वतन्त्र रुपमा रहेको हुन्छ
- सही विचार बस्तु वा अस्तित्वको सही प्रतिबिम्ब उतार्न सक्यो भने बन्छ

**आदर्शवाद**
- चेताना वा आत्माले नै बस्तु पैदा गर्छ विचारले नै अस्तित्व सृष्टि गर्छ
- त्यसैले, सारा बस्तु, सारा अस्तित्व चेतना वा विचारको उपज हो
- चेतना वा विचारभन्दा बाहिर बस्तुको कुनै अस्तित्व हुँदैन
- सही विचार चेतना वा आत्मामा आफ से आफ पैदा हुन्छ

**दोस्रो पक्ष**
यो संसार, प्रकृति र सारा वस्तुलाई जान्न, थाहा पउन सकिन्छ कि सकिन्न ?

**भौतिकवाद**
- यो संसार, प्रकृति र सारा बस्तुलाई प्रयत्न गऱ्यो भने थाहा पाउन सकिन्छ
- त्यसैले, संसार, प्रकृति र सारा बस्तुहरू ज्ञेय छन्, अपरम्पार छैनन्
- सारा विज्ञान त्यही थाहा पाउने प्रक्रियाको उपज हो

**आदर्शवाद**
- यो संसार, प्राकृति र बस्तुलाई थाहा पाउन सकिन्न,
- त्यसैले, यो संसार प्रकृति, र सारा बस्तुहरू अज्ञेय छन्, अपरम्पार छन्
- विज्ञान व्यर्थ छ र थाहा पाउने प्रयत्न बेकार छ

प्रस्तुति : प्रज्ञान रत्न

**“मूल्यांकन” दोस्रो वार्षिक समीक्षा तथा परामर्श भेलाको रिपोर्ट**

# बैचारिक क्षेत्रमा खोज र अन्तर्क्रिया आजको महत्वपूर्ण आवश्यकता हो

*नेपाली प्रगतिशील बौद्धिकहरुको सर-सल्लाह र सहमतिमा “बामपन्थ” नामक मासिक पत्रिकाको रूपमा प्रकाशन गर्ने सोच बनेको त पत्रिका दर्ता सम्बन्धी प्राविधिक झमेलाका कारण तात्कालीन साप्ताहिक “मूल्यांकन”लाई नै मासिक रूपमा प्रकाशित गर्न थालिएको यस प्रकाशनको दुई बर्ष समय बितेको छ । यस उपलक्ष्यमा गतः पौष २४ गते काठमाडौं थापाथली क्याम्पसको सभा-कक्षामा “मूल्यांकन दोस्रो वार्षिक समीक्षा तथा परामर्श भेला” सम्पन्न भयो । गत बर्षभरिमा प्रकाशित “मूल्यांकन” का अंकहरुका सामग्रीहरूको समीक्षा गर्दै उक्त भेलाले हामीलाई अत्यन्त महत्वपूर्ण सल्लाह सुझावहरु दिएको छ ।*

*समग्र नेपाली समाजको सामु र त्यसमा पनि मुख्य गरी नेपाली बामपन्थी आन्दोलनका सामु आज अत्यन्तै जरूरी र महत्वपूर्ण साबित भएको बैचारिक आन्दोलनलाई यथाशक्य गति दिन र यस क्षेत्रमा खोज एवं अर्न्तक्रियालाई अगाडि बढाउन स्थापित यस पत्रिकालाई थप उद्देश्यपरक र उपयोगी बनाउन तमाम पाठकहरु एवं शुभेच्छुकहरुबाट प्राप्त सहयोगप्रति हामी हार्दिक धन्यवाद प्रकट गर्दछौं ।*

*प्रस्तुत छन्: उक्त दोस्रो समीक्षा तथा पर ामर्श भेलामा प्रस्तुत केही बिचारहरू-*

**❐ गोबिन्द भट्ट, प्रशिद्ध समालोचक तथा बामपन्थी बुद्धिजीवी:**

नेपाली जनवादी आन्दोलन र चिन्तनलाई अघि बढाउन “मूल्यांकन” अति नै उपयोगी भएको छ । यसले प्रकाशित गरेका सामग्रीहरु हेर्दा यो यसको उद्देश्य प्राप्तितर्फ सफलतापूर्वक अघि बढेको देखिन्छ । नेपाली कम्युनिष्ट आन्दोलनमा सैद्धान्तिक-बैचारिक क्षेत्रमा काम नभएको र यसमा विवाद र अनेकता मात्रै भएको देखेर झण्डै निराश हुन पुगेका मेरा केही मित्रहरुलाई “मूल्यांकन” ले पुनः उत्साहित पारेको उदाहरण मैले प्रत्यक्ष नै भेटेको पनि छु ।

जनपक्षीय राजनीतिलाई दूराग्रह, मूढाग्रह र समूहगत संकिर्णतामा मात्र सीमित गर्न खोज्नेहरुको भन्दा फरक ढंगले “मूल्यांकन” आएको छ । दार्शनिक, बैज्ञानिक ब्याख्या विश्लेषणका आधारमा यसले नेपाली सामाज र विश्व कम्युनिष्ट आन्दोलनका समस्याहरुलाई हेर्न, बुझ्न र खोजवीन गर्न मद्दत पुऱ्याएको छ । मार्क्सवादी दर्शनप्रति आस्था जगाउन यो समर्थ भएको देखिन्छ ।

आज मार्क्सवाद गम्भीर संकट र समस्यासंग जुध्दै अघि बढिरहेको छ । यस स्थितिमा यसबारे हरेक व्यक्तिमा फरक फरक बुझाइहरु रहेका छन् । सत्य एउटै हुने हुनाले सबैको बुझाइमा एक रूपता आउनु जरूरी छ । यसबारे बामपन्थी व्यक्तिहरु, पार्टीहरु र पाठकहरु बीच व्यापक अन्तर्क्रिया हुनु जरूरी छ । यसलाई पूरा गर्न मूल्यांकनले महत्वपूर्ण प्रयास गरेको छ ।

**❐ माणिकलाल श्रेष्ठ, प्रशिद्ध साहित्यकार तथा बामपन्थी बुद्धिजीवी:**

पोहर साल पहिलो अंक जत्तिको स्तरीय अरु अंकहरु नभएको टिप्पणी मैले गरेको थिएँ । यो वर्ष भने “मूल्यांकन” सबै अंकहरूमा आफ्नो समान स्तर कायम राख्न सफल भएको भटेको छु । आपसी स्वार्थमा टक्कर पर्ने हुनाले बुर्जुवाहरुमा फुट हुन सक्छ तर समाजवादी पार्टीहरूमा फुट र अनेकता नहुनु पर्ने थियो । नेपालमा भने यसको ठीक उल्टो भइरहेको छ । यस्तो स्थितिमा एकता प्राप्तिका लागि पनि बिचार-अन्तर्क्रिया अत्यन्त जरूरी छ । यो गाऱ्हो काम भए पनि यसमा “मूल्यांकन”ले गरेको प्रयत्न सऱ्हाहनीय छ । बैचारिक संकिर्णताबाट यो पत्रिका मुक्त देखिन्छ । सम्पादकहरुले आफ्ना बिचारहरू दिंदा पनि पत्रिकाको नाममा हैन, छुट्टै लेखहरु अर्न्तगत दिने गरेको राम्रो भएको छ । पोहर साल क. रोहितले “मूल्यांकन” केवल समसामयिक बिषयमा टिप्पणी गर्ने “दिनमान” प्रकारको पत्रिका मात्र होला कि भन्ने जुन आशंका व्यक्त गर्नु भएको थियो, यस वर्षभरिका यसका प्रकाशनहरुले यो आशंका मेटिदिएका छन् । किनभने, महत्वपूर्ण सैद्धान्तिक र बैचारिक बिषयमा पनि यसले महत्व दिएर सामग्रीहरु प्रकाशित गर्दै आएको छ ।

टकनपुर समस्या सम्वन्धमा यसले दिएका सामग्रीहरु प्रभावपूर्ण रहेका थिए । विश्व कम्युनिष्ट आन्दोलनका नयाँ, पुराना घटनाहरु र बिश्लेषणहरू यस पत्रिकाका बिशेष आकर्षण नै भएका छन् । “नेपालमा नयाँ जनवाद नै किन र कसरी ?” शीर्षकमा वामपन्थी नेताहरु बीचको अन्तर्क्रिया, एमालेभित्रका तीनथरी बिचारहरुको चिरफार, भारतीय वामपन्थी नेता क. सीताराम येचुरीको र बेल्जियम एवं बंगालादेशका वाम नेताहरुको समाजवादबारेको अन्तरवार्तामा महत्वपूर्ण बिचारहरु आएका छन् ।

महिला मुक्तिको सवाल, नेपालमा जलस्रोतका सम्भावनाको सवाल र समसामयिक जन-आन्दोलनको सवालका बारेमा दिइएका सामग्रीहरु गहन रहेका छन् । यसले यस वर्ष बाढीको सम्वन्धमा दिएको रिपोर्ट सामान्य न्यूज रिपोर्ट मात्र छैन, यसले बाढीका कारण र असरबारे महत्वपूर्ण तथ्यहरु पनि पेश गरेको छ ।


रूसी बिद्रोहको विश्लेषण राम्रो छ, तर ती बिद्रोहीहरु पनि संशोधनवादी नै भएको तथ्य चाहिं प्रष्ट पारिनु पर्थ्यो । “जसको जोत उसको पोत” बारेको महत्वपूर्ण अन्तर्क्रियाले नेपालको वर्ग सम्वन्धबारे अरू सैद्धान्तिक कार्यको जरूरत भएको दर्शाएको छ । यो समस्या बहुसंख्यक जनताको समस्या हैन भन्नेमा मेरो सहमति छैन । बढी जमीन थोरै जमिन्दारहरुको हातमा भएकोले यो प्रथाको अन्त गर्न पनि यो नारा जरूरी छ । नेपालको अर्थतन्त्र पूंजीवादमा पुगीसकेको भन्ने कुरासंग पनि म सहमत छैन । यसको लागि सरकारको राजश्वको स्वरुप मात्र हेरेर पुग्दैन ।

**❐ दीपेन्द्र क्षेत्री, अर्थशास्त्री:**

निहित स्वार्थका लागि नेपालको जलस्रोत बिदेशलाई सुम्पने चालवाजीहरु भएको बेला जलस्रोतको सम्भावना र नेपालमै यसको उपयोगबारे मूल्यांकनले निकाल्न खोजेको बैकल्पिक स्वर प्रशंसनीय छ । नेपाली अर्थतन्त्रका बारेमा लेखहरु, टिप्पणीहरु, अन्तरवार्ताहरु र वातावरण एवं बन सम्पदाहरुबारे दिइएका सामग्रीहरुले कुन कुराले नेपालीहरुलाई बढी फाइदा भएको छ र कुन कुराले बिदेशीहरुलाई बढी फाइदा भएको छ भन्ने कुरा जनतालाई बुझाउनमा योगदान गरेका छन् ।

पूर्वी युरोपीय र अन्य पूंजीवादी देशहरुको वास्तविक आर्थिक स्थितिको भण्डाफोर गर्ने प्रयत्न पनि “मूल्यांकन”ले गरेको देखिएको छ ।

“जसको जोत उसको पोत” बारेका सामग्रीहरुले यसबारे राम्रो शुरुवात



भेलाका सहभागीहरू

गरेको छ तर यसको टुंगोमा पुग्न थप कार्य हुनु जरूरी छ ।

अर्थतन्त्रका विविध क्षेत्रमा वामपन्थी विकल्प के ?- यो विकल्प पहिल्याउन मूल्यांकनले अरु प्रयत्न गर्नु जरूरी छ । विविध पार्टीका घोषणा-पत्रमा उल्लेखित आर्थिक कार्यक्रमहरुको चिरफार गर्न सके अरु राम्रो हुने थियो । साम्राज्यवादी निकायहरु र बिदेशी बहुराष्ट्रिय कम्पनीहरुले कसरी नेपालमा आफ्नो स्वार्थ पूरा गर्दैछन् वा गर्ने सम्भावना छ, त्यसबारे जनतालाई सचेत गराउन पनि थप प्रयत्न हुनु पर्ने देखिन्छ ।

उत्तर कोरियालाई "करमुक्त" देश भनिएको ठीक भएन भन्ने मलाई लाग्छ । किनभने, त्यहाँ पनि राजश्व त उठाइन्छ नै, तर "कर" को रुपमा नउठाइने मात्र हो । तथ्यांकहरु दिंदा शुद्धतामा जोड दिन अरु चनाखो हुनु जरूरी छ । अर्थशास्त्रका प्राविधिक शब्दहरुको शब्दार्थ पनि दिन सके राम्रो हुनेछ ।

❒ **डा. राममान श्रेष्ठ, बिज्ञानविद् :**

सर्वप्रथम त "मूल्यांकन" नियमित प्रकाशित भएको नै खुशीको कुरा भएको छ । राजनीतिक, सामाजिक, आर्थिक पक्षसंग बिज्ञानको सम्बन्ध महत्वपूर्ण रुपले भएकोले मूल्यांकनले थोरै नै भएपनि बिज्ञान-प्रविधिलाई स्थान दिएको राम्रो भएको छ । बिज्ञान बिषयमा संकलन र उद्धरण मात्र प्रकाशित नगरी व्यवस्थित रूपमा यस बिषयमा रचनाहरु तयार गरी यसमा संगेटिनु पर्छ भन्ने मलाई लाग्छ । बिज्ञान-प्रविधिलाई नेपाली समाजको सन्दर्भसंग जाडेर नेपाली भाषामा र सबैले बुझ्ने सरल शैलीमा प्रस्तुत गर्न यस बिषयका बिज्ञहरुले सचेत प्रयत्न गर्नु पर्ने देखिन्छ ।

मूल्यांकनको साइजमा एकरूपता छैन । भाषागत अशुद्धता खट्केको छ । बाहिर कभरमा कुनैमा अंक लेखिएको छ, कुनैमा महिना । यी दोषहरु हटाउनु जरूरी छ ।

❒ **मोदनाथ प्रश्रित, साहित्यकार :**

"मूल्यांकन" ले गहन सामग्रीहरु प्रकाशित गरेर थुप्रै मानिसहरुलाई नियमित पाठक बन्न प्रेरित गरिरहेछ । मूलभूत रूपमा यो साहित्यिक पत्रिका नभएपनि यसले साहित्य र कला-रंगमंच सम्बन्धमा प्रस्तुत गरेका रचनाहरु स्तरीय र उपयोगी रहेका छन् ।

माणिकलाल श्रेष्ठसंग "राम्रो र नराम्रो" कलाबारे गरिएको कुराकानी र "त्रिशुल" फिल्मको चिरफारको सन्दर्भ बनाएर सौन्दर्यवोधको हाम्रो समाजको वर्तमान स्थितिबारे प्रस्तुत बिचार उल्लखनीय रहेका छन् । प्रशिद्ध भारतीय कथाकार यशपालको कथा "महादान" भारतीय परिवेशमा लेखिएको भएपनि यसमा नेपाली समाजमा पनि घट्ने घटनाहरुको राम्रो चित्रण गरिएको छ । पारिजातका बिचारहरु र उहाँको साहित्य-यात्राबारे निनु चापागाईसंगको अन्तवार्ता अत्यन्त अध्ययनयोग्य छन् । वर्तमानका सशक्त प्रगतिशील युवा कविहरु विमल निभा, पूर्णविराम र आहुतिका कविताहरुले अत्यन्त कलात्मक ढंगले वर्गीय चित्र उतारी हाम्रो समाजको चित्रण गरेका छन् ।

साहित्यमा गद्य विधाको पनि नियमित प्रकाशन गर्ने र समसामयिक प्रकाशनहरुको समीक्षा प्रस्तुत गर्ने काम "मूल्यांकन"ले गर्न सके झनै राम्रो हुने थियो ।

❒ **झलनाथ खनाल, नेकपा (एमाले) :**

वर्तमान नेपाली सन्दर्भमा अत्यन्तै खड्किरहेको अभाव पूरा गर्नतिर "मूल्यांकन" लागेको छ । यसलाई अरु व्यवस्थित बनाउनु जरूरी छ । नेपालमा निकट भविष्यमै वामपन्थी सरकार गठनको सम्भावना समेत रहेको छ । सरकारमा पुगेमा वामपन्थीहरुले नेपालका कुन कुन क्षेत्रमा कुन कुन उन्नत विकल्पहरु प्रस्तुत गर्ने हो ?- यसबारे पनि आजैदेखि गम्भीर अध्ययन, मनन् र खोज हुनु जरूरी छ । यसकारण पनि "मूल्यांकन"ले चलाएको जस्तो खोज र अन्तर्क्रियाको सामयिक महत्व अरु ज्यादा रहेको छ ।

रूसमा समाजवादी अभ्यासको पतनपछिको वर्तमान विश्व स्थितिमा हिजोका मार्क्सवादी अभ्यासका सवलता र निर्वलताबारे गम्भीर रूपले विश्लेषण गर्नु पर्ने वर्तमान विश्व परिस्थितिमा बिज्ञान-प्रविधिको चरम विकासले सामाजिक आन्दोलनमा पारेको असरलाई आत्मसात गर्नु पर्ने र साम्राज्यवादको वर्तमान चरित्र र मोडबारे गहिरो अध्ययन हुनुपर्ने आजको महत्वपूर्ण आवश्यकता पूरा गर्नेतर्फ "मूल्यांकन"को प्रयत्न अरु सार्थक बनोस् भन्ने कामना गर्दछु ।

❒ **अमृत बोहरा, नेकपा (एमाले):**

नेपाली समाजका विविध पक्षहरु, दर्शन, अर्थशास्त्र, वाम आन्दोलनका संगति र असंगतिहरु, सवलता र दुर्वलताहरु बारेमा "मूल्यांकन"बाट भइरहेको खोज-अध्ययन र अभिव्यक्ति अत्यन्त महत्वपूर्ण रहेको मैले पाएको छु । वाम-आन्दोलनमा तुरुन्तै पूरै एकताको स्थिति तयार नभएपनि आपसमा नजिकिने र खोज-अन्तरक्रिया गर्ने काममा मात्रै पनि "एकता" कायम गर्ने जरूरी कार्यमा "मूल्यांकन"ले राम्रो काम गरेको छ । नेपाली किसान, महिला, मजदूर आदि तप्काहरुको संघर्षका अनुभव र इतिहासहरुलाई समेट्नेतर्फ यसले ध्यान पुऱ्याउन सके अरु राम्रो हुने थियो ।

❒ **शम्भुराम श्रेष्ठ, नेपाल कम्युनिष्ट लीग :**

"जसको जोत उसको पोत" बारे गरिएको अन्तरक्रिया अत्यन्त महत्वपूर्ण छ । रूस, चीनमा पनि सामन्तवादको उन्मूलनको लागि उठाइएको यो नारा अनुरुप नेपालमा काम पूरा भएको छैन ।

"मूल्यांकन"ले शुरुदेखि नै नेपाली कम्युनिष्ट आन्दोलनमा "एकता"को व्यवहारिक खोजी गरिरहेछ, यस कुराको म प्रशंसा गर्दछु । आज नेपाली वामपन्थी आन्दोलनमा सैद्धान्तिक-बैचारिक कामको अति नै खाँचो छ । यस कारण यसै दिशामा अघि बढेको "मूल्यांकन" हामी सबैका लागि उपयोगी भएको छ । यसले हालै प्रकाशित कृतिहरुको समीक्षा पनि दिन थाले राम्रो होला ।

❒ **दीनानाथ शर्मा, नेकपा (मसाल):**

हाम्रो पार्टीले २०४४ सालमै पूर्व ने.क.पा. माले समेत चार वामपन्थी पार्टीका बीच नेपाली वामआन्दोलनका कार्यक्रम र स्वरुपका बारेमा र पार्टी इतिहासको खोजिका बारेमा खोज र आपसी बिचार-अन्तर्क्रिया चलाउने पहल गरेको थियो । तर त्यसमा अन्य पार्टीहरुले समय ननिकालेकाले त्यो कार्य सफल हुन सकेन । अहिले"मूल्यांकन"ले उक्त प्रकृया शुरु गरेकोमा, यसमा आएका कतिपय बिचारहरुसंग असहमत रहेरै पनि, हामी यस प्रकृयाको भने हार्दिक स्वागत गर्दछौं ।

गहन बैचारिक छलफल, अन्तरक्रिया र खोज अनुसन्धानको माध्यमबाट बैचारिक एकता हासिल गरेर मात्र नेपालमा एकीकृत कम्युनिष्ट पार्टी निर्माण हुन सक्छ भन्ने कुरामा हामी प्रष्ट छौं ।

रूस र पूर्वी युरोपका असफलताहरुको अझै गहिरो अध्ययन हुनु जरूरी छ । मार्क्सवादभित्र लुकेर आउने संशोधनबाद बाट सचेत भई यसलाई कसरी अगाडि बढाउने भन्ने बारेमा र नेपालका जातिगत रुपले एवं क्षेत्रीय रुपले पनि उत्पीडित जनताहरुको समस्याका बारेमा पनि "मूल्यांकन" को थप ध्यान जानेछ भन्ने सुझाव राख्दछु ।



भेलाका सहभागीहरू

❒ **अन्य वक्ताहरु**

भेलामा **निनु चापागाईले** विश्व कम्युनिष्ट आन्दोलनको ऐतिहासिक सन्दर्भ ठोस रुपमा अझै प्रस्तुत हुन नसकेको कुरा व्यक्त गर्दै भन्नु भयो- ख्रुस्चोभमाथि दोष थोपर्ने मात्र हैन, ख्रुस्चोभहरु वा देहरु किन जन्मन्छन् भन्ने कारकतत्व माथि नै चिन्तन हुनु जरूरी छ ।

**भीम न्यौपानेले** कृषि अर्थतन्त्रको खोज र व्याख्या, उदारबाद र निजीकरणको विकल्पका सोचहरुको पर्याप्त व्याख्या, वर्तमानमा उपभोक्तावादको हूरीबाट बच्ने उपायहरु र ठूला उद्योग एवं पर्यटन उद्योगबारे पनि "मूल्यांकन"को ध्यान जाओस् भन्ने सुझाव दिनु भयो ।

भेलामा **शरद पौडेल, भानु तिमिल्सिना र बिमल फुयाँल** आदिले पनि राय प्रकट गर्नु भएको थियो ।

"मूल्यांकन" का सल्लाहकार **डा. महेश मास्केले** बिचार अन्तरक्रियाको जरुरत र महत्वलाई अनुभूत गर्नु हुने सबै जनातिर लक्ष गर्दै भन्नु भयो- यसका निम्ति तपाईं, हामी सबैको समय र प्रयत्नको लगानी हुनु पर्दछ, हैन भने जति नै महत्वपूर्ण भए पनि यसले गति लिन सक्ने छैन ।

सो भेलाको संचालन प्रधान सम्पादक **श्याम श्रेष्ठले** गर्नु भएको थियो । ❒

अछुतहरूको बस्तीबाट

## "तिम्रो कारणले घाउ थपिएको छ" भन्नु अपराध हो भने क्षमा पाउँ !

# केही खल्वाट अनुहारहरू जो शब्दमा लेखिइरहेछन्

शरद पौडेल

**"यी अनुहारहरु गनौटोले चिथोरेका अनुहारहरू हुन् ।"**
**"यो बस्तीका मान्छेहरुले रगतमा औंला चोपेर कांग्रेसलाई भोट दिने किरिया खाएका हुन्" ।**
**"ऊ एमाले पार्टी छोड्न तयार छ, तर भट्टी पसल छोड्न तयार छैन् ।"**

यस पटकको "जन-जीवन" यिनै मूल वाक्यहरुलाई आधार मान्दै अगाडि बढ्ने छ । यस अर्थमा यस पटकको जनजीवन कुनै यौटै बस्तीभित्र मात्र सीमित नरहेर अछुत (?) बस्तीहरुका जीवनसंग सम्वन्धित रहने छ । अछुतहरु, जसले जीवनलाई अरु मान्छेहरुको तुलनामा एक तह तल भएर गुजारिरहे छन्, उनीहरुले जीवनमा खेप्नु परेको विसंगति त्यसो त विकराल छ । तर प्रजातन्त्र (?) को प्राप्तिपछि प्रजातान्त्रिक समाजवादी, बहुदलीय जनवादी र नौलो जनवादीहरुले उनीहरुको जिन्दगीलाई उंभो लगाउन गरेका प्रयत्नहरुलाई अछुतहरुको बस्तीहरुभित्रै गएर सुन्दा, बुझ्दा र देख्दा ती लेखनयोग्य रहे, त्यसैले यहाँ लेखिरहेछु ।

बाग्लुङ्ग बजार-धौवलागिरीको सदरमुकाम, बाग्लुङ्ग जिल्लाकै सदर-मुकाम ! स्कूल, कलेज, सिनेमाघर भिडियोघर, एन्टिना, डिस एन्टिना समेत ठड्याइएको पुरानो बजार ! राजनैतिक चेतका हिसावले बेपारीदेखि भिखारीसम्मको समर्थनले बहुमतमा क्रमशः जनमोर्चा, एमाले र कांग्रेसहरुको बजार ! भित्ताहरुमा ठूला अक्षरहरुमा ठूलाठूला नाराहरु पोतिएका छन् । शोषण-उत्पीडन बिरोधी नाराहरु ! समानताका समर्थनमा नाराहरु !

बाग्लुङ्ग बजार अछुतहरुले जिन्दगी बाजी राख्दै लुकाई छिपाई ओसारेका दाउराको भारी खरिदने हिसावले एकाबिहानै बिउंझन्छ । राम्ररी निद्रा नखुल्दै मिर्मिरेबाट शुरु भएको मोल-तोल रातिहुंदो आंखामा निदरी नआउन्जेल चलिरहन्छ ।

अछुतहरुका बस्तीमा आउंदा जांदा मैले बाग्लुङ्ग बजारलाई २-३ पटक भेटेको छु । पछिल्लो पटकको भेट पनि अछुतका वस्तीबाट फर्कने क्रममा भएको हो । मसंग एक जना भाइ पनि थिए र हामी बाग्लुङ्ग बजार हानिंदै थियौं । बाटोमा धेरै अछुत अनुहार भेट हुन्थे, बाग्लुङ्गलाई दाउरा बुझाएर फर्किएका, गोलभेडा दिएर फर्किएका, कुखरा पुऱ्याएर आएकाहरु ।

यही क्रमको अन्तिम भेट एक जना भाइसंग भयो । चर्को ब्याजदरमा साहुसंग ऋण लिएर भएपनि आलुको खेलो गर्दै जीवनमा खुसी बन्ने सपना बुनेका यी भाइ यसपटक पनि बाग्लुङ्गमा आलु बेचेर आएका रहेछन् ।

"'" खासै नाफा छैन् रैछ, आफ्नो दुःख, साहुको "गनौटो", ब्याज आदि जोड्दा त झन् डुबिएला जस्तो छ हजूर" ।" - कुराकानीका क्रममा अछुत भाइ आफ्नो बेपार सुनाउंदै थिए ।

म अवाक् भएं ! के हो यो "गनौटो", भनेको ? बेपारी भाइ त हिंडिसकेका थिए, तर मसंगैका भाइले मलाई गनौटोको अर्थ बुझाइदिए ।

"गनौटो" एउटा गरीवमारा चलन रहेछ । जव साहुजीहरु सामान खरीद गर्छन, माना-पाथी, तौलिंदै जांदा प्रत्येक पल्ट गिन्ती सम्झाउने हिसावले बिक्रेतापट्टिको मालबाट सबैभन्दा गतिलो चीज छुट्याईंदै राखिंदो रहेछ । गनौटोको थुप्रो जतिसुकै लागे पनि त्यो सित्तैंमा साहुजीको हुन्छ । बोराभरीको नापमा एक-डेढ धार्नी त गनौटो मात्र हुन्छ । तर सम्झन योग्य के छ भने- यो चलन बजारका बेपारीले आफूले गरीवसंग सामान लिने बेलामा मात्र प्रयोग गर्छन्, उता आफूले बेच्ने बेलामा भने जेठी पाथी र कान्छी पाथीहरु प्रयोग गर्छन् ।

कुरो सामान्य छ । तर जव तपाई हामी यही कुरोलाई बाग्लुङ्ग बजारको राजनैतिक चेतसंग जोडेर हेर्छौं, त्यसपछि यही सामान्य कुरा पनि विशिष्ट भएर देखा पर्छ । बाग्लुङ्ग बजार जहां संयुक्त जनमोर्चा र एमालेको बर्को ओढेका बेपारीहरु धेरै बस्छन्, उनीहरुको आर्दश र गनौटोको "साइनो" के हो ? जनमोर्चा र एमाले पार्टी, जसले आफूलाई अब्बल दर्जाको कम्युनिष्ट दावी गर्दै आएका छन्, जसले आफूलाई शोषण बिरोधी पार्टीको रुपमा दावी गर्दै आएका छन्, त्यो दावी र "गनौटो" को साइनो के हो ? निरीह गरीवहरुका दुःखेसोबाट अन्यायपूर्वक कब्जा गरिएका गनौटोहरुले जनवादी आन्दोलनलाई कति सघाउने छन् ? - त्यो त पार्टीहरुलाई नै थाहा होला ।

तर यति बेला भने यही "गनौटो" घाउ भएर दुःखिरहेछ- अछुत दुःखी बस्तीहरुमा, मनहरुमा ।

विडम्बना ! बाग्लुङ्गका मञ्चहरुमा समानताको भाषण अरुलाई सुनाइरहेको नेता उत्नीखेरै बेपारी भएर देखापर्छ र गनौटोको माग गर्छ । सभा सम्मेलनहरुमा शोषण र उत्पीडनबाट मुक्ति भट्याइरहेको नेता उत्नीखेरै साहु भएर देखापर्छ र गरीवका भारीबाट गनौटोको भाग छुट्याउंदछ ।

कस्तो तादात्म्यता हो यो ? कस्तो बैचारिक प्रतिवद्धता ? दमनले प्रतिरोधलाई निम्त्याउँछ भन्ने सुक्तिलाई गायत्री झैं जपिमात्रै रहेका यी बेपारीहरु, दमन र शोषणको सूत्रधार आफैं बनेका छन् र प्रतिरोध निम्त्याई रहेछन् । उता तिनका पार्टीहरु छापामा गरीव-राजका कुराहरु उठाइरहेछन्, गरीवमाराहरु बिरुद्ध युद्धको घोषणा गरिरहेछन् । तर व्यवहारमा आफ्नै पार्टीभित्रका साथीहरुको टाउकोको मोल तोकिरहेको यो बेला "तिम्रो कारणले अछुत बस्तीमा घाउ उम्रिरहेको छ" भन्नु पनि अपराध हो भने चाहिं क्षमा पाऊँ ।

त्यसो त यो बजारमा जनमोर्चा र एमाले बेपारीहरु मात्रै होइनन् कांग्रेसी बेपारीहरु पनि छन् । उनकै सरकारले जे जसरी भएपनि कमाउने उर्दी दिएको बेला, आफ्नो "धर्म" निर्वाह गरिरहेका "इमान्दार" कांग्रेसी बेपारीहरुको चर्चा नै असान्दर्भिक छ । त्यसैले यहां कांग्रेसीहरु चर्चा मन्थर भएको हो ।

यो गनौटोको चर्चापछि पुनः बाग्लुङ्ग जिल्लाकै एउटा अछुत बस्तीको चर्चा अगाडि आइरहेछ । लाग्छ, यो चर्चा पनि लायक र आवश्यक नै छ ।

साँझ झमक्क थियो । टिठलाग्दा अछुत बस्तीका अछुत अनुहारहरुसंग म उनीहरुकै जीवन-गाथा सुनिरहेथें । कसरी उनीहरु क्रमशः सुकुम्वासीमा फेरिंदैछन्, छिमेकी छुतहरुले बिभिन्न बहानामा कसरी उनीहरुलाई सताएका छन् ? - चर्चाको केन्द्र यही थियो ।

सल्यानटारमा चलेको बिहानी कक्षाका सहभागी, अछुत जनजातिका बच्चा-बच्चीहरू/जसले स्कूलको मुख कहिल्यै देखेनन्



अनायास छलफल रोकियो । अछुतहरुकै छिमेकका केही छुत युवाहरु आए र अछुतहरुलाई तथानाम गाली गर्न थाले ।- "साले हो ! तिमेरुको बुद्धि नै छैन"" देखि लिएर सवथोक ।

अलि अलि मात चढाएका यी ठिटाहरु एकै छिनपछि मलाई आँखा तरेर गए । म त्यसै ओइलाए झैं भएँ । मेरो अनुहार पढिरहेका अछुत गाउंलेहरुले मलाई अनुरोध गर्दै भने- " सर ! यो छलफल नरोकौं, यिनीहरु यस्तै हुन्, हाम्रै साथीहरु हुन, हामी यौटै पार्टीमा छौं, मसाल पार्टीमा"' ।"


बाफ रे ! मसाल पार्टी ? यी ठिटाहरु मसाल पार्टीका ? आफूलाई अरुभन्दा सिद्धान्तनिष्ट कम्युनिष्ट मानेर हिंडिरहेको पार्टीका तरुण कार्यकर्ताहरुले जव आफ्नै छिमेकका भाइहरुसंग गरेको व्यहारहरु मैले प्रत्यक्ष देखें, मभित्र धेरै प्रश्नहरु आए । के कम्युनिष्टहरुले भन्ने गरेको "कामरेडली"(?) व्यवहार यही हो ? के तिनका आखांमा पनि अछुतहरु दोश्रो दर्जामै दरिएका छन् ? यो कस्तो प्रशिक्षण हो कार्यकर्ताहरुलाई ? , जहां दु:खिया र उसको जीन्दगीलाई आदर गर्नै सिकाईदैन ? दु:खियाका अगाडि जिमिदारका भाषा बोल्ने, जिमिदार झैं बेहोर भएका यस्ता ढेट्ने कार्यकर्ताबाट कस्तो राज्य-क्रान्तिको सपना सांचेको छ, मसाल पार्टीले ? - उही जान्ला । तर जिमिदारी छुतका चलनबाट सताइएका अछुत बस्तीका अछुत मनहरुले विकल्पमा चुनेको मसाल पार्टीबाट जव उही जिमिदारी "मसल" फेला पार्छ, अछुतहरुका मनमा के बित्दो हो, कति चिरा पर्दो हो ?

जे होस्, त्यो बस्ती जहाँ अछुतहरु दु:खेर बांचेका थिए, त्यहां "तिम्रो कारणले पुनः घाउ थपिएको छ र दु:खिरहेको छ" भन्नु पनि अपराध हो भने क्षमा पाऊँ ।

"सर ! हामीले चुनावका बेला औंला रगतमा चोपलेर कसम खाएका थियौं ।"

-यो भनाइ पर्वत जिल्लाको घना आवादी भएको एउटा अछुत बस्तीको भाइको थियो । यो सत्यकथा स्थानीय निर्वाचनको पालाको हो । स्थानीय निर्वाचनको एक दुई दिनअघि त्यो अछुत बस्तीमा कांग्रेसीहरुले यौटा रांगो ढालें । मासु सित्तैमा बाड्ने उर्दी सुनेका अछुत भाइहरु रांगो ढालेको ठाउँ ओइरिए । मासु घरभित्र थियो । पालै पालो अछुतहरु घरभित्र जान्थे र बाहिर निस्कँदा रगत चोपिएको औंला र एक पाउ जति मासु लिएर आउँथे । रगतमा औंला चोपिनुको कारण के थियो भने-जो घरभित्र मासु लिन जान्थ्यो, उसले किरीया खानुपर्ने रहेछ । रगतमा औंला डोवेर खाइने किरीयाको मूल पाठ यस्तो थियो- "यदि मैले कांग्रेसलाई भोट दिइनं भने म र मेरा जहान परिवारको सत्यानाश होस्"" ।

अछुतका मुखहरुलाई यस्तो बक्न लगाएर कांग्रेसी प्रजातन्त्रलाई कस्तो फाइदा पुग्यो, त्यो त कांग्रेसलाई थाह होला । तर नियतगत रुपमा कांग्रेसले अछुतहरुलाई जे जस्तो व्यवहार गऱ्यो, त्यो निश्चय नै दु:ख लाग्दो थियो । आफ्नै छिमेकका अछुत भाइहरुलाई कांग्रेसले जे जसरी कौडीको मूल्यमा किन्न खोज्यो, त्यो उदेक लाग्दो थियो । त्यत्रो त्याग र तपस्या गरेको भनिएको प्रजातान्त्रिक (?) पार्टी, मौका आउँदा आफ्नै भाइलाई एक पाउ भैंसीको मासुमा साट्न पनि अगाडि आयो । भैसीसंग साटिएको भोटले निर्वाचित



लेखक : शरद पौडेल

प्रतिनिधिहरु (?) भैसी खानेहरुप्रति कत्तिको उत्तरदायी छन् भन्ने प्रश्न भने यति बेला असान्दर्भिक हुन्छ होला । किनकि, बौद्धिकहरु (?) ले घेरिएको भनिएको केन्द्रिय सत्ता त जनताप्रति उत्तरदायी देखिदैन भने भैसी- प्रतिनिधिहरुको त कुरै के र ? जे होस् प्रजातन्त्रको स्थायित्वको बडेमा चिन्ता पालिरहेको नेपाली कांग्रेसलाई अछुत बस्तीमा बांडेका एक एक पाउ मासुले र रगतमा हातहरु चोपल्नुले "तिम्रो चिन्तालाई सघाउदैन्" भन्नु पनि अपराध हो भनै क्षमा पाऊँ ।

हजूर ! अब अन्त्यमा यौटा अर्को बस्ती, जो साँझमा एक छिन कराउंछ र अरु बेला मौन भएर बस्छ ।

यो अछुत बस्तीका पुरुषहरु बिहान हुँदा नहुँदै भारी खोज्न हिंड्छन् र सांझ हुंदो गुँडमा फर्कन्छन् । गुँडको छेवैमा यौटा भट्टीपसल छ । त्यहां बस्नु, गच्छे अनुसार देशी रक्सी खानु र एकै छिन बम्कनु यहाँको नियमितता हो । यो भट्टीपसल अछुत बस्तीकै अछुत नेताको हो, जसलाई यस पटकको स्थानीय निर्वाचनमा गाउँकै भाइहरुले एमाले पार्टीको तर्फबाट वार्ड अध्यक्षमा जिताएका छन् । मेरा पहिलाका एक-दुई भेटमा जव मैले " अछुत जन-नेताको हैसियतले, अझ कम्युनिष्ट पार्टीका कार्यकर्ताको हैसियतले भने पनि कृपया तपाईले यो भट्टी चांहि बन्द गर्दिनोस्", भनेर अध्यक्ष छेउ बिन्ती हालें, उनी मौन थिए । तर तेश्रो भेटमा उनी मौन थिएनन्,उनले आफ्नो पोको फुकाउँदै भने-"सर ! म यो एमाले पार्टी छोदिदिन्छु, यिनीहरुभन्दा त बरु पन्चै बिसेक, म त्यहीं त थिए नि पहिले"" आदि इत्यादि ।

उनको यो पार्टीगत फेरबदल कति सही छ, त्यो त उनै जानून, तर यो फेरवदलको कारक तत्व चांहि उनको भट्टीपसल थियो । जब मैले उनको सिद्धान्तगत आर्दश र भट्टीपसल बीचको साइनो नभएको बताएँ, उनी एमाले छोड्न तम्सिए ।

बाफ रे कम्युनिष्टहरु ! तपाईका जनप्रतिनिधि (?) हरु जनताको हितमा सिन्को भाच्न पनि तैयार छैनन् ? आफ्नो स्वार्थमा किन्चित पनि धक्का लाग्न खोज्यो भने तपाईहरु सिद्धान्त छोड्न तयार हुनुहुन्छ । एमाले कम्युनिष्ट-हरु ! तपाईका प्रतिनिधिहरु कम्युनिष्ट आदर्श छोडेर पन्चायतमा पलायन हुन खोज्दैछन् ! उनीहरुलाई शिक्षित गर्ने अभिभारा कसको हो ? एमाले छोडेर पन्चायत पस्ने कस्तो शिक्षा पहिराईरहनु भएको छ कार्यकर्ताहरुलाई ? बिचरा ती अछुत अध्यक्ष, केही पनि थाह छैन उनलाई-पार्टी सार्टीका कुरा, तर उनी एमाले हुन् किनकि जसले अहिले त्यो गाउँ विकास समितिको अध्यक्षको रुपमा चुनाब जितेको छ, ऊ पनि एमाले नै हो । अछुत नेता उनीबाट निर्देशित छन् । जहांसम्म गा.वि.स. कै अध्यक्षको कुरा छ, उनीसंग मैले १/२ पल्ट भेटेको छु । उनी जहिले पनि जुवाका खालहरुमा हुन्छन् । उनकै घरमा जुवा जम्छ । यस्ता चरित्रका अध्यक्षबाट निर्देशित ती अछुत नेतामा अरु कुन चांहि गुण पाउन सकिन्छ र ? जे होस् भट्टीपसलमा रक्सी खाएर मात्तिएका र अछुत मर्द हातहरु आफ्ना घरभित्र श्रीमतीमाथि बर्षिएको छ, नानी- केटाकेटीमाथि बर्षिएको छ । त्यही पीडा मनमा लिएर तपाई एमाले कम्युनिष्टहरुलाई सम्झंदा पनि अपराध लाग्छ भने क्षमा पाऊँ ।

यसरी घुमेर जब पढिन्छ अछुत वस्ती र उनका जीवनहरु, यस्तो लाग्छ- अछुत बस्तीका जीवनहरु बेसरोकारमा बाँचिरहेका छन् । जीवनको मूल्य र मान्यताको खोजि, प्राप्ति र स्थायित्व, जसलाई यो देशका थुप्रै पार्टीहरुले थुप्रै भाषा र रङ्गहरुमा अभिव्यक्त गरेका छन्, त्यसका हक्दार यी अछुत बस्तीका जीवनहरु हुने छैनन् । जन्मँदै "अभाग" र "तल्लो कोटी" लिएर जन्मेका यी अछुत जीवनहरुले हाँसो लिन "चौरासी लाख जुनी" पार गर्नु पर्ने छ । के यो कुरा साँच्चै हो ?

पाठकहरु ! यति बेला यो देश थुप्रो पार्टीहरु र सिद्धान्तहरुमा बाँचेको छ । थुप्रो नाराहरुमा बांचेको छ । तर जव तपाई नियालेर हेर्नुहुन्छ-अछुतहरुको बस्तीभित्र, त्यहाँ जम्माजम्मी २ वटा पार्टीहरु राज गरिरहेका छन्-हुने र नहुनेहरुको पार्टी ।

हुनेहरुको पार्टीमा कांग्रेस, कम्युनिष्ट र पन्चहरु छन् । उता नहुनेहरुको पार्टीमा अमुक जनताहरु, जो घात-प्रतिघात सहेर बाँचिरहेका छन् । घातहरु-सिद्धान्तका, हेपाइका, झुक्याइनुका, ठगिनुका, बचनका,-कति हो कति घातहरु ! असंख्य घातहरु ! ❑

१९ पेजको बाँकी

ल्याउन सक्नु ठूलो कुरो थियो । निरक्षरता धेरै मात्रामा र धेरै छिटो खत्तम पार्न सकियो । स्वास्थ्य र भूमि व्यवस्थामा पनि निकै ठूलो फेरबदल ल्याइयो । तर संकटकालीन स्थितिमा त्रुटी कहाँ रह्यो भने - जनतासितको पहिलेको जस्तो घनिष्ट र द्वन्द्वात्मक सम्बन्धमा शिथिलता आयो । यो स्वाभाविक त्रुटी थियो, तर यसबाट अधिकतम फाइदा साम्राज्यवादीहरुले उठाए । साथसाथै ठूला पूँजीपतिहरुलाई साण्डिनिष्टाले नरम नीति अप्नायो । उनीहरुलाई मौलाउन, फष्टाउन र संगठित हुन दिइयो । यो स्थितिबाट पनि ठूला पूँजिपतिहरुले निकै फाइदा उठाए । साम्राज्यवादीहरुले साण्डिनिष्टाहरुलाई खत्तम पार्न तिनैको बुईं चढे । त्यसैले, क्रातिन्लाई दीगो पार्ने हो भने कसमाथि तानाशाही, कसलाई व्यापक जनतन्त्र ? भन्ने सवालमा सबै मार्क्सवादीहरुले राम्रो ध्यान पुऱ्याउनु जरुरी हुन्छ भन्ने पाठ निकारागुआले सिकाएको छ ।


समाजको न्याय र प्रगतिको दिशामा यात्राको लागि पूंजीवादी संसदीय बाटो उपयुक्त हो कि होइन ? त्यसको लागि पनि निकारागुआ एउटा प्रत्यक्ष सबुद हो । पैसाको खोला बगाउनेको र सत्तामा पुग्न हर कुनै अनैतिक बाटो अप्नाउन तयार हुनेको सामुन्ने श्रमिक वर्गले संसदीय व्यवस्थमा प्रतिस्पर्धा गर्न सक्छन् कि सक्दैनन् ? - त्यो साण्डिनिष्टाको अनुभवबाट प्रष्टै देखिएको छ ।

निकारागुआको क्रान्तिले देखाएको छ - एउटा सानो मुलुकका जनताले पनि प्रयत्न गरे भने जतिसुकै ठूलो साम्राज्यवादी मुलुकको नाकैमुन्तिर पनि क्रान्तिको प्रक्रिया थाल्न संभव छ । र, बहुसंख्यक जनता मुक्तिको लागि जुर्मुराए भने कुनै वमवर्षाले पनि उनीहरुको मुक्ति प्रक्रियालाई रोक्न सक्दैन ।

निकारागुआले सिकाएको छ - क्रान्ति मूलतः आफ्नौ खुट्टामा उभिएर सम्पन्न गर्ने र दीगो पार्ने आँट गर्नुपर्दछ । तर विश्वका सबै उत्पीडित वर्गसित नीकटतम एकता र सम्बन्ध कायम गर्नु र साम्राज्यवादी प्रचारयुद्धको मुकाबिला गर्नु पनि क्रान्तिको दीगोपनका लागि नितान्त जरुरी छ ।

कुनै पनि मुलुकको क्रान्तिलाई भताभुंग पार्न साम्राज्यवादले अहिले तीन वटा "जादूगरी" हतियार प्रयोग गर्दैछ । एउटा - वित्तीय पूंजी, दोस्रो - शक्तिशाली संचार यन्त्र र तेस्रो - अत्याधुनिक सैनिक प्रविधि र विधि ।

त्यसको मुकाविला हामीले कसरी गर्न सक्छौं ? नयाँ परिवर्तित परिस्थितमा सोच्ने बेला आएको छ । साम्राज्यवादीहरु अब प्रत्यक्ष आक्रमण नगरिकन नै त्यही देशका भाटहरुलाई प्रयोग गरेर लामो, थकित र हैरान पार्ने, देशको स्रोत साधन जति युद्ध मै लगाइरहनु पर्ने खालको "कम घनीभूत युद्ध" को रणनीति अप्नाएर क्रान्ति सम्पन्न भएको मुलुकलाई खतम पार्ने दाउपेंच अप्नाइरहेछन् । त्यसको सामना हामीले कसरी गर्न सक्छौं ? राम्ररी सोच्नु जरुरी भएको छ । ✱



## चट्याङ्ग पर्दा के कुखुरा र बन्चरो पनि झर्छ ?

# चट्याङ्ग कसरी पर्छ ?

– धीरेन्द्रप्रसाद कोइराला

हाम्रो समाजमा रहेका असंख्य अवैज्ञानिक र रुढीगत कपोलकल्पित धारणाहरु मध्ये चट्याङ्गका बारेमा पनि अनेक कुराहरु सुन्न पाइन्छन् । हाम्रो अशिक्षित पुरानो पुस्ताले चट्याङ्गलाई इन्द्रलोकबाट इन्द्रले हानेको बज्रको रुपमा मानेको देखिन्छ । कतिपय मान्छेहरु त चट्याङ्ग पर्दा फलामको धारीलो बन्चरो नै खस्छ भन्ने गर्दछन् । कतिले त यसको साथमा कुखुरा पनि झर्छसम्म पनि भन्ने गरेका छन् । यस पङ्तिकारले चट्याङ्ग पर्दा खसेको फलामको बन्चरोको टुक्रो फलानाको घरमा अझैसम्म राखेका छन् भनेर गाउँलेहरुले कुराकानी गरेको समेत सुनेको पनि छ ।

जे होस्, यी गलत धारणाहरुलाई चिर्नका लागि चट्याङ्गबारेको वैज्ञानिक तथ्यका बारेमा बुझ्ने प्रयास गरौं ।

बिजुली चम्कनु र बादल गर्जनु, यी प्राकृतिक घटनाहरु हुन् । वायुमण्डलमा रहेको विद्युत यसको प्रमुख कारक तत्व हो ।

विभिन्न कारणहरुले गर्दा वायुमण्डलको विद्युतीकरण हुने गर्दछ । वायुमण्डलको विद्युतीकरण हुनुमा विभिन्न वैज्ञानिकहरुको विभिन्न राय रहेको छ । समद्र या नदीहरुबाट जव वाष्पीकरण हुन्छ, माथि गइरहेको जल-वाष्पमा धन-चार्ज (positive charge) रहन्छ र पानी तथा पृथ्वी ऋण चार्ज (negative charge) युक्त हुन्छ । केही वैज्ञानिकहरु वायुमण्डलको विद्युतीकरण हुनुमा यसलाई पहिलो कारण मान्दछन् । एल्सटर तथा गिटेल भन्ने यी दुई वैज्ञानिकहरु वायुमण्डलको विद्युतीकरण हुनुमा सूर्यको पराबैजनी (अल्ट्रा भ्वाइलेट) किरणहरु नै कारण हुन् भन्दछन् ।

यी किरणहरुले अणुहरुलाई नेगेटिभ तथा पोजिटिभ चार्जहरुमा टुक्र्याई दिन्छन् । पृथ्वीका चट्टानहरुमा रहेका रेडियो सक्रिय तत्वहरु (radio active elements) बाट निस्केका रेडियो सक्रिय किरणहरु (radio active rays) ले वायुमण्डलको विद्युतीकरण गरेको हो भन्ने पनि राय रहेको छ ।

चाहे जे होस्, बिजुली चम्कनका लागि तथा बादल गर्जनका लागि वायुमण्डलको विद्युतीकरण हुनु अनिवार्य शर्त हो ।

वायुमण्डलको विद्युतीय क्षेत्र वा विद्युन्वित (electrified) भागलाई आयनोस्फेयर (ionosphere) भनिन्छ, जुन पृथ्वीको सतहदेखि हजार माइल माथिसम्म फिजिएको हुन्छ ।

वायुमण्डलमा रहेका दुई भिन्न खाले चार्जहरु नेगेटिभ तथा पोजेटिभ चार्जहरुको निष्फलता नै वास्तवमा चट्याङ्ग हो ।

हाम्रो घरमा बिजुली बाल्ने, रेडियो बजाउँनेदेखि लिएर ठूला ठूला कारखाना चलाउने मात्र होइन, आजको वैज्ञानिक युगमा प्रमुख उर्जाको रुपमा रहेको विद्युत र चट्याङ्गको रुपमा प्रकट हुने वायुमण्डलीय विद्युत आखिर एकै सिद्धान्तमा आधारित छन् ।

जलशक्तिको उपयोग गरी, युरेनियम (μranium) धातुको प्रयोग गरी विद्युत उत्पादन गरेर मानवहरुले हरेक क्षेत्रमा प्रयोग गरेको त हामीलाई थाहा नै छ । आजको उर्जा संकट पर्दै गइरहेको यस विश्वमा चट्याङ्गको रुपमा खेर गइरहेको विद्युतलाई प्रयोग गर्न सकेहुन्थ्यो भनेर पनि वैज्ञानिकहरु अन्वेषणमा व्यस्त छन् ।

तपाई हाम्रो घरमा रहेको रेडियो वा टि.भी. मा बिजुली चम्कँदा नराम्रो आवाज आउने, दृश्य किरीङ मिरीङ हुने गरेको त हामीले थाहा पाईरहेका नै छौं । विद्युतीय असरले गर्दा नै यो भएको हो ।

यस प्रकार, हाम्रो समाजमा भनिने गरेका चट्याङ्गबारेका पुराना धारणाहरु र यसको वास्तविक वैज्ञानिक कारणहरुका बीचमा "गोरु बेचेको साइनो" पनि छैन ।

वर्षा याममा प्रायः गरी बादलहरु चार्ज अवस्थामा रहन्छन् । त्यसैले वर्षा याममा चट्याङ्ग बढी पर्ने गर्दछ ।

डरलाग्दा आवाजहरुको गर्जन चट्याङ्ग पर्दा सुनिने गरिन्छ । आखिर यी डरलाग्दा गर्जनहरु के हुन् त ?

पृथ्वीको सतहलाई "क" क्षेत्र मानौं । वायुमण्डलको विद्युतीय क्षेत्रलाई "ख" मानौं । "क" र "ख" बीचमा हावाको क्षेत्र हुन्छ । हावाले विद्युत अचालक (Insulator) को काम गर्दछ । "क" र "ख" क्षेत्र बीचको हावाले अचालकको काम गर्ने हुँदा "ख" क्षेत्रमा रहेका विद्युतीय चार्जहरु "क" क्षेत्रमा आउन पाउँदैनन् । फलस्वरुप, यदि "क" क्षेत्रमा भन्दा "ख" क्षेत्रमा विद्युतीय चार्जहरु बढी हुन गयो भने (या Potential difference बढी हुन गयो भने) बीचको हावाले विद्युतलाई रोक्न नसकी सो विद्युत "क" क्षेत्रमा आइपुग्छ । यसरी वायुमण्डलीय क्षेत्रको विद्युत चार्ज पृथ्वीको सतहसम्म आउनु वा बिसर्जित (Discharge) हुनु नै चट्याङ्ग पर्नु हो ।

चट्याङ्ग पर्दा पहिले बिजुली चम्किएको र पछि बादल गर्जिएको सुनिन्छ । आवाजको गति भन्दा प्रकाशको गति तीव्र हुन्छ, त्यसैले चट्याङ्ग पर्दा हामी झिलिक्क चम्केको पहिले देख्छौं र र गड्याङ्ग गुडुङ्ग आवाज पछि सुन्छौं ।

चट्याङ्ग पर्दा चट्याङ्गको बाटोमा रहेको हावा विद्युत बिसर्जनले गर्दा तात्दछ । तातेपछि एक्कासी फैलन्छ । यो आकस्मिक फैलावटले हावा तुरुन्तै चिसो हुन्छ । फलस्वरुप, हावा खुम्चिन गई आंशिक शून्य उत्पन्न हुन्छ । यसको परिणाम-हावा निकै बेगले दगुर्छ ।

चट्याङ्ग पर्दा सुनिने डरलाग्दा गर्जनहरु हावा फैलिंदा र खुम्चिंदा उत्पन्न भएको आवाज सिवाय अरु केही होइन । खास गरी ध्रुवीय प्रदेशहरुमा विद्युतीय कणहरुको बिसर्जन (Discharge) निकै घण्टासम्म रंगीविरंगी रुपमा देखा परिरहन्छ । यस घटनालाई सुमेरु ज्योति (Aurora Borealis) भनिन्छ ।

चट्याङ्ग पर्दा यसको बाटोमा पर्ने बस्तुहरुमाथि निकै ठूलो क्षति हुन्छ । चट्याङ्गले ठूला-ठूला भवनहरु क्षति भएको, मानिसहरु मरेको समाचार पनि बेला बखत सुनिने गरिन्छ । यो अति नै आकस्मिक घटना हो । चट्याङ्गले प्रायः जसो अग्लो ठाउँमा वा अग्लो बस्तुलाई क्षति पुऱ्याउँछ । धेरै जसो अग्ला अग्ला भवनहरु, अग्ला अग्ला रुखहरु चट्याङ्गबाट क्षति हुने गर्छन् ।

चट्याङ्गबाट ठूला ठूला भवनहरुलाई जोगाउनको लागि भवनको छानामाथि धातु (फलाम वा तामा) को एउटा लामो छड सोझो गरेर राखिएको हुन्छ । यस छडको माथिल्लो भागमा, चार, पाँच वटा तीखा सुइराहरु हुन्छन् । तल्लो भाग मोटो तारसँग जोडिएको हुन्छ । तारको अर्को छेउ चिसो भुईमा राम्ररी गाडिएको तामाको एउटा प्लेटसँग जोडिएको हुन्छ । यस छडलाई चट्याङ्ग-चालक (Lithtning Conductor) भनिन्छ । यसको विकास बेन्जामिन फ्रेंकलिन भन्ने अमेरिकी वैज्ञानिकले सन् १७४९ मा गरेका हुन् ।


यस चट्याङ्ग-चालकले कुन विधि अनुरुप कार्य गर्दछ भन्ने बारेमा पनि केही जानकारी लिऔं ।

जब कुनै चार्जयुक्त बादल चट्याङ्ग-चालक नजीकबाट गुज्रन्छ, त्यस बेला यसमाथि विपरीत चार्ज प्रेरित हुन्छ र समान प्रकारको प्रेरित चार्ज ताँबाको तार हुँदै पृथ्वीमा पुग्दछ । चट्याङ्ग-चालकको टुप्पोमाथि जम्मा भएको विपरीत चार्जले गर्दा यस वरिपरिका हावाको कणहरु चार्ज भई विकर्षित भएर माथि जान थाल्दछन् । यसरी बादलतिर एउटा विद्युत-हूरी चल्छ । यस विद्युत-हूरीका कणहरुले माथिका विपरीत चार्ज-बादल माथिको केही चार्जलाई निष्फल गरिदिन्छ । अतः बादल बिस्तारै बिस्तारै चार्ज हुँदै जान्छ र चट्याङ्ग पर्न पाउँदैन । यदि कारणबश, चट्याङ्ग परीहाल्यो भने पनि सो चट्याङको विद्युतलाई चट्याङ्ग-चालकको मोटो तामाको तारको माध्यबाट पृथ्वीसम्म पुऱ्याइदिन्छ । चट्याङ्गको रुपमा आएको विद्युत कम भन्दा कम रोकावटवाला बाटो पाएपछि बिनादुर्घटना नै जमीनमुनिसम्म पुग्दछ । अन्यथा, विद्युतले सजिलो बाटो पाएन भने भवन नष्ट हुने डर हुन्छ । विद्युत झड्काको कारण नै ती घरहरु भत्कने र चर्कने हुन्छन् ।

चट्याङ्ग कहाँ पर्छ, कति खेर पर्छ भन्ने कुरा एकिन गर्न नसकिए पनि निम्न कुराहरुमा ध्यान पुऱ्याउँदा यसबाट जोगिन मद्दत पुग्छ ।

आँधी बतास आउँदा वा हूरी बतास आउँदा छाता ओड्नु हुँदैन । किनभने, छाताले नै चट्याङ्ग-चालकको काम गर्न सक्छ । अग्लो रुखमुनि वा त्यसको नजीक पनि उभिनु हुँदैन । आकाश गड्याङ गुडुङ्ग गरेर बिजुली चम्किदै पानी पर्दै गरेका बेला सुरक्षाको लागि चौतारोमा कहिल्यै बस्नु हुँदैन । सुरक्षित ठानेको चौतारो नै मृत्युको कारण बन्न सक्दछ । किनभने, चट्याङ्ग हरियो बस्तु (जसमा विद्युत प्रवाह हुन्छ) मा पर्ने बढी संभावना हुन्छ । धातुको घेरा वा काँडावाला तार नजीक पनि उभिनु हुँदैन । सकेसम्म खुला चौरमा पनि उभिनु हुँदैन । कारण, बादल र पृथ्वी बीचको विद्युत आदान प्रदानको माध्यम नै आफैं स्वयं बन्न पुगिने हुन सक्छ । □

# अरुण तेस्रो अहिले किन रोक्नु जरुरी छ ?




**"अरुण तेस्रो आयोजना नेपालको अहिलेसम्मको सबभन्दा विशाल जलविद्युत आयोजना हो । ३८ अरब अर्थात सिंगै देशको डेढ वर्षको बजेट बराबरीको रकम लगानी हुने यो आयोजनाले देशको समग्र जनजीवन र भविष्यमाथि ठूलो असर पार्न सक्छ ।**

**यसमा लिइने ऋण र त्यो ऋणसंग आउने "दाता" राष्ट्रका शर्तहरुले देशको आर्थिक र राजनीतिक निर्णयको लगाम देशका जनताको हातबाट पूरापूर साम्राज्यवादी दाता राष्ट्रको हातमा पुग्न सक्छ ।**

**भर्खर जल विद्युत महशूल बढ्यो, त्यो पनि यही अरुण तेश्रो आयोजनाको निम्ति लिन लागिएको ऋणको लागि विश्व बैंकले लगाएको शर्तको परिणाम थियो । विश्व बैंकले ऋण नै अन्तिम रुपमा स्वीकृत गरिसकेको छैन, तर पनि हाम्रो भाग्यको निर्णय उसको हातबाट यसरी हुन थाल्छ भने ऋणै लिए पछि के होला ? सहजै अड्कल काट्न सकिन्छ ।**

**यति गंभीर राष्ट्रिय मामलामा पर्याप्त र देशव्यापी छलफल भएर राष्ट्रिय सहमतिको स्थिति बन्नु अपरिहार्य थियो । तर कमीशन स्वार्थमा लिप्त राज्य नोकरशाहहरुले बिना कुनै छलफल यत्रो आयोजनामा संझौता गरेर जनतामाथि यो लाद्न लागेका छन् । देशका जागरुक नागरिकहरुबाट यस मामलामा सर्वोच्च अदालतमा समेत मुद्दा दायर भएको छ ।**

**यस स्थितिमा अरुण तेस्रो के हो ? अरुण तेस्रोले ल्याउने परिणाम के हुन् ? यसले देशलाई लान खोजेको दिशा के हो ? यसको प्रगतिशील विकल्प छ कि छैन ? छ भने त्यो के ? देशको विद्युत उत्पादन सम्बन्धी सही रणनीति के हुनुपर्छ ? के भै रहेछ ? यसबारे आम नागरिकहरुमा प्रष्ट धारणा हुनु जरुरी हुन्छ । यही उद्देश्यले अरुण तेस्रो संबन्धमा पक्ष विपक्षका विस्तृत विचारहरु यस स्तम्भमा पेश गरिएका छन् ।"**

**–कार्यकारी संपादक**


**लेखकहरू :**
**गणेश घिमिरे**
**गोपी उप्रेती**
**विकास पाण्डे**
**गोपाल शिवाकोटी "चिन्तन"**

अरुण सरोकार समूह


वर्तमान अवस्थामा अरुणमा एक्कासी हामफाल्नु देशलाई ठूलो जोखिमतिर धकेल्नु हो । नेपालको हाल विद्यमान २५० MW को स्थापित क्षमताबाट एउटै योजना अरुण-३ मार्फत ४०२ MW थपेपछि सन् २००५ सम्ममा देशको कुल विद्युत क्षमता ७०० MW को हाराहारी पुग्ने देखिन्छ । त्यतिखेर राष्ट्रिय जीवनको लगभग हरेक पक्ष, विकास कार्य, उद्योग, यातायात, व्यापार, स्वास्थ्य, शिक्षा, प्रशासन लगायत अहिलेभन्दा धेरै धेरै नेपालीहरुको व्यक्तिगत तथा घरायसी जीवन विद्युत आपूर्तिमा भरपर्ने हुन्छ । यस्तो परिस्थितिमा, त्यसबेला देशको विद्युत आपूर्ति व्यवस्थाको आधाभन्दा धेरै भाग अरुण- ३ मा भर पर्ने हुन्छ । जोखिमनै जोखिमले भरिएको यो परियोजनामा ठूलो केही समस्या आइपऱ्यो भने अथवा सानै केही समस्याले केही समयलाई उक्त आयोजनाबाट विद्युत आपूर्ति हुन सकेन भने त्यसले ल्याउने व्यापक दुष्परिणामहरुलाई देशले कसरी धान्न सक्ला ?

अरुण-३ का हकमा यो योजना सुरक्षित छ भन्ने जुन दावा अहिले गरिदैंछ, त्यस्तै सुरक्षित ठहऱ्याइएको कुलेखानीको विगतको बाढी-पैऱ्होको कारण भएको दुर्गति र त्यसको परिणाम अहिले देशले भोग्दैछ । जोखिमको आकार र त्यसको परिणाम के हुन सक्छ र त्यसलाई त्यस समय र परिस्थिति अनुसार देशले बेहोर्न सक्दछ कि सक्दैन भन्ने प्रश्न एउटा निर्णायक सवाल हो । तर्कसंगत र "देशको जोखिम बेहोर्ने क्षमता" सम्मत कुरा के हुन्छ भने- देशको विद्युत आपूर्ति व्यवस्थाको आधार फराकिलो बनाइनु पर्दछ । अर्थात् साना तथा मझौलाखाले धेरै वटा जलविद्युत योजनाहरु देशको विभिन्न भागमा निमार्ण गर्दै राष्ट्रिय क्षमता विस्तार गर्नु पर्दछ । तब- मात्र जोखिमको आकार सानो हुने तथा त्यस्तो जोखिम बाँडिने हुन्छ । अकस्मात फड्को मारेर होइन, जोखिम धान्ने क्षमता मुलुकमा क्रमशः विकास गरेर मात्र उपयुक्त समयमा अरुण-३ निर्माण गरिनु पर्दछ ।

## बहसमा आनाकानी किन ?

बीस अर्ब रुपैयाँको हाराहारी मात्र देशको सम्पूर्ण वार्षिक विकास खर्च (जसभित्र तलब, भत्ता, घूस, ठेकेदारको नाफा तथा गरीब नेपालीको श्रमदान समेतको हिसाब राखिएको हुन्छ) भएको नेपालजस्तो मुलुकले ३८ अरब भन्दा बढी रुपैयाँ खर्च हुने अरुण-३ (आधिकारिक खर्च ७६४ मिलियन डलर) को बारेमा अन्तिम निर्णय गर्नु अघि संसदमा राम्रोसंग छलफल पनि हुन पाएको छैन ।

कमिशन, भ्रष्टाचार र विविध खालका निहित स्वार्थहरुको बलमा जसोतसो गरेर यस आयोजनामा देशलाई प्रतिबद्ध (Committed) बनाउने काम हुनगयो भने यो प्रतिबद्धतालाई भोलि सरकारमा आउने जो सुकैले पनि वहन गर्नु पर्ने हुन्छ र देशले यसको परिणाम भोग्नै पर्ने हुन्छ । त्यसैले, यस विषयमा राष्ट्रिय छलफल हुनु जरुरी छ र राष्ट्रिय सहमति खोज्नु सबैका लागि अनिवार्य छ । सन १९८५ देखि चर्चामा रहेको आयोजना



संखुवा सभा जिल्लाको नुम गा.वि.स. को पयाकसिन्दा ठाउँ, जहाँ अरुण तेस्रोको बाँध बन्ने छ

१९९०/९१ बाटै निर्माण कार्य शुरु हुने भनिएको लक्ष १९९४ का लागि सर्दा आयोजनाको ठोस औचित्य कायम रहन्छ भने थप केही समय राष्ट्रिय छलफलमा लगाएर, खास गरिकन यसको अन्तिम निर्णय गर्नुभन्दा अगाडि संसदमा छलफल गर्ने समयसम्म पर सार्दा अथवा ढिलाई गर्दा आकाश खस्ने अथवा धर्ती नै फाट्ने त पक्कै होइन । अत: अरुण-३ बारे हुन लागेका सम्पूर्ण समझदारी तथा सम्झौताहरुलाई तत्कालका निमित्त स्थगित गरिनु पर्दछ र यस विषयलाई व्यापक राष्ट्रिय बहसमा ल्याउनु पर्दछ ।

## सामाजिक असर:

अरुण-३ आयोजनामा यसको सम्पूर्ण लगानीको १०% (लगभग रु.४ अर्ब) स्थानीय लगानी हुने भन्ने व्यवस्था छ । यसको अर्थ प्रत्येक वर्ष लगभग दश वर्षसम्म विकास बजेटको अत्यावश्यक क्षेत्रबाट कटौती गरी मुलुकले अरुण-३ मा लगानी गर्नु पर्ने हुन्छ । यसले विकासका सम्वेदनशील क्षेत्र (Sector), जस्तै-शिक्षा, स्वास्थ्य आदिमा प्रत्यक्ष रुपमा नकारात्मक असर पर्नेछ र मुलुकको अन्य भागमा प्राथमिकता प्राप्त आयोजनाहरु समेतलाई प्रतिकूल असर पर्नेछ ।

## यो सम्पदा होइन- दायित्व हुन जान सक्छ ।

हाम्रो जस्तो विकासको स्थिति न्यून रहेको विकासोन्मुख मुलुकले अत्याधुनिक प्रविधि अपनाएर, महँगी अन्तर्राष्ट्रिय ठेकेदारहरु लगाएर, जटिल प्रकृया (Sophisticated Approach) अपनाएर तथा स्थानीय श्रोत, साधन, क्षमता र आवश्यकतालाई उपेक्षा गर्दै गरिने विकास समान्यतया आधारभूत रुपमै गलत सावित भैसकेको छ । विकास भनेको वाह्य श्रोतको बलमा मात्र अख्तियार गरिने कृयाकलापहरुको संगालो होइन । यो त नेपाली समाजलाई बढी आत्मनिर्भर (Self-Reliant) बनाउँदै लैजाने, नेपाली जनताको जीवनको गुणस्तरलाई उकास्दै लैजाने र समग्रमा नेपाली समाजलाई अझ मजबुत स्थितिमा रुपान्तरण गर्दै लैजाने आन्तरिक प्रकृया हो ।

राजनीतिक हिसावले जनसहभागितामा आधारित प्रजातान्त्रिक परिपाटीको भर्खरै शुरुवात भएको हाम्रो जस्तो मुलुकमा विकास र राजनीति एक अर्काका पुरक हुन सकेनन् भने यो मुलुकको भविष्य उज्यालो हुन सक्तैन । यस्तो परिस्थितिमा विकासको निमित्त उपलब्ध श्रोत र साधनको विकास तथा उपयोगबारे देशले प्रष्ट दिशा लिन सकेन भने भविष्यका सम्पूर्ण सम्भावनाहरु क्रमश: रित्तिंदै जाने छन् ।

केही वर्ष अगाडिसम्म "हरियो वन नेपालको धन" भनी चलेका कथन निरर्थक भैसकेको छ । हाम्रो वन जंगल अब विकासको साधन (Asset) नभएर विदेशबाट लगानी गुहारेर संरक्षण गरिनु पर्ने मुलुकको दायित्व (Liability) हुन पुगेका छन् । अब बाँकी रहेको जलसम्पदालाई पनि क्रमश: दायित्व (Liability) कै रुपमा लिंदै जाने प्रकृयाप्रति सबैले चनाखो हुनु जरुरी छ । अन्यथा नेपालको वन्यसम्पदा जस्तै जलसम्पदा पनि श्रोतको रुपमा नभएर देशको लागि भार (Burden) सिद्ध हुन पुग्नेछ ।

नेपालले क्रमश: आफ्नो क्षमताभन्दा बाहिरका जलविद्युत आयोजनामा हात हाल्दै जाने, विदेशी परामर्शदात्री संस्था तथा ठेकेदारहरुको मात्र भर पर्ने र ठूलाठूला आयोजनामा केन्द्रित रहने हो भने जलविद्युत आयोजनाको सम्भारका निमित्त पनि परनिर्भर हुनु पर्ने स्थिति आउने छ । त्यसैले आजको टड्कारो आवश्यकता के हो भने मुलुकमा उपलब्ध जनशक्ति, श्रोत, क्षमता र शीपको उच्चतम उपयोगमा भर परेर र जनसहभागितामा आधारित विकासलाई प्रत्यक्ष रुपमा सघाउ पुऱ्याउने हिसावले जलश्रोतको विकास गर्दै लैजानु पर्दछ । अरुण-३ जुन रंग रुप, स्वरुप र समयमा ल्याउन खोजिदैंछ, यसले मुलुकको वर्तमान तथा भविष्यको आवश्यकतालाई पूर्ण रुपले उपेक्षा गरेको छ- यसले देशलाई अझ अँध्यारो भविष्यतर्फ ठेल्नु बाहेक अरु केही गर्ने छैन ।

# अरुण तेस्रो के हो ?

सन् १९८५ (तदनुसार २०४२) मा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (Japan International Cooperation Agency--JICA) को तत्वावधानमा भएको कोशी जलाधार क्षेत्र (Koshi Basin) को अध्ययन अनुसार अरुण नदीका ६ वटा स्थलहरु (Site) मा विद्युत उत्पादन गर्नु उपयुक्त देखिएको थियो । ती ६ वटा स्थलहरुलाई उत्तरतर्फबाट गन्ति गर्दा तेश्रो नम्बरमा अवस्थित स्थलमा बन्न सक्ने जल विद्युत आयोजनालाई अरुण-३ भनियो ।

अरुण- ३ (अरुण-२, जसलाई माथिल्लो अरुण (Upper Arun) तथा अरुण-४, जसलाई तल्लो अरुण ( Lower Arun) भनिन्छ) लगायत जम्मा तीन वटा योजनाहरु तुलनात्मक रुपले सस्तो लागतमा बन्नसक्ने भन्ने निष्कर्ष पनि उक्त अध्ययनद्वारा निकालियो । यसै निस्कर्षका आधारमा लगत्तै सन् १९८६ मा अरुण-३ को पूर्व सम्भाव्यता अध्ययन गरियो र सन् १९८७ मा उक्त सम्भाव्यता अध्ययन सम्पन्न भयो ।

मूलत: विदेशी श्रोतमा आधारित र विदेशी परामर्शदातृहरुद्वारा भएका यी अध्ययनहरुका निस्कर्ष र सुझाव अनुसार तथा उनीहरुकै सर-सहयोगमा यो आयोजनाका निमित्त आर्थिक श्रोत जुटाउने प्रयत्न शुरु भयो । विद्युत परियोजना र प्रवेश मार्गको विस्तृत सर्वेक्षण एवं रुपरेखा तथा अन्य आवश्यक प्राविधिक कार्यहरु निरन्तर ढंगले अघि बढाइयो । साथै, अध्ययनमा रहेका अन्य केही जलविद्युत आयोजनाहरु समेतको तुलनात्मक अध्ययन (न्यूनतम् लागत उत्पादन विस्तार योजना- (Least Cost Generation Expansion Plan) भयो ।

अरुण-३ लाई तत्काले निर्माण गरिनु पर्ने प्राथमिकता प्राप्त कम खर्चिलो उत्पादन विस्तार योजना सावित गर्ने उद्देश्यले दोहोऱ्याएर गरिएको यस्तो कम खर्चिलो उत्पादन विस्तार योजना ( LCGEP) समेतद्वारा अरुण-३ लाई उच्च प्राथमिकता प्राप्त योजना बनाइयो । १९८९ /९० सममा यस आयोजनाका निमित्त अध्ययन तथा परामर्शका लागि केही आर्थिक सहयोग प्राप्त भइसकेको थियो र निर्माणका निमित्त विश्व बैंक, एशियाली विकास बैंक, जर्मन सरकार लगायत १० भन्दा बढी ठाउँबाट आर्थिक श्रोतको आश्वासन मिल्न थाल्यो र क्रमिक रुपमा यो आयोजना नेपालले सचालन गर्न लागेको सबैभन्दा ठूलो आयोजना बन्न पुग्यो ।

यो कुरा आयोजनाको विस्तृत सर्वेक्षण, रुपरेखा, प्रवेश मार्गको विस्तृत सर्वेक्षण, वित्तीय श्रोतको खोजी आदि कार्यहरु अरुण-३ लाई एकैचोटी ४०२ मेगावाट (MW) क्षमतामा निर्माण गर्ने, उत्पादित विद्युतको आधा भाग भारतलाई बिक्री गर्ने, निर्माण कार्य १९९० /९१ मा थाल्ने र उत्पादन कार्य १९९६ /९७ मा शुरु गर्ने भन्ने आधारमा भएको थियो ।

### योजना विवरण

संखुवासभा जिल्लाको उत्तरी भेगमा रहेको नुमकोप्याकसिंदा भन्ने ठाउँमा ६८ मिटर अग्लो र ११५ मिटर लामो कंक्रिटको बाँधद्वारा अरुण नदीको पानीलाई ५.६ मिटर व्यास भएको ११.५ किलोमिटर लामा दुई वटा सुरुङमार्फत दिथिङ डाँडा गाउँको पिखुवा भन्ने ठाउँमा ल्याई भूमिगत जल विद्युत गृहमा रहेका ६ वटा ६७ MW क्षमताका टरवाइनद्वारा ४०२ MW जल विद्युत क्षमता स्थापना गर्ने र यसरी उत्पादित विद्युतलाई २२० किलो भोल्ट डवल सर्किट प्रशारण लाईन (११५ कि.मी.) द्वारा सुनसरी जिल्लाको दुहवीसम्म पुऱ्याउने योजना नै मूल रुपमा अरुण-३ आयोजना हो ।

धनकुटा जिल्लाको हिलेबाट योजनास्थल (पावर हाउस र बाँध)सम्म पुग्ने ११७ कि.मी. लामो प्रवेश मार्गलाई पनि यस आयोजनाकै अभिन्न अंगका रुपमा लिइएको छ । आयोजनाको पहिलो चरणमा २०१MW क्षमता स्थापना गर्न ७६ करोड ४० लाख अमेरिकी डलर (३८ अर्ब बीस करोड रुपैयाँ) लाग्ने अनुमान रहेको छ । जसमध्ये लगभग २० फिट चौडा यो प्रवेश मार्ग नेपालको सबैभन्दा महँगो (लगभग ५ करोड रुपैयाँ प्रति किलोमिटर खर्च लाग्ने) सडक हुन पुग्ने छ ।

आयोजना निर्माणको कार्यक्रममा अत्यन्त शक्तिशाली "चेनक" हेलिकोप्टरको नियमित प्रयोग गरिने जस्ता कुरा र प्रवेश मार्ग निर्माण र बाँधको निर्माण कार्य लगभग एकैपटक एउटै विदेशी ठेकेदारद्वारा गराइने कुराहरु समावेश भएका छन् ।

आयोजना निर्माण अवधिभित्र ३००० देखि १०००० व्यक्तिहरु दैनिक कार्यमा जुट्नेछन् । निर्माण कार्य चाँडो सिध्याउन अत्याधुनिक प्रविधि र यन्त्रहरुको प्रयोग गरिने योजना रहेको छ ।

तर यसैबीच, अरुण- ३ द्वारा उत्पादित विद्युतको आधा भाग भारतले खरिद गर्ने कुरामा अग्रिम सहमति हुन सकेन, चाहे जति वित्तीय श्रोत जुट्न सकेन र निर्माण शुरु गर्ने समय सर्दै गयो ।

यस्तै विविध कारणले गर्दा वित्तीय सहयोगको स्थिति हेर्दै योजनाको रुपरंग पनि फेरिंदै गयो । पछि गएर, उपलब्ध हुनसक्ने जति ऋण तथा वित्तीय श्रोतभित्र अटाउने गरी अरुण -३ लाई काँटछाँट गरियो ।

पहिलो चरणमा कूल संभावनाको सबभन्दा आकर्षक २०१ MW क्षमता मात्र स्थापित गरिने रुपमा आयोजना तयार गरियो र त्यसलाई "बाल अरुण" (Baby Arun) भन्न थालियो । हाल कार्यान्वयन गरिने भनेको अरुण- ३ यही "बाल अरुण" हो ।

न्यून लागतको उत्पादन विस्तार योजना (LCGEP) को अध्ययनमा अरुण-३ लाई ४०२ मेगावाट क्षमता एकै चरणमा ७२ करोड डलरको लागतमा १९९७ सम्ममा निर्माण भइसक्ने योजनाको रुपमा समावेश गराइएको थियो । □ □ □

## पूर्व आवश्यकता तर्फ आँखा खै ?

प्राविधिक दृष्टिकोणले तथा वित्तीय लगानीको हिसावले (अथवा खासखास अर्थमा आर्थिक दृष्टिले भने पनि हुन्छ) अरुण-३ आकर्षक योजना अवश्य देखिन्छ । तर विशेष गरी विद्युत उत्पादन गरेर भारतको उत्तरी भेग (विहार, पश्चिम बंगाल आदि) मा बेच्न सकिने लाभप्रद हुन सक्दछ । तसर्थ, यसका लागि क्रेताको प्रतिबद्धता (जस्तै-भारतले अरुण आयोजनाबाट उत्पादन हुने विद्युतशक्ति उचित मूल्यमा किन्नेछ भन्ने कुराको ग्यारेन्टी) र दर भाउको निर्णयजस्ता पूर्वशर्तहरु यकिन नभैकन यसबारेमा पछि गएर यसै हुन्छ भन्न सकिन्न । यस दिशामा उपयुक्त टुंगोमा पुग्न सकिने सम्भावनाहरु प्रशस्त छन् । तर यसतर्फ आवश्यक अभ्यास भैरहेको छैन ।

अर्कोतिर आकर्षक आयोजना, खास गरेर ठूलो योजना उपयुक्त समयमा कार्यान्वयन गर्न लामो समयदेखि पूर्वाधारहरु खडा गर्दै लैजानु पर्ने हुन्छ । सडक निर्माण, स्थानीय क्षमताको विकास, विग्रंदो वातावरणीय तथा सामाजिक असन्तुलनमा सुधार, बढ्दो जनधनत्व स्थलमा न्यून रहेका वस्ती विकासका पूर्वाधार तथा अन्य स्थानीय विकास (कृषि, स्वास्थ्य, शिक्षा आदि) कार्यहरु एकै दिनमा हुने कुराहरु होइनन् । यी पूर्व आवश्यकताहरुले उक्त ठाउँमा अरुण-३ जस्तो ठूलो योजना ग्रहण गर्ने क्षमता छ वा छैन भन्ने कुराको टुंगो लगाउँदछन् । यी पूर्व आवश्यकताहरु पूरा गर्ने तर्फ केन्द्रित हुनु पर्ने वर्तमान समयमा यी सबैं कुराको उपेक्षा गर्दै एक्कासी योजना निर्माणमा उफ्रनु बिल्कूल बेठीक हुनेछ ।

## लोड शेडिङ के यसबाट हल होला ?

वर्तमान विद्युत कटौती (Load Shedding) समस्याको समाधान सन् २००० पछि मात्र विद्युत आपूर्ति गर्ने भनिएको अरुण-३ हुन सक्दैन । त्यसभन्दा अगाडि नै विद्युत आपूर्ति गर्ने कम लागतका विकल्पहरु विद्यमान छन् (जस्तैः खिम्ती, भोटेकोशी, मोदी खोला आदि) । अरुण-३ का निमित्त वित्तीय श्रोत जुटाउने सन्दर्भमा पूर्व शर्त स्वरुप विजुली महशूल बढाइने हल्ला छ । यदि पुनः विजुली महशूल बढ्ने हो भने (जुन हाल बढी सकेको पनि छ- सं) यसको महशूल प्रतिइकाई रु. ६।२० सम्म पुग्ने देखिन्छ । यस मूल्यमा सन् २००० पछि विद्युत आपूर्ति नै हुने भए पनि नेपालीहरुले प्रयोग र उपयोग गर्न कत्तिको लायक हुन्छ, यो सबैले अड्कल गर्न सकिने कुरा हो । त्यसैले हतारिएर अरुण-३ निर्माण गर्नुको सट्टा तत्काल गर्न सकिने, प्रतिइकाई मूल्य बृद्धि गर्न नपर्ने, कम लागतका र सन् २००० भन्दा अगाडि नै विजुली आपूर्ति गर्न सक्ने साना तथा मझौला जल विद्युत परियोजनाहरुको काम तत्काल थालेर उपलब्ध हुनसक्ने वित्तीय श्रोतको उपयोग गर्नु पर्दछ ।

## *अरुण-३ मा लगानीका निमित्त ऋणदाता तथा सहयोगी संस्था र सरकारले राखेका शर्तहरू :*

- *दातृसंस्थाले निम्नलिखित शर्तहरु पूरा गरेपछि मात्र लगानी गर्न सक्ने छन् ।*
  - *परियोजनाको अन्तिम लगानी सम्बन्धी व्यवस्था पूरा हुनुपर्ने (क्षेत्रीय विकास समेत) ।*
  - *विद्युत प्राधिकरणबाट १००० कर्मचारी निःशर्त हटाउनु पर्ने, खर्च घटाउनु पर्ने ।*
  - *नेपाल विद्युत प्राधिकरणले सन् १९९२ को आर्थिक लेखापरीक्षण पेश गर्नु पर्ने ।*
  - *सन् १९९३ को लेखापरीक्षणको प्राथमिक ड्राफ्ट दातृ संस्थालाई दिनुपर्ने ।*
- *कूल परियोजना खर्चको भन्सार तथा कर बाहेक श्री ५ को सरकारले १० प्रतिशत लगानी गर्नु आवश्यक छ ।*
- *विद्युत प्राधिकरणले दातृ संस्थाका शर्तहरु पूरा गरेर मात्र विशेषज्ञहरुको टोली गठन गर्नेछ ।*
- *सदर गरिएको बोलपत्र (अगष्ट १, १९९३) औपचारिक रुपमा जनवरी २७, १९९४ भित्र सम्झौतामा पुग्नुपर्ने । (जसको म्याद अहिले नाघिसकेको छ -सं)*
- *ऋण लगानीमा सम्झौता हुनुपूर्व विद्युत प्राधिकरणले दातृ संस्थालाई स्वीकार हुने प्रकारको हेलिकोप्टर यातायात लगायत अन्य सुविधा उपलब्ध गराउनु पर्नेछ ।*
- *श्री ५ को सरकारले दाता समूहलाई परियोजनाको वातवरणमा गम्भीर असर नपार्ने भन्ने लिखित ग्यारेन्टी दिनु आवश्यक छ ।*
- *परियोजनाको पहिलो ५ वर्षसम्म दाता संस्थाले वातावरणीय प्रभावको रेखदेख तथा नियन्त्रण गर्ने छन् र सोको जानकारी श्री ५ को सरकारलाई गराउने छन् ।*
- *श्री ५ को सरकारले दातृ संस्थाहरुलाई परियोजनाका बारेमा विशेष सूचनाहरु दिनु पर्नेछ ।*
- *नेपाल विद्युत प्राधिकरणले निर्देशक लगायत अन्य पदहरुमा नियुक्ती गर्दा दातृ संस्थासँग स्वीकृति लिनु पर्दछ ।*
- *आर्थिक वर्ष सन् १९९३ का लागि दातृ संस्थालाई सन्तोषप्रद हुने गरी विद्युत प्राधिकरणले विद्युत महसूल बढाउनु पर्नेछ । (चैत्र १ गतेदेखि लागू हुने गरी हालै विद्युत महसूलमा गरिएको बृद्धि यसैको परिणाम हो ।)* □

## वातावरणीय प्रभावः

अरुण उपत्यका, जसमा संखुवासभा जिल्लाको सबै भाग, भोजपुरको अधिकांश भाग र धनकुटाको ठूलो भाग पर्दछ, वातावरण र प्राकृतिक श्रोतको हिसावले निकै धनी मानिन्छ । खास गरेर यसको उँचाईको विविधता र शुक्ष्म हावापानी खण्डहरु (Micro-Climatic Zones) को विविधताको कारण उत्तरी भेगमा रहेको जैविक विविधता (Bio Diversity) को प्रचुरता र उपत्यकाभरी नै रहेको अन्यत्रभन्दा धेरै मात्रामा बाँकी रहेको वनजंगल, बन्यजन्तु, वहुमूल्य जडीवूटी, हरियाली तथा खोलानाल जस्ता अनुपम प्राकृतिक सम्पदाहरु जोगाउनु ज्यादै ठूलो महत्वको कुरा हो । यी कुराहरुको संरक्षण आयोजना निर्माण गर्ने ठेकेदारहरुलाई निर्देशन दिएर मात्र हुने होइन ।

यस उपत्यकामा बस्ने लगभग ४ लाख ५० हजार मानिसहरुको निमित्त यी वातावरणीय अवयवहरु भनेका जीविकाका श्रोतहरु हुन् । अतः यी श्रोतहरुको दीगो उपयोगको एउटा उपयुक्त पद्धति स्थानीय जनताको सहभागितामा विकास गरिनु आवश्यक छ । यसरी वातावरण संरक्षण र श्रोतहरुको दीगो उपयोगका निमित्त व्यापक स्थानीय सहभागितामा कार्यक्रमहरु शुरु गरेर मात्र केही वर्षभित्र यस सन्दर्भमा एउटा आधारशीला तयार हुन सक्नेछ । यसरी वातावरण सुरक्षित रहने कुराको पक्का आधार तयार नगरी एक्कासी अरुण-३ जस्तो योजनालाई कार्यान्वयन गर्दा जतिसुकै सतर्कता अपनाए पनि त्यसबाट वातारणमा पर्ने असर दीर्घकालीन र स्थायी प्रकृतिका हुनेछन् । तर "यसलाई त आयोजना निमार्ण कालमै ध्यान पुऱ्याईहालिन्छ नि" भन्नु अव्यवहारिक र झारा टार्ने कुरा मात्र हुन् ।

## चीनको सहमति खै ?

अरुण-३ निमित्त प्रयोग गरिने अरुण नदीको पानीको ठूलो हिस्सा चीनको स्वशासित क्षेत्र तिब्बतबाट बगेर आउने तथा यस नदीको जलाधार क्षेत्रको ८० प्रतिशत भाग तिब्बततर्फ रहेको कुरा सर्वविदितै छ । चर्चामा आए अनुसार तिब्बततर्फ नै अरुण नदीको पानी उपयोग गर्नेबारे विभिन्न योजनाहरु (जस्तै-सिंचाई, जलविद्युत आदि) हुँदै आएका छन् ।

दुई देशबीच भएर बग्ने नदीहरुमा जलश्रोत विकास योजना सञ्चालन हुँदा दुवै देशको समझदारी र सहमति खोज्नु पर्ने आवश्यकता अन्तर्राष्ट्रिय अनुभव समेतले पुष्टि गर्दछन् । अरुण-३ को सन्दर्भमा यसबारेमा यथेष्ट काम भएको छैन र श्री ५ को सरकारले चिनियाँ सरकारसंग सहमति लिने प्रयत्न पनि गरेको छैन ।

तिब्बत क्षेत्रमा तत्कालै अरुणको पानी उपयोग गर्ने ठूलो योजना नबनेकै अवस्थामा पनि आगामी ४०-५० वर्षमा त्यस्ता आयोजनाहरु सम्भव नहोलान् भन्न सकिन्न । अतः अरुण -३ निर्माण शुरु गर्नु अगाडि यस सम्बन्धमा चिनियाँ सरकारबाट निश्चित सहमति प्राप्त गर्नु जरुरी छ । यस्तो सहमति दीर्घकालीन सन्धि-संझौता मार्फत गर्नु पर्ने भए यसमा संविधानबमोजिम संसदको समेत भूमिका रहने तथ्य स्पष्ट छ । यी सबै कुराहरुबारे मुकुलुक स्पष्ट टुंगोमा पुग्नु जरुरी छ ।

## हिम-बाढीको खतरा

हिमपात फुटेर आउन सक्ने बाढी (Glacial Lake Outbrust Floods-GLOF) तथा भूइँचालो जस्ता भौगर्भिक जोखिमबारे परियोजनाले जतिसुकै तर्क गरे पनि विशेषज्ञहरु सन्तुष्ट छैनन् र उनीहरु हालसम्म भएका अध्ययन-अनुसन्धानहरु विलकूल अपुरा र काँचा भएको बाताउँछन् । यसले अरुण-३ का सन्दर्भमा बताइएभन्दा धेरै जोखिम रहेको कुराको संकेत गर्दछ ।

जोखिमबाट पूर्ण रुपले मुक्त योजना हुनै सक्दैन र अध्ययन अनुसन्धानका कार्य जति गरेपनि थप अध्ययन गर्ने ठाउँ जहिले पनि बाँकी रहन्छ नै । हिम-ताल विष्फोटन तथा पैऱ्होका कारण नदी थुनिन गै सिर्जना हुन सक्ने बाढीबारे प्राविधिक दृष्टिले अनुमान र अड्कल मात्र गर्न सकिन्छ, तर एकिन रुपमा भन्न सकिन्न । त्यस्ता हिम-तालहरुको पानीको नियमित अनुगमन तथा जाँच-पड्ताल गर्ने र उपयुक्त समयमा विकासको चाँजो मिलाउने हो भने यस्तो जोखिम कम गर्न सकिन्छ । यस्ता सबै कार्यहरु गर्ने क्षमता अहिले देशमा उपलब्ध छैन । यस सन्दर्भमा हालसम्म भएका अध्ययन त विदेशीका अगुवाईमा भएका छन् भने यस्ता अनुगमन, जाँच-पड्ताल र नियन्त्रणका कुरा त धेरै पर छन् । त्यसैले यस दिशामा क्षमता विकास गर्नु अरुण-३ निर्माणको पहिलो शर्त हो । →

### के तपाईलाई थाहा छ ?

## अरुणले देशलाई कता लानेछ ?

*❀ अरुण तेस्रो आयोजना निर्माण गर्न ३८ अर्ब २० करोड रु. लाग्छ । यो नेपालको कुल बार्षिक बजेटको रकमभन्दा डेढगुणा धेरै रकम हो । महँगी बढ्ने हिसावले अरुण तेस्रो बनीसक्दा योभन्दा पनि धेरै पैसा लगानी हुने प्रष्ट देखिन्छ ।*

*❀ अरुण तेस्रोको निम्ति चाहिने ७६ करोड ४० लाख डलरमध्ये ९६ करोड डलर मात्र अनुदान हो । बाँकी सबै ऋण हो । यो ऋण जोड्दा जम्मा नेपालको विदेशी ऋण २५० करोड डलर हुनेछ । अर्थात १ खर्ब २३ अर्ब ७० करोड ने.रु. हुनेछ । यो भनेको नेपालको ८ वर्षको सम्पूर्ण राजस्व बराबरको ऋणको भार हो । यो ऋणले हामी विदेशी ऋणमा ब्राजिलभन्दा पनि अगाडि पुग्नेछौं ।*

*❀ अरुण तेस्रो संचालन गर्ने इंजिनियरीङ र व्यवस्थापन क्षमता नेपालसित छैन । यसको मतलब, संपूर्ण योजना विदेशी ठेकेदारहरुबाट निर्मित हुनेछ । त्यसमा लगानी भएको रकम विदेश जानेछ ।*

★

# वर्तमान अरुण तेस्रो आयोजना किन अनुपयुक्त छ ?



## जलविद्युत ईन्जिनियर विकास पाण्डेसँग कुराकानी

## कसरी यति नै खर्चमा योभन्दा दोब्बर छिटो र यो भन्दा दुई गुना बेसी बिजुली निकाल्न सकिन्छ ?

*० अरुण तेस्रो आयोजना जसरी शुरु गर्न लागिदैछ, त्यो त्यसरी जानु हुन्न भनेर तपाईहरुले भनीराख्नु भएको छ । त्यसो भन्नुको मुख्य कारण के हो ?*

- अरुण तेस्रो बन्नु हुँदैन भन्ने हाम्रो भनाइ होइन । प्राविधिक दृष्टिकोणबाट अरुण तेस्रो नराम्रो आयोजन हो, यो पनि हाम्रो भनाइ होइन । हाम्रो भनाइ के हो भने - नेपालमा जल विद्युतको दीर्घकालीन विकासको लागि एउटा Strategy (रणनीति) चाहिन्छ । देश र जनताको दीर्घकालीन फाइदाका लागि हामी यसो-यसो गर्दैछौं, यो-यो योजनामा यस कारणले हात हाल्दैछौं, र यति मूल्यमा, यसरी विजुली निकाल्दैछौं भन्ने Strategy चाहिन्छ। त्यस्तो Strategy बनाइयो भने त्यसभित्र अरुण पनि छिर्न सक्छ ।

तर यहाँ बिना Strategy एउटा प्रोजेक्ट मात्र अघि सरिदैछ । जब हाम्रो कुलेखानी बन्यो, त्यसको सबै विजुली हामीले खपत गर्‍यौं । मर्स्यांगदी बनाउन हामीसित पैसा थिएन । हामीले विंदेशतिर पैसा माग्यौं । मर्स्यांगदी बनायौं, त्यसको पनि हामीले सबै विजुली खपत गर्‍यौं । अब मर्स्याङ्गदीको विजुलीले हामीलाई धानेन, हामीलाई फेरि विजुली चाहिएको छ । हामी अब अरुणको लागि विदेशतिर पैसा माग्दैछौं ।

अरुण बन्छ, त्यसको विजुली पनि हामी सबै खपत गर्छौं । अनि हामी कति पटक विदेशसित पैसा मागीरहने ? हाम्रो दीर्घकालीन रणनीति खोइ त ? ता कि - हामी विद्युत शक्तिको दीगो रुपले उत्पादन गरिराख्न सकौं, ता कि - हरेक पटक हामीले विदेशसितै पैसा मागीराख्न नपरोस् ?

हामी हाम्रा दातृसंस्थाबाट, मित्रहरुबाट पैसा लिन्छौं । हामीले त्यसको सदुपयोग गरेर यो निर्भरताको जालोबाट निस्कने उपाय खै ? त्यस्तो फर्मूला खै ? अहिलेको प्रवृत्ति हेर्दा खेरि हाम्रो यो निर्भरताको चक्र कहिल्यै टुट्ने देखिन्न ।

### विना वित्तीय स्रोतको हतारो-

प्रस्तावित अरुण-३ को वर्तमान लागत पहिलो चरणको निमित्त मात्र हो । यसमा बाँध, एउटा सुरुङ्ग २०१ MW क्षमताको विद्युत गृह (Power House), दुहवीसम्मको प्रसारण लाइन, प्रवेश मार्ग आदि पर्दछन् । दोश्रो चरणको लागतका बारेमा वित्तीय श्रोतको पत्तै छैन । दोश्रो चरणको कामका निमित्त सहुलियत शर्तमा वित्तीय श्रोत जुट्ने सम्भावना पनि कम छ । व्यापारिक ऋणबाट मात्र दोश्रो चरणको कार्य पूरा गर्न सकिने कुरा विभिन्न दातृसंस्थाहरु गरिरहेका छन् । व्यापारिक ऋणका निमित्त दोश्रो चरण आकर्षक नरहेको समेत बताइन्छ । यदि कुनै कारणले दोश्रो चरण निर्माण भएनं भने उक्त स्थल (Site) को सम्पूर्ण सम्भावना उपयोग नगरी पहिलो चरणको कार्य गर्न हतार गरेर प्रकृतिको देन उक्त स्थल (Site) लाई नै बिगारिएको ठहरिनेछ ।

त्यसैगरी २२० किलोभोल्ट (KV) "डवल सर्किट प्रशारण लाइन" दुहवीसम्म मात्र ल्याएर पुग्दैन । दुहवीबाट पूर्व-पश्चिम पनि त्यत्तिकै क्षमताको प्रशारण लाइन चाहिने हुन्छ । यसका निमित्त आवश्यक हुने थप खर्चको हिसावै छैन, यस्तो अस्पष्टतामा एकातिर विश्व बैंक जस्ता वित्तीय संस्थाले आफ्नो अन्तिम निर्णय १९९४ को मार्चमा मात्र दिने भएका छन् भने अर्कोतिर, १९९४ को जनवरी भरमै अन्तर्राष्ट्रिय ठेकेदारहरुसंग देशको सम्झौता गराईहाल्ने र देशलाई निर्विकल्प प्रतिबद्धतामा फँसाउने प्रयत्न भैरहेको छ । यो षडयन्त्रबाट मुलुकलाई जागाउनु जरुरी छ ।

### अरुण सरोकार समूहको आव्हान:

*१.यत्तिको ठूलो लगानी लगाउनु पर्ने अरुण-३ बारे देशले हचुवा निर्णय नगरोस् । राष्ट्रिय बहसमा ल्याएर मात्र अरुणबारे अन्तिम निर्णय गरियोस् । देशले धेरै राम्ररी सोच्नु पर्ने यस्तो विषयमा देशलाई चुपचाप रुपमा प्रतिवद्ध (Committed) बनाउने चालबाजी तोड्न सबै पक्षलाई हार्दिक अपील गर्दछौं र सरकारलाई यसबारेका यथार्थ तथ्य प्रकाशमा ल्याउन र बहस अगाडि सार्न हार्दिक अनुरोध गर्दछौं ।*

*२.अगामी संसदमा यस विषयमा व्यापक छलफल गर्न गराउन माननीय सांसदज्यूहरु,राजनीतिक पार्टीहरु र सम्वन्धित सबै पक्षलाई हार्दिक अनुरोध गर्दछौं ।*

*३.आयोजनाका विविध पक्षवारे सरकारका तर्फबाट अविलम्व आधिकारिक जानकारी जनसमक्ष ल्याईयोस् र राष्ट्रिय तथा स्थानीय स्तर (संखुवासभा, भोजपुर र धनकुटा जिल्ला) मा समेत स्थानीय निकायहरु मार्फत जनसहभागिता जुटाई स्थानीय तथा राष्ट्रिय छलफल चलाई सहमति कायम गरियोस् ।*

*४.आयोजना स्थलको स्थानीय हित र सरोकारबारे व्यापक स्थानीय सहभागिताको आधारमा निश्चित टुंगोमा पुगियोस् । तथाकथित हित र सरोकारहरुलाई "माथि" वा "विदेशी" बाट लाद्ने काम नहोस् । योजना शुरु गर्नु अगाडि गर्नु पर्ने स्थानीय हित र पूर्वाधार विकासका निमित्त अविलम्व कार्यक्रमको तर्जुमा गरियोस् तथा यसका लागि आवश्यक श्रोतको व्यवस्था होस् र सं-साधनहरुको चाँजो मिलाइयोस् तथा यसका निमित्त स्थानीय जनता तथा निकायहरुलाई उपयुक्त भूमिका दिइयोस् ।*

*५.अरुण-३ प्राविधिक दृष्टिकोणले आकर्षक आयोजना भएकाले उपयुक्त समयमा यसलाई कार्यान्वयन गर्न आवश्यक तयारीहरु जस्तै- सडक निर्माण, स्थानीय विकास, अन्तर्राष्ट्रिय सहमतिको खोजि एवं निर्माण तथा आवश्यक भएसम्म थप अध्ययन-अनुसन्धान जारी राखियोस् ।*

*"अरुण आयोजनालाई तत्कालका निमित्त स्थगित गरी राष्ट्रिय छलफलमा ल्याऔं तथा कमशिनखोर र भ्रष्टचारबाट देशलाई जोगाऔं ।"*

### ऋणको यो पासोमा पर्नु ठीक छ ?

अहिले नेपालको थाप्लोमा १८० करोड डलरको ऋण छ । अरुण-३ ले ५४ करोड डलरको ऋण यसमाथि थप्नेछ । अन्य प्रयोजनका निमित्त समेत लिइने ऋणको अनुमान गर्दा सन् २००० सम्ममा नेपालको कुल ऋण २४० करोड डलर सहजै पुग्ने देखिन्छ । हालको ३० करोड डलर बराबरको वार्षिक राजस्व सम्पूर्ण रुपमा ऋण तिर्न खर्च गर्दा पनि यो मुलुकले ऋणबाट मुक्त हुन आठ वर्ष लाग्ने देखिन्छ । यस हिसाबले सन् २००० मा प्रत्येक नेपाली परिवार, विद्युत सेवा उपलब्ध भएका वा त्यसबाट बन्चित दुबै, लगभग ३६ हजार रुपैयाँको ऋणी हुनेछन् । संसारको सबैभन्दा बढी प्रतिब्यक्ति ऋण भएको तथा जलश्रोतको सबैभन्दा धनी मानिने ब्राजिललाई त्यसबखत नेपालले ऋणमा चाहिं उछिन्ने देखिन्छ । के विकासको नाममा यसरी ऋण थप्दै लैजानु ठीक छ ? यो सबै नेपालीले गम्भीर रुपले सोच्नु पर्ने कुरा हो ।

### लागत भन्दा सस्तो

अरुण तेस्रो आयोजनालाई अहिलेको लागत खर्च भन्दा अझ न्यूनतम

बाँकी ४५ पेजमा

## अरूणको बिजुली कति महँगो ?

*० अरुण तेस्रोमा प्रतिकिलोवाट विद्युत उत्पादन मूल्य ३८०० अमेरिकी डलर पर्नेछ । यो मूल्य भारतको प्रतिकिलोवाट उत्पादन लागतभन्दा झण्डै दुईगुना बेसी हो र चीनको लागतभन्दा अढाई गुना बेसी हो । उत्पादन लागतको दोब्बर महँगो पर्ने हुनाले यसबाट निकालिएको विजुली भारतमा बेच्न सकिने छैन ।*

*० आमनेपाली ग्राहकको लागि अरुणबाट उत्पादित बिजुली मर्स्याङगदीकै जति नै महँगो हुनेछ, जुन नेपालको अहिलेसम्मको सबभन्दा महँगो विद्युत आयोजना हो । अरुणको प्रतियूनिट-बिजुली महसूल-कम्तीमा पनि रु. ५ ।- पर्ने छ र बढीमा रु ७ ।- सम्म पनि पर्न जानेछ ।*

*० अरुण तेस्रो पूरा हुन कम्तीमा १० वर्ष लाग्नेछ । अर्थात अरु १० वर्षसम्म हामी लोड शेडिङमै बाँच्नु पर्नेछ । महँगो आयातीत तेलमै हामीले त्यतिखेरसम्म भर पर्नु पर्नेछ ।* ❐

हामीलाई विजुली बढ्दो मात्रामा चाहिराख्छ । हामीसित पैसा हुँदैन । प्रत्येक पटक हामीले अरुसितै माग्नु पर्छ । यो निर्भरताको चक्र तोड्ने हामीसित दीर्घकालीन रणनीति छै ?

अरुणलाई फगत एउटा फुट्टो प्रोजेक्टको रुपमा हेर्नु भएन । एउटा दीर्घकालीन रणनीति अन्तर्गत अरुण आउँछ भने त्यसमा कुनै आपत्ति छैन । अहिले त्यस्तो दीर्घकालीन रणनीति अन्तर्गत अरुण तेस्रोको योजना आएन । फुट्टो एउटा प्रोजेक्टको रुपमा, एउटा हचुवा प्रोजेक्टको रुपमा यो आयो । यो हचुवा प्रवृत्तिको हामीले विरोध गरेका हौं ।

कुन दीर्घकालीन रणनीतिअन्तर्गत अरुण तेस्रो योजना आइरहेछ ? त्यस्तो उत्तर नै नभईकन यो योजना थालिदैछ । यसैको हामीले विरोध गरेका हौं ।

——— *० अरुण तेस्रो लागतका हिसाबले Cost effective नभएको अर्थात् पर्ता नै नपर्ने आयोजना हो भनेर भनिदैछ नि, त्यसको कारण के होला ?*

जल विद्युत डिजेलबाट विद्युत उत्पादन गरेजस्तो एउटा निर्माण मूल्यका आधारमा निर्धारित मूल्यमा दिन सकिने कुरा होइन । यो जमीनबाट तेल निकालेको जस्तो पनि होइन । प्रत्येक जलविद्युत योजना फरक-फरक किसिमको हुन्छ । तर आम रुपमा के भन्न सकिन्छ भने - जुन जल विद्युत योजनामा नेपाली ठेकेदारहरु, नेपाली प्राविधिक, नेपाली कन्सल्ट्याण्ट, नेपाली सामानहरु प्रयोग हुन्छन्, ती जल विद्युत योजनाहरु सबै विदेशी ठेकेदार, प्राविधिक र समानबाट बनेका योजनाभन्दा निश्चितै रुपमा सस्ता हुन्छन् ।

त्यसको राम्रो उदाहरण आँधीखोला प्रोजेक्ट हो । त्यसमा नेपाली ठेकेदारहरुले नै सुरुङ बनाए, ड्याम बनाए । त्यो हजार डलर प्रतिकिलोवाट भन्दा थोरै मूल्यमा बनीरहेछ ।

अहिले झिमरुक बन्दैछ - १२ मेघावाटको । त्यो पनि अधिकांश नेपाली ठेकेदारहरुबाटै बन्दैछ । त्यो पनि प्रतिकिलोवाट १६-१७ सय डलरमा बन्दैछ ।

अहिले खिम्ती प्रोजेक्ट जुन बन्दैछ, त्यो पनि विदेशी पैसाबाटै बन्दैछ, तर त्यो दुई हजार डलर प्रतिकिलोवाट हाराहारीको लागतमा बन्दैछ । तर एक्कै चोटी अरुण तेस्रो चाहिं किन ३८ सय डलर प्रतिकिलोवाट पर्न गयो ? नेपाली ठेकेदारहरुबाट बनेका योजनाहरुभन्दा त्यो किन दुई गुना महंगो पर्न गयो ? यस हिसाबले यो योजना निकै महंगो योजना हुन गएको छ । यो महँगो हुन जानुको एउटा कारण यसमा बाटो पनि गाभिनु हो । तर बाटोको खर्च यसबाट घटाउँदा पनि यो तीन हजार दुई सय डलर प्रतिकिलोवाट पर्न जानेहुन्छ । यो अझै पनि निकै महँगो योजना नै हुन जानेहुन्छ ।

यसरी महँगो पर्न जानुको एउटै मात्र मुख्य कारण के हो भने - यो पूरै विदेशी ठेकेदारहरुबाट बन्दैछ, विदेशी प्राविधिज्ञहरुबाट बन्दैछ । हामीसित प्रसस्त पैसा हुँदो हो त, यो पनि केही थिएन । राम्रै हुन्थ्यो । तर हामी त गरीब मुलुक हौं । हाम्रो क्रय शक्ति नै कम छ । त्यस्तो देशले काम जति विदेशी ठेकेदार र प्राविधिज्ञहरुलाई लगाएर हामीचाहिं बसीखाने मेलो गर्नु ठीक हुन्छ ?

हाम्रो जस्तो मुलुकले विद्युत योजना संचालन गर्ने हो भने हाम्रो संलग्नता त्यसमा बेसी हुनुपर्छ । बेसी मात्रामा स्वदेशी ठेकेदार र प्राविधिज्ञ लगाएमा नै त्यो सस्तो पर्न जान्छ, प्रतिकिलोवाट विद्युतको मूल्य थोरै पर्न जाने हुन्छ र नेपालीले त्यो किन्न सकिने हुन्छ । अरुण सबैभन्दा महँगो योजना हुन गयो, फगत यस कारणले कि - त्यसमा पूरै विदेशी संलग्नता मात्र छ । त्यसैमा नेपाली संलाग्नता बेसी हुने हो भने त्यो अहिलेको लागतभन्दा धेरै सस्तो पर्न जान्थ्यो । यसको प्रतिकिलोवाट विद्युत भाउ अहिलेकोभन्दा निकै घट्थ्यो ।

यसको उदाहरण पनि पेश गर्न सकिन्छ । भारतले नै जल विद्युत उत्पादन योभन्दा निकै सस्तोमा गरिरहेछ । दुई हजार डलर प्रतिकिलोवाटभन्दा पनि सस्तोमा उसले विद्युत उत्पादन गरिरहेछ । चीनले पन्ध्रसय डलर प्रतिकिलोवाट विद्युत उत्पादन गरिरहेछ । नेपालमा चाहिं मर्स्या दी हेरौं, कुलेखानी हेरौं, अरुण नै हेरौं, सबैमा प्रतिकिलोवाट चार हजार डलरको हाराहारीमा उत्पादन हुने गर्दैछन् । आखिर किन यस्तो भयो त ? कुनै कारण त यसमा अन्तर्निहित छ । त्यो कारण के हो भने -उनीहरुले आफ्नै ठेकेदार, आफ्नै प्रविधिज्ञ प्रयोग गरे । जुन लेभलका मान्छेले विद्युत खपत गर्छन्, त्यही लेभलका मान्छेले विद्युत उत्पादन गरे । हामी चाहिं यहाँ उनीहरु जति पनि पैसा नभएका, क्रय शक्ति नभएका मानिसहरु, उनीहरुभन्दा धेरै खर्च हुने उपायबाट विद्युत उत्पादन गर्ने सुरसार गर्दैछौं । अनि यो Cost effective कसरी हुन्छ ? यो कसरी सस्तो पर्छ ?

——— *० तपाईहरुको विरोध "फगत रणनीति भएन र नेपाली ठेकेदार र प्राविधिज्ञहरु अरुण तेस्रोमा लगाइएनन" भन्ने मात्र हो कि जुन परिमाणमा अन्धाधुन्ध विदेशी ऋण लिएर यो योजना संचालन गर्न लागिदैछ, त्यसले देश, समाज र अर्थतन्त्रलाई पार्ने दीर्घकालिन प्रभावलाई लिएर पनि हो ?*

- अहिले सरकार के भनिरहेछ भने -अरुणको लागि लगानी हुने विदेशी पूँजी झण्डै पूरापूर अनुदान हो । तर वास्ताविकता अहिलेसम्म के देखिन्छ भने- अरुणको निम्ति लगानी हुने ७६ करोड ४० लाख डलरमध्ये जर्मन सरकारबाट दिइने १६ करोड डलर मात्र अनुदान भनेर तोकिएको छ । विश्व बैंकको सँढे १७ करोड डलर ऋण हो । एशियाली विकास बैंकको १५ करोड डलर ऋण हो । जापानले दिने रकम पनि ऋण नै हो ।

१६ करोड डलर मात्र अनुदान भएपछि बाँकी ६० करोड त ऋणै संभनु पर्‍यो अहिले ।

अहिलेसम्म नेपालले लिएको कुल ऋणको हिसाव गर्ने हो भने झण्डै १९० करोड डलर पुगिसकेको छ । १९० करोडमा ६० करोड डलर थप्दाखेरि २५० करोड डलर हुन्छ । नेपाली रुपैयाँ १ खर्व २२ अरव, ५० करोड हुन्छ । यो ऋणलाई गहीरोमा हेर्ने हो भने यो नेपालको ८ वर्षको राजस्व बराबरको रकम हो ।

हाम्रो ऋण पुग्ने भो- २५० करोड डलर, हाम्रो वार्षिक राजस्व छ- ३० करोड डलरको । यसरी, हाम्रो आठ वर्षको राज्यको पूरै आम्दानी ऋणमा फस्ने भो । अर्थात, ऋण पूरा तिरीसक्नलाई राज्यको आठ वर्षको आम्दानी एक पैसा पनि बाँकी नरहने गरी खर्च गर्नु पर्ने भो । यो भयावह संकटको लक्षण हो ।

ऋणै लिनु हुन्न भन्ने हाम्रो भनाइ हैन । हाम्रो भनाइ के हो भने- ऋणलाई यति हल्का, यति सजिलोसित लिनु भएन ।


हामीलाई झण्डै यो सित्तैंमा आएको पैसा, जेमा आएको हो त्यसैमा खर्च गरौं, बेसी प्रश्न किन सोधौं भनेर हामीले भन्नु मिलेन । जब हाम्रो ऋण २५० करोड डलर पुग्छ, हाम्रो आम्दानीको अनुपातको हिसाबले हामी ब्राजिलभन्दा बढी ऋणी हुन्छौं । ब्राजिलको वार्षिक प्रतिव्यक्ति आम्दानी ३ हजार डलर छ । त्यसैले उसको लागि यो ठूलो कुरो भएन । तर हाम्रो प्रतिव्यक्ति आम्दानी १६० डलर छ, भने, यो हाम्रो लागि ज्यादै ठूलो ऋणको भार हो । आठ वर्षको हाम्रो आम्दानी हामीले पहिल्यै लिएर खाएपछि हाम्रो भविष्य कस्तो हुने ?

तपाई आफ्नै परिवारमा यो घटनाको असर के हुन्छ ? सोच्नुहोस् त । आठ वर्षसम्म तपाईको परिवारले जति कमाउने हो, त्यति रकम तपाईले पहिले नै ऋण लिएर खाईसक्नु भो भने तपाईको परिवारको भविष्य कस्तो हुनेछ ?

त्यसैले, "यो झण्डै सित्तैंमा आएको पैसा, यो हामीले लिनै पर्छ र जसरी पनि अरुण बनाउनै पर्छ" भन्ने तर्कमा कुनै

## विश्वको अन्यत्रको तुलनामा
## अरुण तेस्रोको विजुली कति महँगो ?

*० अरुण तेस्रोको विजुली प्रतियूनिट (कम्तीमा) रु. ५ ।-*
*० भारतले भूटानसंग किनीरहेको -प्रतियूनिट रु. ० ।४६*
*० भारतमा सामान्य ग्राहकको लागि -प्रतियूनिट रु. १ ।१५*
*० भूटानमा सामान्य ग्राहकको लागि -प्रतियूनिट रु. ० ।६४*
*० बेलायतमा सामान्य ग्राहकको लागि -प्रतियूनिट रु. ६ ।-*
*० जर्मनीमा सामान्य ग्राहकको लागि -प्रतियूनिट रु. ५ ।५०*
*० संयुक्त राज्य अमेरिका सामान्य ग्राहकको लागि - प्रतियूनिट रु. ४ ।५०*
*० नर्वेमा सामान्य ग्राहकको लागि -प्रतियूनिट रु. ३ ।११*
*स्रोतः इंजिनियर विकास पाण्डे/Spotlight Weekly, डिसेम्बर १७,१९९४*



विकास पाण्डे

**आठ वर्षसम्म तपाईको परिवार ले जति कमाउने हो, त्यति रकम तपाईले पहिले नै ऋण लिएर खाईसक्नु भो भने तपाईको परिवारको भविष्य कस्तो हुनेछ ?**

## यसले वातावरणमा के असर पार्ने छ ?

*० अरुण तेस्रो निर्माण गर्न ३० हजार ज्यामीहरु अरुण उपत्यकामा झर्नेछन्, उनीहरुको सहयोगी र परिवार सदस्यहरु समेत गरी थप ५०,००० मानिसहरु त्यहाँ झर्ने छन् । ३२ हजार जनसंख्या मात्र भएको अरुणमा यसले सामाजिक प्रदुषण ल्याउने छ ।*

*अरुण उपत्यकामा थपिने जनसंख्याले एक वर्षमा ७३ हजार मेट्रिक टन त दाउरा मात्र खपत गर्नेछ । यसको १५०० बिघा जमीनमा रहेको जंगल प्रतिवर्ष फाँडिने छ । यसले गंभीर वातावरणीय समस्या ल्याउने छ ।*

तथ्यांक स्रोत: Alliance for Energy

तूक छैन । भविष्यप्रति पूरै बेसरोकार हुने हो भने मात्र यस्तो कुरा गर्न सुहाउँछ ।

तर फेरि एउटा बाध्यता हामीलाई के छ भने- हामीले ऋण नलिई सुखै छैन । किनभने, जल विद्युत विकास गर्नु छ । आन्तारिक स्रोतले सबै पुग्दैन । त्यसैले, एउटै मात्र भन्नु के छ भने- हामीले जुन ऋण लिन्छौं, त्यसलाई हामीले बुद्धिमानीपूर्वक प्रयोग गर्नु पर्‍यो । हामी ऋणको चक्र (Cycle) बाट दीर्घकालीन रुपले मुक्त हुने गरी ऋणको प्रयोग गर्नु पर्‍यो ।

——— *० त्यो कसरी संभव छ त ?*

- त्यो कसरी भने- यहाँ जलस्रोतको एउटा पूरा (Sector) सेक्टर नै विकास गर्नुपर्‍यो । यहाँ जलस्रोतकै नेपाली कंपनिहरु हुनुपर्‍यो- कन्सल्टयाण्ट कंपनिहरु हुनु पर्‍यो, कन्स्ट्रक्सन कंपनिहरु हुनु पर्‍यो, निर्माण (Manufacturing) कंपनिहरु हुनु पर्‍यो । नेपालमै पनि कति लगानीकर्ताहरु छन्, जो यसमा लगानी गर्न इच्छुक छन्, यदि यो उपयुक्त मूल्यमा उनीहरुलाई प्राप्त हुन सक्छ भने । यो स्थितिमा नेपाली पूँजी, प्राविधिज्ञ, ठेकेदार लगाएर यहाँको जलस्रोतको उपयोग गर्ने हो भने उत्पादन निकै सस्तो पर्न जान- सक्छ । स- नो उत्पादन गरेर भारतलाई बेच्न सक्छौं भने जलस्रोत हाम्रो लागि संम्पत्ति पनि हुन सक्छ । तर यसो नगरी अन्धाधुन्ध तवरले ऋण लिएर हचुवा तवरले विद्युत उत्पादन गर्न थाल्यौं भने यो सम्पत्ति (asset) नभएर दायित्व (Liability) पनि हुन जानसक्छ । खासमा, "जलस्रोत" नै हाम्रो संपत्ति होइन, "राम्ररी प्रयोग गरिएको जलस्रोत" मात्र हाम्रो संपत्ति हो ।

हामी अहिले अरुणबाट विजुली निकालेर भारतलाई बेच्ने कुरा गर्दैछौं । तर हामी कसरी भारतलाई विद्युत बेच्न सक्छौं ?-जब कि हाम्रो उत्पादन लागत उनीहरुको भन्दा दोब्बर बेसी छ ? उनीहरुले जलविद्युत निकाल्दा दुई हजार डलर प्रतिकिलोवाट भन्दा पनि कममा निकालिरहेछन् । हाम्रो चार हजार डलर प्रतिकिलोवाट लगानी पारिहेछ । हामीले उनीहरुलाई उनीहरुको भन्दा दुई गुना महँगोमा निकालेको उत्पादन कसरी बेच्छौं ? उनीहरु त्यति मूर्ख त छैनन् । उनीहरु केही चीज हामीसित किन्छन् भने त्यो आफूकहाँ भन्दा सस्तो हुनु पर्‍यो, अनि न किन्छन् । नत्र महँगोमा उनीहरु किन किन्छन् ?

जलस्रोत हामीसंग प्रशस्त छ, तर सस्तोमा, राम्रोसंग उत्पादन गरिएको जल विद्युत मात्र हाम्रो लागि संपत्ति हो । महँगोमा नराम्रोसंग उत्पादन गरिएको जलविद्युत हाम्रो दायित्व (Liability) हो । किनभने- हाम्रो बिजुली अरुले किनीदिदैन । हामी ऋणमा डुब्छौं । हामी पैसै तिर्न सक्दैनौं । अनि देश धेरै किसिमले डुब्ने संभावना हुन्छ ।

——— *० सरकारले त प्रति यूनिट रु २/२१ पैसामा अरुणको विद्युत उत्पादन हुन सक्छ र यो तुलनात्मक रुपले अत्यन्त सस्तो विद्युत उत्पादन हो भनीरहेछ त ?*

- यो भनाइमा लाई विश्वास लाग्दैन ।

यसको कारण के हो भने- अहिले हाम्रो विद्युतको मूल्य साधारण प्रतियूनिट ३ रुपियाँ छ । बढी खपत गर्नेलाई रु. ४/५० छ । विश्व बैंकले के शर्त राखेको छ भने- विद्युत महसूल अब ४५ प्रतिशतले बढाउनु पर्दछ । विश्व बैंकको चार्ट अनुसार अरुणको विद्युत आउने बेलामा प्रति यूनिट ७ रुपियाँ विद्युत महशूल हुनु पर्छ भनेका छन् उनीहरुले । अब प्रश्न उठ्छ- बिजुली जब दुई रुपियाँ २१ पैसामा निक्लन्छ भने, ७ रुपियाँमा किन बेच्नु पर्‍यो ? दुई रुपियाँमा निक्लने बिजुली सात रुपियाँमा बेच्नु पर्छ भने त्यहाँ अवश्यै केही न केही समस्या छ, गडवड छ भन्ने बुझ्नुपर्छ । ग्राहकको हिसावले प्रश्न गर्दा सरकारलाई, के सोध्न सकिन्छ भने- यदि तपाईहरु २ रुपियाँ २१ पैसामा बिजुली निकाल्न समर्थ हुनुहुन्छ भने हामी ग्राहकलाई मात्र किन ७ रुपियाँ लाद्नु हुन्छ ? यो प्रश्नको उत्तर सरकारसित भएको देखिन्न ।

त्यसैले, रु. २ ।२१ मा अरुणको विजुली निक्लिदैछ भन्ने कुरा पत्यार गर्न सकिने खालको छैन । शायद यो प्रचार होला- अरुणको पक्षमा अनुकूल जनमत बनाउन ।

——— *० तपाईले अघि रणनीतिको कुरा गर्नु भएको थियो । के तपाईले भन्नु भएको रणनीति अनुसार यति नै पैसामा योभन्दा छिटो, योभन्दा धेरै बिजुली निकाल्न संभव छ ?*

- मैले त सिधा हिसाव पेश गरेको हुँ । यदि हामीले यसको आधा खर्चमा प्रतिइकाइ विजुली उत्पादन गर्न सक्छौं भने-त्यति नै खर्चले योभन्दा दोब्बर बिजुली निकाल्न सकिने त सिधै देखियो । स्थानीय प्राविधिज्ञ, स्थानिय ठेकेदार, स्थानीय साधनहरुको प्रयोग गर्ने नीतिद्वारा यो गर्न संभव हुन्छ भनेर मैले अघि नै भनें ।

तर यसका लागि आउने समास्याहरु पनि छन् । जस्तो-जुन पूँजी अहिले अरुणमा लगाउन दातृ समूहहरु तयार छन्, त्यो पूँजी मैले भने जस्तो रणनीति आपनाएर लगाउन बेतयार पनि हुन सक्छन् ।

तर मुख्य कुरो हामीबीच राष्ट्रिय सहमति बन्नु पर्‍यो कि- नेपालमा ठीक तरीकाबाट सस्तोमा जल विद्युत उत्पादन गर्ने रणनीति यो हो भनेर । त्यो कुरा सबैलाई मान्य भएपछि अब हामीले विचार गर्नु पर्‍यो कि- त्यो रणनीति मुताविक हामीले विश्व बैंक जस्ता दातृ संस्थाहरुसित कसरी व्यवहार गर्ने ? हुन सक्छ- त्यसो गर्दा "यस पटक हामीसित अरुणकै निम्ति प्राथमिकता दिनु पर्ने स्थिति छ, त्यसै गरौं" भन्ने राष्ट्रिय सहमति निक्लोस् !

हामीले यतिका वर्ष उत्पादन गर्‍यौं । तर अहिलेसम्म नेपालमा जम्मा १० प्रतिशत जनताले मात्र बिजुली पाउन सकेका छन् । त्यो पनि अन्तभन्दा निकै महँगोमा । भारतलाई बेच्ने कुरा त छँदैछैन भने पनि हुन्छ । भने पछि, हाम्रो रणनीतिमा केही केही ठूलो गल्ती छ । सोँच्चै भन्ने हो भने Strategy नै छैन । कसैले पैसा दिन्छु भन्यो भने योजना गर्ने, नत्र नगर्ने- अहिलेको Strategy भनेको यति मात्रै छ ।

यो स्थिति बदल्नु पर्छ । नेपालमा कसरी सही तवरले सस्तो विजुली हामीले उत्पादन गर्ने हो भन्ने बारेमा हामीले रणनीति बनाउनु पर्छ ।

अर्को, पैसा कहाँबाट आउँछ, हामीले कुन बूँदामा वार्तालाप गर्ने, अरुण गर्नु फाइदाजनक हुन्छ कि हुन्न ?- यी मामलामा पनि हामीले पर्याप्त विचार पुर्‍याउनु पर्छ ।

रणनीति तयार गरिसकेपछि सबै कुरा विचार गर्दा अरुण नै सबभन्दा राम्रो योजना ठहरिन आउँछ भने, आउँछ । हामीले अरुण कुनै पनि हालतमा बन्नु हुन्न भन्ने धारणा राखेका छैनौं । प्राविधिक रुपमा, इन्जिनियरिङगको हिसावबाट अरुण राम्रो योजना पनि हो । तर अहिले असैह्य भएको कुरा के हो भने- विना रणनीति र विना कुनै दीर्घकानील असरको सोचविचार नै अरुणमा हात हाल्न लागिदैछ । अरुणले भएजति हाम्रा श्रोतहरु लिइसकेपछि अरु आयोजना गन हामीसित पैसा कसरी, कहाँबाट आउँछ ? सबै लगानी अरुणले लिईसकेपछि अरुको लागि न त हामीसित स्रोत नै हुनेछ, न बजार नै । त्यो स्थितिमा हामीले के गर्ने ? यो कुरामा कुनै विचार पुर्‍याइएको छैन । यो चाहिं असह्य भएको हो ।

त्यसरी यतिकै पैसामा, यो भन्दा छिटो, यो भन्दा धेरै विजुली निकाल्न संभव छ । तर सही रणनीति तय गरेपछि मात्र यो गर्न सकिने कुरा हो । तदर्थवादी तरीकाबाट यस्तो गर्न कदापि संभव छैन ।

——— *० नेपालको लागि सबभन्दा फाइदाजनक र उपयुक्त हुने रणनीति चाहिं के हो त, जलस्रोत उपयोगको लागि ?*

→

**अन्तर्राष्ट्रिय हिसाबले धनी र गरीब मुलुकको सम्बन्धमा यदि हेर्ने हो भने धनी मुलुकको रणनीति के देखिन्छ भने उनीहरु गरीब मुलुकको कच्चा पदार्थ लैजान्छन् र ज्यादै मूल्य थपेर त्यो प्रशोधित पदार्थ गरीब मुलुकलाई नै बेच्दछन् ।**

ड्यामसाइटमा पानी लैजान बनाइने सुरुंग



## के तपाईलाई थाहा छ ?

# अरुण तस्रोको विकल्प के छ ?

*१. विशाल विदेशी ऋणमै भर नपरीकन पनि हामी हाम्रो बढ्दो विद्युत आवश्यकता पूरा गर्न सक्छौं । राष्ट्रिय क्षमतामा आधारित साना जलविद्युत आयोजनामा लगानी गरेर वर्तमान लोड शेडिङ ५/६ वर्ष मै हटाउन संभव छ, अरुणको लागि १०/१२ वर्ष कुर्नु जरुरी छैन ।*

*२. साना जलविद्युत आयोजनामा लगानी गरेर बढी सस्तोमा र बढी छिटो अरुणभन्दा बेसी बिजुली निकाल्न संभव छ । ७६ करोड डलरले अरुण तेस्रोबाट २०१ मेघावाट विजुली निक्लन्छ, यसरी त्यतिकै पैसाले १० वर्षमा ५०० मेघावाट विजुली निकाल्न सकिन्छ ।*

*३. अरुण तेस्रोको प्रतिकिलोवाट उत्पादन लागतभन्दा दोब्बर सस्तोमा विद्युत उत्पादन संभव छ-यदि हामी स्थानीय ठेकेदार र प्राविधिज्ञ प्रयोग गर्छौं भने । अरुण तेस्रोको प्रतिकिलोवाट उत्पादन लागत मूल्य ३८०० डलर छ, स्थानीय क्षमता प्रयोग गरियो भने यो दुई हजार डलरभन्दा महँगो हुने छैन ।*

*४. देशभरी राष्ट्रिय क्षमतामा आधारित र विकेन्द्रीत साना जलविद्युत आयोजना*
- *अरुण तेस्रो जस्तो ठूलो आयोजनाको विकल्प हो । यसबाट विदेशी निर्भरताको कुचक्रबाट मुक्त हुन सकिन्छ । दोव्वर सस्तोमा विजुली उत्पादन गर्न सकिन्छ ।*
- *दुई गुना बेसी विजुली उत्पादन गर्न सकिन्छ ।*
- *दोव्वर छिटो लोड शेडिङ हटाउन सकिन्छ ।*
- *दोब्बर सस्तोमा बिजुली उत्पादन गर्न सकिन्छ ।*

हामीसित के छैन ?

**जनमुखी दृष्टिकोण र राजनीतिक प्रतिबद्धता ।**

- पहिलो सबैभन्दा आधारभूत रणनीति चाहिं के हो भने- हाम्रो जलविद्युत आयोजना हाम्रो क्षमतामा आधारित हुनु पर्‍यो । जब जलविद्युत अयोजना हाम्रो क्षमतामा आधारित हुन्छ, त्यो स्वत: सस्तो भएर आउँछ । हाम्रै क्षमतामा आधारित भएपछि जल विद्युतका फाइदाहरु धेरै हुन्छन् ।

हाम्रै क्षमतामा आधारित भएर आयोजना संचालित हुन्छन् भने ठेकेदार यहींको हुन्छ, टर्वाइन बनाउने कंपनि यहींकै हुन्छ, यसको संचालन, निरीक्षण गर्ने व्यक्ति यहींकै हुन्छन्, यसका कन्सल्ट्यान्टहरु यहींकै हुन्छन् , यसको वातावरणीय पक्ष हेर्ने विज्ञ व्यक्ति यहींकै हुन्छन् । यसो गर्दा एक करोड खर्च हुन्छ भने फाइदा पाँच करोडको भईराखेको हुन्छ । किनभने, त्यो पैसा यहीं खर्च भईराखेको हुन्छ । त्यो पैसा जसले प्राप्त गर्छ, त्यसले पनि यहीं खर्च गरिराखेको हुन्छ ।

तर यता विदेशीलाई जल विद्युतको काम गराइयो भने एक करोड लाग्नेमा दुई करोड लाग्ने भयो । र, त्यो पैसा पनि विदेशमै जाने भो । भन्दाखेरि, लागत लाग्ने भो दुई गुना ठूलो, तर फाइदा चाहिं छैन ।

त्यसैले यो रणनीति उपयुक्त र फाइदाजनक भएन ।

अर्को, क्षमता हाम्रो सानो छ भने हामीले अहिले सानो जल विद्युत आयोजनालाई जोड दिनु पर्‍यो । किनभने त्यसमा हामी सबभन्दा बढी संलग्न हुन सक्छौं ।, जति हाम्रो सक्षमता बढ्दै जान्छ, अहिले ठूलो भनिएका आयोजनाहरु पनि हाम्रो लागि सानो हुन जान्छन् । अनि हामी तिनीहरुमा पनि हात हाल्न सक्छौं ।

सानो र ठूलो भनिएका सापेक्षिक शब्द हुन् । २०० मेघावाट हाम्रो लागि अहिले ठूलो आयोजना हो, तर भारतको लागि त्यही सानो आयोजना हो । नेपालमै पनि अहिले जसलाई हामी ठूलो आयोजना भन्दैछौं, त्यही आयोजना हाम्रो सक्षमता बढेपछि सानो ठहरिन सक्छ ।



पावर हाउस साइटमा परीक्षण सुरुंगको बाहिरी दृश्यमा पत्रकारहरू देखिन्छन्
फोटो : एल्बीस जोशी

हाम्रो भनाइ अरुण आयोजनामा हामीले कहिल्यै हात हाल्नु हुन्न भन्ने छैन । त्यो हामी सक्षम भएपछि मात्र हात हाल्नु पर्छ भन्ने हाम्रो भनाइ हो । र, अर्को हाम्रो भनाइ के हो भने- हाम्रो छनौट हुने हो भने र त्यसको लागि पूँजी मिल्दछ भने त्यसमा हामीले हात हाल्नु पर्छ । त्यसो गरियो भने अहिलेभन्दा आधा खर्चमा अरुण आयोजना संपन्न हुनसक्छ । हाम्रै गतिमा हामीलाई धेरै फाइदा हुने हिसाबले यो संपन्न हुन सक्छ । हामीलाई हेलिकोप्टरबाट सिमेण्ट उडाउनु पर्ने छैन । त्यहींकै श्रमीकले यो भन्दा निकै कम खर्चमा हामी बाटो बनाउन पनि सक्छौं ।

हाम्रो दृष्टिकोण, Small In Beautiful को हुनु पर्‍यो । त्यसको मतलब हामीले ठूलो आयोजना छुनै हुन्न भन्ने होइन । हामीले हाम्रै क्षमतामा आधारित भएर सक्षमता जति बढ्दै जान्छ त्यति ठूलो आयोजनामा हात हाल्ने गरी अघि बढ्नु पर्छ भन्ने यसको तात्पर्य हो । हामीले हाम्रो क्षमता अनुसार सानै आयोजनामा पनि योजनाबद्ध रुपले हात हाल्नु पर्छ भन्ने यसको दृष्टिकोण हो । नेपालको लागि उपयुक्त रणनीति यही हो ।

*० यो रणनीति अप्नाउनको लागि चाहिने जनशक्ति, साधन-स्रोत, बनाउने ठाउँ, प्रविधि, प्राविधिज्ञ, ठेकेदार हामीसित अहिले उपलब्ध छन् त ?* ——

हरेक विद्युत आयोजनामा सबभन्दा बेसी खर्च हुने Civil Consturuction मा हो । टनेल बनाउने, ड्याम बनाउने, पावर हाउस बनाउने कार्य यसमा पर्छन् । यो भनेको सिमण्टीको काम हो, गिट्टीको काम हो । कुनै गाह्रो ठूलो काम हैन यो । तर यसैमा सबभन्दा बेसी खर्च हुने गर्छ (योजनाको करीव ६०/७० प्रतिशत खर्च जति) । र हामीले काम गर्‍यौं भने यसैमा सबभन्दा बेसी खर्चको बचत गर्न संभव छ ।

टर्वाइन पनि सानो सानो नेपालमै बन्न संभव छ-५/१० मेघावाटसम्मको । त्यो भन्दा ठूलो टर्वाइन मात्र बाहिरबाट फिकाउन पर्छ । खिम्तीको लागि जुन टर्वाइन बन्दैछ, १२ मेघावाटको त्यो नेपालकै बन्ने सबभन्दा ठूलो टर्वाइन हुनेछ, यदि यो प्रोजेक्ट संचालन हुने हो भने यस मध्ये पनि यसको runner बाहिरबाट आउँछ, त्यसको Housing मात्र यहाँ बन्छ । तर हामीले सक्षमता विकास गर्दै लाने हो भने प्रक्रिया नै यही हो । एकै पल्ट हामीले फ्वाट्टै सबै कुरा बनाउन सकिने स्थिति कहीं कतै हुँदैन ।

मैले अघि सारेको Approach के हो भने-Civil Works सबै हामीले गर्ने । यसका लागि केही तालीम पाएमा नेपालमा ४० वटा भन्दा बढी ए क्लास र बि क्लास ठेकेदारले अहिलेको अधिकांश माग आफैं नै पुरा गर्न सक्दछन् । टर्वाइन, जेनरेटर, ट्रान्सफर्मर चाहिं बाहिरबाटै फिकाउने अहिलेलाई । त्यसको पनि नेपालमा माग बढ्दै गए पछि क्रमिक रुपमा नेपालमै उत्पादन गर्न थाल्ने । यदि Civil Works हामीले नै गर्‍यौं भने अहिले लागे भन्दा आधादेखि एक तिहाइ खर्चमा ती काम यहीं गर्न सक्छौं । यति नै खर्चमा यो भन्दा डबल विजुली निकाल्न सकिन्छ भन्नुको रहश्य यसैमा निहित छ ।

बाँकी साधनमा पनि बचत गर्न सकिन्छ, यद्यपि त्यसमा बचत ठूलो भने हुँदैन । टर्वाइन यहीं बनाउन सर्वप्रथम टर्वाइनको बजार हुनुपर्‍यो, जेनरेटरको बजार हुनुपर्‍यो । मान्छेले काम पाउँदैनन् भने यहाँ कन्सल्टिंग, कंट्र्यांटिङ कंपनीहरु कसैले खोल्दैन । जब यहाँ हाइड्रो सेक्टर हुन्छ, हाम्रै क्षमतामा आधारित भएर विद्युत उत्पादन गर्ने हाम्रो नीति हुन्छ-कन्सल्टिङग कंपनीहरु आफै आउँछन्, कंट्र्यांटिङ कंपनी आफै आउँछन्, आफै टर्वाइन बनाउनेहरु आउँछन्।

त्यसैले सबभन्दा पहिले स्पष्ट सरकारी नीति हुनुपर्‍यो । त्यसो गर्नेहरुलाई सरकारले सुविधा र सुरक्षा दिनुपर्‍यो ।

*० अरुणको विजुली आउन त अरु १०/१२ वर्ष लाग्छ । त्यो भन्दा अगाडि नै बन्न सक्ने, त्यो भन्दा छिटो र कम खर्चमा पनि बन्न सक्ने, बाटोको पूर्वाधार भएको अरु*

*योजनाहरु छन् ? छन् भने ती कुन कुन हुन् ?*

- सबैलाई थाहा छ, नेपालसित कति धेरै जलविद्युत क्षमता छ भनेर । खोज्दै जाने हो भने अरुण भन्दा दश गुणा बिजुली काठमाडौं देखि-पूर्व तामाकोशीसम्ममा भेट्टाउन सक्छौं । जहाँ पनि भेट्टाउन सकिन्छ । त्यस्ता ७०/८० आयोजनाहरुको अध्ययन त हाम्रै जल तथा शक्ति आयोगले नै गरेको छ । संभाव्यता अध्ययन भैसकेका ५० मेघावाट भन्दा साना ३८ योजनाको नाम त जलश्रोत मंत्रालयले निकालेको नक्सामा छ । त्यस्ता शैयौं छन्- जसबाट हामी छान्न सक्छौं । खाली अरुण नै निर्विकल्प भन्ने कुनै ठाउँ छैन । नेपाली कंपनीहरुले यी साना योजना बनाउने हो भने- अरुणको जति पैसाले अरुण भन्दा छिटो, अरुण भन्दा दोब्बर बेसी-५०० मेघावाटसम्मको बिजुली निकाल्न संभव छ ।

*० अहिले जुन केही मात्रामा संभाव्यता अध्ययन भै सकेका आयोजनाहरु कुल मिलायो भने जम्मा कति बिजुली उत्पादन हुन सक्छ ?*

-अहिले Identified (चिन्हित भै सकेका) आयोजनाहरु नै १३/१४ सय मेघावाटका छन् । यी केही संभाव्यता अध्ययन भै सकेका आयोजना हुन । अध्ययन नभएका त त्यसको १०/२० गुणा बेसी छन् । भन्दाखेरि १२/१३ हजार मेघावाट बिजुली त राम्ररी निकाल्न सकिन्छ-१०० मेघावाट भन्दा साना योजनाबाट ।

*० के १० वर्ष भित्रमै यिनीहरुबाट विद्युत उत्पादन संभव छ ?*

- यिनीहरुको अध्ययन गर्न दुई वर्ष जति लाग्छ । निर्माण गर्न ४ वर्ष लाग्छ । तर मुख्य समस्या पैसाको हो, पैसा कसरी उपलब्ध हुन्छ भन्ने सवालको हो । साना-साना आयोजना संचालन गर्दा एउटा पछि अर्को गर्नुपर्छ भन्ने हुँदैन । धेरै आयोजनाहरु एकैचोटी थाल्न सकिन्छ । सरकारले नै सव गर्नु पर्छ भन्ने पनि छैन, प्राइभेट कंपनी पनि छन् । जिल्ला जिल्लामा, अंचल अंचलमा त्यस्तो आयोजना थाल्ने हो -त्यस्तो जिल्ला र अंचलको लागि बाहिर बेच्ने कुरा नै बिजुली हुन सक्छ । आफ्नो जिल्लाले विद्युत उत्पादन गरेर त्यो बेचेर त्यो जिल्ला धनी हुन सक्छ । यदि हामीसित राजनीतिक प्रतिवद्धता छ भने, आकांक्षा छ भने उति नै पैसामा यो भन्दा दुई गुणा बेसी बिजुली निकाल्ने धेरै उपाय छन् ।

*० ५/६ वर्ष भित्रै हाम्रो लोड शेडिङको समस्या हल गर्नका लागि ५/६ वर्षमै पूरा हुने आयोजनाहरु नामाकरण र किटान गर्नु सक्नुहुन्छ तपाई ?*

- अध्ययन भै सकेका त्यस्ता आयोजनाहरुको लिष्ट नै म तपाईलाई भन्दिन्छु । खिम्ती दोश्रो भन्ने योजना छ, २२ मेघावाटको इन्द्रावतीमा दुई वटा योजना हुन सक्छन् । कुल ५८ मेघावाटको माई खोलाको एउटा योजना छ ६ मेघावाटको, पूर्वमा पुवा खोलामा एउटा योजना ५ मेघावाटको छ । दूध कोशीमा ५ वटा योजना छन् । यहीं नजिकै कुल १७९ मेघावाट भन्दा बेसीको । पश्चिमाञ्चलमा हेर्नुहुन्छ भने मोदी खोला योजना छ,१० मेघावाटको । मोदी खोलामा दुई आयोजना हुन सक्दछ । मर्स्या दीमै माथि दुई वटा आयोजना हुन सक्छन्-कुल ८६ मेघावाटको । जहाँ जहाँ खोज्यो त्यहीं छ भने पनि हुन्छ- आयोजनाहरु ।

यिनीहरुको अध्ययन उन्नत चरणमा पुगिसकेको छैन, किनकी त्यसो गर्न खर्च लाग्छ । तर पूर्व संभाव्यता अध्ययन भैसकेको त थुप्रै नै छन् । देशको अनेकौं क्षेत्रमा यस्ता आयोजनाहरु छरिएर रहेका छन् । अरुणको विकल्प यिनै आयोजना हुन सक्दछन ।

*० अहिले विद्युत महशूल बढाइँदैछ-प्रति यूनिट ६।२० पुर्याइँदैछ । के तपाईंले पेश गर्नु भएको वैकल्पिक सोच अनुसार विद्युत महशूल यो भन्दा निकै घटाउने संभावना छ ?*

- अहिले लाग्ने भन्दा आधा वा एक तिहाई लागतमा विद्युत उत्पादन गर्न सक्ने भए पछि अहिले भन्दा आधा मोलमा विद्युत उपलब्ध गर्न सकिने हिसाव त सीधै देखियो । २००२ मा अरुण बनुन्जेलसम्ममा जनताले यसको विजुली किन्न रु. ७.०० प्रति यूनिट तिर्नु पर्दछ भनेर विश्व बैंकको हिसावमा देखाएको छ । यो रु. ७.०० average खर्च हुनाले, अहिले भर्खर बढाएको रेटमा अझ अर्को २५०% बढ्नेवाला छ । मेरो विचारमा हाम्रै क्षमतामा आधारित भएर विद्युत उत्पादन गर्ने हो भने अहिले जुन रेट छ- ३ रू. साधारणको र ४.५० बीचको, त्यहीं रेट नै धेरै वर्षसम्म कायम गर्न सकिन्छ भने मेरो विश्वास छ ।

*० अब नेपालको जुन विद्युत उत्पादन क्षमता छ ४.३ हजार मेघावाटको, देशको हितमा त्यसको उपयोगको लागि हाम्रो दीर्घकालीन रणनीति के हुनुपर्छ ?*

- पहिलो कुरा त हाम्रै क्षमतामा आधारित विद्युत आयोजनालाई उच्च प्राथमिकता दिनु पर्‍यो । दोश्रो, यहीं नै एउटा जल विद्युत शक्तिको सेक्टर स्थापित गर्नु पर्‍यो । भारतलाई बेच्ने भन्दा यहीं नै देशको धेरै ठाउँमा उत्पादन हुने, यहीं नै खपत हुन सक्ने योजना हुनुपर्‍यो । सरकार र विद्युत प्राधिकरणको नीति उदार बनाएर व्यक्तिले पनि उत्पादन गर्न सक्ने, संस्थाले पनि सक्ने, जिल्लाले पनि सक्ने, प्रत्येक व्यक्तिले राष्ट्रिय ग्रीडमा बिजुली बेच्न सक्ने विद्युत नीति बनाउनु पर्‍यो । भनाइको मतलब विकेन्द्रित जल विद्युत नीति हामीसित हुनुपर्‍यो । जब देशको आवश्यकता धान्न हामी समर्थ हुन्छौं । अनि भारतलाई बेच्ने हाम्रो सोच हुनुपर्‍यो । हतार गरेर हामीलाई भारतमुखी हुनु, भारतमुखी विद्युत आयोजना हुनु कुनै जरुरी छैन ।

अन्तर्राष्ट्रिय हिसाबले धनी र गरीव मुलुकको सम्बन्धमा यदि हेर्ने हो भने धनी मुलुकको रणनीति के देखिन्छ भने उनीहरु गरीव मुलुकको कच्चा पदार्थ लैजान्छन् र ज्यादै मूल्य थपेर त्यो प्रशोधित पदार्थ गरीव मुलुकलाई नै बेच्दछन् । नेपालको लागि जलस्रोत एउटा प्रमुख कच्चा पदार्थ हो । जलस्रोत खोला, नाला, पहाडमा निहित भएकोले यसलाई बोकेर आफ्नै देशमा त लैजान सक्दैनन् । तर अहिले प्रस्ताव छ कि त्यो जलस्रोत प्रशोधन गर्न, विकास गर्न, धनी देशका ठेकेदार, कन्सल्टेन्ट नेपालमै आएर यसलाई प्रशोधन गरी, यसको महँगो उत्पादन-विजुली हामीलाई बेच्न चाहन्छन् । हामी भन्दैछौं- हैन यसो गर्दा हामीलाई महँगो पर्छ, हामीले आफ्नो कच्चा पदार्थ आफूले नै प्रशोधन गर्नु पर्दछ । अनि मात्र यो हामीलाई पनि सस्तो हुन्छ र छिमेकी देशलाई पनि बेच्न सक्दछौं । त्यसैले, हाम्रो रणनीति हाम्रो कच्चा पदार्थ हाम्रै क्षमतामा आधारित भएर हामीले नै प्रशोधन गर्ने हुनुपर्‍यो । अनि मात्र सस्तो बिजुली जनतालाई प्राप्त हुन सक्छ ।

हाम्रो सपना के छ भने बेससंग विजुली निकालेर भारतलाई बेच्ने र पैसा कमाउने । सपना हाम्रो यस्तो बृहद छ- तर त्यो दिशामा पुग्ने पहिलो कदम भने अहिले गलत लिई राखेका छौं । त्यसैले त्यो सपनामा पुग्ने कुनै सम्भावना नै भएन ।

★

४१ पेजको बाँकी . . .

लागतमा बनाउन सकिन्छ ? हाम्रो विचारमा सकिन्छ । तर अहिलेको ढाँचाकाँचा, रुपरंग र स्वरुपमा होइन । अहिलेको आयोजना अरुण प्रवेश मार्ग र विद्युत उत्पादन प्रणालीसंग संवन्धित बाँध, विद्युत घर, तथा प्रसारण सबै एकै स्वरुपमा गाँसिएर आएका छन् । हाम्रो विचारमा अरुण प्रवेश मार्ग र विद्युत उत्पादन प्रणालीलाई अलग गर्नु पर्दछ । सर्वप्रथम अरुण प्रवेश मार्ग बनाउने काम अलगै पूरा गर्नु पर्दछ । अरुण प्रवेश मार्ग पूरा भएपछि मात्र विद्युत उत्पादन संवन्धी ठेक्का पट्टाको काम गर्नु पर्दछ । विद्युत उत्पादन गर्ने थलोसम्म बाटो पुगेपछि विद्युत उत्पादन प्रणालीको कूल लागत आफै सस्तो पर्न जान्छ । यसरी ३८ अरवको सट्टा त्यसको ६० प्रतिशत लागत मात्र लगाएर २३ अरब रुपैयाँमै यो आयोजना पूरा हुन सक्छ ।

प्रति वर्ष ४ अरब ३५ करोडको घाटाः

सरकार अहिले के तर्क अघि सार्दैछ भने- अरुण तेस्रो पूरा भएपछि प्रतिवर्ष यसबाट ४ अरब ३५ करोड रु.को राजस्व प्राप्त हुन्छ । त्यसैले अरु आयोजना शुरु गर्न जति ढिलो हुन्छ, त्यति नै धेरै राजस्व घाटा लाग्छ । त्यसैले अरुण तुरुन्तै शुरु गर्नु पर्दछ र यसमा पर्याप्त छलफल गर्नु भनेको देशलाई घाटा हुने काम गर्नु हो । यो तर्कको कुल मनसाय हो- आयोजनाबारे जनस्तरमा हुनु पर्ने छलफललाई निषेध गर्नु । यो तर्ककै आधारमा विश्लेषण गर्ने हो भने सरकार स्वयम्ले यो देशलाई अरबौं रुपैयाँ घाटा पार्ने विगतका हरेक वर्षमा गरिसकेको छ । अरुण आयोजना १९९०/९१ मा शुरु गर्ने भनी सरकार स्वंयले प्रचार गरेको हो । तर शुरु गर्न सकेन । अब यसलाई १९९४ मा शुरु गर्ने भनिएको छ । यदि १९९०/९१ मा यो आयोजना शुरु भएको भए चार वर्ष पहिले नै यो योजना पूरा हुन्थ्यो । कम्तीमा १६ अरब रुपैयाँ राजस्व आउँथ्यो । यस्तो तर्कको कुनै तुक छैन । भावी तुलनात्मक फाइदा-वेफाइदाको हिसाव किताबै नगरी कुनै आयोजना शुरु नगर्नाले कति नोक्सान हुन्छ भनेर कसरी हिसाव हुन सक्छ ? अहिलेको बुद्धिमानी त हरेक योजना शुरु गर्नु अघि नै पछि हुन सक्ने नाफा नोक्सानीको विचार गरेर योजना हात हाल्नुमा हुन्छ । यसो गरिएमा पछि हुन सक्ने ठूलो नोक्सानीबाट देशलाई अगाडि नै नचाउन सकिने हुन्छ । ❀



अरुण नदी : प्रस्तावित ड्यामसाइट

**२००२ मा अरुण बनुन्जेलसम्ममा जनताले यसको बिजुली किन्न रु. ७.०० प्रति यूनिट तिर्नु पर्दछ भनेर विश्व बैंकको हिसावमा देखाएको छ । यो रु. ७.०० average खर्च हुनाले अहिले भर्खर बढाएको रेटमा अझ अर्को २५०% बढ्नेवाला छ ।**




**"मूल्यांकन" सर्वाधिक लोकप्रिय छ**

"मूल्यांकन" पुस अंकको आवरण पृष्ठमै जननेता क. मदन भण्डारीको रंगीन तस्वीर रहँदा पत्रिका नै आकर्षक बन्न पुगेको छ । पत्रिका पल्टाएर सर्वप्रथम नै तुलाधर आयोगको ठहर शीर्षकको आजको घट्ना आजको विचार स्तम्भ अध्ययन गर्दा त्यो नियोजित हत्याको हत्यारा पत्ता लगाउन आनेकाने गर्ने विद्यमान नेपाली काँग्रेसको सरकारप्रति घृणा पैदा भयो ।

खोजपूर्ण लेखहरु दिएर असंख्य-असंख्य पाठकवर्गको मन जित्न "मूल्यांकन" सफल छ । यसर्थ सर्वाधिक लोकप्रियता कमाउन सफल "मूल्यांकन" प्रति साधुवाद !

-शंकर सौगात/मझुवा, सिंधुली

**पूँजीवादी र समाजवादी मानव अधिकार**

अन्तर्राष्ट्रिय मानव अधिकार पुरस्कार पाएका गणेशमानले बहुसंख्यक शोषित पीडितको पक्षमा सघर्ष नगरेकोमा अंक १६ मा मूल्यांकनलाई दुःख लागेको रहेछ । तर पूँजीवादी मानव अधिकार र समाजवादी मानव अधिकार बेग्ला बेग्लै विषय हुन् भन्ने कुरा स्पष्ट नभएको जस्तो लाग्यो ।

गोविन्द लोहनीको लेख, चन्द्रदेव नेपालीको नीति संस्कृति एवं विश्व कम्यूनिष्ट आन्दोलनसम्बन्धी लेख स्तरीय छन् । तर यस अंकमा कता कता के के नपुगेको जस्तो महशूस भएको छ मलाई ।

रुसी विद्रोह विफल भएपछि एल्त्सीनले विद्रोहका अगुवाहरुलाई कस्तो सजाय दिँदैछ ? अमेरिका जस्तै अन्य पूँजीवादी देशको आर्थिक हालत के छ ? नयाँ नेपालको निर्माणमा वामपन्थी युवाहरुको दायित्व के हो ? यस सम्बन्धमा पनि जानकारीको आशा राख्दछु ।

अन्त्यमा, तुलाधर आयोगलाई धन्यवाद ! तर वास्तविक अपराधी भने आजसम्म पत्ता लगाउन नसक्नु हाम्रो कमजोरी होइन र ? मूल्यांकन "प्राब्दा" बनोस् भन्ने शुभ कामना सहित धन्यवाद !

-रवि किरण घिमिरे, लमजुंग

**पश्चातापको अनुभव**

पहिलो पटक मूल्यांकन पूर्णांक १६ किनें । प्रकाशित लेख रचनाहरु पढ्दै जाँदा पश्चातापको आगोमा पनि जल्दै गएँ । कारण, हालसम्म मैले सही किसिमको पत्रिका पढ्नै थालेको रहेनछु । मात्र यत्ति एउटा अंकले मेरो मन यति जित्यो कि यसका विगतका अंकहरु अब कहाँ पाउन सकूँला भन्ने चाहनाले भित्रभित्रै पोल्न थाल्यो । अंक १५ किन्न पाएँ, जसमा प्रकाशित लेख रचनाहरु पनि उत्तिकै रोचक, जिज्ञासा उत्पन्न गर्ने र ज्ञानवर्द्धक रहेछन् ।

आशा छ, नयाँ अंकहरुले म जस्तै नयाँ पाठकहरुको मन जित्न सफल हुने नै छन् ।

-विजय के.सी./गलाम चारपाला, गुल्मी

**अंक १६ बारे**

अंक १६ भित्र दास-ढुंगा काण्ड, तुलाधर आयोगको ठहरलाई प्रमुख मान्यता दिइएको राम्रो लाग्यो । अरु लेखहरुमा उत्तर कोरियामाथि दवाब, रुस कता जाँदैछ ? अमेरिकामा गरीबहरु आदिले वास्तविकता छर्लंग्याइदिएका छन् । त्यो भन्दा बढी चन्द्रदेव नेपालीको "के त्यो हाम्रो आमसभा हो र ?" भन्ने लेख साह्रै राम्रो लाग्यो । यसरी पाठकलाई प्राशिक्षण गर्न सक्ने उहाँकै अघिल्लो अंकमा पनि किन शिक्षितहरुमा सुविधा भोग मात्र जागेको छ भन्ने लेख पनि राम्रो लाग्यो । यस्ता लेखहरुले हामी पाठकहरुका मस्तिष्कमा बौद्धिक ज्ञान हासिल गर्न पत्र-पत्रिका हेर्न ठूलो हौसला मिलेको छ ।

-मेम्बर राई /बुइपा-६,खोटांग

**चिलीबारे पनि सामग्री दिनु पर्‍यो**

मूल्यांकनले पूँजीवादी अमेरिकाको हरेक क्षेत्रमा भण्डाफोर गर्दै रहोस् । निकारागुआको बारेमा दिइएको सामग्री सबभन्दा राम्रो लाग्यो । अर्को पालिदेखि चिलीको बारेमा पनि तथ्यहरु दिनुहोला । हामीले सुनेका छौं- त्यहाँ पनि कम्युनिष्ट सरकार थियो अरे, तर सि. आइ. ए. ले कायरतापूर्ण रुपले त्यहाँका नेताहरुको नरसंहार गर्‍यो अरे ।

-एस उदार, धरान /बाँझगरा, सुनसरी

**अंक १५ बारे**

अंक १५ मा प्रकाशित आवरण लेख रुसी विद्रोह किन विफल भयो ?, जसको जोत उसको पोत बारे प्रत्यक्ष विचार अन्तरक्रिया रिपोर्ट सभय सापेक्ष र निकै नै उपयोगी छन् । भविष्यमा पनि यो पत्रिका यसरी नै जनवादी विषयहरु लिएर समाजवादको प्रवक्ता बनिरहोस्, शुभकामना ।

-रमेश कुमार सिंह/सुडा, कंचनपुर

**पुस्तकालयहरुबारे**

अंक १५ मा चन्द्रदेव नेपालीको किन शिक्षितहरुमा सुविधा भोक मात्र जागेको छ ? शीर्षक लेख मलाई साह्रै चित्त बुझ्यो । आजकलका शिक्षित भनाउँदाहरु बौद्धिक सामग्री पठनपाठन गरिरहन त्यति चाख राख्दैनन् । यो व्यथा त टड्कारो देखिएको छँदैछ, त्यस बाहेक अध्ययन सामग्रीहरु र वातावरण पनि पाईदैन । अधिकांश युवाहरुमा अध्ययन तर्फ-चासो छैन । यो व्यथा त एकातिर छँदैछ । तर अध्ययन गर्न चाहनेले पनि राजधानीमा समेत पुस्तकालयहरुको अभाव सहनु पर्ने हुनु र भएका पुस्तकालयहरु पनि प्रायः नखोलिने कारणले पढ्ने अवसर नपाउनु ! यो अर्को बिडम्वना पनि यहाँ विद्यमान छ ।

-अनुवावा पौडेल/हेटौडा ११, नवलपुर
हालः पद्मकन्या क्याम्पस

**चुनावको उपयोग किन गर्ने ?**

लामो समयदेखि प्रतिक्षा गर्दै आएको तुलाधर आयोगको रिपोर्ट पढ्न पाउँदा हर्षित भएको छु । तर सत्तारुढ दल नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी दल ने. क. पा. (एमाले) को यसप्रतिको सम्वेदनहीनताले भने ज्यादै दुःखित छु ।

चन्द्रदेव नेपालीको त्यहाँ किन जाने ? "त्यो हाम्रो पार्टीको आमसभा हो र ?" भन्ने लेख ज्यादै सान्दर्भिक र समसामायिक लाग्यो । त्यस्तै प्रज्ञान रत्नको लेख "गतिशीलता भनेको के हो ?" ज्ञानवर्धक लाग्यो । यस अंकमा "जनजीवन" भन्ने स्तम्भ नै नदेखिएकोले खल्लो लाग्यो ।

घटना प्रवाह अन्तर्गत यस उप-चुनावमा हाम्रो दायित्व के ? भन्ने लेखले घुमाउरो रुपमा भएपनि ए. मा. ले लाई जिताउनको निम्ति सघाउनु पर्छ भन्ने आशय राखेको बुझियो । चुनावी दलदलमा फसेको एमालेलाई जिताउने किन ? के यस उप-चुनावमा ए.मा.ले. अथवा कांग्रेसलाई जिताउँदा जनताको समस्या हल हुन सक्छ ? यदि जनताको समस्या हल हुन सक्तैन भने चुनावको उपयोग नै किन गर्ने ?

-क्षितिज सुब्बा "अभागी"
रमाइलो क्याम्पस, मोरंग

**क. मदनका योगदानहरुबारे**

आगामी अंकहरुमा नेपाली जनताका नेताहरु क. मदन र कुशल संगठक क. आश्रितको जीवनी र उहाँहरुको पार्टीमा योगदानका बारेमा सामग्रीहरु समावेश गरी, कार्लमार्क्स, लेनिन र माओका उक्तिहरु र नेपालका प्रगतिशील विद्यार्थीहरुको देश, जनता र जनतन्त्रप्रतिको लगावका सम्पूर्ण इतिहासहरु पनि यस मासिकमा समावेश गरेको खण्डमा निकै राम्रो हुने थियो ।

-श्री नरेन्द्र निरौला, पि.पि. खतिवडा, दुर्गा प्र. खतिवडा, माधव प्र. खतिवडा, कृष्ण प्र. फुयाल, तोया प्र. दाहाल, हिकमत लिम्बु, गोविन्द लिम्बु र साथीहरु
६ थर फाकचामारा-५, दोबाटे तेन्हथुम

**चीनको जादूगर स्वास्थ्य नीतिः**

बजारमा प्रचलित अन्य पत्र-पत्रिकाको तुलनामा "मुल्याङ्कन" मासिक पत्रिका निकै नै जनप्रिय पत्रिका हो । यसले नेपालका सम्पूर्ण कम्युनिष्ट घटकहरुसंग विचारको अन्तरद्वन्द्व प्रस्तुत गरी "कम्युनिष्ट एकता आजको आवश्यकता" भन्ने विषयलाई आवाज बुलन्द गरेको छ । यस किसिमको कदम उठाउनु अति नै प्रसंनीय कुरा हो ।

गतांकमा "स्वास्थ्य सेवामा क्रान्ति" शीर्षकमा लेखकद्वय डा. महेश मास्के र डा. शरद वन्तको लेखले हामीलाई चीनको स्वास्थ्य क्षेत्रमा भएको प्रभावकारी विकास र त्यहाँको जादूगर स्वास्थ्य नीतिबारेमा ज्ञान भयो । यसका लागि लेखकद्वयमा धेरै-धेरै धन्यवाद !

-प्रदीप कुमार श्रेष्ठ रत्नेचौर- ८, म्याग्दी
हालः ताहाचल, काठमाडौं ।

**थप विषयहरु**

साण्डिनिष्टा क्रान्तिको सफलताको कथा, दास ढुंगा काण्ड, स्वास्थ्य क्षेत्रमा क्रान्ति किन ? लाई हेर्दा यो अंक निकै महत्वपूर्ण देखियो । यसको लागि धेरै धेरै धन्यवाद दिन चाहन्छौं । अब आगामी अंकमा पेरुको क्रान्तिबारे, त्यस्तै क. मोहनचन्द्रको दस्तावेजको सारअंश र क. मोहन विक्रमको अन्तरवार्तालाई मूल्यांकनले जनस्तरमा ल्याईदियोस् ।

अन्तराष्ट्रिय छापामार युद्धका इतिहासहरु र, चिनियाँ महान सर्वहारा सांस्कृतिक क्रान्तिका महत्वपूर्ण पक्षलाई पनि समावेश गरियोस् ।

कृष्ण ब. तामांङ, ने.क.पा. एमाले (वडा सदस्य) कुवेर तामाङ, केशब नेपाल र साथीहरु
माह्खा- १ लामो साँघु, सिन्धुपाल्चोक

**निकारागुआबाट शिक्षा**

मूल्यांकनको नियमित अध्ययन-बाट मैले वाम राजनीतिबारे धेरै ज्ञान हासिल गर्न पाईरहेको छु । पूर्णांक १६ को आवरण पृष्ठमा श्रध्देय जननेता मदन भण्डारीको तस्वीर देखेपछि फेरि एकपल्ट आफूलाई दुखित बनायो । तुलाधर आयोगद्वारा दासढुंगा नियोजित हत्याकाण्ड सम्बन्धी प्रतिवेदन पढेर वर्तमान सरकारप्रति घृणा जाग्यो । निकारागुआ, जहाँ अहिले पनि सरकारी सेना वामपन्थीहरुको हातमा छ र सरकार भने पूंजीवादीहरुको हातमा छ, भन्ने लेख पढेर अमेरिकी साम्राज्यवादप्रति घृणा जाग्यो । अर्थतन्त्र अर्न्तगत गोविन्दप्रसाद लोहनीद्वारा प्रस्तुत बेरोजगारी संबन्धी लेखले वर्तमान सरकारलाई यतापट्टि सोच्न सचेत गराएको छ । तर गान्धारी जस्तो यो अन्धो सरकार बेरोजगारी समस्यातर्फ सोचिरहेको छैन । विश्व कम्युनिष्ट आन्दोलनभित्र साण्डिनिष्टा मुक्ति मोर्चा कसरी जन्मियो र अन्ततः १ वर्ष नबित्दै जुलाई १९७९ मा क्रान्ति सम्पन्न गरीछाड्यो भन्ने अध्ययनबाट हामीकहाँ देखिएको वामपन्थी वैचारिक मतभेद एक आपसमा छलफल गरी एकताको सूत्रमा पुग्न एक हुनुपर्ने शिक्षा मिलेको छ ।

आर.के एस. "रोबिन"/तार्कुघाट- "९", लमजुङ
हालः नारायणगढ, चितवन

**मसलाको रूख**

अंक १५ मा रूसी बिद्रोह विफल हुनाका कारणहरु, महान वैज्ञानिक आइन्स्टाइनको समाजवादबारेमा विचार लगायत पोलैण्डमा भएको वाम सरकार गठनबारे जानकारी दिनु भएकोमा धन्यवाद ।

किन शिक्षितहरुमा सुबिधा भोग मात्र जागेको छ ? भन्ने चन्द्रदेव नेपालीको लेख निकै राम्रो लाग्यो । पत्रिकाको लागि एक पैसा खर्च नगरी भौतिक विकास मात्र गरेर खोक्रा भएकाहरुलाई मसलाको रूखको उदाहरण दिनु भएकोमा लेखकलाई धन्यवाद ।

धेरै पाठकहरुको माग भएर पनि जनप्रिय नेताहरुको ब्लो अप दिन नसक्नु भएकोमा दुःख लाग्यो ।

-बिनोद नेपाल, तानसेन, पाल्पा/हाल चिदीपानी- ६

**थप स्तम्भहरु**

मूल्याङ्कनमा आवरण पृष्ठमा विज्ञापन नराखी स्वदेशी तथा विदेशी कमरेडहरुको रंगीन तस्वीर दिनु पर्‍यो । अनि कोठेपद स्तम्भ, नेपालका कम्युनिष्ट आन्दोलनका शीर्षस्थ महारथीहरुसंगको प्रश्नोत्तर स्तम्भ पनि राखियोस् ।

-तुला बिव्हल राई /रतन्छा- ७, खोटांग

**रूसी घटना र यथार्थ**

अंक १५ को रूसी विद्रोहबारेको लेख सामयिक नै हो । तर यसले आफ्ना व्याख्याहरुमा वर्ग दृष्टिकोण भने अँगालेको पटक्कै पाइएन । विद्रोह असफल हुनुका पछाडि प्राविधिक र कुटनैतिक तत्वहरु मात्र कारण रहेका छैनन् । मूल कुरा त विद्रोहीहरुको वर्ग-चरित्र हो, उनीहरुले विगतमा मार्क्सवाद-लेनिनवादप्रति, विश्वक्रान्तिप्रति, सर्वहारा वर्गप्रति धोका दिएका हुनाले जनतामा उनीहरुको छवि राम्रो छैन । स्तालिनको विरोधको नाममा पूँजीवाद लागु गर्नु, स्वयं उनीहरु जनताको श्रम दुरुपयोग गरी सुविधा भोगी बन्नु, साम्राज्यवादी नीति मार्फत अन्य देशमा पनि जनविरोधी, क्रान्ति विरोधी गतिविधि गर्नु आदिबाट उनीहरु वास्तवमा एल्तिसनकै वर्ग-मित्र हुन र उनीहरुले नै एल्तिसनका षडयन्त्रहरुलाई मलजल गर्दै आएका पनि हुन । लेख यी कुराहरुबारे पूर्णतः मौन छ ।

पूँजीवादमा वास्तवमा "मानव अधिकार" नहुने र "जनताको सर्वोच्चता" पनि नहुने कुरा त पूँजीवादी रूसको घटनाले प्रष्ट पारेको छ । कम्युनिष्टहरुले "पूँजीवादभित्रका राम्रा कुराहरु" भनी यी कुराहरुको लागि पनि काम गर्नुपर्छ भन्नु हानिकारक र भ्रामक छ ।

-धर्म थापा, किर्तिपुर, त्रि.वि./एम. ए. दोश्रो वर्ष (अंग्रेजी)

**प्रश्नोत्तर मञ्च**

यस पत्रिकाले एक प्रश्नोत्तर मञ्च राखी विभिन्न पाठकका "दर्शन सम्बन्धी" र अर्न्तराष्ट्रिय तथा राष्ट्रिय विषयका एवं समाजशास्त्र, विज्ञान र व्यक्तित्व विकास सम्बन्धी पाठक-प्रश्न प्रकाशित गरोस् ।

-पी-स्क्वायर चौलागाई, भोटेचौर -३

**Always Remember us for:**
Water Turbine, Steel Structures & Workshop Facility
with up to date machines

Complete Hydropower Generating Equipment,
Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.

*Please co for your service at:*

**Balaju Yantra Shala (Pvt.) Ltd.**

Balaju Industrial District
Balaju, Kathmandu. P.O.Box 209
Tel: 272147, 270894, Fax: 977-1-272379
Tlx: 2429 BYS NP

प्रजातन्त्र दिवसको उपलक्ष्यमा
समस्त देशवासीहरूमा हार्दिक

**शुभकामना**

धुलिखेल नगरपालिका
तथा परिवार
धुलिखेल

प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त
देशवासीहरूमा हार्दिक

**शुभकामना**

भक्तपुर जिल्ला विकास
समिति, भक्तपुर

प्रजातन्त्र दिवसको
उपलक्ष्यमा समस्त
देशवासीहरूमा हार्दिक

**शुभकामना**

भक्तपुर नगरपालिका
भक्तपुर

शुद्धताको प्रतीक
राजहंस

सुशील वनस्पति प्रा. लि.
ॐ
राजहंस

वनस्पति घ्यू
सोयाबिन तेल

प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त
देशवासीहरूमा हार्दिक शुभकामना

नेपाल बैंक लिमिटेड

**केवल दिनको रु. १०।- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस्**

○ १. सदस्य भएको मिति देखि २४ महिनाभित्र बिरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ।

○ २. कैही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ।

○ ३. सदस्य भएको मिति देखि ३ महिना पछि साना-तिना ब्यापार गर्न साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको ब्यवहार गर्नको लागि सापटी पाउनु हुने छ।

अन्य जानकारीको लागि सम्पर्क राख्नुहोस्।
**हिमालय ढिकुरी कार्यक्रम नेपाल,**
ताहाचल, नेपाल फोन २७०५८६।

प्रजातन्त्र दिवसको
उपलक्ष्यमा समस्त
देशवासीहरूमा हार्दिक

**शुभकामना**

साल्ट ट्रेडिङ कर्पोरेशन
लिमिटेड
अञ्चल कार्यालय, वीरगञ्ज

ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.नि./हु.द.नं. १२/५०/५१

# नव निर्माणको शक्ति



बीसौं वर्षदेखि हरिसिद्धी र ईटा तथा टायल दुवै एक अर्काका अनुरूप बनिसकेका छन् । बर्षौंको अनुभवको प्रतिफलले दुवै प्रतिस्थापित भइसकेका छन् ।

ललितपुर जिल्लाको हरिसिद्धीमा वि. सं. २०२२ सालमा स्थापना भएको **हरिसिद्धी ईटा तथा टायल कारखानाको** उज्वल भविष्यलाई ध्यानमा राखेर अहिले निजिकरण गरिएको छ ।

**हरिसिद्धी ईटा तथा टायल कारखाना** ५५६ रोपनी क्षेत्रफलमा फैलिएको छ र यो कारानामा ६०० कामदार काम गरिरहेका छन् ।

वतावरणीय प्रदुषण नियन्त्रण गर्ने हिसावले २१६ फिट अग्लो चिमनी भएको **हरिसिद्धी ईटा तथा टायल** काराना अत्याधुनिक प्रविधि युक्त इटा टायल कारखानामा गनिमत हुन्छ ।

ईटा टायल र भुई टायल उत्पाद्वन गर्ने यो कारानाबाट हाल बार्षिक ३ करोड ईटाका साथै ५ लाख टायल उतदन हुन्छ र काठमाडौं उपत्यकाको वार्षिक ५ करोड थप ईटाको माग पूरा गर्ने लक्ष्य लिएर प्रगतिको मार्गमा अघि बढी रहेको छ ।

मेशिनबाट टायल उत्पादन गर्ने र ईटा उत्पादनका लागि माटो सिजन गर्ने एक मात्र कारखाना हो ।

यो खारकाखाना अत्याधुनिक शीप शैलीको एउटा नमूना कारखानाको रुपमा परिचित छ ।

यस कारानाबाट उत्पादित ईंटा र टायलबाट काठमाडौं उत्यकाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरकारी र सरकारी भवन र होटलहरु निर्माण भएका छन् ।

नव निर्मित काठमाडौं एयर पोर्ट, सोल्टी हो सभा कक्ष), होटल याक एण्ड यति, कृषि विकास बैंक, परिव नियोजना केन्द्रीय कार्यालय, स्टाफ कलेज, पाटन अस्प होटल शेर्पा, होटल साग्रिला यस तथ्यलाई पुष्टी गर्ने प्रमाण हुन ।

बीसौं वर्षको अनुभव प्रात हरिसिद्धी ईटा तथा टायल **कारखानको** निजीकरण पछि आफ्नो प्रविधिमा झन झन सुधार हुँदै गएको छ । हिरिसिद्धी ईटा तथा टायल कारखानको आजको विस्तारित स्वरुप हेर्ने सबैले भोलिको परिवर्तित नेपालको कल्पना साकार गराउने दिशामा यो कारखाना उन्मुख भइरहेको महशुस गरिरहेका छन् ।

आफ्नो गतिशीलता प्रति हामी गौरवान्वित छौं र उज्वल भविष्य हाम्रो दृढ आस्था बनेको छ ।

आर्थिक उदारीकरण आयोजनाको सहयोगमा अमेरीकाको इन्टरनेशनल इक्जिक्यूटीव सर्भिस कर्पोरिशनबाट ४ दशक भन्दा बढी सेरामिक क्षेत्रमा अनुभव प्रात गर्नुभएका श्री डि.जे. ज्याक बेकर ईंटा र टायलको गुणस्तरमा सुधार गर्नका लागि गत ३ महिना देखि कार्यरत हुनुहुन्छ ।

**५०, ५४,००० थान साधारण शेयर प्रति शेयर रु. १०/– का दरले निस्कासन । विस्तृत जानकारीको प्रतिक्षा गर्नुहोला ।**

## हरिसिद्धी ईंटा तथा टायल कारखाना लि.